२८२

भक्तपुर

मासिक

Bhaktapur Monthly

जेठ २०७७

ISSN 2705-4454

9 772705 445004

भक्तपुर नपाले जीर्णोद्धार गरिरहेको देशकै सबभन्दा अग्लो

डाबापोल मन्दिरमा गजूर प्रतिस्थापन गरिंदै

- भक्तपुर नपामा जनप्रतिनिधिहरूको तीन वर्ष
- चांगुनारायण
- ख्वँःहृः सत्तलको शिलालेख
- महामारीले सिकाएको पाठ
- विस्तारवादी भारतको अतिक्रमणविरुद्ध नेमकिपाको विरोध जारी
- कामरेड मिखाइल लुकास
- संरा सङ्घ जाने कुरै नगर, किन ?
- सङ्कटमा खाद्य सुरक्षा
- भक्तपुर नपाका गतिविधि

नेपाल सरकारले जेठ ७ गते सार्वजनिक गरेको नेपालको नक्सा ।

श्रोत : नापी विभाग

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

भक्तपुर BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ★ अङ्क ७ ★ नेसं ११४० ★ विसं २०७७ जेठ ★ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंवज्जार

डेस्कटप : धनलक्ष्मी त्याल

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५/-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)



'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘हरेक आपत्तिले एकलाई दृढता प्रदान गर्छ भने अर्कोलाई निर्बलता एवं शिथिलता ।’

- भी. आई. लेनिन

यस अङ्कमा

क्र.सं. शीर्षक	लेखक	पृष्ठ
१) भक्तपुर नपामा जनप्रतिनिधिहरूको तीन वर्ष	-	३
२) सरकारले बिर्सेको संसद पुन:स्थापनाको दिन -	विवेक	९
३) जनप्रतिनिधिमाथि ‘गाली’ को वर्षा	रसिक	११
४) धार्मिक, सांस्कृतिक महत्त्व बोकेको ऐतिहासिक सम्पदास्थल चाँगुनारायण	डा. बलराम कायस्थ	१३
५) ख्वँ:ह्:को सत्तलको शिलालेख र गणेशमूर्तिको तोरणको अभिलेख	प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ	१७
६) पानी	राजेन्द्रबहादुर कायष्ठ	२०
७) महामारीले सिकाएको पाठ	ओम धौभडेल	२४
८) संरा सङ्घ जाने कुरै नगर, किन ?	सञ्जय दुवाल	२७
९) सङ्कटमा खाद्य सुरक्षा	सबिन ख्याजू	२९
१०) सुरक्षा अङ्गको सही उपयोग आवश्यक	विकास श्रेष्ठ	३३
११) एउटा नमुना स्थानीय तह	जयप्रसाद तिमिल्सिना	३४
१२) दुई तिहाइको सरकार कायरमा नदरियोस्	प्रकाश नेपाल	३६
१३) कोभिड १९ ले तर्साएपछिका तीन दिन ...	पुण्यराम लाखा	३८
१४) विस्तारवादी भारतको अतिक्रमणविरुद्ध नेमकिपाको विरोध जारी	-	४०
१५) ‘हतियार र सैन्य शक्तिले जित्दैन सबै लडाइँ’ -	का. रोहित	४२
१६) प्रमलाई सांसद सुवालको १० बुँदे सुझाव	-	४४
१७) ‘भारतीय हस्तक्षेपको विरुद्ध सशक्त आन्दोलनको आवश्यकता छ’	सुनिल प्रजापति	४५
१८) नेपाली भूमिमाथि भारतीय अतिक्रमणको विरोध	-	४८
१९) विस्तारवादी अतिक्रमणविरूद्ध जिल्ला-जिल्लामा जुलुस र सभा	-	४९
२०) सीमा बचाउ अभियान नक्सा समितिको वक्तव्य	-	५२
२१) नेपालको पूरा नक्सा सार्वजनिक	-	५७
२२) साम्राज्यवादविरोधी, समाजवादका अथक अभियन्ता कामरेड मिखाइल लुकासको निधन	-	५९
२३) मिखाइल लुकासको देहावसानमा अनलाइन शोकसभा	-	६०
२४) मिखाइल लुकासको सम्झना - नारायणमान बिजुक्छेँ	-	६१
२५) कामरेड मिखाइल लुकास सङ्क्षिप्त जीवन परिचय	-	६३
२६) ‘भर्च्युयल कक्षा सञ्चालनले देशभरका विद्यार्थीहरूलाई सहयोग पुगिरहेको छ’	सुनिल प्रजापति	६७
२७) भक्तपुर नगरपालिकाको बैठक निर्णय	-	८०
२८) भक्तपुर नपाबाट भक्तपुर अस्पताललाई सुरक्षा सामग्री प्रदान	-	८७
२९) भक्तपुर अस्पताल सुधारोन्मुख	-	८८
३०) लकडाउनलाई थप कडाइ गरिने	-	९०
३१) उपत्यकामा लकडाउन थप कडा पार्ने गृहमन्त्रालयको निर्णय	-	९३
३२) भक्तपुर नगर क्षेत्रमा कोरोना सङ्क्रमित	-	९४
३३) डातापोल निर्माण कथा (३)	डा. जनकलाल वैद्य	९९
३४) नेपालको वास्तविक नक्सा (सम्पादकको पृष्ठ)	-	१०८

साथमा : रङ्गीन पृष्ठ-५३/भक्तपुर नपाका महिला वडा सदस्य कोरोना सङ्क्रमण मुक्त-५७/भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भर्चुअल कक्षा प्रभावकारी भएको प्रतिक्रिया-५८/विभिन्न शैक्षिक संस्था र समूहहरूको अभिरूची-६९/ नेपालमा कोरोना सङ्क्रमण-७०/विश्वमा कोभिड-१९ को स्थिति-७२/प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्नेहरूको नामावली-७५/नगर प्रमुख प्रजापति अस्पताल निरीक्षणमा-८७/भक्तपुरको खानेपानी समस्याबारे छलफल-८९ /एकद्वार प्रणालीविपरीत पक्षपाती काम गर्नेमाथि कारबाही माग-९२/पाँच युएन महिलामा एक नेपाली डाक्टर-९५/बुद्धजयन्ती र चण्डेश्वरी जात्रा औपचारिकतामै सीमित -९६/तुलुहिटी निकास खोलियो-९६/अव्यवस्थित केबुल तार हटाइयो-९७/सूर्यमढीको नास: द्य:को पुन: निर्माण सम्पन्न-९७/जनश्रमदानसँगै च्याम्हासिंह प्रवेशद्वार पुनर्निर्माण सम्पन्न-९८/स्थानीय सरकार सञ्चालन ऐन,२०७४(७)-१०४/SKETCHES FROM NIPAL (49) Henry Ambrose Oldfield-१०६ ।

भक्तपुर नपामा जनप्रतिनिधिहरूको तीन वर्ष

वि.सं. २०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट विजयी भई मिति २०७४ जेष्ठ ७ गते नगरपालिकामा जनप्रतिनिधिहरू बहाली भई कार्य गरेको ३ वर्ष पूरा भएको उपलक्ष्यमा अनलाईन (ZOOM) मार्फत वेबिनार सम्पन्न भयो । कार्यक्रममा वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रस्तुत गर्नुभएको प्रतिवेदनको पूर्ण पाठ –

'देशकै सफा, सुन्दर र पर्यटकीय नगर बनाउन कटिबद्ध भएर लाग्न वचनबद्ध'

आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू,

भक्तपुर नगरपालिकामा यहाँहरूको मतबाट हामी विजयी भएर बहाली भएको आज तीन वर्ष पूरा भयो । २०७४ साल जेठ ७ गते आजकै दिन हामीले यस नगरपालिकामा पदभार सम्हालेका थियौं । पद बहाली भएको दिनलाई हामीले विशेष महत्त्व दिई विगतका वर्षहरूमा भव्य कार्यक्रमहरूमार्फत हाम्रा कार्यहरूको समीक्षा गर्ने र नगरपालिकाले गरेका कामहरू जनतालाई जानकारी दिने गर्दै आएका थियौं ।

यो वर्ष त्यस्तो कुनै कार्यक्रम गर्न सम्भव भएन । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाको कारण २०७६ चैत्र ११ गतेदेखि सारा देश बन्दाबन्दीको अवस्थामा छ । हाम्रो विकास निर्माणका कामहरू केही समय थप्प भए, आर्थिक गतिविधिहरू शून्य भए । स्थानीय जनताबाटै विस्तारै विकास निर्माणका कामहरू शुरु हुँदै छन् । हामी एक आपसमा भेट्न, छलफल गर्नसमेत अत्यन्त सचेत हुनुपर्ने अवस्थामा छौं ।

यो जटिल र विषम परिस्थितिमा पनि हामी जनप्रतिनिधिहरू, कर्मचारीहरू नगर र नगरवासीहरूको हितमा निरन्तर खटिरहेका छौं । कोरोना सङ्क्रमणको सम्भावनालाई लिएर सरकारले घोषणा गरेको बन्दाबन्दीको अवस्थामा झन् हामीले जिम्मेवारीपूर्वक जनताको सेवा गर्नुपर्छ भन्ने भावनाले सकृयतापूर्वक लागिरहेका छौं ।

भक्तपुरको विस्का जात्रा, बुद्ध जयन्ती, मातातीर्थ औंसी, स्थानीय जनताले मनाउने गरेको देवाली पूजा जस्तो महत्त्वपूर्ण चाड पर्व र दिनहरूमा समेत कोही घरबाट ननिस्की आ-आफ्नो घरमै सामान्य औपचारिकतामा सीमित गर्न नगरपालिकाले अनुरोध गऱ्यो । तमाम नगरवासीहरूले हाम्रो अनुरोधलाई स्वीकार गरी जुन साथ र सहयोग गर्नुभयो, त्यसको लागि भक्तपुर नगरपालिकाको तर्फबाट सम्पूर्ण नगरवासी

सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । हाम्रो स्वास्थ्यभन्दा ठूलो अरु हुन सक्दैन । हामी स्वस्थ भयौं भने मात्रै विकास निर्माणका कामहरू गर्न सक्छौं । यही भावनाले यहाँहरूसँग उपत्यका बाहिरबाट आएका कुनै पनि व्यक्तिलाई स्वास्थ्य परीक्षणविना घरमा नराख्न आग्रह गरिरहेका छौं । मानवता, दया-माया हामी सबैमा छ । तर केही व्यक्तिको कारण सिङ्गो समाजलाई क्षति पुग्नेबारे हामी उतिकै सचेत हुनु जरुरी छ ।

दिदीबहिनी तथा दाजुभाइहरू,

☐ कोरोना भाइरसको सम्भावित सङ्क्रमणबाट बच्न अति आवश्यक कामका लागि नगरपालिका कार्यालय, वडा कार्यालय र नपा अन्तर्गत सञ्चालित विभिन्न कार्यालयमा प्रवेश गर्ने नागरिकहरूलाई साबुन पानीले हात धोएर र स्यानिटाइजर प्रयोग गरेर मात्रै प्रवेश गराउने व्यवस्था, चोक, गल्ली र सडकहरूमा सरसफाइ कार्यलाई थप प्रभावकारी बनाउन चुन छर्कीनुका साथै मुख्यचोक र सार्वजनिक स्थलहरूमा क्लोरिनेटेड (विषाणुनासक औषधी) छर्कने कार्य गर्दै आएका छौं ।

☐ विस्केट जात्रा औपचारिक पूजाआजामा मात्रै सीमित गर्ने निर्णय, जनचेतना जगाउन पर्चा प्रकाशन गरी घर घरमा साबुन सहितपर्चा वितरण, विदेशबाट आएका नागरिकहरूको अनलाइनमार्फत विवरण सङ्कलन, कोरोना रोगको सम्भावित जोखिमबारे नगरपालिकाको आधिकारिक फेसबुक पेज, अनलाइन पत्रिका र दैनिक पत्रिकाहरूमा तथा फोहर सङ्कलन गर्ने गाडी र ट्राइसाइकलहरूमार्फत प्रचार-प्रसारका साथै फ्लेक्स बोर्डमार्फत जनचेतनामूलक सन्देश प्रशारण गर्दै आएका छौं ।

☐ नगरपालिका र वडा कार्यालयहरूको अगाडि तथा टोल टोलमा पानी ट्याङ्कीका व्यवस्था गरी साबुन पानीले हातधुने तरिकाको फ्लेक्ससहित हात धुने व्यवस्था, नगरका विभिन्न स्थानहरूमा तरकारी र अन्य दैनिक आवश्यकताका सामग्री खरिद गर्दा एक मिटरको दूरी कायम गर्नमा जोड दिदै आएका छौं ।

☐ वडाध्यक्षको संयोजकत्वमा समिति गठन गरी राहतवितरणको व्यवस्था, अति आवश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन माइकिङ, स्थानीय पत्रपत्रिका, एफ.एम. र टेलिभिजनमार्फत सबैमा अनुरोध गर्नुका साथै घरबाट एक जनामात्र बाहिर निस्कन सकिने गरी घर घरमा अनुमतिपत्र वितरण गऱ्यौं ।

☐ नगरका विभिन्न स्थानमा तरकारी बजारको व्यवस्थापन, जिल्ला बचत तथा ऋण सहकारी सङ्घ, भक्तपुर घरेलु तथा सानाउद्योग सङ्घ र जिल्ला खुद्रा व्यापार सङ्घका साथीहरूसित समन्वय तथा विपद् व्यवस्थापन केन्द्रको गठन गरी मजदुरी गरेर जीविकाउपार्जन गर्ने ३ हजार परिवारभन्दा बढीलाई राहत वितरण गरिसकेका छौं । प्रकोप व्यवस्थापन कोषबाट हालसम्म ८८ लाखभन्दा बढी खर्च भइसकेको जानकारी दिन चाहन्छौं ।

☐ विभिन्न सङ्घ संस्थाहरूले प्रकोप व्यवस्थापन कोषमा नगद तथा जिन्सी सहयोग गर्नु भएको छ । हाल सम्म रु.१२ लाखभन्दा बढी नगद र अन्य जिन्सी जम्मा भएको छ ।

☐ हिजोबाट भक्तपुरमा पनि कोरोनाको विरामी देखापरेको छ । हामी सबै सचेत भएनौं भने त्यसले महामारीको रूप नलेला भन्न सकिन्न । रोग आयो भनेर होइन अब सुरक्षाका सबै नीतिहरू अवलम्वन गर्नु अति आवश्यक छ । कुनै एकको हेलचक्रयाईले अरु धेरै जनाको ज्यान जान सक्छ । यसबारे सबैले गम्भीरताका साथ सोच्नु जरुरी छ ।

☐ कारोनाबाट बच्न लकडाउनको अवधिभर सबै नागरिकहरू आआफ्नो घरमा सुरक्षितसाथ बस्नु हुन र अति आवश्यक काममा बाहेक कोही पनि बाहिर ननिस्कन र बाहिर निस्कन्दा १ मि.को शारीरिक दूरीमा ध्यान दिन पनि यहाँहरू सबैमा हार्दिक अनुरोध गर्दछौं ।

निर्वाचनको बेला जनताबीच गरेको प्रतिबद्धतापत्र र पाँचौ नगरसभाबाट पारित नीति तथा कार्यक्रम नै हाम्रो मार्गदर्शन हो । हामी जनतालाई दिएको वचन अक्षरशः पूरा गर्न कतिबद्ध छौं । तर देशको परिस्थिति, कानूनी, आर्थिक र व्यवहारिक कारण हामीले कतिपय विकास निर्माण र कार्यक्रमहरू यो चालू आ.व.मा पूरा गर्न कठिन भएको छ । बन्दाबन्दी खुलेको खण्डमा अझै केही योजनाहरू सम्पन्न गर्ने समय हामीसँग छ ।

नीति तथा कार्यक्रममा उल्लेखित अधिकांश कार्यहरू सम्पन्न भइसकेका छन् भने धेरै विकास निर्माणका कार्यहरू चालू अवस्थामा छन् ।

नगरपालिकाको पाँचौ नगरसभा २०७६ असार ९ गते शुरु भई असार १८ गते सम्पन्न भएको थियो । नगरसभाले आ.व. २०७६/७७ को लागि रु. २ अर्ब १३ करोड १० लाखको बजेट पारित गरेको थियो ।

आन्तरिक आयतर्फ :

पाँचौ नगरसभाले जग्गा बिक्री बाहेक रु. ४२ करोड आन्तरिक आय सङ्कलन गर्ने लक्ष्य राखेकोमा २०७६ वैशाख ३१ गतेसम्म २५ करोड ५८ लाख ४६ हजार रूपैयाँ सङ्कलन भयो । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाको कारण २०७६ चैत्र ११ गतेदेखि देश बन्दाबन्दीमा भएकोले पनि आन्तरिक श्रोतमा निकै कमी आएको हो ।

खर्चतर्फ :

चालू आ.व. २०७६/०७७ मा ९९ करोड ८० लाख रूपैयाँ विनियोजन गरिएकोमा २०७७ वैशाख मसान्तसम्ममा रु. ६० करोड ७ लाख ६० हजार मात्र खर्च भएको छ ।

चालू वर्षमा पूँजीगत तर्फ रु. १ अर्ब १३ करोड ३० लाख विनियोजन भएकोमा २०७७ वैशाखसम्ममा रु. २७ करोड ३७ लाख ९६ हजार खर्च भएको छ । यसरी चालू आ.व.मा जम्मा रु. २ अर्ब १३ करोड १० लाख बजेट पारित भएकोमा चालू तथा पूँजीगत गरी जम्मा रु. ८७,८१,८७,०००।- खर्च भई ४१.२५ प्रतिशत खर्च भएको छ । द्रुत गतिले विकास निर्माणको काम हुने बेला लकडाउन भएकोले हाम्रो विकास निर्माणमा प्रत्यक्ष असर परेको छ ।

केही महत्त्वपूर्ण गतिविधिहरू

अब नगरपालिकाले आ.व. २०७६।७७ मा गरेका केही महत्त्वपूर्ण गतिविधिहरूबारे प्रष्ट पार्न चाहन्छौं :

शिक्षा :

१. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेज र विद्यालयहरूमा **नयाँ नयाँ विषय अध्यापन**मा जोड दिदै आएकोमा यो शैक्षिक वर्षदेखि ख्वप माविमा कक्षा ११ र १२ मा कानुन र चित्रकला विषयको कक्षा सुरु भएको छ ।

२. नगर क्षेत्रभित्र सामुदायिक र निजी गरी जम्मा

९२ वटा विद्यालयहरू सञ्चालनमा रहेकोमा सामुदायिक विद्यालयहरूमा शैक्षिक सुधार ल्याउने उद्देश्यले २ जना विज्ञ शिक्षकहरूमार्फत **अनुगमनको व्यवस्था** गरी शैक्षिक सुधारका कार्यहरू भइरहेका छन् ।

३. विद्यार्थीहरूलाई स्थानीय कला–संस्कृति, सम्पदा, स्वास्थ्य, खेलकुदलगायतका विषयहरूमा जानकारी दिने उद्देश्यले लागू गरिएको स्थानीय पाठ्यक्रम अझ प्रभावकारी बनाउन यो वर्ष **सन्दर्भ सामग्री सङ्ग्रह** पुस्तक समेत प्रकाशित गरेका छौं । यसले स्थानीय पाठ्यक्रम पढाउने शिक्षकहरूलाई सहयोग पुग्ने हाम्रो विश्वास छ ।

४. आर्थिक अभावमा क्षमतावान कुनै पनि विद्यार्थी उच्च शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले शैक्षिक प्रमाणपत्र धितो लिई यो वर्ष ९१ जना विद्यार्थीहरूलाई रु. ५ लाखसम्म सहुलियत दरमा **ऋण प्रदान** गर्न स्वीकृत गरेका छौं ।

५. नगरपालिकाद्वारा सञ्चालित ६ वटा शिशुस्याहार केन्द्रहरूमा कार्यरत १२ जना **शिक्षिकाहरूलाई पुनर्ताजगी तालिम** दिनुकासाथै शिशु स्याहार केन्द्रहरूमा आवश्यक भौतिक सुधार गरेका छौं ।

६. स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार भक्तपुर नपा वडा नं. २ इन्द्रायणी पीठमा **विशेष विद्यालय सञ्चालन** गर्ने अनुमति प्रदान गरी विद्यालय सञ्चालनमा आएको छ ।

७. विभिन्न विद्यालयमा कार्यरत इ.सी.डी शिक्षकहरूको न्यून पारिश्रमिकलाई ध्यानमा राखेर नगरपालिकाले यही आर्थिक वर्षदेखि प्रति शिक्षक मासिक रु. ४०००।– का दरले ४२ जना **शिक्षकहरूलाई सहयोग** गर्दै आएको छ ।

८. सबल सामुदायिक विद्यालयले दुर्वल विद्यालयलाई संरक्षण प्रदान गर्ने नीति अनुसार वागीश्वरी माविलाई भनपा १० स्थित ब्रम्हचारिणी आधारभूत **विद्यालयको संरक्षण गर्ने जिम्मेवारी** प्रदान गरेको छ । यसअघि वागीश्वरी माविलाई संरक्षणको जिम्मेवारी तोकिएको सिद्धि शारदा आधारभूत विद्यालयमा विद्यार्थी सङ्ख्या क्रमशः वृद्धि हुन थालेपछि भवनको अभाव देखिन आएको हुनाले आवश्यक भवन निर्माणको लागि भनपा वडा नं. ८ लिवालीमा ०–४–० जग्गा **भोगाधिकार प्रदान** गरियो । वागीश्वरी माविलाई यो वर्ष बागमती प्रदेशले भक्तपुर जिल्लाकै नमुना विद्यालय घोषणा गरेको छ ।

९. नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि देशभर बन्दाबन्दीको घोषणा गरेको कारणबाट एसईईको परीक्षा दिन तयारी अवस्थामा रहेका विद्यार्थीहरूलाई ध्यानमा राखेर २०७७ वैशाख ३ गतेदेखि जेठ ५ गतेसम्म अनिवार्य विषयहरूको **भर्च्युअल कक्षा सञ्चालन** गरियो । त्यसबाट देशका विभिन्न क्षेत्रमा रहेका हजारौं विद्यार्थीहरूलाई फाइदा पुगेको छ ।

१०. विद्यालय पढ्ने बच्चाहरूको मानसिक विकास र प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न समय समयमा विद्यालयस्तरीय चित्रकला, वादविवाद प्रतियोगितालगायत विभिन्न **अतिरिक्त कृयाकलापहरू सञ्चालन** गर्दै आएका छौं ।

स्वास्थ्य :

११. भक्तपुर नपाले च्याम्हासिंह, भगवतीस्थान र ब्यासी गरी ३ ठाउँमा **जनस्वास्थ्य केन्द्रहरू सञ्चालन** गरी आकस्मिक सेवासहित नाक, कान, घाँटी, बालरोग, दन्तरोग, हाडजोर्नी, स्त्रीरोग लगायतका रोगहरूको बिशेषज्ञ सेवा प्रदान गर्दै आएकोमा भक्तपुर नपा वडा नं. ९ स्थित च्याम्हासिंहमा ७२ करोड रूपैयाँ लागतमा **ख्वप अस्पताल भवन निर्माण** सुरु भएको छ ।

१२. घरदैलो नर्सिङ्गसँगै विद्यालयहरूमा चिकित्सक र नर्सहरूमार्फत स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं ।

१३. शारीरिक र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको **स्वास्थ्य परीक्षण**मा पनि नगरपालिकाले ध्यान दिंदै आएको छ ।

१४. कडा रोगहरू क्यान्सर, मृगौला, मुटु र मस्तिष्कघात भएका नगरवासीहरूलाई प्रतिव्यक्ति रु. १०,०००।– का दरले **आर्थिक सहयोग** गर्ने नीति अनुसार यस आर्थिक वर्ष १५० जनालाई नगरपालिकाले रु. १५ लाख आर्थिक सहयोग प्रदान गऱ्यो ।

१५. भक्तपुर नगरपालिकामा सञ्चालित जिल्ला सामुदायिक **आँखा केन्द्र**बाट यो वर्ष ३८७ जनाको मोतिबिन्दुको शल्यक्रिया भयो भने २०,३०४ जना सामान्य आँखाका बिरामीहरूको परीक्षण भएको छ ।

१६. आयुर्वेदिक स्वास्थ्य सेवाबाट बढीभन्दा बढी जनताले फाइदा लिन सकून् भनी वडा वडामा **आयुर्वेदिक स्वास्थ्य सेवा** विस्तार गरिंदै लगेको छ । वैकल्पिक चिकित्साको रूपमा जनताबीच यसको प्रभावकारिता बढ्दै गएको छ ।

सम्पदा र संस्कृति संरक्षण :

१८. हाम्रो कला र संस्कृति संरक्षणमा यहाँका संस्कृतिकर्मीहरूको योगदानलाई सम्मान गर्दै प्रत्येक वडाबाट दुई जनाका दरले कला–संस्कृति संरक्षणमा अग्रणी भूमिका खेल्नुभएका २० जना सांस्कृतिक अगुवाहरूलाई नगरपालिकाले मिति २०७६ कार्तिक ११ गते प्रतिव्यक्ति रु. २० हजार **नगदसहित सम्मान** गऱ्यो । यस्ता कार्यक्रमहरूले नयाँ पुस्तामा पनि कला संस्कृति संरक्षणमा प्रेरणा मिल्ने हाम्रो विश्वास छ ।

१९. सांस्कृतिक कार्यक्रमको माध्यमबाट समाजमा रूपान्तरण ल्याउने उद्देश्यले गाईजात्रामा प्रस्तुत भएका सांस्कृतिक

विधाहरूलाई परम्परागत र आधुनिक विधाको अलग अलग मूल्याङ्कन गरी **प्रतियोगितात्मक** रूपमा सम्पन्न गरियो ।

२०. हरेक वर्ष एउटा सांस्कृतिक विधाको **नगरस्तरीय प्रतियोगिता** गर्ने नीति अनुसार २०७६ साल माघ २५ र २६ गते भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा कुल ७७ समूहले भाग लिएका थिए ।

२१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम छैटौं नगरसभाले पूर्व, पश्चिम, उत्तर, दक्षिण चारकिल्ला तोकी नगरको पुरानो क्षेत्रलाई **सांस्कृतिक क्षेत्र घोषणा** गरेको छ । नगरपालिकाको कला संस्कृति संरक्षण ऐन अनुसार भक्तपुरको पुरानो क्षेत्र (जो सम्पदा बस्तीको रूपमा अवस्थित छ) मा स्थानीय जनताबाहेक अन्य नागरिकहरूले घरग्गा खरिद गर्न नपाउने व्यवस्था छ ।

विकास निर्माण :

२२. आर्थिक वर्ष २०७६/७७ मा प्रसिद्ध भैरवनाथको मन्दिरको **जीर्णोद्धार** सम्पन्न भयो । कुल लागत इस्टिमेट १ करोड ४६ लाख ३६ हजार रूपैयाँ भएकोमा जनताबाट आर्थिक सहयोग रु. ५ लाख १७ हजार प्राप्त गरी जम्मा ५६ लाख ३९ हजार रूपैयाँमा उक्त जीर्णोद्धार कार्य सम्पन्न भएको हो ।

२०७२ सालको भूकम्पले क्षति पुऱ्याएको टौमढीस्थित विश्व प्रसिद्ध डाःतापोल मन्दिरको जीर्णोद्धार कार्य कूल ६५ लाख १३ हजारमा जीर्णोद्धार शुरु गरिएकोमा स्थानीय जनताको जनश्रमदान र आर्थिक सहयोग निरन्तर प्राप्त भइरहेको छ

२३. भक्तपुर नपा वडा नं. ३ दरबार क्षेत्रस्थित वत्सला मन्दिर २०७२ सालको भूकम्पले पूर्ण क्षति भएकोमा उक्त **मन्दिर निर्माण** कार्य अन्तिम चरणमा पुगेको छ । स्वदेशी र विदेशीबाट हालसम्ममा ६ लाख रूपैयाँभन्दा बढी आर्थिक सहयोग सङ्कलन भइसकेको जानकारी गराउन चाहन्छौं ।

भक्तपुर नपा वडा नं. १ स्थित रानीपोखरी र भाज्या पोखरी जीर्णोद्धारको काम भइरहेको छ । सिद्धपोखरीको उत्तरतिरको खेल मैदान नेपाली सेनासँग समन्वय गरी तारजाली लगाई सर्वसाधारण जनताको लागि खुला गरी नगरपालिका र विभिन्न संस्थाहरूबाट उक्त **खेल मैदान** नियमित रूपमा प्रयोग गर्दै आएका छन् ।

ब्रम्हायणीस्थित **ख्वप बहुउद्देश्यीय भवन**, वडा नं. ९ च्याम्हासिंहमा रहेको नगर **प्रवेशद्वार** पुनः निर्माण, वडा नं ७ स्थित भेलुखेलको सार्वजनिक गय् भिंद्यो **पुल** निर्माण, वडा नं. २ मा **बालउद्यान** निर्माण, वडा नं. ९ तुमचोस्थित **श्वासप्रश्वास पुनः स्थापना केन्द्र** भवन निर्माणलगायत कार्य पनि सम्पन्न भएको छ ।

एक सहर एक पहिचान अन्तर्गत भक्तपुर नगरको मुल सडक च्याम्हासिंहदेखि भार्वाचोसम्म **ढुङ्गा छाप्ने** कार्य, वडा नं७ स्थित छिपा ताँ निर्माणको काम भइरहेको छ ।

ब्रम्हायणी पीठ, हनुमानघाटको गुरुयोजना बनाई कार्य अगाडि बढाइएको छ भने माहेश्वरी, महाकाली, बाराही पीठको **गुरुयोजना** निर्माणको क्रममा रहेको छ । नगरका मूल सडकहरूमा **सडक बत्ती** राख्ने काम पनि आ.व. २०७६/७७ मा सम्पन्न हुने गरी अगाडि बढाइएको छ ।

खेलकुद :

२४. भक्तपुर नगरपालिकाले फुटबल, भलिबल, कराँते, बक्सिङ, कबड्डी, टेबुलटेनिस, जिम्नेस्टिकलगायत ६ वटा खेलहरूको नियमित प्रशिक्षण गर्दै आएकोमा यो आर्थिक वर्षदेखि २ जना खेलकुद प्रशिक्षकहरूलाई पूर्णकालीन नियुक्ति गरी **खेल प्रशिक्षण**लाई अझ बढी प्रभावकारी र जिम्मेवार बनाउँदै लाने प्रयास गरेको छ ।

२५. मिति २०७६ साल फागुन ८ गतेदेखि १२ गतेसम्म **अन्तरनगर** एथ्लेटिक्स प्रतियोगिता सम्पन्न गरियो । प्रतियोगितामा विभिन्न १६ वटा नगरपालिकाहरूले भाग लिएका थिए ।

त्यसैगरी मिति २०७६ कार्तिक १७ गतेदेखि २४ गतेसम्म **अन्तर विद्यालय** खेलकुद प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा नगरका कूल ९२ वटा विद्यालयहरूमध्ये ७२ वटा विद्यालयका २१०० खेलाडीहरूको सहभागिता थियो ।

२६. महिलाविरुद्ध समाजमा देखापरेका हिंसात्मक घटनाबाट महिलाहरूलाई सुरक्षित हुन नगरपालिकाले नगरका वडा नं १, ३, ६ र ७ मा गरी ४ वटा वडामा ७० जनाका दरले २८० जना छात्राहरूलाई **आत्मरक्षाको तालिम** दिइसकेको छ भने ३८ जना प्रशिक्षकहरू तयार गरिसकेकोछ ।

२७. मानसिक र शारीरिक स्वास्थ्यको लागि सबै वडाहरूमा गरी १४ स्थानमा खुला **व्यायामशालाहरू** निर्माण भइसकेका छन् । यसले साना बालबालिकादेखि जेष्ठ नागरिकसम्मले व्यायामको अवसर पाइरहेकाछन् । आवश्यकता अनुसार खुला व्यायामशालाहरू थपिंदै लगिने छ ।

बजार अनुगमन :

२८. उपभोक्ताहरूको स्वास्थ्यलाई ध्यानमा राखेर बजार अनुगमन कार्यलाई जोड दिइएको छ । अनुगमनको क्रममा म्याद नाघेको, कम तौलको, मिसावतयुक्त सामान, कुहिएको वा स्वास्थ्यलाई हानी नोक्सानी हुने पाइएको अवस्थामा त्यस्तालाई कार्बाही गर्दै आएका छौं ।

कृषि :

२९. कृषि उत्पादन वृद्धि गर्न स्थानीय कृषकहरूलाई कृषि विशेषज्ञहरूबाट ५ महिने कृषि तालिम, कौसी खेतीको तालिम, माटो परीक्षण, किटनाशक औषधी प्रयोग, च्याउखेतीलगायत विभिन्न तालिमहरू दियौं भने किसानहरूलाई

प्रति परिवार साढे २ के.जी. का दरले उन्नत जातको धानको वीउ निःशुल्क वितरण गऱ्यौ ।

पर्यटन :

३०. भक्तपुर सांस्कृतिक र पर्यटकीय नगरको मूल सडक भार्वाचोदेखि च्याम्हासिंहसम्म १० वटा शौचालयहरू तयार भएका छन् । तीमध्ये भक्तपुर वडा नं. १ मा २ वटा र वडा नं. ३, ५ र ९ मा एक एक वटागरी जम्मा ५ वटा मौलिक शैलीका **नयाँ सूचना केन्द्र र शौचालयहरू** यो वर्ष निर्माण सम्पन्न गरी प्रयोगमा ल्याइएको छ ।

३१. महानगरीय प्रहरीसँग समन्वय गरी नगरका प्रमुख ठाउँहरूमा **सीसी क्यामेरा जडान** गरी अपराध नियन्त्रणको प्रयास भइरहेको छ । त्यसको नियन्त्रण कक्ष भक्तपुर नगरपालिका र महानगरीय प्रहरी परिसरमा रहेका छन् ।

३२. मुख्य पर्यटकीय क्षेत्र दरबार क्षेत्र र दत्तात्रय क्षेत्रमा **हरियाली प्रबर्द्धन** गर्न विभिन्न जातका फूलहरूसहितको गमलाहरू राख्ने क्रम शुरु गरेका छौं ।

३३. नगरपालिकाको हरेक गतिविधिबारे **जनतालाई सुसूचित** गराउन नियमित मासिक प्रकाशन 'भक्तपुर', नेपाल भाषाको पाक्षिक प्रकाशन 'ख्वप पौ', भक्तपुर खबर अनलाइन, फेसबुकलगायत सामाजिक सञ्जालहरूमार्फत सार्वजनिक गर्दै आएका छौं ।

युवालक्षित तालिमहरू :

३४. नगरवासी युवाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले काष्ठकला, चिनियाँ र जापानी भाषा, नेपालभाषा लिपी, रेडियो र टेलिभिजन प्रस्तोता, फोटोग्राफी तालिमलगायत विभिन्न सीपमुलक तालिमहरू नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

मौलिक शैलीमा घर बनाउनेलाई सहयोग :

३५. भक्तपुर नगरको मौलिक शैलीमा घर बनाउने धनीहरूलाई नगरपालिकाले घरको मोहडामा लाग्ने इँटा, झिँगटी र काठमा लाग्ने खर्चको ३५ प्रतिशत **अनुदान**लाई निरन्तरता दिंदै आएको छ ।

३६. नगरभित्र सडकको दायाँ बायाँ रुखहरू रोपेर हरियाली प्रबर्द्धन गर्दै भक्तपुर नगर सुन्दर सफा नगर बनाउने प्रयासलाई जारी राखेका छौं । नगरका मुख्य सडकहरूमा **सडक बती**को व्यवस्थाको लागि कार्य अगाडि बढाइएको छ ।

आवास योजना :

३७. भक्तपुर नपा वडा नं. ९ स्थित तुमचो दुगुरे आवास योजनाको काम अन्तिम चरणमा पुगेको छ भने वडा नं. २, ३ र ६ स्थित देको मिवा इटापाके आवास योजनाको काम अघि बढिरहेको छ । जग्गावालाहरूको कम योगदानमा राम्रो र व्यवस्थित आवास योजना बनाउने सोचले त्यो आयोजनालाई अगाडि बढाइरहेका छौं ।

३८. भक्तपुर नपा वडा नं. २ व्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रलाई स्थानीय साधन र सीपको प्रयोग गरी हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गर्ने प्रयास भइरहेको छ । भक्तपुर नगरपालिकाको छैटौं नगरसभाले भक्तपुर औद्योगिक क्षेत्रलाई **स्थानान्तरण** गर्ने निर्णयसमेत गरेर प्रक्रिया अगाडि बढाइसकेको छ ।

खानेपानी :

३९. जनसङ्ख्या वृद्धिसँगै खानेपानी समस्या अझ विकराल बन्नसक्ने सम्भावनालाई ध्यानमा राखी केयुकेएलसँग समन्वय गरी भक्तपुरका विभिन्न ठाउँमा डीप बोरिङ सुरु गरेका छौं । भक्तपुर नपा वडा नं. २ सल्लाघारी बोरिङबाट दैनिक ३ लाख लिटर पानी वितरण सुरु भएको छ भने भनपा वडा नं. ८ लिबालीको बोरिङबाट दैनिक पानी वितरण हुँदै आएको छ । भक्तपुर नपा ७, भनपा ९ मा पनि बोरिङ कार्य भइरहेका छन् । त्यसैगरी भनपा-७ जगातीबाट पानी वितरण सुरु गर्न पाइप बिछ्याउने काम भइरहेको छ ।

मेलम्ची खानेपानी योजनाबाट उपत्यकामा पानी आउने बित्तिकै पहिलो चरणमै भक्तपुर ल्याउने प्रयास भइरहेको छ ।

क्यान्सर अस्पताल :

४०. भक्तपुर क्यान्सर अस्पतालमा आर्थिक अनियमितता व्यापक भएको जनगुनासो र अस्पतालका चिकित्सक, नर्स र अन्य कर्मचारीहरूले त्यहाँको व्यवस्थापन हेर्न आग्रह गरेको हुँदा मिति २०७६ साउन ३० गते बसेको कार्यपालिका बैठकले नगर प्रमुखको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति गठन गरी अघि बढेकोमा पुरानो व्यवस्थापन समितिका पदाधिकारीहरूले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको कारण अदालतबाट अन्तरिम आदेश जारी भएकोले हाल मुद्दा विचाराधीन अवस्थामा छ ।

भूकम्प पीडितलाई सहयोग :

४१. अधिकांश भूकम्प पीडितहरूले अझै सरकारले प्रदान गरेको अनुदान पाउन सकेका छैनन् । बहुस्वामित्वको घर, जग्गाधनी प्रमाण पूर्जा नहुनु, मोहियानी हक, गुथि जग्गामा बनाइएका घरको कारण सरकारबाट प्रदान गरिने रकम पीडितले पाउन नसकेको हुँदा भूकम्प पीडितलाई दिने रकम बढाउनुपर्ने, एकमुस्त रकम दिनुपर्ने र म्याद बढाउनुपर्ने समेतमा भक्तपुर नगरपालिकाले जोड दिंदै आएको छ ।

४२. भक्तपुर नपा वडा नं.१ स्थित सिद्धपोखरीमा २०७६ पौष १६ गतेदेखि **नौका बिहार** सुरु भएको छ । भक्तपुरका अन्य पोखरीहरूमा पनि नौका बिहार र माछा पालन सुरु गर्न सकेको खण्डमा नगरपालिकाको आयमा थप वैकल्पिक स्रोत बन्ने हुँदा यसबारे छलफललाई अगाडि बढाएका छौं ।

विपद् व्यवस्थापन तालिम :

४३. नेपाली सेनासित समन्वय गरी नगरभित्रका युवाहरूलाई ३ समूहमा गरी १२२ जनालाई विपद् व्यवस्थापन तालिम दिइसकेका छौं । भूकम्प, बाढी, आगजनीलगायतमा आवश्यक परेको बेला सहयोग गर्न ती तालिम प्राप्त युवाहरू तयारी अवस्थामा छन् ।

अन्त्यमा,

देशभर लकडाउनको अवस्थामा पनि नपाका १६० जना सफाइ मजदुरहरू, जनस्वास्थ्य केन्दका चिकित्सक, नर्स तथा कर्मचारीहरू, नगरपालिका र वडा समितिका कर्मचारीहरूले यसतो बिषम परिस्गितिमा समेत जनताको सेवा गरिरहनु भएको छ । लक डाउन अवधिमा जनताको सेवामा खट्नु भएका सम्पूर्ण कर्मचारी साथीहरू र भर्च्युअल कक्षा सञ्चालनमा सहयोग गर्ने शिक्षक, शिक्षिका मित्रहरू, नगर शिक्षा समितिका साथीहरू, सहजकर्ताको भूमिका खेल्नुहुने तमाम साथीहरूको नि:स्वार्थ रूपले जनताको सेवा गर्ने भावनाले काम गर्नुभएका टोल टोलका स्वयंसेवकहरू सबैको योगदानलाई उच्च सम्मान गर्दै भक्तपुर नगरपालिकाको तर्फबाट **हार्दिक धन्यवाद** ज्ञापन गर्दछौं ।

नेपाल सरकारले लकडाउनको अवधिलाई बिदा घोषणा गरे पनि नगर सफाइमा निरन्तर खटिरहनु भएका सफाइ कर्मचारीहरू, जन स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीहरूलाई मासिक तलबलाई दैनिक हिसाब गरी हाजिर भएको दिनको ७५ प्रतिशत र नगरपालिकाका कर्मचारीहरू, वडा समिति, जन स्वास्थ्य, शिक्षा शाखामा कार्यरत सबै कर्मचारीहरूलाई हाजिर भएको दिनको ५० प्रतिशत **प्रोत्साहन भत्ता** दिने व्यवस्था गरेका छौं । साथै यो विषम अवस्थामा काम गर्ने जनप्रतिनिधिहरू, सबै कर्मचारीहरूको एक वर्षको **जीवन विमा** गर्ने व्यवस्था गर्नेछौं ।

साथै नरपालिकाले आव्हान गरेको हरेक काममा साथ र सहयोग गर्ने, रचनात्मक आलोचना गरी नगरपालिकाका पदाधिकारीहरूलाई सही बाटोमा अगाडि बढाउन सहयोग गर्ने सम्पूर्ण नगरवासी, दाजुभाइहरूमा पनि धन्यवाद ज्ञापन गर्दछौं । आगामी दिनहरूमा पनि तपाईंहरूको राय, सुझाव र सल्लाह बमोजिम भक्तपुर नगरपालिकालाई देशकै सफा, सुन्दर नगर र पर्यटकीय नगर बनाउन निरन्तर कतिबद्ध भएर लाग्ने वचनबद्धता प्रकट गर्दछौं ।

धन्यवाद !

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

डातापोल मन्दिर जिर्णोद्धार कार्यमा सहयोग गर्ने सम्बन्धी सूचना

२०७२ सालको विनाशकारी भूकम्पबाट क्षति पुगेका विभिन्न सम्पदाहरु मध्ये केही सम्पदाहरुको पुन:निर्माण र जिर्णोद्धार कार्य सम्पन्न भइसकेको र केही सम्पदाहरुको हाल पुन:निर्माण र जिर्णोद्धार कार्य भइरहेको सन्दर्भमा भ.न.पा ५ टौमढी स्थित प्रसिद्ध डातापोल मन्दिर स्थानीय उपभोक्ता समितिमार्फत जिर्णोद्धार कार्य भइरहेको व्यहोरा जानकारी गराउँदै इच्छुक संघ, संस्था, व्यक्ति दाफा, भजन र गुठीहरुले आर्थिक सहयोगको लागि नेपाल बैंक लिमिटेड, कमलविनायक शाखाको खाता नं. ०१९००१०६८२६४०९००००० मा रकम जम्मा गर्नुहुन र जिन्सी सहयोगको लागि सम्बन्धित उपभोक्ता समितिमा सम्पर्क गर्नुहुनका साथै निम्न व्यक्तिहरुसँग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्ति :

१. वडाअध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य, भ.न.पा ५ : ९८५११९७९९२
२. लेखापाल श्री रामसुन्दर सुजखु, भ.न.पा: ९८४१३५८४५०
३. अध्यक्ष श्री केशव तमखु, डातापोल जिर्णोद्धार उपभोक्ता समिति : ९८४१६७०५६६

भक्तपुर नगरपालिका

सरकारले बिर्सेको संसद पुन:स्थापनाको दिन

विवेक

'मरेको मान्छे बिउँतेमात्रै संसद पुन:स्थापना हुन्छ ।'

'नेपालमा गणतन्त्र आउने भनेको ठेलागाडामा चढेर अमेरिका पुग्नु जस्तै हो ।'

यो वर्ष वैशाख ११ गते 'लोकतन्त्र' दिवस अर्थात् संसद पुन:स्थापनाको दिन सरकारको तर्फबाट कुनै औपचारिक कार्यक्रम गरिएन । २०६३ साल वैशाख ११ गते विघटित संसद पुन:स्थापना भएको थियो । निरंकुश राजतन्त्र जनआन्दोलन सामु झुकेको दिनको सम्झनामा हरेक वर्ष विभिन्न कार्यक्रमहरूकासाथ 'लोकतन्त्र' दिवस मनाउँदै आएको हो । संसारको इतिहासमा पनि विरलै पाइने यस्तो घटना नेपालको राजनैतिक इतिहासमा घटेको छ । त्यसैले संसद पुन:स्थापनाको राजनैतिक र ऐतिहासिक महत्त्व छ ।

कोरोना भाइरसको विश्वव्यापी महामारीको कारण नेपालमा २०७६ चैत्र ११ गतेदेखि देशभर लकडाउन (बन्दाबन्दी) को अवस्था छ । त्यसैले उक्त दिन कुनै कार्यक्रम गरिएन भनेर सोच्नु अन्यथा नहोला । तर जनआन्दोलनको इतिहास बुझ्नेहरू भने यसलाई फरक दृष्टिले हेर्दैछन् । जनआन्दोलनको बेला वर्तमान सरकारका प्रमुख खड्गप्रसाद ओली संसद पुन:स्थापनाको पक्षमा थिएनन् । नेमकिपालगायतका दलहरू संसद पुन:स्थापनाको मागलाई लिएर सडक आन्दोलन गरिरहेका बेला पटक पटक केपी ओलीले भन्ने गरेका थिए– 'मरेको मान्छे बिउँतेमात्रै संसद पुन:स्थापना हुन्छ ।' उनको दृष्टिमा आन्दोलनको माग सान्दर्भिक थिएन । संसद पुन:स्थापनाले नेपाललाई गणतन्त्रसम्म जाने सहज बाटो तयार गरिदियो । संसद पुन:स्थापना गणतन्त्र घोषणाको आधार बन्यो ।

२०५९ साल जेठ ८ गते तत्कालीन प्रधानमन्त्री देउवाले दरबारको गोटीचालमा फसेर संसद विघटन गरे । सत्तामा जाने दलहरूको गुटगत स्वार्थ, सत्ताको लागि सांसद खरिद–बिक्री, सुरासुन्दरी काण्डजस्ता घटनाहरूले दलहरूप्रति जनविश्वास घट्दै गइरहेको बेला दरबारले पनि आफ्नो भूमिका खोजिरहेको थियो । कमजोर देउवा सरकारबाट संसद विघटन गराएपछि दरबार सक्रिय हुन थाल्यो । २०५९ साल असोज १८ गते निर्वाचन गर्न नसक्ने 'अक्षम' को आरोप लगाई देउवा सरकारलाई पदमुक्त गरी राजाले कार्यकारी अधिकार हातमा लिए र पूर्व पञ्चहरूको नेतृत्वमा सरकार गठन गरे ।

संसद विघटनलाई नेपाल मजदुर किसान पार्टीले प्रतिगमनको संज्ञा दिई संसद पुन:स्थापनाको माग गऱ्यो । विघटित संसद पुन:स्थापनाको माग गर्ने नेपाल मजदुर किसान पार्टी पहिलो पार्टी हो । पछि नेकाले पनि समर्थन गरेपछि त्यो आन्दोलनको साझा माग बन्यो । नेमकिपा, नेका, एमाले, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आ) र वाम मोर्चाले संयुक्त आन्दोलन अगाडि बढाए पनि नेमकिपा र नेकाबाहेक अन्य पार्टीहरू संसद पुन:स्थापनाको माग प्रति त्यति सकारात्मक थिएनन् । ती दलहरू आन्दोलनको माध्यमबाट सरकारमा जान पाइनेमा विश्वास गर्थे । एमाले त त्यस माग प्रति कहिल्यै सकारात्मक भएन । यद्यपि संयुक्त आन्दोलनको विकल्प नहुँदा एमाले आन्दोलनको सहयात्री बनेर सरकारमा जाने मौका ढुकिरहेको थियो ।

माओवादीको सशस्त्र सङ्घर्ष फैलिंदै थियो । यसैबीच नेका (प्र.) का सभापति शेरबहादुर देउवालाई २०६१ जेठ १८ गते प्रधानमन्त्री नियुक्त गऱ्यो । त्यसबेला एमाले महासचिव माधवकुमार नेपाल सात दलको समर्थनमा प्रधानमन्त्री बन्ने तयारीमा थिए । राजदरबार दलहरूबीच फुट ल्याएर आन्दोलनलाई कमजोर पार्न चाहन्थ्यो । २०६१ जेठ १७ गते दरबारले २४ घण्टाभित्र प्रमको लागि दरखास्त दिन आह्वान गऱ्यो । एमाले कुनै पनि हालतमा दरबारको आह्वानको आधारमा सरकारमा जानु पर्ने पक्षमा थियो । एमाले कार्यालय बल्खुमा जेठ १८ बसेको सर्वदलीय बैठकले प्रतिगामी सरकारमा नजाने निर्णय गऱ्यो । त्यो एमालेको अपेक्षा विपरीत थियो । एमाले सात दलको आन्दोलनलाई सरकारमा जाने सिंढी बनाउन चाहन्थ्यो । तर परिपक्व नेतृत्वको कारण एमालेको त्यो इच्छा पूरा भएन । त्यसको लगत्तै एमालेले आन्दोलनबाट अलग भएको घोषणा गर्दै **'प्रतिगमन आधा सच्चियो'** भनी राजाको सरकारमा सामेल भयो । त्यसले एमालेको इतिहासमा कहिल्यै नमेटिने कालो दाग लाग्यो । आन्दोलनकारी दलहरूलाई धोका दिएर राजाको सरकारमा गएकोमा अहिले पनि कतिपय पूर्व एमाले नेताहरू पश्चाताप गर्छन् ।

आन्दोलन निरन्तरअगाडि बढ्दै गए पछि तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते देउवा सरकारलाई विघटन गरी शासन सत्ता आफ्नो हातमा लिए । नेका (प्र) र एमाले 'घर न घाट' को भए । एकातिर ती पार्टीहरू जनताबाट तिरस्कृत भए भने अर्कोतिर दरबारले लात हानेर पठायो । आन्दोलनकारी दलहरूले एमाले र नेका (प्र) ले जनताबीच माफी मागेपछि मात्रै आन्दोलनमा सामेल गर्ने अडान लिए । नेका (प्र) र एमाले नेताहरूले ठाउँ ठाउँमा 'अब धोका दिने छैनौं' भनी आत्मआलोचना गरेपछिमात्रै सात दलको संयुक्त आन्दोलनमा

सामेल गराउन दलहरू तयार भए ।

त्यतिबेला आन्दोलन त्रिकोणात्मक थियो – सात दल, माओवादी र दरबार । दरबारले माओवादी र सात दललाई दबाउँदै थियो । माओवादीले सात दलका नेता कार्यकर्ताहरूको हत्या, अपहरण र कुटपिट गरी दुःख दिइरहेका थिए । तापनि परिस्थितिले सात दल र माओवादी एक ठाउँमा आउने वातावरण बनाई दियो । ती तीनमध्ये दुई पक्ष मिल्नासाथ अर्को पक्षको हार सुनिश्चित जस्तै थियो । यसै क्रममा सात दल र माआवादीबीच २०६२ मंसिर ७ गते १२ बुँदे सहमति भयो । उक्त सहमतिमा ६ दलका नेताहरू दिल्लीमा गएर हस्ताक्षर गरे तर नेमकिपा दिल्ली गएन । नेमकिपाले १२ बुँदेमा हस्ताक्षर पनि गर्ने र असहमतिका बुँदाहरूको विरोध पनि गर्दै जाने नीति लियो । हस्ताक्षर नगरेको भए नेमकिपा आन्दोलनबाट बाहिर गएको र सात दल फुटेको सन्देश जान्थ्यो । नेमकिपाले प्रतिकृयावादीहरूलाई त्यो मौका दिएन । त्यसबेला नेमकिपालाई राजावादीको आरोप लगाउनेहरूको कमी थिएन । राजाको सरकारबाट गलहत्याइए पछि एमाले र नेका (प्र)लाई जनतासामु माफी माग्नु पर्ने नेमकिपाको अडानले ती दलहरू नेमकिपादेखि अत्यन्त रुष्ट थिए । नेमकिपाले आन्दोलनसँगै १२ बुँदेमा भएका असहमतिका बुँदाहरूको विरोध सुरु गऱ्यो । एमाले भने नेमकिपा आन्दोलनबाट बाहिर गएको चाहन्थ्यो किनभने नेमकिपाले हरेक कार्यक्रममा आन्दोलनलाई धोका दिएका दलहरूको आलोचना गर्न छोडेन । जतिसुकै 'ठूलो' दलको घमण्ड भए पनि जनतालाई बेइमानी गर्ने दलहरू नेमकिपाको छायाँदेखि डराउँथे । त्यो नेमकिपाले आन्दोलनको बेला खेलेको राजनैतिक इमानदारीबाट आर्जन गरेको सम्पत्ति थियो । नेमकिपा जनआन्दोलनलाई एउटा निष्कर्षमा पुऱ्याउन चाहन्थ्यो ।

सात दल र माओवादीबीचको समझदारीपछि दरबार एक्लीयो । जनआन्दोलन सशक्त रूपमा अगाडि बढ्यो । त्यस आन्दोलनले सात दलको संसद पुनःस्थापनाको मागलाई बल पुऱ्यायो । माओवादी संसद पुनःस्थापनाको पक्षमा थिएन । राजाको कदमको विरुद्ध सात दलसँग मिल्नुको विकल्प माओवादीसँग पनि थिएन । त्यसैले दुवै पक्षले आ–आफ्नै ढङ्गले राजाको निरंकुशताको विरोधमा सङ्घर्ष गरे । अन्ततः १९ दिनसम्मको आम हड्तालपछि राजा ज्ञानेन्द्र जनतासामु घुँडा टेक्न बाध्य भए ।

आन्दोलन उत्कर्षमा पुगेपछि राजाले २०६३ साल वैशाख ८ गते सात दलको नेतृत्वमा सरकार गठन गर्न आह्वान गरे । त्यो जनआन्दोलनलाई धोका दिने दरबारको नयाँ चालबाजी थियो । नेमकिपाले २०६३ साल वैशाख ९ गते भक्तपुरदेखि काठमाडौंसम्म विशाल ऱ्यालीको आह्वान गऱ्यो । नेमकिपाको नेतृत्वमा भएको त्यो विशाल प्रदर्शनीमा पचासौं हजार जनता सहभागी भए । त्यस प्रदर्शनमाथि दरबारको निर्देशनमा सेनाले काठमाडौंमा गोली चलायो । तर पनि आन्दोलन रोकिएन । अन्ततः २०६३ साल वैशाख ११ गते जनआन्दोलन सामु दरबारको केही चलेन । सात दलको मागबमोजिम राजाबाट संसद पुनःस्थापनाको घोषणा भयो ।

आश्चर्यको कुरा के थियो भने एमाले केन्द्रीय समितिले आन्दोलनको अन्तिम समयमा अर्थात २०६३ साल वैशाख ११ गते मात्रै संसद पुनःस्थापनाको माग गर्ने निर्णय गऱ्यो ।

हो, एमाले संसद पुनःस्थापनालाई असम्भव देख्थ्यो । एमाले कुनै हालतमा संसद पुनःस्थापनाको पक्षमा थिएन किनभने त्यसबेला संसदमा नेकाको बहुमत थियो । प्रजातन्त्र पुनःस्थापनाभन्दा पनि एमाले सरकारमा जाने जोड घटाउमै बढी ध्यान दिने गर्थ्यो ।

संसद पुनःस्थापनाको जगमा उभिएर गणतन्त्रको स्थापना भएको हो । केपी ओली गणतन्त्रको पनि विरोधी थिए । उनले आन्दोलनको बेला नेमकिपाले समाजवादी गणतन्त्र र अन्य पार्टीले गणतन्त्रको नारा लगाउँदा भन्ने गर्थे– 'नेपालमा गणतन्त्र आउने भनेको ठेलागाडामा चढेर अमेरिका पुग्नु जस्तै हो ।' पुनःस्थापित संसदको २०६३ जेठ ४ गते बसेको बैठकले राजाको विशेषाधिकार खारेज गर्ने र राजतन्त्रलाई निलम्बन गर्ने घोषणा गऱ्यो । आन्दोलनको शक्तिसामु राजतन्त्र निरीह सावित भयो । राजतन्त्रको अन्त्यको घोषणा संविधानसभाको पहिलो बैठकले गर्ने निर्णय गऱ्यो ।

२०६४ चैत्र २८ गते भएको संविधानसभाको निर्वाचनपछि २०६५ जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले नेपाल गणतन्त्र मुलुक घोषणा गऱ्यो । निर्वाचित संविधान सभाबाट सात वर्ष लगाएर २०७२ सालमा नयाँ संविधान निर्माण भयो । संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भैसकेको छ । अहिले तत्कालीन एमाले र माओवादी संयुक्त भई बनेको नेकपाको झण्डै दुई तिहाइको सरकार सङ्घ, प्रदेश र स्थानीय तहहरूमा छन् । तर जनअपेक्षाअनुरूप कुनै काम हुन सकेको छैन ।

संसद पुनःस्थापना असम्भव देख्ने र गणतन्त्रकै विरोध गर्ने ओली प्रधानमन्त्री छन् । यस्तो अवस्थामा देशले के आशा गर्ने ? 'कम्युनिष्ट' सरकारको नाउँमा वर्तमान सरकारले कम्युनिष्टहरूको बद्नाम गर्दै पूँजीवादी नीति अनुरूप काम गर्दैछ । जे होस्, आजको यो परिवर्तनसम्म पुऱ्याएको दिन संसद पुनःस्थापना एक महत्त्वपूर्ण पाइला हो । वर्तमान ओली नेतृत्वको सरकारले प्रजातन्त्र पुनःस्थापना भएको ऐतिहासिक दिनलाई बिर्सनु कुनै नौलो कुरा होइन । 'खोला तऱ्यो लौरो बिर्स्यो' भन्ने उखान वर्तमान सरकारले चरितार्थ गर्दैछ ।

(२०७७।१।१४ गते)

वडाध्यक्ष डायरी

जनप्रतिनिधिमाथि 'गाली' को वर्षा

रसिक

निर्वाचित भएको महिना दिनसम्म बधाइ र शुभकामनाको ओइरो आइरहँदा एकजना अग्रजले भन्नुभएको याद आउँछ, 'अहिले त सबैले ताली पिट्छन् हेर, तर गालीको वर्षा पनि हुन्छ है। सहन तयार भएर बस्नू।' त्यतिबेला उहाँको कुरालाई महत्त्व दिएको थिइनँ। अत्यधिक मतले विजयी भएपछि सबैजना शुभचिन्तक भइहाले। त्यसमाथि आफूले गलत काम गर्न भएन, गाली किन गर्लान् र ? जस्तो लागेको थियो।

पछिल्लो समयमा विश्वव्यापी सङ्क्रमण फैलिएको कोरोना भाइरस (कोभिड १९) रोग नेपालमा रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले जारी गरेको बन्दाबन्दी (लकडाउन) को अवधिमा भने राम्रैसँग अनुभव भयो। यसअघि पनि जनप्रतिनिधिको विषयमा कुरा काटेको गाइँगुइँ नसुनेको होइन। तर आफैले सुन्नेगरी नभनेकोले त्यति मतलव राखिनँ।

'गाली' सृङ्खला :

लकडाउनको केही समयअघि :

'चीन, इटाली र स्पेनमा फैलिएको रोग नेपालमा आउने कहिले हो कहिले ? अहिलेदेखि नै हामीलाई पर्चा दिएर तर्साउने जनप्रतिनिधिहरू। केही काम छैन, कुर्सीमा आरामले बस्या' छ, हल्ला गऱ्या'छ।'

'जाबो एउटा साबुन दिएर, कति दिन हात धुनलाई पुग्ने हो ? हामीले नगरपालिकामा कर तिरेकोमा राहत होला, होइन ?'

बन्दाबन्दीको शुरुका दिन :

'सबै टोलमा हात धुनलाई ट्यांकी राखेर पानी भरिदिने, अनि हाम्रो गल्लीमा चाहिँ किन नराखेको ? किन पक्षपात गरेको ?'

'टोल टोलमा ट्यांकी राखेर, साबुनको समेत व्यवस्था गरेर के गर्न खोजेको जनप्रतिनिधिले ? लकडाउनको समयमा घरबाट ननिस्कनु भनेर माइकिङ पनि गर्ने, अनि टोल टोलमा हात धुनलाई साबुन पानीसहित ट्यांकी पनि राख्ने ? दुई जिब्रेहरू !'

लकडाउनको समयमा घरबाट बाहिर निस्केकाहरूलाई सम्झाउन जाँदा :

'आफूहरू बाहिर आउन मिल्ने, अनि हामीलाई घरभित्र बस भन्ने ? नेपालमा कोरोना आएकै छैन। हामीले काम गरेर खान पर्दैन ? कसले घरघरमा दानापानी ल्याइदिन्छ ?'

चाडपर्वलाई औपचारिकतामा सीमित गर्न आग्रह गर्दा :

'हाम्रो संस्कृतिमाथि धावा बोल्ने अधिकार जनप्रतिनिधिलाई कसले दियो ? हाम्रो सनातन परम्परामाथि अंकुश लगाउने ? प्रजातन्त्र र गणतन्त्र आयो भन्ने, अनि संस्कृति पनि मान्न नदिने ?'

तरकारी बजार व्यवस्थापन गर्दा :

'नगरपालिकाले भनेको किन मान्ने ? हामी आफूले मन लागेको ठाउँमा तरकारी बेच्छौं र किन्छौं, उनीहरूको पेट किन पोल्छ हँ ?'

'कुनै दिन सडकमा थुक्न पनि उनीहरूसँग अनुमति लिनुपर्ने दिन आउन सक्छ है।'

अत्यावश्यक अवस्थामा एक घरबाट एक जनामात्र घरबाहिर निस्कने अनुमति पत्र वितरण हुँदा :

'यो के नौटंकी हो ? सबैलाई घरभित्रै थुन्ने ?'

'डेरामा बस्नेहरू चाहिँ बाहिर निस्कन नपाउने ?'

'पास वितरण गर्ने अधिकार नगरपालिकालाई कसले दियो ?'

'१८ हजारभन्दा बढी घरसङ्ख्या भएको नगरमा प्रत्येक घरबाट एकै समयमा बाहिर निस्के भने झन् भीड हुन्छ। के गर्न खोजेको नगरपालिकाले ? कहीं नभएको जात्रा ... ...'

टोल टोलमा स्वयंसेवक परिचालन गर्दा :

'होइन, जनप्रतिनिधि र स्वयंसेवकहरूलाई कोरोना भाइरसले ड्रेस र परिचयपत्र हेरेर चिन्छ कि क्या हो ? उनीहरूलाई भाइरसले आक्रमण नगर्ने, हामीलाई मात्र गर्ने ? के पारा हो यो ?'

राहत वितरण गर्दा :

'डेरामा बस्ने र दैनिक ज्यालादारीमा काम गर्नेलाई मात्र राहत सामग्री वितरण गर्ने, हामीलाई किन नदिएको ? कर हामीले तिर्ने, राहत उनीहरूलाई मात्र ?'

'चुनावमा पनि उनीहरूसंग नै भोट माग्न जान्छ होला नि, होइन ?'

धानको वीऊ वितरण गर्दा :

'नेपाली ताइच्यून जातको मात्र धानको वीऊ वितरण गरियो ? चाइनिज हाइब्रीड धानको वीऊ दिनुपऱ्यो नि।'

'एक रोपनीलाई मात्र पुग्नेगरी वीऊ दिएर हुन्छ ? जसलाई जति चाहिन्छ, त्यति दिनुपऱ्यो, नभए के काम ?'

'धानको वीऊ मात्र दिएर हुन्छ, रासायनिक मल र

पोतास पनि त निःशुल्क दिनुपर्छ ।'

'वीऊमा औषधी राखेर किन दिएको ? कम्तिमा एक परिवारलाई चार दिनसम्म भात खान पुग्ने त । वीऊ राख्नेले राख्छ, नराख्नेले कम्तिमा खान त पाउँछ । बदमास जनप्रतिनिधिहरू !

निजी पसलमा चाइनिज हाइब्रीड धानको वीऊ बिक्री गरिएको समयमा भद्रगोल नगर्न आग्रह गरिँदा :

'हामीलाई कोरोना लागे लागोस्, जनप्रतिनिधिहरूलाई के मतलब ? स्वास्थ्यभन्दा धानको वीऊ प्यारो छ, हामीलाई ।'

'सक्छ भने नगरपालिकाले चाइनिज हाइब्रीड धानको वीऊ वितरण गरेर देखाओस् ।'

'पुलिसभन्दा जनप्रतिनिधि जान्ने हुनुपर्ने !'

नगरमा आरडीटी पोजेटिभ केस देखिँदा :

'खुबै जान्ने भएर राहत वितरण गर्नुपर्छ, साबुन बाँड्नुपर्छ । कति न उपकार गरेजस्तो गरी धानको वीऊ वितरण गर्नुपर्छ । उनीहरूलाई कोरोना नलागे कसलाई लाग्छ ?'

'आरडीटी पोजेटिभ केस के फेला पऱ्यो, जनप्रतिनिधिहरू घरभित्र लुके कि क्या हो ? हामी जनतालाई जे भए पनि भयो, उनीहरूलाई केही नभए पुग्यो होइन ? स्वार्थी जनप्रतिनिधिहरू !'

आफ्नै बस्तीमा कोरोना सङ्क्रमित फेला परेपछि :

'होइन यी जनप्रतिनिधिहरू कहाँ गए ? हामीलाई आपत पर्दा पनि सहयोग गर्न आउनु पर्दैन ?'

'हाम्रो बस्ती सील गरिएको छ । हामीलाई दाल, चामल, तरकारी चाहियो । विपद्मा काम लागोस् भनेर त उनीहरूलाई चुनावमा जिताएको ।'

'हामी जनप्रतिनिधिहरू हिजो पनि जनताकै हितमा रातदिन खटिरहेका थियौं, आज पनि आफू र परिवार नभनी लागिरहेकै छौं । जनताप्रति उत्तरदायित्वबोध गरिरहेकै छौं । अहिले पनि समस्या परेको ठाउँमा पुगेकै छौं । तैपनि यतिसारो गाली किन गर्छन् ? जनप्रतिनिधि भएर गल्ती पो गरियो कि क्या हो ?' यसअघि २ पटक स्थानीय निर्वाचनमा विजयी भएर जनताको सेवा गरेका अग्रजसँग तीतो अनुभव पोख्दा उहाँले विनम्रतापूर्वक सम्झाउनु भयो, 'हेर बाबु, हामीले गल्ती गर्नु हुँदैन । जनताको सेवा गर्दा कतिले स्यावासी दिन्छन्, कतिले गाली गर्छन् । गाली गर्नेहरू पनि कतिले नबुझेर अरुको कुरा सुनी गाली गर्छन्, कतिले खुट्टा तान्ने प्रयास गर्छन् । जनताको पक्षमा काम गर्दा ईर्ष्या गर्नेहरू पनि धेरै हुन्छन् है ।'

एक घुट्को चिया पिउँदै उहाँले आफ्नो भनाइलाई निरन्तरता दिनुभयो, 'आत्तिनु पर्दैन । आदरणीय दाइले हामीलाई बारम्बार भन्नुहुन्छ नि, 'शत्रुले प्रशंसा गरे भने र आफन्तले गाली गरे भने आत्मसमीक्षा गरी कहाँ गल्ती छ भनी खोज्नू र सच्याउनू ।' यही नै हाम्रो मूल मन्त्र हो । नबिराउनू नडराउनू ।'

अग्रजको सान्त्वनाले थप ऊर्जा मिल्यो । भन्नेहरू भन्दै गर्छन्, यो ज्यान सामाजिक उत्तरदायित्व बहन गर्दै अगाडि बढिरहन्छ ।

भक्तपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

अनलाइन राय सुझाव संकलन सम्बन्धी सूचना

यस नगरपालिकाबाट हरेक वर्ष वार्षिक बजेट तर्जुमा र योजना छनौटका लागि नगरबासी, बुद्धिजिवी, शिक्षक, महिला, मजदुर, किसान, युवा, विद्यार्थी, उद्योगी, व्यापारीलगायत सम्बन्धित सबैसँग राय सुझाव संकलन गर्दै आएको सबैमा विदितै छ ।

यस वर्ष विश्वव्यापी रुपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) रोग संक्रमणको जोखिम बढेकोले यस नगरपालिकाको आ.व. २०७७/७८ को लागि बजेट तर्जुमा र योजना छनौटको लागि नगरबासीसँग प्रत्यक्ष सम्पर्कमा संकलन गर्ने अवस्था नरहेको हुनाले यस नगरपालिकाको आधिकारिक ईमेल ठेगाना bhaktapurmuni@gmail.com र फेसबुक Bhaktapur Municipalityको Messenger मार्फत यही २०७७ जेष्ठ २० गतेभित्र अमूल्य सुझाव प्रदान गरिदिनुहुन अनुरोध छ ।

भक्तपुर नगरपालिका

धार्मिक, सांस्कृतिक महत्त्व बोकेको ऐतिहासिक सम्पदास्थल चाँगुनारायण मन्दिरबारेको एक संक्षिप्त अध्ययन

डा. बलराम कायस्थ

विषय प्रवेश

नेपाल उपत्यकाका प्राचीनकालदेखि नै विविध धर्म मान्ने धर्मावलम्वीहरूको पवित्र तीर्थस्थलको रूपमा रहँदै आएको छ। शैव, बौद्ध, वैष्णव, शाक्त लगायत सबै धर्म सम्प्रदायको लागि यो ठाउँ एउटा पुण्य भूमि थियो, जुन कुरा यहाँ स्थापित अनेक प्राचीन मठमन्दिर, देवालय, शिवालय, बहा, बहिल, चैत्य आदिको अध्ययनबाट थाहा हुन्छ। यसैकारण आज युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका अधिकांश सम्पदास्थलहरू भनेका उपत्यकाका धार्मिक र ऐतिहासिक सम्पदास्थलहरू नै हुन्। यिनै मध्येको एउटा प्रमुख सम्पदास्थल चाँगुनारायण मन्दिरबारे प्रस्तुत लेख तयार गरिएको छ।

भक्तपुर नगरबाट उत्तरतिर लगभग ६ कि.मी. को दूरीमा चाँगुनारायण मन्दिर अवस्थित रहेको छ। यो मन्दिर धार्मिक दृष्टिकोणबाट मात्र नभएर ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक दृष्टिले पनि निक्कै महत्त्वपूर्ण रहेको छ। यो उपत्यकाका प्राचीन मन्दिरहरू मध्येको एक मानिन्छ। ऐतिहासिक प्रमाणका आधारमा समेत देवपतनको पशुपतिनाथ पछिको र हाल पनि अस्तित्वमा रहेको मन्दिर यही चाँगुनारायण मन्दिर रहेको थाहा हुन्छ।[१] प्राचीनकालका प्रख्यात देवताहरूमा चाँगुनारायणको उल्लेख हुन आएबाट यहाँ प्राचीनकालदेखि नै शैव, बौध्दका अतिरिक्त वैष्णव धर्म[२] पनि लोकप्रिय रहेको थियो भन्ने देखिन्छ। उपत्यकाका चार नारायण क्रमशः चाँगु, इचँगु, विशंखु र शेष मध्ये सर्वाधिक चर्चित र उच्च महिमायुक्त नारायण चाँगुकै नारायण रहेबाट वैष्णव सम्प्रदायमा पनि यिनको विशिष्ट स्थान रहेको बुझिन्छ। यसैकारण आज पनि यहाँ पर्व विशेषका अवसरमा दर्शनार्थीहरूको ठूलो घुइँचो लाग्ने गर्दछ। टाढाटाढादेखिका श्रध्दालु भक्तजनहरू निराहार व्रत बसी देवताको दर्शन गर्न यहाँ आउने गर्दछन्। वार्षिक रूपमा यहाँ अनेक जात्राहरू सम्पन्न हुने गर्दछन्। वर्तमान समयमा यी नारायण वैष्णव सम्प्रदायको जस्तो देखिए पनि वास्तवमा सम्पूर्ण हिन्दू धर्मावलम्वीहरूबाट पूजित रहेको पाइन्छ।

ऐतिहासिक पृष्ठभूमि

वंशावली अनुसार यस मन्दिरको निर्माण लिच्छवि राजा मानदेव प्रथमभन्दा चार पुस्ता अघिका राजा हरिदत्त वर्माले ई.सं. ३२३ मा गरेका थिए।[३] यसभन्दा पनि महत्त्वपूर्ण कुरा नेपालमा अहिलेसम्म पाइएका अभिलेखहरूमा सबैभन्दा प्राचीन मानिएको अभिलेख यसै मन्दिरमा रहेको राजा मानदेवको संवत् ३८६ (वि.सं.५२१) को अभिलेख हो।[४] यस अभिलेखको वर्णन बालक राजा मानदेवले आफ्ना बाबु धर्मदेवको अकस्मात मृत्यु भएपछि आमा राज्यवतीलाई सती नजान गरिएको आग्रहबाट प्रारम्भ हुन्छ। यसर्थ यसको उत्थान कहाँबाट भएको हो ? सो थाहा पाउन सकिँदैन। अभिलेख उत्कीर्ण गरुडस्तम्भ पनि खण्डित अवस्थामा रहेकोले यो वर्णन बीचबाटै प्रारम्भ भएको हो कि भन्ने अनुमान गर्न सकिन्छ।[५] जे भएपनि यस अभिलेखले लिच्छवि राजा मानदेव प्रथम र तात्कालिन नेपालबारे विस्तृत रूपमा जानकारी दिन मद्धत गर्दछ। अझ प्राचीन नेपालको प्रामाणिक इतिहासको थालनी नै मानदेवको पालादेखि भएको थियो भन्दा अत्युक्ति नहोला। यस अघिको नेपाली इतिहास अन्धकारपूर्ण अवस्थामा थियो। त्यसबेलाको इतिहास केवल पुराण र वंशावलीका वर्णनमा सीमित थियो, जुन भरपर्दो मानिँदैन। तर मानदेवका अभिलेखको प्राप्ति पश्चात् भने नेपालको प्राचीनकालको इतिहास प्रामाणिक ढंगले लेखिन थाल्यो। हालसम्मको अध्ययनअनुसार चाँगुको सम्बत् ३८६ को अभिलेख नै सबैभन्दा प्राचीन अभिलेख मानिन्छ। यसरी यो मन्दिर र मन्दिर परिसरमा रहेका कलाकृति, अभिलेखहरूले यसको धार्मिक महत्त्वलाई मात्र नभएर ऐतिहासिक तथा पुरातात्त्विक पक्षलाई समेत उजागर गरेको छ।

चाँगु नारायण मन्दिर

नामकरण

चाँगुमा अवस्थित नारायण भएकाले यिनलाई चाँगुनारायण भनिएको हो । प्रारम्भमा शिखरनारायण[६] भनेर सम्बोधन गरिएपनि कालान्तरमा आएर स्थानविशेषकै नामबाट चाँगुनारायण भन्न थालिएको बुझिन्छ । अब प्रश्न उठ्दछ कि उक्त स्थानको नाम चाँगु कसरी रहन गयो ? यस सम्बन्धमा अनेक लोकोक्तिहरू प्रचलित छन् । चाँगुनारायणस्थानलाई लिच्छविकालमा "दोलाशिखर" भनिन्थ्यो ।[७] पूर्वमध्य कालमा "दोलाचल"[८] अनि पछिल्लो समयमा आएर "चंगु" भन्न थालिएको देखिन्छ ।[९] किनभने तात्कालीन अभिलेख र वंशावलीका धेरै ठाउँमा "चंगु" शव्दको उल्लेख हुन आएको छ । चंगु किन भनियो भन्ने सम्बन्धमा यहाँ प्राचीनकालदेखि चाँपका रुखहरू धेरै पाइन्थ्यो । स्थानीयवासी नेवारहरू चाँपलाई "चँ" र वन क्षेत्रलाई "गुँ" भन्ने गर्छन् । यस आधारमा लोकजीवनमा यसलाई चंगु भन्ने गरिएको हो । र चंगु शव्दकै अपभ्रंशबाट वर्तमानमा यस ठाउँलाई चाँगुनारायण भन्न थालिएको प्रष्ट रूपमा बुझ्न सकिन्छ । चाँगुनारायणका पुजारी चक्रधरानन्द राजोपाध्याय पनि चंगु (चाँपको वन) बाटै चाँगु बनेको तर्क दिनु हुन्छ ।[१०]

दोलाद्रि र दोलागिरी चाँगुका पर्यायवाची नामहरू हुन् । दोला शब्दको अर्थ पिङ्ग हुन्छ भने गिरी पहाडको नाम हो । यसबाट दोलाद्रि वा दोलागिरीको अर्थ पिङ्ग जस्तो डाँडो भन्ने हुन्छ । वास्तवमा चाँगुको डाँडो पनि पिङ्ग जस्तै देखिन्छ ।

प्राचीनकालमा यहाँका प्रख्यात देव मन्दिरहरू किल्लाका रूपमा रहेका थिए । विशेष गरेर भेटीका रूपमा निक्कै सम्पत्ति सँग्रहित हुने हुनाले ती सम्पत्तिको सुरक्षाका लागि मन्दिरहरूलाई किल्लाका रूपमा परिणत गरिएका हुन्थे, जसलाई "वनदुर्ग" पनि भनिन्थ्यो । पशुपतिनाथ, स्वयम्भूनाथ आदि प्रसिद्ध देवस्थलहरू यस्तै वनदुर्गका रूपमा रहेका हुन्थे । त्यस्तैगरेर चाँगुनारायण पनि त्यसबेला वनदुर्गकै रूपमा रहेको थियो भन्ने कुरा अद्यावधि यस वरिपरि चाँपको वन रहेबाट थाहा हुन आउँछ ।

चाँपका रुखहरू पाइने भएकोले यो ठाउँ चाँपको वन अर्थात् चंगु नामकरण भइ चंगुबाटै चाँगु बनेको हुन सक्दछ भन्ने तर्क निक्कै भरपर्दो मानिन्छ । "नेपाल महात्म्य" मा पनि चाँगुस्थित नारायणलाई चम्पक वृक्षबाट प्रादुर्भाव भएका .....गरुडध्वज हरि भनेर सम्बोधन गरिएबाट यो तर्क तथ्यसँगत देखिन्छ ।

पौराणिक अनुश्रुति

पौराणिक अनुश्रुति अनुसार चाँगुनारायण शिर र गिँद छुट्टिएका देवता हुन् । यसैले प्रत्येक दिन नित्य पूजा गर्नु अघि चाँगुनारायणलाई स्नान गराउँदा शिरोभाग मात्र झिकी जलहरीमा राखिन्छ । स्नान सिद्धिएपछि पुनः सो शिर यथास्थानमा जोडिन्छ । यो प्रचलन कान्तिपुरका राजा भूपालेन्द्र मल्लको पालामा (वि.सं. १७५० मा) राजमाता ऋद्धिलक्ष्मीले नयाँ शिर निर्माण गर्नु भन्दा धेरै अघि देखि नै चलेर आएको थियो ।[११] यसरी चाँगुनारायणको शिर र गिँद छुट्टिनुमा पौराणिक अनुश्रुति यस्तो रहेको छ–

दोलागिरी नामको पर्वत बीचमा एउटा ठूलो चम्पक वृक्ष थियो । त्यहाँ गरुडध्वजनारायण गुप्त रूपले रहेका थिए । तिनको नामको स्मरणले वीष पनि निर्विष भइ जान्थ्यो । त्यसैस्थलमा कुनै तपश्वी ब्राम्हण ब्राम्हण नियममा रहेका थिए, तर क्रोधी स्वभावका थिए । तिनका कपिलाधेनु नाम गरेका कामधेनुतुल्यकी गाई थिइन् । तिनका दूधले ब्राम्हण हव्यकव्यादि देवताको अर्चन गर्दथ्यो । त्यो गाई प्रतिदिन सो चम्पक वृक्ष मुनि गएर चर्दथ्यो । कोही सुन्दर पुरुष चम्पक वृक्षबाट बाहिर निस्केर गाईको दूधपान गरी पुनः चम्पक वृक्षमै गएर अलप हुन्थ्यो । आफ्नो गाईले दूध नदिएको सात दिन भएपछि भने ब्राम्हणको रीसले सीमा नाघ्यो । र आफ्नो गाईको दूध जसले पान गर्‍यो, त्यसको शिर छेदन नगरी छाड्ने छैन भनी ब्राम्हण विस्तारै कपिलाको पछि लागि लुकी रहे । कपिला चम्पक वृक्ष मुनि पुग्दा ती पुरुष साविक झैं चम्पकवृक्षबाट बाहिर निस्की कपिलाको दूधपान गर्न लाग्यो । दूध पिउँदै थियो । यस बीचमा तपश्वी ब्राम्हणले त्यस पुरुषमाथि बहुतै कुपित भइ खड्गले प्रहार गरी शिर छेदन गरे । सोही क्षण ती पुरुष शिरविना शंख, चक्र, गदा, पद्म धारण गरी गरुडमा सवार भइ प्रकट भए । यो देखेर ब्राम्हण बहुतै खिन्न भई पूर्वजन्ममा मैले के पाप गरेको रहेछु र यस्तो अपराध मेरा हातबाट हुन गयो भनी विष्मात गर्न लागे । श्री नारायणबाट नडराऊ ! तिमीले जे गर्‍यौ राम्रै गर्‍यौ, चिन्ता मान्नु पर्दैन भन्ने आज्ञा भयो । हे मुनि सुन, पूर्वजन्ममा चण्ड दैत्यसँग युद्ध हुँदा चण्ड दैत्यका सुमति ब्राम्हण नाम गरेका एक जना परम् मित्र, जसले परशुरामसित धनुर्विद्या र शुक्राचार्यसँग अस्त्रविद्या सिकेका थिए, उसँग रणभूमीमा युद्ध हुँदा मैले प्रहार गरेको शस्त्रले उसको प्राण हरण भयो । र आफ्ना अति प्रिय शिष्य भएको हुनाले शुक्राचार्यले रणभूमीमा आइ मलाई हे विष्णु मेरा शिष्य सुमतिलाई तिमीले मार्‍यौ । यसै सुमतिका वंशजका हातबाट तिम्रो पनि शिर छिन्न भइ जावस् भनी श्राप दिए । हे मुनि ! यसैकारण तिम्रो हातबाट यस्तो हुन गएको हो । यसमा सन्देह मान्नु पर्दैन । म यस श्रापबाट मुक्त भएँ । अब यस स्थानमा छिन्न शिर भइ बास गरुँला । मेरा पुजारी भइ मलाई अर्चन गर भनी भगवान अन्तर्ध्यान भए ।[१२] तत्पश्चात् सुदर्शन ब्राम्हणले त्यस चाँपको रुख मुनि भगवान बिष्णुको मूर्ति स्थापना गरी पूजा अर्चना गर्न लागे । वर्तमान पुजारी पनि सुदर्शन ब्राम्हणकै वंशज हुन् भन्ने विस्वास गरिन्छ ।[१३] यसरी चम्पक वृक्षबाट प्रकट भएका देवता हुनाले यिनलाई चम्पक नारायण भनिएको र कालान्तरमा सोही नाम स्थानीयकरण भइ चाँगुनारायण हुन गएको हो ।

देवस्थल र त्यसवरपर रहेका कलाकृतिहरू

समुद्र सतहबाट १५४१ मीटर उचाईको अग्लो स्थानमा रहेको चाँगुनारायण मन्दिर प्राकृतिक रूपमा पनि उतिकै आकर्षक र मनमोहक रहेको पाईन्छ । यहाँबाट चारैतिरका सुन्दर र मनोरम दृष्यहरू सजिलैसित देख्न सकिन्छ । यो मन्दिर दुई तले झिँगटी छानाले छाएको पेगोडा शैलीको एउटा उत्कृष्ट नमूनाको

रूपमा रहेको छ । मन्दिरका ढोका, तोरण, टुँडाल आदि सबै काठ, सुन, चाँदीका कलाले युक्त छन् । मन्दिरको छाना माथि टुप्पामा सुनको गजूर हालिएको छ । छाना अड्याउन तलो तल्लामा चौबीस र दोश्रो तल्लामा सोह्र गरी जम्मा चालिसवटा टुँडालहरू रहेका छन् । चारवटा कुनामा आठ वटा शारम मूर्ति छन् । प्रत्येक टुँडालहरूमा विविध स्वरूपका मूर्तिहरू छन् । आआफ्नै प्रतिमा विज्ञान अनुसार ती मूर्तिहरू निर्मित छन् । यसमा पुराण, तन्त्रशास्त्र, ज्योतिषविज्ञान, वास्तुशास्त्रका ग्रन्थलाई आधार बनाइएको छ । पश्चिमाभिमुख यस मन्दिरको अगाडि शंख, चक्र, स्तम्भ, हात जोडेर बसिरहेका गरुडमानव, वसाहा, जाकिग्व (सत्ययुगको चामलको गेडा) आदि छन् । मन्दिरको चार कुनामा चार वटा भेडा आकृतिका सिंहहरू सजिएका छन् । ती सिंहहरू देशमा कुनै संकट आइपर्दा कराउने गर्छन् भन्ने जनविश्वास रहेको छ । मन्दिर वरिपरि भुँइमा तेलिया इँटा बिच्छ्याइएका छन् । मन्दिर परिसर चारैतिरबाट पर्खाल, विश्रामगृह, पाटी, सत्तल, भजनगृह, पुजारीघर आदिले घेरिएका छन् । मन्दिर हाता प्रवेश गर्ने निश्चित् द्वारहरू छन् । जसमध्ये पूर्वतर्फको द्वार प्रमुख द्वारको रूपमा रहेको छ । यो द्वारसम्म पुग्नको निम्ति ढुंगाका सिंढी चढ्नुपर्दछ । मूल बाटोमा पनि ढुंगा छापिएका छन् । यसरी यो मन्दिर माथि उल्लेख गरिए झैं सामरिक दृष्टिले महत्त्वपूर्ण एउटा सुरक्षा गढ जस्तो देखिन्छ । द्वारहरू बन्द गरेपछि मन्दिर हाता प्रवेश गर्नु अहिले पनि त्यति सजिलो देखिंदैन ।

यस मन्दिर परिसर भित्र चाँगुनारायणका अतिरिक्त धार्मिक महत्त्वका अरु पनि धेरै सम्पदाहरू अर्थात देवदेवीका मन्दिरहरू रहेका छन् । तिनमा छिन्नमस्ता मन्दिर, किलेश्वर मन्दिर, गरुडनारायण, विश्वरूप मन्दिर, लक्ष्मीनारायण, कान्तिभैरव, बिष्णुविक्रान्त, नरसिंहअवतार, नाट्येश्वर, दुइमाजु, गणेश आदि मुख्य छन् ।[१४] जसमध्ये छिन्नमस्ता र किलेश्वरको वार्षिक रूपमा वैशाख कृष्ण औंशीका दिन जात्रा समेत हुने गर्छ । यसरी यहाँका प्राचीन कलाकृति, तिनको मौलिक निर्माण शैली र शिल्पका कारणले गर्दा आज यो स्थान विश्वसम्पदा सूचीमा सूचीकृत हुन पुगेको छ । कोही धर्म र पुण्य प्राप्तिका लागि, कोही प्राकृतिक सुन्दरताको दृश्यावलोकनका लागि, कोही प्राचीन कलाकृतिहरूको अध्ययन, अन्वेषणका लागि प्रत्येक दिन यहाँ सयौंको सङ्ख्यामा आन्तरिक र बाह्य पर्यटकहरू आउने गर्छन् । यसरी पर्यटनका दृष्टिले पनि यसको महत्त्वपूर्ण स्थान रहेको छ ।

धार्मिक महत्त्व

धार्मिक दृष्टिले नेपाली समाजमा चाँगुनारायण मन्दिरको महत्त्वपूर्ण स्थान रहेको छ । यो नेपालका प्रख्यात मन्दिरहरू मध्ये एक हो । असुरहरूका गुरु शुक्राचार्यको श्रापका कारणले गर्दा भगवान विष्णु चाँगु नारायणका रूपमा यस स्थानमा आई वास गरेका हुन् । चाँपको रुखको फेदबाट प्रकट भएकाले यिनलाई चम्पकनारायण भनिएको र कालान्तरमा सोही नाम अपभ्रंश भई चाँगुनारायण हुन गएको हो । यिनको नामको स्मरणले मात्र पनि वीष समेत अमृत हुन्छ भन्ने वर्णन वंशावलीमा उल्लेख पाईन्छ ।[१५] भगवान विष्णुकै रूप भएकाले चाँगुनारायण वैष्णवहरूका मात्र अधिपति हुन् कि भन्ने लाग्दछ तर वास्तवमा यिनी सारा हिन्दू धर्मावलम्बीहरूकै साझा देवताका रूपमा पुज्य र सम्मानित रहेका छन् । यिनको पूजा उपासनाबाट यस लोकमा सुख, शान्ति र परलोकमा मोक्ष प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वासले गर्दा भक्तजनहरूको यिनीप्रति अपार श्रद्धा र आस्था रहेको पाईन्छ । पर्व विशेषका अवसरमा भक्तजनहरू धर्म र मोक्ष प्राप्तिका निम्ति चाँगुनारायण जाने गर्दछन् । कार्तिक शुक्ल नवमीदेखि पूर्णिमासम्म यहाँ भव्य मेला लाग्ने गर्दछ । वर्षभरि यहाँ थुप्रै जात्राहरू हुन्छन् । जसमध्ये वर्षको दुई पटक चाँगुनारायणलाई जात्रा गरेर काठमाडौं लाने प्रचलन पनि छ ।[१६] श्रावण र पौषमा हुने यस जात्रालाई कलशयात्रा पनि भन्ने गरिन्छ । यसका अतिरिक्त यहाँ कृष्णाष्टमीको भोलीपल्ट कृष्णयात्रा, फागु पूर्णिमाका दिन वंशगोपाल जात्रा, चैत्र शुक्ल पूर्णिमाका दिन लक्ष्मीनारायण जात्रा पनि हुने गर्छन् । प्रत्येक वर्ष माघमा साँखु शालीनदीमा श्री स्वस्थानीको व्रत बस्ने महिलाहरू आफ्नो तीर्थाटनका क्रममा एक दिन (रात) चाँगुनारायण पनि आउने गर्छन् ।[१७] नागपंचमी, कृष्णाष्टमी, तीज, रामनवमी, हरिबोधिनी एकादशी जस्ता पर्व विशेषका अवसरमा ठूलो मेला लाग्दछ । त्यसबेला यहाँ श्रद्धालु भक्तजनहरूको ठूलो भीड लाग्ने गर्दछ । कार्तिक शुक्ल द्वादशीमा अखण्ड दीप प्रज्वलन गर्ने, मार्ग शुक्ल द्वादशीका दिन चाँगुनारायणको महास्नान गर्ने, माघ १ गते नारायणलाई घिउले छोप्ने, माघ शुक्ल द्वादशीमा माघे ध्वजा फहराउने आदि पर्वहरू मनाईन्छ । यसरी यहाँ वर्षभरिमा १४ वटा पर्वपूजाहरू सम्पन्न हुने गर्छन् । त्यसै गरेर प्रत्येक हप्ता बुधबारका दिन नारायणलाई खीरको भोग लगाइन्छ । त्यसअवसरमा उक्त प्रसादबाट बालबालिकालाई अन्नप्रासन गराउन वरपरका मानिसहरू यहाँ आउने गर्छन् । शुक्ल पक्षको द्वादशी बुधबार परेको दिन चाँगुनारायणलाई भारतको बद्रीनारायणको रूपमा पूजा गर्ने प्रचलन यहाँ विद्यमान रहेको छ ।[१८]

नेपाल महात्म्यमा उल्लेख भए अनुसार द्वादशी, पूर्णिमा तथा बुधबारका दिन ज–जसले चाँगुनारायणको दर्शन गर्छन्, तिनीहर सीधै बैकुण्ठ जानेछन् । यसर्थ ती दिनहरूको धार्मिक दृष्टिले विशेष महत्त्व रहीआएको छ । ती दिनहरूमा नित्य पूजाका निम्ति चोखो भएर बागमती नदीबाट ल्याएको जलले चाँगुनारायणलाई स्नान गराउने परम्परा आज पनि विद्यमान रहेको छ । यसरी बागमती नदीबाट जल ल्याउँदा वर्षादको बेला बीचमा पर्ने मनोहरा नदी उर्ले पनि नदी तर्नेलाई बगाएको भन्ने कुरा आजसम्म सुनिएको छैन । यसलाई भगवानकै लीला सम्झनु पर्दछ ।[१९] यसप्रकार उपत्यकाको स्थानीय समाजमा चाँगुनारायणको ठूलो धार्मिक महत्त्व रहीआएको छ ।

निष्कर्ष

चाँगुनारायण मन्दिर ऐतिहासिक, सांस्कृतिक, धार्मिक, भौगोलिक लगायत पर्यटकीय दृष्टिकोणबाट समेत महत्त्वपूर्ण

रहेको छ। यो मन्दिर मौलिक नेपाली शैलीमा निर्मित छ। यहाँका प्राचीन कलाकृतिहरू अनुपम र अतुलनीय छन्। यसले सारा संसारलाई नै आफूतिर आकर्षित गरिरहेको छ। आज यो विश्वसम्पदा सूचीमा समेत सूचीकृत छ। यसरी समकालीन मठ, मन्दिर, दरबार आदि सबै धर्तीको गर्भभित्र विलुप्त हुन पुगेको अवस्थामा यो मन्दिर मात्र आज सजीव रूपमा देख्न पाउनु नेपालीका निम्ति गौरवको विषय भएको छ। यसमा समय–समयमा गरिएको संरक्षण र जीर्णोद्धारको ठूलो भूमिका रहेको देखिन्छ। प्रसिद्ध लिच्छवि राजा मानदेव प्रथमद्वारा स्थापित गरुडस्तम्भ र त्यसमा उत्कीर्ण अभिलेख प्राचीन नेपालको प्रामाणिक इतिहासको आधारशिला हो। यद्यपि यो खण्डित अवस्थामा रहेको छ, तर त्यसो भएपनि यसले यहाँको पुरातात्त्विक पक्षलाई उजागर गरेको छ। यसबाट पनि यस स्थानको महत्त्व र गरिमा अझ बढ्न गएको छ। माथि नै उल्लेख भइसकेको छ कि चाँगुनारायण मन्दिर नेपालकै प्राचीन मन्दिरहरू मध्येको एक हो। चाँगुनारायण प्रति आज पनि भक्तजनहरूको ठूलो श्रद्धा र भक्ति रहेको पाइन्छ, जुन कुरा पर्व विशेषका अवसरमा यहाँ देखिने दर्शनार्थी भक्तजनहरूको अपार भीडबाट छर्लङ्ग हुन्छ। धार्मिक रूपमा पवित्र र प्रख्यात स्थल भएकै कारणले गर्दा यहाँ चाँगुनारायणका अतिरिक्त समय–समयमा निर्माण गरिएका अरु पनि थुप्रै देवीदेवताका मन्दिरहरू पनि रहेका छन्। प्राकृतिक सुन्दरताका दृष्टिले पनि यो क्षेत्र निक्कै चित्ताकर्षक र मनोरम देखिन्छ। उच्च शिखरमा अवस्थित मन्दिर र त्यस वरिपरि चाँपका रुखहरूको वन अनि मन्दिरको देब्रे छेउमा (तलतिर) कलकल गर्दै बग्दै गरेको मनोहरा नदी, दाहिने छेउमा बसेको एउटा सुन्दर गाउँबस्ती आफैमा मनमोहक लाग्दछ। यहाँबाट चारैतिरका सुन्दर र मनोरम दृश्यहरू सजिलैसित देख्न सकिन्छ। उत्तरतिर सेता हिमश्रृंखलाहरू र त्यसको काखमा रहेको साँखुबजार अनि दक्षिणतिर प्राचीन नगर भक्तपुरका सुन्दर दृश्यहरू देख्न सकिन्छ।

धार्मिक, सांस्कृतिक, ऐतिहासिक रूपमा मात्र नभएर यो ठाउँ सामरिक दृष्टिले समेत उतिकै महत्त्वपूर्ण रहेको छ। किनकि उच्च स्थानमा अवस्थित रहेकाले यहाँबाट चारैतिरका क्षेत्रलाई सजिलैसित नियन्त्रण र निगरानी गर्न सकिन्छ। यो प्रकृति निर्मित एउटा सुरक्षा गढ थियो, जसलाई पूर्वमध्यकालमा वनदुर्ग भनिन्थ्यो। यसैकारण मल्लकालमा यहाँ ठूल्ठूला युद्धहरू समेत भएका थिए।

यी उल्लिखित तथ्यहरूलाई दृष्टिगत गर्दा चाँगुनारायण मन्दिर एउटा देव मन्दिर भए पनि यथार्थमा यो विविध विशेषताले भरिएको ऐतिहासिक स्थलको रूपमा रहेको थाहा हुन्छ। अस्तु !

पादटिपोट

१) पशुपतिनाथको मन्दिर लिच्छवि राजा सुपुष्पदेव र चाँगुनारायणको मन्दिर हरिदत्त वर्माले निर्माण गरेको वर्णन वंशावलीमा उल्लेख भएको पाइएकोले यी दुवै नेपालका प्राचीनकालदेखिका मन्दिर हुन् भन्ने कुरा अवगत हुन्छ।

२) शिवलाई मान्ने शैव, बुद्ध मान्नेलाई बौद्ध भनिए झैं विष्णुलाई मात्र मान्ने एउटा छुट्टै हिन्दु सम्प्रदाय छ,जसलाई वैष्णव भन्ने गरिन्छ। नेपाल उपत्यकामा बस्तीको आवाद सँगसँगै वैष्णव धर्म प्रादुर्भाव भएको देखिन्छ। गोपालहरू वैष्णव धर्मका अनुयायी थिए। यद्यपि कोही शैव पनि थिए होलान्। जे भएपनि लिच्छविकालमा आउँदा यसले राजकीय रूप लिएको थियो। त्यसबेला लिच्छवि शासकहरू समेत भगवान विष्णुका ठूला उपासक बने। हरिदत्त वर्मा, मानदेव प्रथम आदि लिच्छवि राजाहरू वैष्णव धर्म मान्दथे। तिनले स्थापना गरेका उपत्यकाका चार नारायण, चाँगुको गरुड स्तम्भ, पशुपति नजीकको विष्णुविक्रान्त मूर्ति, लाजिम्पाटका त्रिविक्रम वामनका मूर्तिहरू आदिबाट यस तथ्यको पुष्टि हुन्छ।

३) (क) धनवज्र वज्राचार्य र के.पी. मल्ल, दि गोपालराज वंशावली, काठमाडौं : नेपाल रिसर्च सेन्टर, ई.सं.१९८५, पृ.२० क पत्र।

(ख) नेपाल उपत्यकाका प्रसिद्ध चारनारायणको स्थापना राजा हरिदत्तले गरेका हुन् भनी गोपालराज वंशावलीमा लेखिएको पाइन्छ। लिच्छविकालका अभिलेखहरू केलाएर हेर्दा सो कुरा सत्य हो भन्ने देखिएको छ।– धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौं: नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३०, पृ.५५८।

४) ऐजन, (ख), पृ.१०–१३।

५) वि.सं. १४०६ मा बंगालका सुल्तान शमसुद्दिन इलियासको फौजले नेपाल उपत्यकामा ठूलो आक्रमण गरेका थिए। त्यसबेला उपत्यकाका सबै प्रसिध्द देव मन्दिरहरू ध्वस्त पारिएको थियो। चाँगुनारायण मन्दिर ध्वस्त पारेको वर्णन परेको अभिलेख त पाइएको छैन तर पनि मानदेवको अभिलेख उत्कीर्ण चाँगुनारायणको गरुडस्तम्भ दुई टुक्रा भएको, चाँगुनारायणको शिरोभाग पछि जीर्णोद्धार गरेको आदिलाई आधार मान्दा यहाँ पनि शमसुद्दिनको आक्रमणको मार परेको देखिन्छ। – ऐजन पृ. ९। यसले गर्दा मानदेवको अभिलेख उत्कीर्ण गरुडस्तम्भ खण्डित हुनपुगेकोले यो अभिलेखको वर्णनको आरम्भ कहाँबाट भएको हो भन्ने कुरा जान्न सकिंदैन।

६) स्थापनाकालमा चाँगुनारायणलाई शिखरनारायण भन्ने गरिन्थ्यो भन्ने स्थानीयवासीको भनाइ रहेपनि यथार्थमा फर्पिंगंका नारायणलाई मात्र शिखरनारायण भन्ने गरिएको पाइन्छ।

७) वज्राचार्य, पा.टि.नं. ३ (ख), पृ. १०–१४, २४० र ३२०।

८) डि.आर. रेग्मी, मिडियभल नेपाल भाग ३, कलकत्ता : के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ. ९।

९) (क) वज्राचार्य र मल्ल, पा.टि.नं. ३ (क), पत्र सङ्ख्या ३०।

(ख) शंकरमान राजवंशी, भक्तपुर शिलालेख सूची, काठमाडौं : पुरातत्त्व विभाग, वि.सं. २०२०, पृ. २३।

१०) चाँगुनारायण मन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्यायबाट प्राप्त जानकारीको आधारमा।

११) गौतमवज्र वज्राचार्य, हनुमानढोका राजदरबार, काठमाडौं : ने.ए.अ. केन्द्र त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३३, पृ. १६६।

१२) नयनाथ पौडेल (सं.), भाषा वंशावली, भाग १, काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०, पृ. १२।

१३) पुजारी चक्रधरानन्द राजोपाध्यायबाट प्राप्त जानकारीको आधारमा।

१४) स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीको आधारमा।

१५) पौडेल, पा.टि.नं. १२, पृ. १२।

१६) श्रावण र पौषमा हुने यी जात्राहरू एकै प्रकृतिका छन्। तर पनि तिनको अभिप्रायमा अन्तर देखिन्छ। श्रावणमा हुने जात्रा राजदरबारमा चाँगुनारायण आई राजालाई दर्शन दिन आएको रूपमा मनाईन्छ भने पौषमा हुने जात्रा चाहिं चाँगुनारायण उपत्यका छोडी बाहिर जान लाग्दा तलेजुभवानीले अनिष्ट हुन लाग्यो भन्ने बुझी उनलाई सम्झाइ बुझाई फेरि चाँगु डाँडामै फर्काइ दिएको घटनालाई सम्झेर सम्पन्न गरिन्छ।– वज्राचार्य, पा.टि.नं. ११, पृ. १६७।

१७) स्थलगत अध्ययनबाट प्राप्त जानकारीको आधारमा।

१८) चाँगु नारायण गा.वि.स.को वस्तुगत विवरण, भक्तपुर, चाँगुनारायण गाउँ विकास समिति कार्यालय, वि.सं. २०६३, पृ. २ (अप्रकाशित)।

१९) पुजारी चक्रधरानन्द राजोपाध्यायबाट प्राप्त जानकारी।

ख्वँ:ह:को सत्तलको शिलालेख र गणेशमूर्तिको तोरणको अभिलेख

प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ

प्राचीनकालदेखि नै प्रसिद्ध रहिआएको भक्तपुरको एक पवित्र तीर्थस्थल ख्वँ:ह: (हनुमानघाट) हो जुन 'वीरा' 'भद्रा' र 'तमसा'को त्रिवेणीमा अवस्थित रहेको छ। यहाँ अनेक कालका कृति छन्, अनेक सत्तल छन् तीमध्ये खोलापारि दक्षिणमा पनि एउटा सत्तल छ। हालै भक्तपुर नगरपालिका वडा नं ७ द्वारा पुन:निर्माणकार्य सम्पन्न गरिएको सो सत्तलको भित्तामा उत्तराभिमुख एक सुन्दर र भव्य शिलालेख र त्यससँगै एक अभिलेखयुक्त गणेशमूर्ति पनि छ। शिलालेखको शीर्षमा शिवलिङ्ग छ। त्यसको मुनि चतुर्बाहु गरुडनारायण र उनको दायाँ बायाँ चतुर्बाहु गणेश र चतुर्बाहु कुमारका आकृति कुँदिएका छन्। शिलालेखका अक्षर निकै सुन्दर छन्। यो शिलालेख नेपाल लिपिमा उत्कीर्ण छ। यसमा प्रयुक्त भाषा संस्कृत एवं नेपालभाषामा रहेको छ। यहाँ नेपालसंवत् ८६७ (वि.सं.१८०४) छ। यसमा निम्न अभिलेख कुँदिएको छ :

मूलपाठ

१. ॐ स्वस्ति ॥ ॐ अद्य, ब्रम्हणो द्वितीयपराद्धे, श्वेतवालाहकल्पे, वैवस्वतमनोरष्टा, विशंतितमस्य, चतुर्युगस्यकुले, प्र-

२. थमपादे, जम्वूद्वीपे, भरतखण्डे, भारतवर्षे, आर्य्यावर्त्तदोल, हिमवद्वक्षिणपादे, नेपालमण्डले, वासुकीक्षेत्रे, श्री-

३. श्रीश्रीपशुपतिसन्निधाने, वाग्मत्या: पूर्वकुले, कौशिकाया: पश्चिमकुले, भक्तपत्तने, पुण्यभूमौ : ॥ ॥ ॐ अद्य फाल्गु-

४. णमास, शुक्लपक्षे, पौर्ण्णमास्यन्तिथौ, पूर्वफाल्गुणी नक्षेत्रे, धृति योगे, जथाकरनमुहुर्त्तके, वृहस्पतिवासरे, कुम्हरासिग-

५. ते सवितरि, सिंघरासिगते चन्द्रमसि ॥ अस्मत् मानवगोत्र : श्रीश्रीजयरणजितमल्लदेववर्म्मा, हनुमत्तीर्थ, भक्तनग-

६. रनिवासि, नित्यस्नानकृत जनसहित : श्रीश्रीश्रीगणेशकुमार, हरिहर गरुडनारायणादित्यस्तत्पुजाद्यर्थ, सि-

७. वचाखेल वालागाम, नाम धेयैका दशरोपनिकंक्षेत्रसंपदर्द ॥ ॥ गिरिराजसुतासुतदववन, सुरराजनिसेवित पादय-

८. गं । द्विजराजविभूषित भालतलं, प्रणमामिसदागजताजमुखं ॥ शिखिपत्रभजामितेपद, विवुधाना हुदयैकलाल सांभव

९. वन्धविमुक्तिदायकं, हनुजानांकृतसर्व्वदानणं ॥ हरेकिंकर : किंकरोमित्वदीयंन्तवंवास्तवंवस्तुचेदस्तिकिंचित । सदा पु-

१०. जये पुजनीयोपचारे, र्नपस्यामिपस्यामितेपादयुग्म ॥ हरिहर परिस्तरपापं, प्रणमयतापंजगत्समायातं । यत्नामा-

११. मृतधारापीत्वालोकानमुज्यति ॥ ॥ संयातेविधुतर्कवारणमिते, नेपालसंवत्सरे मासे श्रीमतिफाल्गुननेगुनूदिने

१२. श्रीपौर्ण्णिमायांतिथौ । नक्षेत्रे भगदैवतेतिविमले, रम्यतिवेणीतटे, भक्तग्रामनिवासीभिर्व्विरचितं, दैवंजने-

१३. त्यंन्दिन ॥ विघ्नेशंशिखिवाहनं हरिहरं, नारायणंवाहना, रूटंतत्रनिधायवेदाविधिनातेभ्योधरित्रिमदु:। मानै-

१४. कादशरोपनी परिमिता पुजोपचारायते, कुर्व्वनतत्पुरतो-वत्रारसरणिंविश्रामसालामपि ॥ रविकूलतिलके महीमहे-

१५. न्द्रे, रणाजितिराजविराजिभद्रपीठाविलसतितैरकारि सर्व्वनरपतिसंमतयुक्त धर्म्मवुध्या ॥ ॥ अथ नेपालभा-

१६. खा ॥ श्रीश्रीजयरणजित्मल्लदेवप्रभुथाकुलप्रमुखन, प्रमानश्रेष्ठ, खोहोदोस देशया पञ्चसमुच्चयन श्री३ ग-

१७. णेश कुमाल, हरिहर, श्री३ गरुडनारायन, गनस्थल, फले,चपाल दयका जुलो ॥ थ्व किर्त्तियता, सिवचा-

१८. क्षर वु रो व षु ६ नालाया वलागाम वु रो व ङा ५ क्षेलकायाव च्छ्याङावुच्छे दाङाव तया, थ्व वु, नित्य पुजा दान

१९. वुसाधन, सेल्हो यायतं दुन्ता ।। थ्व वुया वलसानन हाने ।। फाल्गुणशुक्लया पूर्णमासिकुन्हु, वुसाधन याय पं-

२०. चपेम्हायता, वा मुलि नत्य २ तिसा तारे याता वा मुलि च्छि १ देवनित्य पुजा याक, श्रीव्राम्हणयता वा मुलि

२१. पि ४ आरतिजोङ श्रीव्राम्हणयता वा मुलि नस्य २ नित्य आरति याय, चेकनयता वा मुलि स्व ३ दान यायता

२२. वा मुलि पि ४ थ्वलिन चाच्छि म्हान प्रनस्य २ जाकि, व्राम्हण गुसायि वैरागीयता, कार्त्तिकशुक्ल पूर्णमा-

२३. सि कुन्हु दान याय, सेल्होयाक ज्यापुमिगुठयता वा मुलि ४ पलसेखलेको सेल्हो याय यातं लेनकं तय ।। कदाचि-

२४. त तलकुतल जुयाव, थ्व वुया सामा मवलसा, वर्ष वर्षसले नकं तया गुलिनं याय ।। पुनभाखा थ्व किर्त्ति निदान याय

२५. देशया पञ्चनं गोप्कंया धर्मनं विचाल यायमाल, सोकम्हनं, डेङम्हनं, थ्ववव्म्हुनं, पंचयावम्हुनं, विचाल

२६. यायते(ता?)व, ग्वम्हस्यनं, थ्वकिर्त्ति विचाल यायु व, स्वर्गप्राप्ति जुयुव, गोम्हस्यनं थ्व किर्त्ति ध्वंस नायायु वं

२७. त्रिवेणीया कुदृष्टि जुयीव : शुभमस्तु ।। ।। ॐ संवत् ८६७ फाल्गुण शुदि १५ वृहस्पतिवाल ।। ।।

२८. ॐ शुभ ।। गुठजन समुच्चयन, जथाशक्यन तयाव, वर्ष वर्षस मुने, किर्त्ति विचाल याययात , वालागाम क्वथुगु-

२९. ल रोवङा जषेल वोयाव दुंता, मुने दिन, कार्त्तिककृष्णाया,अष्टमि, थ्व कुन्हु पंच मुङाव, वर्ष वर्ष सकि-

३०. भिं विचाल यायमाल, वुया वस्तु दुकायाव वियमाल कोवियाव, लेको निदान याङा व तयमाल ।। ।।

३१. ॐ अन्न दः प्राण दः प्रोक्तश्चान्नदं श्चाप्ति सर्व्वद : । तस्मादन्नप्रदानैन सर्व्वद्धा नफलं लभेत् ।।

३२. ॐ नास्ति भूमि समं दानं, नास्तिदान समोनिधिः । नास्तिसभ्यात्यंरोधर्म्मा, नान्यथा प्रातकं पर ।।

३३. ॐ षष्ठीवर्ष सहस्राणि, स्वर्गं तिष्ठतिभूमिद : । अच्यूत : सर्व्वदा टोपै : । समुत्कोदेवपौरुषै : ।।

३४. ॐ जलंवायुष्यमेकं वा, लिङ्गस्योपरिपुजनं : । अमक्तोवासमक्तो वा, कुलकोटि समुर्द्धरेत : ।।

शिलालेखको संक्षिप्त विवरण

यो शिलालेख तत्कालीन भक्तपुर राज्यका अन्तिम राजा रणजित मल्ल (ने.सं.८४२-८८९) को पालाको हो। रणजित मल्ललगायत तत्कालीन भक्तपुर राज्यका प्रमानश्रेष्ठहरू, पञ्चसमुच्चय मिलेर ने.सं.८६७ (वि.सं.१८०४) मा गणेश, कुमार, हरिहर, गरूडनारायणका मूर्तिलगायत पाटी एवं सत्तल बनाइदिएको कुरा यस शिलालेखबाट ज्ञात हुन्छ। नालाको वलागाम र शिवचाक्षरमा (पाटी पछाडिको जग्गा) गरी ११ रोपनी खेतजग्गा राखिदिएको र त्यसको आयस्ताबाट देवताहरूको नित्य एवं नैमित्तिक पुजा लगायत दानदक्षिणा दिन र पाटी एवं सत्तलको मरम्मत सम्भार गर्नु पर्ने व्यवस्था विशेषको विवरण यस अभिलेखबाट विदित हुन्छ।

हाम्रो संस्कृतिमा दुई नदी वा खोलाको संगमस्थललाई पवित्र मानेर तीर्थस्थल वा विशेष धामकै रूपमा मान्ने पुज्ने परम्परा प्राचीनकालदेखि नै चलेर आएको ज्ञात हुन्छ। हनुमानघाटको दक्षिणपूर्वबाट बहेर आउने 'भद्रा' र उत्तरपूर्वबाट बहेर आउने 'वीरा' नामका नदीहरूको दोभानमा जमिनमुनिबाट उद्भव हुने 'तमसा' नामको नदीसित मिलेर बहने तीन नदीको संगमस्थल त्रिवेणी छ। तन्त्रप्रधान शाक्त परम्परामा त्रिवेणी त्रिपुरसुन्दरीसित विशेष रूपले आबद्ध रहेको देखिन्छ। त्यसैले नवरातको नवौं दिनमा त्रिपुरासुन्दरीको पूजा गरी हनुमानघाटमा नहाउने, मुख धुने चलन अझै बाँकी छ। र यसो हुँदा यहाँ घाट बनेको र सोही अनुरूपको धर्म-संस्कृति समृद्ध हुनपुगेको विदित हुन्छ। यस शिलालेखमा आएको 'त्रिवेणी'ले यही कुराको स्मरण गराएको छ।

हनुमानघाटबारेमा चलेर आएको लोककथनलगायत वंशावली-वर्णनअनुसार हनुमानले सेतुबन्धका लागि पर्वत उचालेर ल्याउँदा यही वीरा र भद्राको संगममा पुगी विश्राम गरे र त्यहीँ आफ्नो पुच्छरले जमिनबाट तमसा नदी खोस्रेर उद्भव गरी त्यस त्रिवेणीमा जलपान गरे, शिवलिङ्ग स्थापना गरी त्यहाँबाट शीघ्र प्रस्थान गरे। यसो हुँदा सो स्थल 'हनुमत्तीर्थ' भनी प्रख्यात हुन गयो। सोही अति रमणीय संगमस्थानमा संस्कृत साहित्यका आदिकवि वाल्मिकि ऋषि आएर संस्कृत भाषाको आदि महाकाव्य रामायणको रचना गरे, वाल्मिकेश्वर शिवलिङ्ग स्थापना गरे। यहीँ सतीदेवीको पृष्ठको अस्थिपातका स्थानमा त्रिपुरसुन्दरी संसुष्कोदरी नाम योगिनी भैरवेश्वर शिवलिङ्ग उत्पत्ति भै मनुष्यलाई मोक्ष दिने स्थान (मसानघाट) को रूपमा रहिआयो। यसै पीठमा तिलमाधव भनी प्रख्यात हुन गयो। यताबाट हनुमानघाटको धार्मिक-सांस्कृतिक महत्त्व बोध हुन्छ। आषाढ पूर्णिमाका दिनमा वाल्मीकेश्वर महादेवको दर्शन गरेमा 'अक्षय स्वर्गवास' हुने धार्मिक विश्वास रहिआएको छ भने मनुष्यलाई मोक्ष दिने स्थानको आभास हनुमानघाटको मसानघाटले मिल्छ, र वाल्मिकेश्वर महादेवसँगै स्थापित हनुमानको मूर्तिबाट पनि यस कुराको थप पुष्टि मिल्छ । साथै यस शिलालेखमा खोहोदोलाई 'हनुमत्तीर्थ' किन भनियो भन्ने हेतु पनि एकसाथ खुल्छ।

समयको मारले सो सत्तल साह्रै जीर्ण अवस्थामा पुगेको थियो। हालै भक्तपुर नगरपालिकाले स्थानीय उपभोक्ता समितिमार्फत पुरानै शैली स्वरूपमा सो सत्तल पुनःनिर्माण

गरेको छ । स्मरण रहोस्; हनुमानघाटका सम्पदाहरूको जीर्णोद्धार एवं पुनर्निमाण कार्यमा पुरातत्त्व विभाग, स्थानीय जन समुदायलगायत भक्तपुर नगरपालिकाको योगदान रहिआएको छ । यसो हुँदा हनुमानघाट अहिले पुनः सफा, सुन्दर र व्यवस्थित देखिएको छ । लोकको हीत हुने यस्तो पुण्यको काम इतिहासका दृष्टिले विशेष महत्त्वको कुरा हो ।

गणेशमूर्तिको तोरणको अभिलेख

यस कलात्मक प्रस्तरतोरणभित्रका गणेश नयाँ हुन्, पुरानो गणेशमूर्ति चोरी भएकोले त्यसरी नयाँ राखिएको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । सो मूर्तिमाथि, तोरणको पृष्ठभागको प्रस्तरमा अभिलेख कुँदिएको छ । सो अभिलेख नेपाल लिपिमा, नेपालभाषामा छ । यहाँ नेपालसंवत् ८१९ दिइएको छ । यसमा कुँदिएको अभिलेख यस प्रकार छ :

मूलपाठ

१. *ॐ स्वस्ति ।। श्रीइ गणेसप्रीतिन भुलाछेंटोलया तेकनसिंह भारो, कृष्ण भारो,*

२. *नेम्हा फुकिसेन, थ्व तोरण दुता सम्वत् ८१९ फागुणशुदि १९, शुभ ।।*

अभिलेखको संक्षिप्त विवरण

ने.सं.८१९ (वि.सं.१७५६) मा भोलाछेंटोलका तेकनसिंह भारो र कृष्ण भारो दुई जना दाजु-भाइले गणेशलाई प्रीति गरी सो मूर्तिमा तोरण हालिदिएको कुरा यस अभिलेखबाट थाहा पाइन्छ । सो तोरणभित्र स्थापित गणेशमूर्ति (चोरी भइसकेको) तेकनसिंहहरूको समयभन्दा पुरानो र उनीहरूका पूर्वजले बनाउन लगाएर स्थापित गरिदिएका थिए भन्ने प्रतीत हुन्छ । तेकनसिंह र कृष्ण भारोहरू तत्कालीन भक्तपुर राज्यका राजा भूपतीन्द्र मल्ल (ने.सं.८१६-८४२) का समकालीन भारादारहरू हुन् । तत्कालीन नेपालमण्डलमा 'भारो' नेवार क्षत्रीलाई कहने सम्मानसूचक शब्द थियो ।

यस पाटीमा प्रत्येक वर्ष होलि पुर्णिमाको दिन बुसाँदां अझै पनि गरी आएको छ । उक्त दिन गणेश र कुमारको मूर्तिमा चाकु दल्ने र वरपर दीपावली गर्ने गरिन्छ ।

एउटा मूर्ति हरायो भने पनि त्योसित त्यसको प्रतिष्ठाकालदेखि अभिन्न रूपले गाँसिएर आएको असंख्य अमूर्त सांस्कृतिक जीवन पनि एकसाथ अस्त हुनपुग्छन् । हनुमानघाटमा अनेक कालखण्डका अनुपम सम्पदा छन् । यहाँका कतिपय कलाकृति चोरी भइसकेका छन् । यस्तो प्रतीत हुन्छ मानौं हनुमत्तीर्थसित जोडिएको संस्कृति पनि त्यसरी नै खुम्चिन पुगेको छ । बचेका अतुल्य सम्पदालाई जोगाउनु मुख्य कुरा हो । यसका लागि सिसिटिभि क्यामेरा जडान गर्न सकिन्छ । सुरक्षाका अन्य उपाय पनि छन् । यतातिर सम्बद्ध निकायको ध्यान जानु नितान्त जरूरी छ ।

बासिबिन्याँलो



दिइएको जिराफको चित्रमा के गल्ती देख्नुभयो ? (उत्तर १०३ पृष्ठमा)

पानी

राजेन्द्रबहादुर कायष्ठ

परिचय (Introduction)

पानी एउटा अप्राङ्गारिक, पारदर्शक, रङ्गहीन, गन्धहीन र स्वादहीन तरल पदार्थ हो। पानी पृथ्वीको सबै भागमा पाइन्छ। यसको उत्पत्ति पृथ्वीको उत्पत्तिसँगसँगै भएको मानिन्छ। पानीले पृथ्वीको वाह्य सतहको लगभग ७१ प्रतिशत भाग मुख्यतया समुद्र र महासागरले ढाकेको छ। पानी ठोस, तरल र ग्याँस तीनै अवस्थामा पाइने वस्तु हो। यो कोठाको तापक्रममा तरल अवस्थामा रहेको हुन्छ। यसको अणुसुत्र H_2O हो। यसको अर्थ पानीको एउटा अणुमा दुईटा हाइड्रोजनको परमाणु र एउटा अक्सिजनको परमाणु रहेको हुन्छ। प्रयोगशालामा हाइड्रोजन र अक्सिजन मिसाएर आवश्यक ताप शक्ति दिएमा पानी बन्दछ। पानीको एउटा अणु हाइड्रोजनको २ वटा परमाणु र अक्सिजनको एउटा परमाणु मिलेर बनेको हुन्छ भनी सर्वप्रथम हेनरी क्याभेण्डीसले पत्ता लगाएका थिए। पिण्डको आधारमा पानीमा हाइड्रोजन ११.१९ प्रतिशत र अक्सिजन ८८.८१ प्रतिशत रहेको छ। समुद्रको पानी निलो देखिनुको कारण पानीको गहिराइ बढ्दा प्रकासमा भएका विभिन्न सात रङ्गहरू मध्ये निलो रङ्गको परावंतन हुनाले हो। यही कारणले आकाश पनि निलो देखिन्छ।

पानीको अणु



विश्वामा पानीको विवरण

क्र.सं.	स्थान/स्वरूप	पानीको प्रतिशत
१	समुद्र	९७.२
२	वायुमण्डल	०.००१
३	नदी	०.०००१
४	अन्य	२.७९८९
	जम्मा	१००

पानीको महत्त्व (Importance of Water)

पानीले धेरै प्रकारका पदार्थहरू घुलाउन सक्ने भएकोले यसलाई विश्वव्यापी घोलक (Universal solvent) पनि भनिन्छ। हाम्रो शरीर भित्रको पानी वा पृथ्वीको सतहमा रहेका वा पृथ्वीको सतह मुनिको पानी सबैमा विभिन्न रसायन, खनिज पदार्थ र पोषण तत्वहरू घुलेर रहेको हुन्छ। पानी मानिसका साथै सम्पूर्ण सजीवहरूलाई अति आवश्यक वस्तु हो। हामीलाई खानेकुरा पकाउन, पिउन, खाएको खानेकुरा पचाउन, सरसफाइ गर्न, खाद्यवस्तुहरू सफा गर्न, प्राप्त पोषक तत्वहरू शरीरको विभिन्न भागमा पुऱ्याउन, शरीर भित्र रहेको विकार वस्तुहरू फाल्न आदि कार्यको लागि पर्याप्त पानी चाहिन्छ। यसरी नै विभिन्न प्रकारको उद्योगधन्दा सञ्चालन गर्न पनि पानीको अति आवश्यक पर्दछ। धातुहरूको वेल्डिङ्ग (welding) र कटिङ्ग (cutting) गर्दा पनि पानीको प्रयोग हुन्छ। धबतभच दबन मा राख्न र गाडीको इन्जिन चिस्याउन पनि पानी नै प्रयोग गरिन्छ। वनस्पतिहरूले प्रकाश संश्लेषण क्रियाबाट दिउँसो खाना बनाउन, जराबाट सोसेर लिएका पदार्थहरू विभिन्न भागमा पुऱ्याउन पनि पानी चाहिन्छ। वनस्पतिहरूले १५ प्रतिशत पानी प्रकाश संश्लेषण क्रियामा प्रयोग गर्दछ।

पानीको स्रोतहरू (Sources of Water)

मानिसहरूले आफनो आवश्यकताको लागि पानी प्राप्तगर्ने विभिन्न स्रोतहरूलाई पानीको स्रोत भनिन्छ। सामान्यतया पानी प्राप्त गर्ने सबै ठाउँहरूलाई पानीको स्रोत भनिन्छ। पृथ्वीमा पानी पाइने स्थानको आधारमा पानीको स्रोतलाई सतहको पानी, सतहमुनिको पानी र वर्षाको पानी गरी मुख्यतया तीन भागमा वर्गिकरण गर्न सकिन्छ।

१) **सतही पानीका स्रोतहरू** (Surface Water Resources) : पृथ्वीको सतहमा पाइने पानीलाई सतहको पानी भनिन्छ। यसमा समुद्र, नदी, झरना, खोला, ताल, खोल्सा, हिमताल आदि पर्दछ। यसमध्ये पृथ्वीमा भएको कूल पानीको ९७.२ प्रतिशत पानी समुद्रमा छ। समुद्रको पानी धेरै नुनिलो भएकोले यसलाई सिधै पिउनको लागि प्रयोग गर्न सकिंदैन। यसलाई शुद्धिकरण गरेर मात्र पिउनको लागि प्रयोग गर्न सकिन्छ। मध्यपूर्वका अरबियन देशहरूमा समुद्रको पानीलाई शुद्धीकरण गरेर पिउने गरिन्छ। हाल सतहको पानीका स्रोतहरू प्रायः प्रदूषित हुने भएकोले पिउनको लागि विभिन्न विधिहरूबाट शुद्धीकरण गरेर पिउनु पर्ने हुन्छ। मानिसहरूले विभिन्न कार्यहरू जस्तै दैनिक जीवनमा प्रयोग गर्न, कृषि उत्पादन गर्न, कलकारखाना सञ्चालन गर्न, जल विद्युत शक्ति उत्पादन गर्न,

आदि कार्यको लागि सतहको पानी नै सबभन्दा बढी प्रयोग गरिन्छ ।

२) सतहमुनिको पानीका स्रोतहरू (Ground Water Resources) : सतहमुनिको पानी भन्नाले जमिनमुनि रहेको माटो, बालुवा, चट्टानहरूको दरार र तिनीहरू बीचको खाली ठाउँहरूमा पाइने पानीलाई बुझाउँछ । वर्षा हुँदा पृथ्वीको सतहमा परेको पानीको केही भाग बगेर जाने र बाँकी माटोले सोसेर लिन्छ । माटोले सोसेर लिएको पानी विभिन्न छिद्रहरूबाट जमिनमुनि गएर माटो, बालुवा र चट्टानको दरारहरूमा जम्मा भएर रहेको हुन्छ । यसरी पानी जम्मा भएको ठाउँमा छिद्र परेको चट्टान, बालुवा, माटो र ग्राभेल हुन्छ । यसलाई एक्विफर भनिन्छ । एक्विफरमा रहेको पानी चलायमान भइरहेको हुन्छ । यसमा रहेको पानी मूल फुटेर र झरनाको रूपमा पृथ्वीको सतहमा बगिरहेको हुन्छ । हामीले इनार खन्दा र डिप बोरिङ्ग गर्दा एक्विफरमा रहेको पानी नै प्राप्त हुने हो । संसारको सबैभन्दा ठूलो एक्विफर ओगाल्लाला एक्विफर हो जुन संयुक्त राज्य अमेरिकाको ८ वटा राज्यहरूमा फैलिएको छ । यसको क्षेत्रफल ४,५०,००० वर्ग किलोमिटर छ । समस्त अमेरिकी जनताको ५१ प्रतिशतले र ९९ प्रतिशत ग्रामीण क्षेत्रमा रहेका अमेरिकीहरूले पिउनको लागि सतहमुनिको पानी प्रयोग गर्दछन् । ६४ प्रतिशत अमेरिकी किसानहरूले कृषिको लागि सतहमुनिको पानी प्रयोग गर्दछन् । नेपालको सन्दर्भमा सतहमुनिको पानीको सञ्चिती र प्रयोगबारे भरपर्दो अध्ययन अनुसन्धान भएको छैन । तैपनि काठमाण्डौ उपत्यकामा प्रशस्त मात्रामा सतहमुनि पानी रहेको अनुमान गरिएको थियो । हाल शहरीकरण र यसको अत्यधिक प्रयोगले काठमाण्डौ उपत्यकाको सतहमुनिको पानीको भण्डार सुक्दै गएकोले वर्षेनी यहाँको जमिनको सतह १६ सेमिले भासिंदै गएको भूगर्भविदहरूले बताएका छन् । तराइ क्षेत्रमा सतहमुनिको पानी कृषि उत्पादन र पिउनको लागि अत्यधिक मात्रामा प्रयोग गरिन्छ । एक्विफरमा नदी, खोला, ताल आदि स्थानमा भन्दा सयौं गुणा बढी पानी जम्मा भएर रहेको हुन्छ । जमिनमुनि रहेको पानीको सतहलाई Water table भनिन्छ । Water table मा रहेको पानीमा धूलो, कीरा, कसिँगर आदि हुँदैन तर विभिन्न ग्याँसहरू, खनिज पदार्थहरू सूक्ष्म कीटाणुहरू आदि मिसिएको हुन्छ । यसकारण सतहमुनिको पानीलाई शुद्धीकरण नगरिकन सिधै पिउनु हुँदैन ।

३) वर्षाको पानी (Rain water) : वर्षा हुँदा जमिनमा झर्ने पानीलाई वर्षाको पानी भनिन्छ । सामान्यतया वर्षाको पानी शुद्ध हुन्छ तर आजभोलि वायुमण्डलमा रहेको अघुलनशील दुषित वस्तुहरू मिसिनाले अशुद्ध हुन्छ । वर्षाको पानीलाई नरम पानी भनिन्छ । वर्षाको पानीलाई सङ्कलन गरी त्यसको शुद्धताको आधारमा पिउन, खाना पकाउन, नुहाउन, लुगाधुन, तरकारी पखाल्न, वाथरुम, कृषि उत्पादन आदिमा प्रयोग गर्न सकिन्छ । त्यसबाहेक धेरै ताल, पोखरी, नदी आदिमा जम्मा हुन जान्छ । यसरी नै विभिन्न जनावरहरूले पनि वर्षाको पानीलाई पिउनको लागि प्रयोग गर्दछन् । यो नरम पानी भएकोले लुगाधुनको लागि धेरै उपयोगी हुन्छ ।

सजीवहरूको शरीरमा पानी (Water in living beings)

सबै सजीवहरूको शरीरमा पानी एक महत्त्वपूर्ण वस्तु हो । पानी विना कुनै पनि सजीव बाँच्न सक्दैनन् । मानव शरीरमा पानीको मात्रा उमेर, लिङ्ग, तौल आदिमा भर पर्दछ । मानिसको शरीरमा तौलको ५० देखि ७५ प्रतिशतसम्म पानी हुन्छ । नवजात अवस्थाको (जन्मेको २ हप्तासम्मको) शिशुमा सबभन्दा बढी ७५ प्रतिशत सम्म पानी हुन्छ । शिशु एक वर्षको हुँदा शरीरमा तौलको ६५ प्रतिशत र वयस्क मानिसमा तौलको औसत ६० प्रतिशत पानी हुन्छ । तर वयस्क महिलामा तौलको औसत ५५ प्रतिशत पानी हुन्छ । मोटो मानिस र महिला दुवैमा दुब्लोहरूमा भन्दा पानीको मात्रा बढी हुन्छ । मानिसको शरीरको अङ्गहरूमा फरक फरक मात्रामा पानी हुन्छ । जस्तै मष्तिक र मुटुमा तौलको ७३ प्रतिशत र फोक्सोमा तौलको ८३ प्रतिशत पानी हुन्छ । जमिनमा पाइने स्तनधारी जन्तुहरूमा सबभन्दा बढी पानी गाईले पिउने गर्दछ । वनस्पतिहरूमा औसत ९० देखि ९५ प्रतिशत सम्म पानी हुन्छ । फलफूलहरूमा सबैभन्दा बढी पानी तरबुजा (Watermelon) मा ९२ प्रतिशत पाइन्छ भने अंगुर, स्ट्रवेरी आदिमा ९० प्रतिशत र सुन्तला, भुईंकटहर (pineapple) आदिमा ८७ प्रतिशत पानी पाइन्छ । सागपातमा औसत ९२ प्रतिशत पानी पाइन्छ ।

पानीको प्रकार (Types of water)

पानीमा रहेको क्याल्सियम र म्याग्नेसियमका घुलनशील लवणको आधारमा पानीलाई नरम र कडा पानी गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

१) नरम पानी (Soft water) : क्याल्सियम र म्याग्नेसियमका लवणहरू नघुलेको पानीलाई नरम पानी भनिन्छ । सामान्यतया वर्षाको पानी नरम पानी हो । नरम पानीले साबुनमा छिटो फिंज दिने गर्दछ । यसकारण लुगा धुन र नुहाउनको लागि नरम पानी उपयोगी हुन्छ । नरम पानी बेस्वादिलो हुन्छ र यसमा क्याल्सियम नहुने भएकोले शरीरमा रहेको दाँत र हाडहरू बलियो बनाउन उपयोगी हुँदैन । यसकारण नरम पानी पिउनको लागि धेरै कम मात्र प्रयोग गरिन्छ ।

नरम पानीले हात धुँदा छालालाई र नुहाँउदा रौंलाई कम नकारात्मक असर पार्दछ ।

२) कडा पानी (Hard Water) : क्याल्सियम र म्याग्नेसियम लवणहरू घुलेको पानीलाई कडा पानी भनिन्छ । यसमा क्याल्सियम र म्याग्नेसियमका बाइकार्बोनेट, सल्फेट र क्लोराइडका एक वा सो भन्दा बढी लवणहरू घुलेको हुन्छ । यसले साबुनसित ढिलो र कम फिंज दिन्छ । यो पानी लुगा धुन, नुहाउन, गाडीको व्याट्रीमा राख्न, रंग लगाउन, प्रयोगशालामा प्रयोग गर्न आदि कार्यको लागि उपयोगी हुँदैन । यसबाट लुगा धुँदा ढिलो फिंज आएर साबुन बढी जाने, समय बढी लाग्ने र लुगाहरू सुकिलो नहुने हुन्छ । यसले नुहाउँदा कपाल झर्ने, रौंहरू टुक्रिने, कृत्रिम रंगहरू राखेको भए उडेर जाने आदि हुन्छ । तर यो पानी स्वादिलो हुने, विशेष गरी बच्चाहरूको दाँत र हाडहरू बलियो बनाउन उपयोगी हुने भएकोले पिउनको लागि उपयोगी हुन्छ तर यसको लागि कडा पानीमा दुषित वस्तुहरू मिसिएको हुनुहुँदैन । पानीको कडापन अस्थायी कडापन र स्थायी कडापन गरी दुई प्रकारको हुन्छ ।

क) पानीको अस्थायी कडापन (Temporary Hardness of Water) : क्याल्सियम बाइकार्बोनेट र म्याग्नेसियम बाइकार्बोनेट मध्ये एक वा दुवै घुलेको पानीलाई अस्थायी कडापन भएको पानी भनिन्छ । पानीको अस्थायी कडापन उमालेर र चुनको प्रयोग गरेर हटाउन सकिन्छ । पानीलाई उमाल्दा र चुनसित प्रतिक्रिया गराउँदा पानीमा रहेको क्याल्सियम र म्याग्नेसियमका घुलनशील लवणहरू अघुलनशील लवणमा परिवर्तन हुन्छ र नरम पानी बन्दछ ।

ख) पानीको स्थायी कडापन (Permanent Hardness of Water) : पानीमा क्याल्सियम र म्याग्नेसियमका क्लोराइड र सल्फेटका एक वा एक भन्दा बढी घुलनशील लवणहरू घुलेको पानीलाई स्थायी कडापन भएको पानी भनिन्छ । यो कडापन लुगा धुने सोडा प्रयोग गरेर र परम्युटिट विधि प्रयोग गरेर क्याल्सियम र म्याग्नेसियमका घुलनशील लवणहरूलाई अघुलनशील लवणमा परिवर्तन गरी नरम पानी बनाउन सकिन्छ ।

पानीका विशेषताहरू (Characteristics of Water)

१) पानी 0^0 C मा जम्छ र वायुमण्डलीय चाप 760 mm of Hg jf 1atmosphere मा 100^0 C मा उम्लन्छ ।

२) वायुमण्डलीय चाप धेरै हुँदा पानीको उम्लने विन्दु बढी हुन्छ र वायुमण्डलीय चाप कम हुँदा कम तापक्रममा उम्लन्छ । बढी उचाईमा वायुमण्डलीय चाप कम हुने भएकोले पानी छिटो उम्लन्छ जस्ले गर्दा खाना राम्ररी पाक्दैन ।

३) पानीले विभिन्न पदार्थहरू घोल्न सक्ने भएकोले यसलाई विश्वव्यापी घोलक भनिन्छ ।

४) शुद्ध पानी स्वादहीन, गन्धहीन र रङ्गहीन हुन्छ ।

५) पानीको विशिष्ट ताप धारण क्षमता सबैभन्दा बढी भएकोले यो तात्न पनि धेरै बेर लगाउँछ र सेलाउन पनि धेरै बेर लगाउँछ । यसकारण water bag, गाडीको इन्जिन चिस्याउन, धातु उद्योगमा धातुहरू चिस्याउन आदिमा पानी नै प्रयोग गरिन्छ । पानीको यो गुणले गर्दा समुद्र नजिकको शहरमा दिउँसो र रातीको तापक्रममा धेरै फरक हुँदैन ।

६) शुद्ध पानीमा अम्लिय र क्षारिय गुण नभैकन तथस्त हुन्छ ।

७) पानीका अणुहरू एक आपसमा आकर्षित हुन्छन् (Cohesive property) र अन्य पदार्थहरूसँग टाँसिने (Adhesion property) गुण हुन्छ ।

८) पानी पृथ्वीमा ठोस, तरल र ग्याँस रूपमा पाइन्छ । जस्तै : हिमशीला, असिना, बरफ, हिउँ आदि ठोस अवस्थामा, खोला, झरना, नदी, खोल्सा, ताल, पोखरी, समुद्र आदिमा तरल अवस्थामा र वायुमण्डलमा ग्याँसको रूपमा पाइन्छ ।

९) शुद्ध पानी विद्युतको कुचालक हुन्छ ।

१०) दुईटा हाइड्रोजन परमाणुहरू र एउटा अक्सिजन परमाणु बीच कोभ्यालेन्ट बण्ड बनेर एउटा पानीको अणु बनेको हुन्छ ।

पिउने पानी शुद्धीकरण गर्ने उपायहरू (Remedies for purify drinking water):

मानिस बाँच्नको लागि पानी अपरिहार्य छ । पृथ्वीमा पानीको कुनै कमी छैन । पृथ्वीको ७१ प्रतिशत वाह्य भाग पानीले ढाकेको छ तर शुद्ध पानी ३ प्रतिशत मात्र छ । यसमध्ये पनि मानिसको पहुँच भएको पिउन योग्य पानी १ प्रतिशतभन्दा कम छ । पृथ्वीमा भएको कूलपानीको ०.००७ प्रतिशत मात्र विश्वमा भएको ६.८ अर्ब मानिसहरूले पिउनको लागि प्रयोग गरिराखेका छन् । पानीमा विभिन्न प्रकारका वस्तुहरू जस्तै : कोलिफर्म, आर्सेनिक, बेरियम, फ्लोराइड, क्लोराइड, नाइट्रेट, फलाम, म्यागानिज आदि घुलेको हुन्छ । पानीमा यिनीहरूको मात्रा बढी भएमा स्वास्थ्य र सौन्दर्य दुवैमा नकारात्मक असर पार्दछ । यसको असर कम गर्न सामान्यतया निम्न दुईटा विधिहरू बढी उपयोगी र सरल छन् ।

क) पियुषको प्रयोग (Use of Piyush) : यो ०.५५ प्रतिशत क्लोरिन भएको घोल हो । नेपालमा यसको प्रयोग सन् १९९४ देखि ENPHO नामको संस्थाले प्रवर्द्धन गर्दै

आएको छ । नेपालमा वितरण हुने पानी प्रायः सिधै पिउन योग्य नहुने भएकोले पियुषको प्रयोग गर्न सल्लाह दिइन्छ । यस

विधिमा एक लिटर पानीमा ३ थोपा पियुष राखेर ३० मिनेट नचलाइकन राख्नु पर्दछ । यस अवधिमा पानीमा भएका हानिकारक वस्तुहरू नष्ट वा निष्क्रिय हुन्छ । यसरी शुद्ध गरिएको पानी नउमालिकन र अन्य कुनै शुद्धीकरण विधि प्रयोग नगरिकन पिउन सकिन्छ । यो औषधी पसलहरूमा सजिलै पाउन सकिन्छ ।

ख) सोडिस विधि (Solar Disinfection Techniques or SODIS) :



यो पानीमा भएका सूक्ष्म जीवहरू नष्ट वा निस्कृय गरेर पानी शुद्ध गर्ने सरल विधि हो । यो विधिमा सूर्यबाट आउने परावैजनी किरणबाट हानिकारक सूक्ष्म जीवहरू (भाइरस, ब्याक्टेरिया, प्रोटोजोवा, कीराहरू आदि) नष्ट वा निस्कृय गरिन्छ ।

घाम लागेको र अलिअलि बादल लागेको दिन एक दिन र बदलीको दिन दुई दिन घाममा राख्नु पर्छ ।

सोडिस विधिबाट पानी शुद्धीकरण गर्ने चरणहरू :

१) पारदर्शक र नफुटेको १ देखि २ लिटरको मिनरल पानीको वा चिसो पेय पदार्थको बोतल लिने ।

२) बोतलको भित्र र बाहिर र बिर्कोलाई राम्रोसित सफा गर्ने ।

३) बिहानीपख बोतलको ३/४ भागमा पिउनको लागि प्रयोग गरिने सफा पानी भर्ने ।

४) पानीसहितको बोतललाई २० सेकेण्ड जति राम्ररी हल्लाउने

५) अब वोतल पानी पूरै भर्ने र बिर्को बन्द गर्ने ।

६) बिहानको १० बजे अघि दिनभर घाम आउने स्थानमा छड्के पारी (बोतलको सबै भागमा घाम पर्ने गरी) दिउँसो ३ बजेसम्म राख्ने । यदि बादल लागेको समय भए दुई दिन घाममा राख्नु पर्ने हुन्छ ।

७) साँझपख बोतलको पानी पिउनको लागि प्रयोग गर्न सकिन्छ ।

सन्दर्भ सामग्रीहरू :

१. कक्षा ९ विज्ञान
२. Value based water education-ENPHO
३. कक्षा ११ वातावरण शिक्षा
४. Google
५. विज्ञान लेखमाला, गोरखापत्र संस्थान

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

महामारीले सिकाएको पाठ

ओम धौभडेल

वि.स. २०७६ साल पौषदेखि शुरु भएको कोरोना भाइरस (कोविड १९) को कारण विश्व नै आक्रान्त छ । यो महामारी संसारमा तीव्र गतिले फैलिएको छ र २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले सम्पूर्ण नेपाललाई लकडाउन गरेको अवस्था छ । लकडाउन पचासौं दिन नाघिसकेको छ । जनता स्वत:स्फूर्त लकडाउनमा बस्न थालेका छन् । यो महामारीको कारण अहिले हरेकको मुखमा कोरोना, कोभिड १९ सँगै सामाजिक दूरी, साबुन पानी वा स्यानीटाइजर, क्वारेन्टाइन, लकडाउन, आइसोलेसन, सेल्फ आइसोलेसन जस्ता यसअघि नसुनिएका शब्दहरूको भरपुर उपयोग भइरहेको छ । यस अर्थमा के यस्ता शब्दहरू साँच्चिकै अहिलेको महामारीको कारणले मात्र सीर्जित भएको हो त ? यसको अध्ययन अनुसन्धान हुनु जरुरी छ ।

अहिले नेपाललगायत संसारभरि कोरोनाको महामारी फैलिए झैं नेपालमा विभिन्न प्रकारका महामारी विभिन्न कालखण्डमा नआएको होइन । भूकम्प, अतिवृष्टि, अनावृष्टि हिमपातबाहेक कहिले हैजा, कहिले विफर, कहिले विषम ज्वर, कहिले प्लेग, कहिले अज्ञात रोगले त्राहित्राहि मचाएको इतिहास छ । नेपालको इतिहासमा हजार वर्षदेखिको महामारीहरूको मात्र लेखाजोखा गर्ने हो भने पनि नेपालमा बेलाबखत टडेखटल, कनिमटक, विषम ज्वर, हैजा छेरावती, भुसाकै, मचाल्वय, भोल्वय जस्ता विभिन्न रोगब्याधि र अरु कति अज्ञात रोगहरू महामारीको रूपमा फैलिंदा भारी मात्रामा जनता मारिएको मात्र छैन, यस्ता महामारीले तत्कालीन शासकहरू समेत मरेको इतिहासले उल्लेख गरेको छ । लिच्छवि राजा जयदेव, पुष्पदेवका छोरा भृगंदेव, अरिमल्ल, अभय मल्ल, भाष्कर मल्ल, कान्तदेवी, गीर्वाण शाहहरूको मृत्यु यस्तै महामारीबाट भएको इतिहास छ ।

यसै मेसोमा नेपालको इतिहासमा एक भरपर्दो स्रोत मानिने गोपालराज वंशावलीलाई मात्र आधार बनाएर हेर्ने हो भने पनि ज्ञात अज्ञात रोगका कारण कयौं महामारीका घटनाहरू भएको छरपस्ट भेटिन्छ । त्यस्तै मल्कालीन घटनाको टिपोट तथा तत्कालीन समयका विदेशी धर्म प्रचारकहरूको यात्रा वर्णनबाट यसको थप पुष्टि हुन्छ ।

नेपालको इतिहासमा एक हजार वर्षको महामारीको इतिहासलाई मात्र आधार बनाएर हेर्ने हो भने हाम्रो संस्कृति यस्ता महामारीविरुध्द जुझ्दै विकसित भएकोलाई नकार्न मिल्दैन । समय समयमा फैलिने यस्ता महामारीहरूबाट जोगिने त्यसबेला एउटै उपाय आध्यात्मिक पूजापाठ, शान्तिस्वस्ति रहेको सन्दर्भमा जनता स्वयम् सचेत रहँदै महामारीमाथि विजय पाउँदै आएको देखिन्छ । फरक फरक समयमा देखिने फरक फरक रोगहरूको लक्षणको आकलन गरी त्यसको रोकथामको लागि अपनाएका बचाव पक्ष नै कालान्तरमा गई हाम्रो संस्कृति बन्न पुग्यो । विशेषगरि कान्तिपुर, भक्तपुर, ललितपुर लगायतको नेपालमण्डलका नेवारहरूको अधिकांश संस्कृति तथा परम्परा यसकै द्योतक हो भन्दा अत्युक्ति नहोला ।

१. सामाजिक दूरी

नेपालमा २००७ सालको प्रजातन्त्र आउनु अघि र प्रजातन्त्र आइसकेपछिको केही समय यताको करिब एक दशकबीच



विफर, हैजा जस्ता कयौं महामारी भोगेको नेपाली जनताले जब ५० वर्ष यताको सबैभन्दा ठूलो महामारी भोगिरहेको छ । हुन त यसबीच एचआईभी एडस, सार्स, इबोला, स्वाइन फ्लु, बर्ड फ्लु लगायतका रोगहरूले संसारमा महामारीको रूप लिन नखोजेको होइन । तर यसपटकको कोभिड १९ को महामारी यो दशकको सबैभन्दा भयावह महामारीको रूपमा अगाडि आएको छ । यस रोगविरुध्द अहिलेसम्म कुनै औषधि पत्ता नलागेको अवस्थामा यो रोगबाट बच्ने विभिन्न उपायहरूमा सामाजिक

दूरी पनि एक हो भनी अहिले ब्यापक प्रचारप्रसार भइरहेको छ । हुलमुलमा नबस्ने, भिडभाड नगर्ने, कम्तिमा १ मिटरको दूरी राख्ने जस्ता क्रियाकलापहरूमा बढी जोड दिंदै आएको छ । यो अत्यन्त आवश्यक पनि छ । तर एउटा कुरा, यस्ता सामाजिक दूरीको सन्दर्भमा हाम्रो संस्कृतिले नै हामीलाई सिकाउँदै आएको छ । बाहिरबाट आउनासाथ सिधै घर अझ भान्सामा प्रवेश गर्न नहुने, जुठो पर्दा छुन नहुने, मासिक श्रावको ४ दिन कुनै धार्मिक तथा सामाजिक कार्यमा सरिक नहुने, कुनै व्रत वा पूजापाठमा संलग्न ब्यक्तिहरू अरुसित दूरी कायम गरी बस्ने जस्ता थुप्रै कार्यहरू प्रचलित छन् । यिनीहरूलाई छुन नहुने भन्ने शब्दले अझ धेरै पुष्टि गर्छ । खाना खाइसकेको र नखाएको बीच, नुहाइसकेको र नसकेको बीच, जुठो परेको र नपरेको बीच जस्ता थुप्रै संस्कारमा सामाजिक दूरीको कुरा आउँछ । यस्तै सामाजिक दूरी कायम गर्दा कयौं रोग महामारी सरुवा हुन पाउँदैन । तर यसलाई नै धर्मको नाममा अझ छुवाछुतको नाम दिई हामीले हाम्रो आफनै मौलिक पद्धतिको धज्जी उडाउन लागेको मात्र हो । एक आपसमा भेट हुँदा आफ्नो दुई हात जोडी नमस्कार गर्ने प्रचलन अहिले संसारभरको लागि शिक्षा बनेको छ । हाम्रो संस्कारले सदैव सामाजिक दूरीमा रहेर आफ्नो आत्मियता आतिथ्यता प्रकट गरिरहेको हुन्छ । कुनै देवतालाई छोएर नढोगी आफ्नै हातले छातीमा छोएर शिरमा छुने चलन छ । यसले हरेक भगवान आफैसित समाहित छ भन्ने तथ्य सम्झाइरहेको हुन्छ । मूर्तिमा नभई मूर्ति वा मन्दिर अगाडिको मण्डलमा पूजा गर्ने चलन छ । ब्यक्ति स्वयम्को पूजा गर्ने म्ह पूजा होस्, प्रत्येक दिदीबहिनीले दाजुभाइको गर्ने किजापूजा होस् वा छोराछोरीले आमाबुबाको पूजा गर्ने मातृपूजा वा पितृपूजाको दिन, मण्डलमा पूजा गरी सामाजिक दूरीलाई सदैव महत्त्व दिइरहेको यहाँ सम्झनु आवश्यक हुन्छ ।

२. साबुन पानी वा स्यानिटाइजरको प्रयोग

यसपटकको महामारीले आम मानिसलाई पटक पटक

हात धुन सिकाएको छ । बाहिर गएर घर आउनु अघि साबुन पानीले पटक पटक हात धुने वा स्यानिटाइजर प्रयोग गर्नुपर्ने शिक्षा पाएको छ । यसको अर्थ सफासुग्घर हुनु हो । वास्तवमा विश्वमा पहिले पहिले फैलिएका कयौं महामारी मानिस आफ्नैको कारणले पनि निम्ट्याएको हो । मानिसको फोहोर बानीले हैजा जस्ता कयौं रोग महामारीको रूप लिई मानव सभ्यतामै ठूलो क्षति पुगेको छ । तर यसपटक जुन कोरोना महामारीलाई नियन्त्रण गर्न साबुन पानीले मिची मिची हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने कुरा हाम्रो संस्कृतिको लागि नौलो होइन । बाहिरबाट घर आउँदा हातखुट्टा, मुख धोएरमात्र प्रवेश गर्ने चलनले बाहिरको फोहोर बाहिर नै छोडी घर आउनुपर्छ भन्ने शिक्षा दिएको बिर्सन हुँदैन । अझ घरको भान्छामा त झन बढी सफा भएरमात्र जानुपर्ने हाम्रो परम्परा छ । तर अचेल यो विधिबारे नयाँ पुस्तालाई बुझाउन नसक्दा हातमा दुईचार थोपा पानी लिई भान्छामा जाने चलन आयो । हरेक सुख दुखका कार्यहरू गर्दा यसरी सफा हुने चलनलाई यसपटकको महामारीले पुनः स्मरण गर्न वाध्य पारेको छ । अरु त छोडौं, दिनभर खेत वा अरु ज्यामि कार्य गरी आफ्नो नगरबस्ती भित्र आउँदा समेत सफा हुनको लागि नगर पस्ने ढोका अगाडि पोखरी, ढुङ्गेधारा, जलद्रोणी, खोला जस्ता जलसित सम्वन्धित जलाशय हुनु र ती ठाउँहरूमा हातखुट्टा मुख सफा गर्ने, आफ्ले प्रयोग गरेका ज्यावलहरू सफा गरेर मात्र नगरबस्ती वा घर पस्ने हाम्रो संस्कार कति वैज्ञानिक अनि मानव सभ्यता अनुकुल छ भन्ने तथ्य यसपटक राम्ररी बुझ्ने मौका दिएको छ ।

३. क्वारेन्टाइन

यसपटकको महामारीमा सबैभन्दा बढी प्रयोग भएको अर्को शब्द क्वारेन्टाइन पनि हो । जुन ल्याटिन भाषाको क्वाद्रागिन्ता शब्दबाट आएको हो । पछि रोम सभ्यतामा पुग्दा त्यही शब्द क्वारान्ता बन्न पुग्यो । त्यसैबाट यो क्वारेन्टाइन शब्द बन्नेको हो । कोरोना प्रकोप अगाडि यो शब्द नेपालीहरू माझ त्यति अभ्यस्त थिएन । तर कोरोनाको महामारीसँगै नेपाली जनताले यो शब्दको यति धेरै उपयोग गरेको छ की अबको पुस्ताको लागि क्वारेन्टाईन नौलो शब्द हुनेछैन । यसको अर्थ वाह्य जगतसँग छुट्टिएर बस्नु हो । जसरी ल्याटिन, रोम सभ्यताहरूले महामारीबाट बच्न अरुसित छुट्टिएर बस्ने प्रविधिलाई अपनाउँथ्यो । यो प्रचलन हाम्रो संस्कृतिमा पहिले नै भएको बिर्सन मिल्दैन । विशेषगरि आफ्नो घरपरिवार, बस्ती छोडेर लामो समयसम्म बाहिर जाने ब्यक्तिहरू घर फर्कदा आफै घर परिवारबाट छुट्टिएर बस्ने चलन छ । यसको अर्थ घरपरिवार र टोल छिमेकीहरूसित निश्चित अवधिको लागि छुट्टिएर बस्ने हो । काम विशेषले परदेश गएर आएकाहरू आफ्नो कारण स्वदेशमा कुनै रोगब्याधि महामारी नसरोस् भनी कम्तिमा दुई हप्तादेखि ४० दिनसम्म क्वारेन्टाइनमा बस्ने गर्थ्यो । यसको

लागि आफ्नै घर निवास नगरको बाहीरी घेरामा हुनुपर्थ्यो अथवा नगर पस्ने ढोकासँगै रहेका सत्तलहरू प्रयोग हुन्थ्यो । विशेषगरि ब्यापार ब्यवसाय गर्न तिब्बत जाने ब्यापारीहरूमा यो चलन थियो । ने सं. ८३६ को एउटा महामारीमा तत्कालीन राजा भाष्कर मल्ललाई स्वयम्भु किंडोलको एउटा घरमा राखी कान्तिपुरमा महामारी छउञ्जेल क्वारेन्टाइनमा राखेको इतिहास छ । त्यस्तै ने.सं. ९५१ जेष्ठ महिनाको एउटा घटनामा तत्कालीन राजा राजेन्द्रविक्रम शाह र उनका मुख्तियार भीमसेन थापा हनुमानढोका दरबार भित्र नै छुट्टै बसेको घटना क्वारेन्टाइन नै हो । यसरी क्वारेन्टाइनको प्रचलन मल्लकालमा नेपालमा भएको यहाँ स्मरण गर्नु आवश्यक हुन्छ ।

४. आइसोलेसन तथा सेल्फ आइसोलेसन

महामारीको समयमा सङ्क्रमितहरू घर परिवार समाजबाट अलग्ग बस्ने नै आइसोलेसन हो । यसको अर्थ रोग अरुलाई नसरोस् भन्ने हो । अहिलेको कोरोना सङ्क्रमितहरूलाई यसरी छुट्टै आइसोलेसनमा राखी उपचार गरी निको भएपछि मात्र घर परिवारसित बस्न दिएबाट महामारी अरु फैलन पाउँदैन । यस्तो प्रचलन परापूर्वकालमा रोग लागेकोलाई छुट्टै राख्ने प्रथा थियो । यसलाई स्थानीय भाषामा ***पुच्चनेगु*** भनिन्छ । रोग लागेपछि रोग अनुसार छुट्टै राखी उपचार गर्ने चलन थियो । जस्तो बिफर अर्थात तकै आउँदा घर आगनमा केराको पातमा बिरामीलाई सुताई उपचार गर्ने विधि थियो । तकै वा विफर लाग्दा चार हप्तासम्म छुट्टै राखी घर बाहिर आँगनमै उपचार गरिन्थ्यो । हैजा वा झाडावान्ता लाग्दा दुई हप्ता छुट्टै राखी उपचार हुन्थ्यो । ज्वरो वा रुघा लागेमा एक हप्ता परिवारबाट अलग्गै बस्ने चलन छ । कुनै अज्ञात महामारी भए ६ हप्तासम्म छुट्टै राखी उपचार हुन्थ्यो । त्यतिमात्र होइन, प्राण छोड्ने बखत गोवरले लिपेको छिँडीमा राख्ने चलन होस् वा मुत्युपछि दश दिनसम्म क्रियापुत्री अलग्गै बसी आफै पकाएर, छुट्टै बस्ने चलनले अहिलेको आइसोलेसनको झझल्को दिन्छ । विशेषगरि कसैको मृत्युपछि जुठोमा बस्नुबाट जो ब्यक्तिको मृत्यु कुनै रोग वा महामारीबाट भएको हो, त्यसबाट ती परिवारका सदस्यहरूबाट अरुलाई कुनै रोग नसरोस् भन्ने हो । यो एक प्रकारको आइसोलेसन हो ।

५. लकडाउन

यसपटकको महामारीमा धेरैले सुनेको भोगेको अर्को शब्द लकडाउन हो । अर्थात आफू जँहा बसेको छ, त्यही सुरक्षित तवरले रहने, घर बाहिर ननिसक्ने हो । वि.सं. २०४६ सालको आन्दोलनताका सरकारले लगाएको कर्फ्यु बाहेक यस्तो लकडाउनको कुनै अभ्यास वर्तमान पुस्ताले गरेको छैन । यो पटक जनता स्वयम् आफैं घरभित्र सुरक्षित भएर बस्न अभिप्रेरित छन् । अर्थात जनता स्वयम् लकडाउनमा छ । तर नेपालको इतिहासमा यो लकडाउन पहिलोचाहीं होइन । मल्लकालमा कान्तिपुर, भक्तपुर ललितपुर जस्ता राज्यहरूमा प्रायः युध्द हुँदा जनता घर भित्र नै पटक पटक थुनिएर बसेको कयौं घटनाहरू छन् । एक राज्यका मानिस अर्को राज्यमा आउजाउ गर्न रोक लागेको हुन्थ्यो । केहीगरि अर्को राज्यको इलाका भित्र पसे पनि थुनिएका कयौं घटनाहरू छन् । एकपटक भक्तपुरका केही मानिसहरू बालाचतुर्दशीको दिन बाला ह्व वानेगु अर्थात सत्विज छर्न पशुपति पुगेको बेला कान्तिपुरे सेनाले थुनेको इतिहास छ । यस्तै महामारीको समयमा पनि एक अर्काको ठाउँमा महामारी नफैलियोस् भनी सीमा बन्द गर्ने चलन मल्लकालमा पनि थियो । यो लकडाउन अर्थात एक हिसावले यस्ता नाकाबन्दी परापूर्वकालमा पनि रहेको तथ्य तत्कालीन समयमा तिब्बतमा धर्म प्रचार गर्न गएका क्रिश्चियन पादरीहरूले उल्लेख गरेका छन् । पादरी इम्मायनुल फेतेको नेतृत्वमा आएका ११ जना पादरीहरू कान्तिपुर आइपुग्दा यहाँ महामारी फैलिरहेको समय थियो । सीमा बन्द भएको कारण यिनीहरू तिब्बत जान सकेका थिएनन् । यसबाट ने.सं. ८३६ को महामारीमा कान्तिपुरमा फैलिएको महामारी नफैलियोस् भनी भक्तपुरले नाकाबन्द गरेको स्पष्ट हुन्छ ।



यसपटकको कोभिड १९ को महामारीको कारण सामाजिक दूरी, साबुन पानी वा स्यानिटाइजरको प्रयोग, नमस्कार,क्वारेन्टाइन, आइसोलेसन वा सेल्फ आइसोलेसन, लकडाउन सबै पुनः एकपटक सम्झन आवश्यक भएको छ । विगतमा भएका महामारीविरुध्द बाँच्नको लागि हाम्रा पुर्खाहरूले अपनाएका यी सबै संस्कृति परम्पराहरू आज हामीले सम्झन नसक्दा कस्तुरी बोकेको मृग झैं भएको मात्र हो । यसपटक कोभिड १९ महामारीले ती पाठहरू अवलम्वन गर्न पुगे । जुन हाम्रो संस्कृति परम्पराको लागि कुनै नौलो विषय होइन ।

संरा सङ्घ जाने कुरै नगर, किन ?

सञ्जय दुवाल

भारतले नेपाललाई धेरै तरिकाले दुःख दिइरहेको तथ्यबाट सबै नेपाली अवगत छन्। त्यसैले नेपालीहरू भारत विरोधी भएका हुन्। तर सबै नेपालीहरू भारत विरोधी छैनन्। नेपालको अहितमा तर भारतको हितमा काम गर्ने नेपालीहरू पनि छन् – सिंहदरबारमा, विभिन्न मन्त्रालयमा, शैक्षिक, आर्थिक, उद्योग ... क्षेत्रमा। राजनैतिक र बौद्धिक क्षेत्रमा पनि मातृभूमिविरुद्ध घात गर्ने भारतपरस्तहरू भएको तथ्य समय समयमा हामीले देखेकै हो।

'रोटी – बेटीको सम्बन्ध भएको' आवरणमा भारतले नेपालको हरेक क्षेत्रमा हस्तक्षेप गरेको छ। क्षेत्रफलमा विशाल भारतले नेपालको ६० हजार हेक्टर (६०० वर्ग किमी) भूमि अतिक्रमण गरेको छ।

त्यसो भनेको मोनाको, नाउरु, तुभालु, सानमारिनो जस्ता थुप्रै टापू देशहरूको कूल क्षेत्रफलभन्दा धेरै बढी हो। उसले झण्डै दुईवटा माल्दिभ्स (३०० वर्ग किमी) बराबर अथवा बहराइन (७६४ वर्ग किमी) वा सिंगापुर (७१४ वर्ग किमी) को भन्दा केही कम क्षेत्रफल बराबरको नेपाली भूमि अतिक्रमण गरिराखेको छ। लिम्पीयाधुरा – कालापानी क्षेत्रमा मात्रै ३९५ वर्ग किमी क्षेत्रफल अर्थात माल्दिभ्सको भन्दा ठूलो भूभाग अतिक्रमण गरेको छ। त्यसो भनेको ३ वटा भक्तपुरको भन्दा ठूलो क्षेत्रफल अतिक्रमण गरिराखेको छ।

एक छिमेकी, ऐतिहासिक सम्बन्ध भएको नाममा क्षेत्रफलमा एउटा सानो देशको भूमीमाथि गिद्धेदृष्टि राख्ने भारतलाई मित्र देश भन्नु मित्र शब्दकै अवमूल्यन हो। यसरी भारत आफैले नेपालमा भारत विरोधीहरू जन्माएका छन् र बढाइरहेका छन्।

आज हामी अतिक्रमणकारी विस्तारवादी भारतको विरोध गरिरहेका छौं। भारत बेलायती उपनिवेशबाट स्वतन्त्र त भयो तर भारतीय शासक वर्गले बेलायती साम्राज्यवादको पदचिन्हलाई गर्भैबाट अनुसरण गरेको छ। यही उपनिवेशवादी र साम्राज्यवादी चरित्रको कारण स्वतन्त्र भारतको सबै छिमेकीहरूसँग औपचारिक या कुटनीतिक भाषामा सुमधुर सम्बन्ध भने पनि यथार्थमा कटुतापूर्ण छ। उसले पाकिस्तान, चीन, श्रीलंका, म्यानमारसँगै नेपालसँग सीमा विवाद गरिरहेको छ। यस्तो स्थितिको कारण भारतको विरोध त भएकै छ, बेलायती साम्राज्यवादको विरोध आज पनि गर्नुपर्ने देखिन्छ। साम्राज्यवादी बेलायतले भारतलाई स्वतन्त्रता त दिए तर चारैतिर समस्याको बीउ छरेर गए। यसले एउटा कथाको सम्झना गराउँछ।

कुनै गाउँका एक जाली मुखियाले गाउँलेहरूलाई निक्कै दुःख दिएको थियो। उसले मर्ने बेलामा गाउँलेहरूलाई बोलाएर 'मैले तिमीहरूलाई धेरै दुःख दिएँ त्यसैले म मरेपछि मेरो मुखमा घोचो गाडेर मलामी लैजानू, मेरो पाप कम हुनेछ' भन्यो। एकदिन जाली मुखिया मऱ्यो, गाउँलेले उसको मुखमा घोचो गाडेर मलामी लगे। तर लासको मुखमा घोचो देखेपछि प्रहरीले घोचोले मारेको आरोप लगाउँदै थप दुःख दियो। जाली मुखियाले बाँचुञ्जेल दुःख त दियो नै मरेपछि पनि दुःख दियो।

बेलायतको 'घाम नदुब्ने साम्राज्य' त पतन भयो तर जाली मुखियाले झैं विश्वका धेरै देशमा छोडेर गएको समस्या आज पनि भोसगरहेका छन्।

साम्राज्यवादी बेलायतले समस्या र झगडाको बीउ छरेर गए पनि 'विश्वको सबभन्दा ठूलो प्रजातान्त्रिक देश' भनिएको भारतले आफ्नो विशाल देश अनुरूप चित्त र चरित्र पनि विशाल बनाएको भए छिमेकी देशहरूमा भारत विरोधीहरू होइन भारतप्रति सद्भाव राख्ने मित्रहरूको बाहुल्य हुन्थ्यो, 'विस्तारवादी भारत मुर्दावाद' होइन 'मित्र भारत जिन्दावाद' को गगनभेदी नारा लाग्थ्यो।

तर लिम्पियाधुरादेखि कालापानीसम्मको नेपाली भूभाग भारतले आफ्नो नक्सामा समेटेको विरोधमा घन्किएको आवाजको प्रतिध्वनि सेलाउन नपाउँदै फेरि भारत विरोधी नारा बुलन्द भएको छ। यस पटक उसले आफ्नो सिमाना नाघेर नेपाली भूभागमा समेत लिपुलेकसम्म एकतर्फी बाटो बनाएको छ। त्यसको विरोधमा नेमकिपाले सडकदेखि सदनसम्म नेपालको सार्वभौमिकता जोगाउन आवाज उठाउँदै जुलुस, सभा गरेको छ, प्रहरीको ज्यादति व्यहोरेको छ। नेमकिपाका भ्रातृ सङ्गठन र आवद्ध संस्थाहरूले विभिन्न कार्यक्रम गरेका छन् तर एमाले–माओवादीको सरकार कताबाट भागौं र लुकौं भनी ठूलो दूलो खोज्दैछ। दुई तिहाइको धाक लगाउने सरकारको यो चरित्र निक्कै टीठलाग्दो छ, उनीहरूको दुई तिहाइ भ्रष्टाचार गर्न, कमिसन खान, बकम्फुसे गफ गर्न, आफन्तलाई जागीर खुवाउन, राजस्वमा ब्रम्हलुट गर्न, सार्वभौमिकता र स्वाधीनताको अवमूल्यन गर्न, कुर्सीको लागि 'कुकुर झगडा' गर्न, ... मा मात्र सार्थक र उपलब्धिमूलक देखिएको छ।

यद्यपि नीति तथा कार्यक्रममा भारतले अतिक्रमण

गरेको भूभागमाथि नेपालको हक भएको वाक्य राख्न 'साहस' गरेको छ। तर देशको सार्वभौम हक भएको भूभाग समेटेर नक्सा जारी गर्ने आँट गरेको छैन। अतिक्रमणकारी भारतसँग



चित्र : नयाँ पत्रिका

कुटनीतिक सम्वाद गरेर, उसको सहमति लिएपछि नयाँ नक्सा जारी गर्ने भाखा राखेको छ। यो वस्तुतः छलछाम हो। नेपालमा विभिन्न काण्ड वा घटनाको जाँचबुझ आयोग बनाएर पन्छाएजस्तै भारतले अतिक्रमण गरेको भूभागबारे सरकारले छलछामको बाटो अपनाएको छ। यदि छलछाम होइन भने नेपालसँग अब अरु खोज्नै नपर्ने प्रमाणहरू छन् भने एक स्वतन्त्र, स्वाधीन र सार्वभौम देशलाई नयाँ नक्सा जारी गर्न किन नदिने बराजुले झैं बुधबार बार्छ ?

त्यस्तै भारतले अतिक्रमण गरेको भूभाग माथिको दाबी लिएर प्रमाणसहित अन्तर्राष्ट्रिय अदालत, संरा सङ्घमा किन जाँदैन ? के त्यसको लागि पनि भारतसँग 'कुटनीतिक सम्वाद' गर्नुपर्छ ? विना हस्ताक्षरको 'कुटनीतिक नोट' पठाउनु पर्छ ? छ्या ६ लाछीको पनि हद हुन्छ।

यदि दुई तिहाइसँग ह्याउ नभएकै हो भने काठमाण्डौकै एउटा संस्थासँग छलफल गरे आत्मबल अलिकति बढ्ने देखिन्छ।

काठमाण्डौ ठमेलमा एउटा संस्था छ- **कमलपोखरी पुनःस्थापना अभियान**। त्यसले ठमेलस्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राचीन तथा पुरातात्त्विक महत्त्वको सरकारी सार्वजनिक तथा राजगुथिजन्य कमलपोखरी गैरकानुनी रूपमा अतिक्रमण र नष्ट गरी बनाइएको छायादेवी कम्प्लेक्स हटाई कमलपोखरी पुनःस्थापना गर्ने अभियान चलाइरहेको छ। त्यस अभियानले गएको वैशाख २१ गते नेपालस्थित संरा सङ्घ तथा आईएलओमा ध्यानाकर्षण पत्र बुझाएको छ। स्मरणीय छ, त्यस पोखरीको संरक्षणको लागि पंचायतकाल अर्थात २०२७ सालदेखि मुद्दा गरिरहेको छ र गणतन्त्रसम्म जारी छ।

बुद्धिमानलाई इशारा काफी छ। एउटा संस्थालाई भए जति पनि दुई तिहाइको सरकारले ह्याउ गर्दैन भने देशभक्त नेपाली जनताले के पुर्पुरोमा हात राखेर 'सुखी र समृद्धि' को आकाशको फल बाँसुरीको धुन सुनेर आशा गरिरहने ?

(यो लेख प्राप्त हुँदा सरकारले नक्सा सार्वजनिक गरेको थिएन-'भक्तपुर')

सङ्कटमा खाद्य सुरक्षा

सबिन ख्याजू

'ठेकेदारलाई काउली सित्तैमा लैजानुस्, काउली टिप्ने खेतालाको ज्यालामात्र दिनुस् भन्दा पनि मानेनन्' उनले भने, 'पाँच रूपैयाँ किलोमा बेचेर काउली टिप्ने खेतालालाई खाजा खुवाउन पनि पुग्दैन ।'

विश्व अहिले कोरोना भाइरस रोग (कोभिड-१९) को सन्त्रासमा छ । दशौं लाख मानिस यस रोगबाट सङ्क्रमित छन्, लाखौं मानिसको मृत्यु भयो र यो क्रम जारी छ । विकसित र विकासशील देशहरूमा यो रोगको सङ्क्रमण दिन प्रतिदिन बढ्दो छ । सङ्कटको घडी नै सबैको परीक्षणको घडी हो । कुनै पनि महामारी र सङ्कटमा त्यस देशले अपनाउने सजगता र सुरक्षा उपायहरूले सङ्कट समाधानको लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । चीन सरकारले आफ्ना नागरिकको स्वास्थ्य रक्षाको निम्ति अपनाएका सुरक्षाका उपायका कारण आज चीनबाट कोरोना भाइरस पूर्णत: नियन्त्रण भइसकेको छ । प्रजातान्त्रिक जनगणतन्त्र कोरियामा कोरोना भाइरसको सङ्क्रमण नदेखिनुले उनीहरू आफूलाई सुरक्षित महसुस गर्दैछन् । क्युवामा केही व्यक्तिमा सङ्क्रमण देखिएतापनि अहिले नियन्त्रणमा आइसकेको छ । संयुक्त राज्य अमेरिका, स्पेन, इटाली, बेलायत, फ्रान्स, जर्मनीजस्ता विकसित र समृद्ध मुलुकमा भने यो रोगले लामो अवधिसम्म डेरा जमाएर बस्यो । त्यहाँका नागरिकहरूमा मानसिक तनावका साथै आफ्नो स्वास्थ्यप्रति नै चुनौति थपियो ।

कोभिड महामारीका कारण विश्वको मानव स्वास्थ्य र अर्थतन्त्रमा अत्यधिक नोक्सान पुऱ्यायो । नेपालको अर्थतन्त्र विपदमा सक्षम (shock proof) छैन । विगत दुई दशकमा औसत ४.४ प्रतिशत आर्थिक वृद्धिमा सीमित रहेको नेपाल यस महामारीका कारण खस्किने स्थितिमा छ । वर्षौं देखि रेमिट्यान्सबाट धान्दै आएको देश नेपालमा रेमिट्यान्स ओगट्ने २८.५६ प्रतिशत जिडिपी (सन् १०१८) उठ्न निकै गाह्रो हुने देखिन्छ । पर्यटनलाई आफ्नो प्रमुख आयको स्रोत बनाइरहेको समयमा पर्यटकहरूको आगमन रोकसँगै पर्यटन क्षेत्रबाट हुने आम्दानी पनि ठप्प छ । आफ्नो खुट्टामा उभिन सक्षम देशहरूलाई कुनै पनि समयमा आउन सक्ने महामारी र सङ्कटले खासै फरक पर्दैन । तर सबै वस्तुहरू विदेशबाट आयात गर्ने परनिर्भर देशहरूले सङ्कटको समयमा आफ्नो जीवन रक्षा गर्न पनि सकस पर्दछ । कोभिड-१९ महामारीले नेपालजस्तो परनिर्भर र आर्थिक रूपले पीछडिएका देशहरूलाई राम्रो पाठ भने सिकाएकै हो ।

नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको २५.२९ प्रतिशत (सन् २०१८) योगदान छ । हाम्रो देशको अर्थतन्त्र कृषि उत्पादनमा मात्र सीमित छैन । कृषि उपज वस्तुहरूको प्रशोधन, ढुवानी र बजारीकरणले पनि ठूलो भूमिका खेल्छ । यस मानेमा कृषिको सम्बन्ध व्यापक छ भन्ने बुझिन्छ । कृषि कहिल्यै पनि अन्त नहुने कार्य हो, कृषि आधुनिक होस् वा परम्परागत, कुनै देश जति नै विकसित वा अविकसित होस् कृषि कर्ममा आबद्ध हुनेहरूको जीवनशैली स्वस्थ र आत्मनिर्भर भएको पाइन्छ । नेपालको पछिल्लो तथ्याङ्क हेर्दा पनि ६५.६ प्रतिशत

मानिसको आयआर्जन कृषिसँग जोडिएको छ । (वि.सं. २०६८ जनगणना) कोरोना भाइरस रोगको महामारी नियन्त्रण वा सङ्क्रमण फैलावट नहोस् भनेर संसारभर लकडाउनको उपाय अवलम्बन गरिएको छ । नेपालमा वि.सं. २०७६ चैत ११ देखि लगाएको लकडाउन हालसम्म चालू छ । देशका उद्योग-कलकारखाना, आर्थिक कारोबार गर्ने संस्था, पसल व्यवसायदेखि लिएर शैक्षिक संस्थाहरू समेत बन्द छन् । पर्यटन व्यवसाय पूर्ण रूपमा ठप्प छ । सवारीसाधनको आवागमन र यातायात बन्द छ । जसका कारण मानिसहरूको दैनिक जीवन असहज स्थितिमा गुज्रिरहेको छ । यति हुँदा पनि कृषिमा आबद्ध कृषकहरू भने भ्याइनभ्याइ छन् । कृषिबाट उत्पादित वस्तुहरू दैनिक उपभोग हुने र अति आवश्यक वस्तु भएकै कारण लकडाउनले कृषि कार्यलाई कुनै असर गरेन । तर उत्पादित तरकारी तथा

खाद्यान्न एक ठाउँबाट अर्को ठाउँमा ओसार्न नपाउँदा किसानहरू नोक्सानमा परेका छन् साथै केही दिनमै कुहिने फलफूल तथा तरकारी लक्षित उपभोक्तासम्म पुऱ्याउन नसक्दा किसानहरू निराश बनेका छन् । प्रस्तुत आलेख यी नै विषयवस्तुमा केन्द्रित छ ।

खाद्य सुरक्षा र गरिबी

खाद्य सुरक्षाको अर्थ स्वस्थ र सक्रिय जीवनको लागि सबै जनताले सबै समयमा भौतिक, सामाजिक र आर्थिक पहुँचमा पुग्दो, सहज र पौष्टिक खानेकुरा प्राप्त गर्नु हो । संसारमा कुनै पनि समय आइपर्ने विपत्तिमा खाद्य सुरक्षाको बहस धेरै हुने गर्दछ । कोरोना महामारीको यस समयमा खाद्य सुरक्षा एक महत्त्वपूर्ण चुनौतीको रूपमा खडा भएको छ ।

गरिब र खान नपाएका मानिसहरू रोगले भन्दा भोकले मर्ने गरेको तथ्य छ । यसमा परिवर्तन आएको छैन । भोकले धनी मर्दैनन्, गरिब मर्छन् । गरिब जनताको निम्ति यो कुनै नौलो होइन । तर गरिब जनता रोग र भोक दुवैको चपेटामा पिल्सिन्छन् । लकडाउनको समयमा सरकारले एक छाक खाना पनि बन्दोबस्त गर्न नसक्दा दैनिक ज्यालादारीमा काम गर्ने, घरभाडामा बस्ने मानिसहरू कयौं किलोमिटर पैदल गर्दै आ–आफ्नो गाउँ–घर हिंडेका छन् ।

खाद्य सुरक्षाको प्रत्याभूति तब हुन्छ जब पुग्दो उत्पादन हुन्छ । खाद्यान्न उत्पादनको लागि कृषकको श्रम नै प्रमुख मानिन्छ । परम्परागत वा जीविकोपार्जनमुखी कृषिको उत्पादन अहिलेको बढ्दो जनसङ्ख्या र सहरीकरणको लागि अपुग हुन्छ । यसको लागि कृषिमा पनि आधुनिक प्रविधिको खाँचो हुन्छ । जसमा उन्नत जातको बीउ, रासायनिक मल, बाली संरक्षण प्रविधिहरू, उपयुक्त सिँचाई, आधुनिक औजार वा ट्र्याक्टर, आदि पर्दछ । यस्ता प्रविधि अपनाएर गरिएको खेतीलाई आधुनिक वा वैज्ञानिक खेती भनिन्छ । सरकारले यस कुरामा विशेष ध्यान दिनुपर्दछ । कृषकको एक्लो प्रयासबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सम्भव हुन्न । यसर्थ साना कृषकहरूलाई प्रोत्साहन गर्नु जरुरी छ, किसान लक्षित अनुदानहरू वास्तविक किसानसमक्ष पुऱ्याउनु आवश्यक छ । सरकारी अनुदानमा भ्रष्टाचार, कमिशन र देखावटीपनाले जरा गाडेको देखिन्छ । यसको समाधान पनि त्यत्तिकै जरुरी हुन्छ ।

खाद्यान्नको आवश्यक मात्रामा उत्पादन, यथोचित भण्डारण, बजार उपलब्धता, स्वस्थ र पौष्टिकता आदि हुनु जरुरी छ । यी पक्षहरू नियाल्ने हो भने नेपालको खाद्य सुरक्षा सन्तोषजनक छैन ।

सामुहिक खेतीलाई प्रोत्साहन आवश्यक

सामुहिक खेती मानव सभ्यतादेखि नै चल्दै आएको परम्परा हो । जमिनको खण्डीकरण वा चक्लाबन्दीले आर्थिक अर्थ राख्दछ । खण्डीकरणले पूँजीवादी आर्थिक नीति अवलम्बन गर्छ भने चक्लाबन्दीले समाजवादी आर्थिक नीतिलाई दर्शाएको हुन्छ । कृषक आफ्नो जीविकोपार्जन र केही आर्थिक लाभको लागि खेतीपातीमा आबद्ध हुन्छन् । केही कृषकहरू आफूसँग भएको पूँजी लगानी गरी उत्पादनलाई बजारीकरण गर्दै यथेष्ट नाफा पनि कमाउँछन् ।

जमिनको खण्डीकरण हुँदा उत्पादनमा कमी आउनु स्वाभाविक हो । खाद्यान्न उत्पादनको निम्ति प्रयोग गरिने ट्राक्टर, कृषि औजारहरू, मल, सिँचाई, रोगकीरा नियन्त्रण आदिमा बढी लागत पर्न जान्छ । सामुहिक वा चक्लाबन्दी खेतीमा यी सबै कार्यमा कूल लागत घट्ने गर्दछ । स–सानो जग्गामा कृषकले नयाँ प्रविधिहरू प्रयोग गर्नु त्यति व्यवहारिक नहुने र व्यवसायिकीकरण गर्न सक्ने स्थिति पनि रहन्न । जमिनको खण्डीकरणका कारण गरिब कृषकहरूको सङ्ख्यामा वृद्धि हुन जान्छ । तसर्थ, जमिनलाई चक्लाबन्दी गराइनु पर्दछ ।

कन्ट्राक्ट खेती (Contract farming) मा कृषकको खेतको उत्पादनको मूल्य पहिले नै निर्धारण गरी सहमति गरिएको हुन्छ । सो मूल्यमा खरिदकर्ताले खरिद गर्दछ । यसरी गरिएको खेतीमा कृषक उत्पादित खाद्यान्नहरू बजारमा बिक्रीको समस्याबाट छुटकारा पाउँछन् । उनीहरू निर्धक्कसँग काममा तल्लिन हुन सक्दछन् । कुखुरा, बाख्रा, भैंसी, बंगुर आदिको पालनलाई पनि यस विधिमा समेट्न सकिन्छ । यसरी कृषकहरूलाई थप हौसला पुग्छ ।

सामुहिक खेतीले समग्र देशको आर्थिक उत्पादनमा बढी योगदान पुऱ्याउँछ । साना कृषकहरूले जग्गालाई एकीकरण (Pooling) गरेर सामुहिक खेतीलाई प्राथमिकता दिन सकिए यथेष्ट मात्रामा उत्पादन हुनुका साथै कृषकहरूलाई आम्दानीमा सकारात्मक फाइदा हुन्छ ।

कृषि सहकारीको भूमिका

सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूको हितको निम्ति समय सुहाउँदो सहयोगहरू गर्नु आवश्यक छ । सहकारी संस्थाले निश्चित भूभागका कृषकहरूको बीउ, मल, विषादी, सिँचाई, आदिको मागको तथ्याङ्क सङ्कलन गरी आवश्यकताअनुसार पुग्दो मात्रामा कृषि सामग्रीहरू उपलब्ध गराउन सके कृषकहरू लाभान्वित हुन्थे । यसो गरिंदा कृषिजन्य वस्तुहरूको मूल्यमा कमी आउनुका साथै खाद्यान्नको गुणस्तर पनि कायम हुन्छ । कृषकहरू एक्लाएक्लै बजारमा जानु पर्ने र मूल्यमा भिन्नताका कारण हुने झन्झटबाट उन्मुक्ति पाउनेछन् ।

लकडाउनको समयमा कृषकहरू खेतबारीको उपज सङ्कलन र बजारीकरणको समस्यामा छन् । बजार मूल्य पाउन सकेका छैनन् । उत्पादन केन्द्रबाट अभावको स्थानसम्म

पुऱ्याउने वा भण्डारण गरेर राख्ने कृषकलाई लाभ हुने कार्य गर्न जिम्मेवार हुनु अपरिहार्य छ ।

कृषकले उत्पादन गरेको तरकारी र फलफूललाई कृषक तहबाट सङ्कलन गर्न सकिन्छ । सङ्कलन केन्द्रहरूको स्थापनालाई खेतबारीबाट पायक पर्ने स्थानमा स्थापना गर्न जोड दिनु पर्दछ । यसले कृषकलाई आफ्नो उत्पादनलाई सहज तरिका र चाँडो केन्द्रमा ढुवानी गर्न मद्दत पुग्दछ । कृषि उपजको

टिपाई पछि हुने नोक्सानी न्यूनीकरण गर्न मद्दत पुग्छ ।

कृषि उपज वस्तुहरू लक्षित उपभोक्तासम्म समयमै पुग्दा बिक्री बढ्छ र ताजा तरकारी खान पाउँछन् । नेपाली बजारमा नेपाली कृषकको तरकारी सङ्कलन गरी बजारमा बिक्रीवितरण गर्न लाँदा तरकारीहरू नबिक्नुको कारण महँगो भएर हो । यदि सङ्कलनको कार्य सहकारी संस्थाले गरे उपभोक्तासम्म पुऱ्याउने बन्दोबस्त गरेको खण्डमा बजार मूल्य कम हुने निश्चित छ । भण्डारणको व्यवस्था भएमा मौसममा भएको अत्यधिक उत्पादनलाई बजारमा अभावको समयमा बिक्रीवितरण गर्न सकिन्छ ।

यसैगरी खाद्यान्न ढुवानीको लागि सहकारीले तरकारी ओसारपसार गर्ने गाडीहरूको बन्दोवस्त गर्न सक्छन् । साना कृषकहरूले एक्लाएक्लै यो काम गर्न सक्दैनन् । कृषकलाई प्रोत्साहन गर्न उत्पादित खाद्य सामग्री टिपिसकेपश्चात ढुवानी र बजारीकरणका उपायबारे ध्यान दिनु आवश्यक छ । चिस्यान केन्द्र अथवा चिस्यान चेन (cold chain) तरकारी, फलफूल, दूध र मासुजन्य वस्तुहरूको निम्ति अत्यावश्यक व्यवस्था हो । सहकारीको योगदानको कारण कृषकको आफ्नो खेतबारीमा हुने लागत घटाउनमा सहयोग पुग्छ । सहकारीले ऋणलाई उत्पादनमुखी क्षेत्र (कृषि, उद्योग, ढुवानी, बजारीकरण) मा केन्द्रित गर्नु उचित हुन्छ । ऋणको व्याज प्रतिशत घटाउने र ऋण प्रवाह बढाउनु सहकारी र सदस्यहरू सबैको लागि हितकर हुन जान्छ । सीपमूलक तालिमहरूले प्राथमकिता पाउन सके राम्रो हुन्छ । सहकारी सदस्यहरू उद्यमी बन्ने अथवा रोजगारी पाउने सम्भावनाको वृद्धि हुन्छ । यसरी समग्र समाजको अर्थतन्त्रले सकारात्मक बाटो पहिल्याउँछ । सहकारीले मानिसबीचको सामुहिक भावनाको विकासमा योगदान पुऱ्याउन सकिन्छ ।

खाद्य सुरक्षाको आवश्यकता

लकडाउनको समयमा अर्बौं नेपाली रूपैयाँ बराबरको तरकारी र फलफूल आयात भएको भन्सार विभागले जनाएको छ । दैनिक करोडौं रकमको तरकारी र फलफूल नेपालीको भान्सामा भित्रिन्छ । व्यापारीहरू भारतीय तरकारी आयात गरेर नाफा कुम्ल्याइरहेका छन् । तर ती व्यापारीहरू नेपालका कृषकहरूबाट तरकारी र फलफूल माग गर्दैनन् । तरकारी र फलफूल स्वस्थकर भए पनि केही महँगो हुने भएका कारण पनि व्यापारीहरू हच्किएका हुन् ।

अहिलेको परिस्थितिमा ढुवानीको समस्याले गर्दा तरकारी र फलफूल बारीमै कुहिन थालेका छन् । केही कृषकले खेतमै खाल्डो खनेर माटोमै मिल्काएका छन् । बन्दा, धनिया, गोल्भेडा आदिले बजार पाउन नसकेर गाइवस्तुको आहारा बनेको छ । सरकार मौन बसेको कारण नेपाली कृषकहरूले दुःख पाउन बाध्य छन् । वर्तमान सरकार नेपाली कृषकप्रति गैरजिम्मेवार भएको यो एक उदाहरण मात्र हो ।

बैंकबाट ऋण गरेर खेती गरेका कृषकहरूको पीडा झन् भयावह देखिन्छ । आफ्नो बारीको उत्पादन (काँक्रो, फर्सी, बन्दा, खरबुजा) कुहिएर पूरै नोक्सान भएपछि बर्षभरि कसरी गुजारा चलाउने भन्ने चिन्तामा रुमलिएका छन् ।

कृषकहरूले गरेको उत्पादनलाई सरकारले खरिद गरिदिने प्रावधान समाजवादी नीतिअन्तर्गत पर्दछ । कृषकको निम्ति यो एउटा उत्साह पक्कै हुनेछ । सरकारले खरिद गरेको उत्पादनलाई बजारीकरण गर्ने अथवा लामो समयको निम्ति भण्डारण गर्ने एउटा उपाय हो । ठूलो मात्रामा संकलित कृषि उत्पादनलाई निर्यात गर्न सके देशको आम्दानीमा वृद्धि गर्न सकिन्छ । कृषकहरूको एक्लो प्रयासमा निर्यातको बजारमा स्थान पाउन सक्दैनन्, पाएपनि लामो समय टिक्ने छैन ।

सरकारले कृषि उपज वस्तु र खाद्यान्न सङ्कलन गर्ने उद्देश्य राखेको खण्डमा ठूलो मात्रामा खाद्यान्न भण्डारण गर्न चिस्यान केन्द्रहरूको स्थापना हुने थिए । सङ्कलनपश्चातको ढुवानीको निम्ति ग्रामिण भेगहरूमा सडकहरूको निर्माणले तीव्रता पाउने थिए । यसले व्यवसायलाई गति प्रदान गर्दछ ।

समग्रमा, रोजगारीमा वृद्धि हुनुका साथै किसानहरू स्वतःस्फूर्त कृषि कर्ममा संलग्न हुन्छन् । हाल नेपालमा भने पूँजीवादीहरूको बाहुल्यता रहेको सरकारले यो कदम चाल्नेमा आशङ्का छ ।

लकडाउनका कारण सिर्जित रोजगारीको समस्या

पूँजीवादी राजनैतिक व्यवस्थामा धनी झन् धनी र

गरिब झन् गरिब हुँदै जान्छ। एकातिर पूँजीपतिहरू आफ्नो धन सञ्चयबाट सहज जीवन बाँचेका हुन्छन्। लकडाउनमा नियमित जीवन जिउँछन्। अर्कोतिर गरिब जनता जो दुई छाक टार्न दैनन्दिनी काम नगरी सुख छैन, उनीहरूलाई एक छाक खान पनि धौधौ परेको छ। न आफूसँग लगानीको निम्ति पूँजीको हुन्छ, जमिन अभावका कारण उनीहरू उत्पादन पनि गर्न सक्दैनन्। लकडाउनका कारण धेरैको रोजगारी सङ्कटमा परेको छ। निजामती वा सरकारी कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले कार्यालय गए पनि नगए पनि आफ्नो मासिक तलब नियमित पाउँछन्। तर दैनिक ज्यालादारीमा काम गर्ने मजदुर, श्रमिक लगायतका कामदारहरू भने आफ्नो भएको रोजगार पनि गुमाएर बस्नुपरेको बाध्यता छ। सरकारले नै घरबाहिर ननिस्कनु भन्ने आदेश भएको यो समयमा पनि कार्यालय आई दिएन भने कतिको पारिश्रमिक रोक्का भए होलान्। उद्योग तथा कल-कारखाना सञ्चालन नहुँदा कति कामदारहरू आफ्नो रोजगारी गुम्ने डर लिएर पनि बसेका होलान्।

लकडाउनमा 'उद्योग सञ्चालन भएन', 'नाफा भएन' जस्ता बहाना पूँजीपतिहरूले देखाउन थालेका छन्। उद्योग-कलकारखानाबाट मजदुरहरू कामबाट निकाला गरिए। सरकारले ती मजदुरहरूलाई खान र बस्नको व्यवस्था गरिरहेको छैन। कारखाना मालिकहरूले ती मजदुरलाई निभाउनुपर्ने न्यूनतम भूमिका पनि निभाएको देखिन्न। 'हायर एण्ड फायर' को शैलीमा उद्योग मालिकले मजदुरहरूलाई गेट बन्द गरिदिए। सुरक्षित किसिमले आफ्नो घर फर्कनसमेत सहयोग गरेका पाइएन।

लकडाउनमा बेरोजगारी ह्वात्तै वृद्धि भएको छ। यो क्रम दिनानुदिन बढ्ने क्रममा छ। यसर्थ कृषि कर्मलाई रोजगारीको माध्यम बनाउनु राम्रो हुने देखिएको छ। बाँझो रहेका अधिकांश खेतबारीलाई उर्वर भूमिमा परिणत गर्ने यो सुनौलो अवसर हो।

(khyajusabin@gmail.com)

पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति

भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

नगरवासीहरूमा अनुरोध

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको सङ्क्रमण हाल नेपालमा पनि तीव्रगतिमा फैलिरहेको र पछिल्लो समयमा भक्तपुरमा समेत सङ्क्रमितहरू देखापरेको संवेदनशील अवस्थामा कोही पनि नयाँ र अपरिचित व्यक्तिलाई आफ्नो घरमा नबोलाउन वा डेरामा नराख्न तथा नेपाल सरकारले लकडाउन घोषणा गर्नुअघि वा पछि आ-आफ्नो घर गई अहिले विभिन्न तरिकाले पुनः डेरामा फर्किएका छन् भने स्वास्थ्य परीक्षण नगराई घरमा नराख्न सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

एकजनाको असावधानी वा गल्तीले कोरोना भाइरसको महामारी नफैलियोस् भन्नेमा सचेत बनौँ। जिम्मेवार नागरिक बनौँ। कोरोना भाइरस रोगबाट आफू पनि बचौँ र अरुलाई पनि बचाऔँ।

आफ्नो घरमा डेरा बस्ने सबै महानुभावहरूको विस्तृत विवरण सम्बन्धित वडा कार्यालयमा तुरून्त बुझाउनुहुन सबैमा अनुरोध छ।

भक्तपुर नगरपालिका

सुरक्षा अङ्गको सही उपयोग आवश्यक

विकास श्रेष्ठ

कोभिड – १९ को महामारीमा लकडाउन भए पनि विदेश गएका नेपालीहरू लुकिचोरी नेपाल प्रवेश गरिरहेका छन् । त्यसबाट सङ्क्रमितहरूको सङ्ख्या बढेपछि सीमामा सुरक्षास्थिति मजबुत बनाउनुपर्ने कुरा उठेको छ । त्यसमाथि भारतले दार्चुला जिल्लाको नेपाली भूमि लिपुलेकसम्मको बाटो बनाएर उद्घाटन गरेपछि सीमा सुरक्षाको कुरा र सुरक्षाकर्मीहरूबारे चासो निक्कै बढेको छ । यसैबेला सुरक्षा अङ्गहरू, त्यसको बजेट र कार्यको पनि चर्चा हुन थालेको छ ।

पत्रपत्रिकामा यस्ता समाचारहरू पढ्दा पंक्तिकारलाई एउटा भारतीय चलचित्रको दृश्य स्मरण भयो – विदामा आएका एक सैनिकले एक भ्रष्ट प्रहरी अधिकारीलाई भन्छ – हामी सीमामा बसेर विदेशी शत्रुलाई पस्नबाट रोक्छौं, लड्छौं, मर्छौं त्यसैले तिमीहरू यहाँ मज्जाले सुत्न पाउँछौ ।

सेनाको कर्तव्य सीमाको सुरक्षा, प्रहरीको काम शान्ति–सुरक्षा, जनता आफ्नो पेशामा संलग्न भई देशको विकास भन्ने मान्यता छ । तर हाम्रो देशको सेनाले सीमाको सुरक्षा गर्दैन, व्यापार र ठेक्कापट्टा गर्छ भन्ने समाचार आउँदा सबैलाई आश्चर्य भएको छ ।

जनतालाई देश चाहिन्छ त्यसैले देशको सुरक्षा गर्ने जिम्मा सेनाको हो । सेना पाल्न आवश्यक स्रोतको लागि जनताले कर तिर्छन् । तर जनताको करबाट पालिएका सेना व्यापार र ठेक्कापट्टामा केन्द्रित हुन्छ, देशको सीमा विदेशीले निरन्तर अतिक्रमण गर्छ भने एक पूर्वमन्त्रीले भने झैं 'सेनाको के काम ?' व्यापार र ठेक्कापट्टा गर्न सेनालाई पाल्नुको औचित्य पनि भएन, करकै दुरूपयोग भयो भन्दा अतिशयोक्ति नहोला ।

हो, भारतले 'ट्रोजनको घोडा' बनाएर पठाइएकाहरूको कथित जनयुद्धलाई साम्य पार्न सेनाले महत्त्वपूर्ण भूमिका खेलेको थियो । माओवादी अध्यक्ष पुष्पकमल दाहालका अनुसार यदि शान्तिवार्तामा नआएको भए माओवादी सिद्धिने थियो । त्यो स्थिति सिर्जनाको निम्ति प्रहरी, सशस्त्र र गुप्तचर विभागको भन्दा सेनाकै भूमिका उल्लेखनीय भएको सर्वत्र मूल्याङ्कन गरिएको छ ।

अहिले पनि कोभिड – १९ को महामारी रोकथामको लागि सेना परिचालन गर्न थालिएको छ । यसबाट सेनाको आवश्यकतालाई पुष्टि गर्छ । तर सीमा सुरक्षा उसको पहिलो कर्तव्य भएको यथार्थलाई गौण ठान्न मिल्दैन र हुँदैन ।

सिमानामा सेनाको व्यारेक किन छैन – यो संवेदनशील प्रश्नले सबैलाई झक्झक्याएको छ । देशमा धेरै सरकार र प्रधानमन्त्री बने, रक्षामन्त्रीहरूको सङ्ख्या पनि कम छैन, सेनाका प्रमुखहरू पनि धेरै जना भइसके तर सेनाको मूल कर्तव्य र जिम्मेवारीबाट किन वञ्चित परे र पारियो ? यसतर्फ कसैको ध्यान नगएको हो वा बेवास्ता गरिएको हो ? यसको तथ्य विगतदेखि खोतल्नु पर्ने देखिन्छ । अन्यथा वार्षिक आधा खर्ब बजेट कर्तव्य निर्वाह नगर्नेहरूको लागि खर्च गर्नु निरर्थक हो । सीमाको सुरक्षा गर्ने कर्तव्य निर्वाहबाट सेनालाई वञ्चित गर्ने काम सरकारले नै गरेको देखिन्छ । सीमाको सुरक्षाको जिम्मा सशस्त्र प्रहरीलाई दिएको छ । वस्तुतः सशस्त्रको गठन कथित जनयुद्धको बेला गरिएको हो । सशस्त्रले माओवादीहरूसँग उल्लेखनीय ढङ्गमा लडेका थिए र प्रहरीभन्दा सशक्त रहेको प्रमाणित भएको थियो । त्यसैले यसका संस्थापक प्रमुख कृष्णमोहन श्रेष्ठको माओवादीहरूले हत्या गरेको थियो । त्यसबेला नेवार भएकोले हत्या गरेको पनि चर्चा भएको थियो ।

सीमा सुरक्षामा खटिएका जवानहरूको बन्दोबस्त सरकारले उचित रूपमा नगरेको समाचारहरू पनि व्यापक रूपमा आएका छन् । सीमाको सुरक्षाको जिम्मा दिने सशस्त्र बलको १५ प्रतिशत सीमामा, ८५ प्रतिशत अन्यत्र खटाएर सरकारले सीमा सुरक्षाको संवेदनशीलता नबुझेको सहजै ठहर्याउन सकिन्छ । २० अर्ब बजेट भएको सशस्त्रको १५ प्रतिशत सीमामा खटिएकाबाट सदुपयोग भयो, बाँकी ८५ प्रतिशत बजेट के नेताको अघिपछि लागेरै सिद्धियो ?

पूर्वराजादेखि पूर्वप्रम र मन्त्रीहरूको शान र मानको नाममा सशस्त्र प्रहरीको घोर दुरूपयोग भइरहेको छ । ती पदमुक्तहरूले हिजो के जोखिम मोलेर देश र जनताको हितमा काम गरेका थिए र आज दर्जनौं दर्जन सुरक्षाकर्मीको सुरक्षाको आवश्यकता पऱ्यो ? यदि हजारौंको हत्या गर्ने, राष्ट्रघाती काम गर्ने, सांसद थुनेर सुरासुन्दरी उपलब्ध गराउने जस्ता अपराध र अनैतिक काम गर्नेहरूलाई जनताको करबाट पालिएका सुरक्षाकर्मी खटाउने हो भने कर तिर्नु र खोलामा फाल्नुमा के फरक पऱ्यो ?

हिजो राजनीतिक हस्तक्षेप गरेकै कारण प्रहरी सङ्गठन कमजोर र पङ्गु भएको बहस खुबै चलेको थियो । त्यो सङ्गठनको आवश्यकता र औचित्यसम्मको चर्चा भएको थियो भने कतिपय प्रहरी पदाधिकारीहरू भ्रष्ट भएबाट यसको छवि निक्कै नकारात्मक बनेको थियो । अहिले भर्खरै एक सांसदको अपहरणमा प्रहरीका एक पूर्वप्रमुखको संलग्नताले प्रहरीको नाम थप बदनाम भएको छ ।

त्यस्तै राज्यको कान र आँखा भनिने गुप्तचर विभाग पनि आफ्नो दायित्व र कर्तव्य पालनामा उल्लेखनीय ➲

एउटा नमुना स्थानीय तह

जयप्रसाद तिमिल्सिना

जुन देशले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर योजनाबद्धरूपले विकास गरेको छ त्यो देशको शैक्षिक अवस्था अगाडि बढेको छ र धेरै राम्रो भएको छ । ती देशले विज्ञान र प्रविधिमा पनि धेरै प्रगति गरेको पाइन्छ ।

नेपालभन्दा धेरै पछि स्वतन्त्रता प्राप्त गरेका धेरै देशहरूभन्दा हामी पछाडि पर्नु कुशल नेतृत्वको नै अभाव हो । जति सरकार भए पनि जनताको नाममा सधैँ भ्रष्टाचार, लुटपाट, दमन, नातावाद, कृपावाद, गुलामी, विदेशीको दलाली सत्ताको लुछाचुँडीबाहेक शैक्षिक सुधारमा कुनै नयाँपन ल्याउन सकेनन् वा चाहेनन् ।

प्रत्येक सरकारले कम्तीमा एक वर्षमा एउटामात्रै बालबालिकाको चौतर्फी विकासको लागि सुविधासम्पन्न नमुना विद्यालय बनाउने हो भने नेपालको शैक्षिक अवस्था पाँच वर्षभित्रमा धेरै उचाइमा पुग्ने थियो । नेपालमा ७ वटा महानगरपालिका, ११ वटा उपनगरपालिका, २७६ वटा नगरपालिका र ४६९ वटा गाउँपालिका गरी कुल ७५३ वटा सरकार त स्थानीय स्तरमै छन् ।

नेपालका ७५३ वटा स्थानीय सरकारमध्ये अपवादमा एउटामात्र भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय कार्य गरेको छ । प्रत्येक निकायले कम्तीमा एउटामात्र शिक्षण संस्था नमुना बनाएको भए देशभरमा ७५३ वटा राम्रा जनताका विद्यालयहरू हुने थिए ।

त्यसैले सम्पूर्ण स्थानीय सरकारहरूले शैक्षिक सुधारमा नयाँ सोच, नयाँ चिन्तनले काम थाल्नुपर्ने देखिन्छ ।

हाम्रा शिक्षण संस्थाहरू बेरोजगार उत्पादन गर्ने तथा विदेशी कामदार उत्पादन गर्ने कारखानामात्रै भए । दुःखको बेला देश र जनताको सेवा गर्नेभन्दा पलायन हुने जनशक्तिको कारण अहिले नेपाल युवाविहीन देश तथा बूढाबूढी, महिला र बालबालिकाको मात्रै देश भएको छ । केही वर्षपछि वैदेशिक रोजगारबाट अयोग्य भएर नेपाल फर्केका अशक्त र घाइते र वृद्धवृद्धाहरूको देश हुनेछ ।

सबै समस्याको एकमात्रै निकास भनेको शैक्षिक क्षेत्रमा नवीनतम परिवर्तन गर्नु हो ।

एउटा नमुना

नेपालका ७५३ स्थानीय तहमध्ये शैक्षिक क्षेत्रमा राम्रो काम गर्ने एकमात्र भक्तपुर नगरपालिका हो । यो नेपालको भूगोलको हिसाबले सबैभन्दा सानो नगरपालिकामध्ये एक हो । तर, यसले शिक्षा क्षेत्रमा स्थानीय निकायहरूलाई मार्गनिर्देशकको रूपमा काम गरिरहेको छ । गरिब तथा कामदार जनताका छोराछोरीहरूले सहुलियतपूर्ण तरिकाले स्तरीय शिक्षा दिनको लागि नगरपालिकाले धेरै शिक्षण संस्था सञ्चालन गरेको छ । नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई सुविधासम्पन्न, गुणस्तरीय शिक्षा सर्वसुलभ तरिकाले दिने व्यवस्था मिलाएको छ । भक्तपुर नगरपालिकाले सञ्चालन गरेको **ख्वप इन्जिनियरिङ कलेज नेपालको मात्रै नभएर एसियाकै राम्रोमध्ये एउटा इन्जिनियरिङ कलेज**मा गनिन्छ । गरिबका छोराछोरीहरूले देशलाई आवश्यक पर्ने उच्चस्तरीय इन्जिनियरिङ शिक्षा सस्तोमा प्राप्त गरिरहेका छन् । भक्तपुर नगरपालिकाले मध्यमस्तरीय स्वास्थ्यको जनशक्ति उत्पादन गरिरहेको छ । जनताको घरदैलोमा स्वास्थ्य र शिक्षाको पहुँच पुऱ्याएको छ । अझै न्यूनत्तम शुल्कमा डाक्टर उत्पादन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले नै ख्वप विश्वविद्यालय स्थापनाको अनवरत प्रयास गरिरहेको छ । तर, शैक्षिक माफियाहरूको चङ्गुलमा परेका शासकहरूले सस्तोमा उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालन गर्न लागेको विश्वविद्यालयको अनुमति रोकिरहेको छ । जसरी विश्वमा सानो देश क्युवाले स्वास्थ्य सेवाको लागि डाक्टरलाई स्वयम्सेवकको रूपमा पठाएर सेवा गरिरहेका छन् । त्यसैगरी भक्तपुर नगरपालिकाले पनि देशलाई आवश्यक डाक्टर,

---

➲ देखिएको छैन । योग्य र सक्षमको कदर नहुँदा र सत्तासीनहरूले भर्ती केन्द्र बनाउँदा यो विभाग केवल कोटमा सिउरेको फूल जस्तो भएको छ ।

अन्य निकायमा झैं सुरक्षा अङ्गहरूमा पनि प्रमुख पद र बढुवाको लागि सत्तासीनहरूलाई नजराना चढाउनु पर्ने समाचार पत्रपत्रिकामा बरोबर आउँछ । योग्यता र क्षमताले भन्दा 'नजराना' लगानी गरेर पदमा बहालीसँगै लगानी उठाउन थालेपछि सेवा, दायित्व, कर्तव्य जस्ता कुरा त केवल मुख मिठ्याउने मात्र हुन्छ ।

यी घटनाबाट के देखिएको छ भने सरकारमा जाने दलहरू आफ्नो घोषणापत्र अनुसार काम गर्दैनन्, सरकारको दायित्व र कर्तव्यबाट पनि च्यूत छन् । त्यसैले मातहतका अन्य निकायलाई जस्तै सुरक्षा अङ्गलाई पनि त्यसको दायित्व र कर्तव्यबाट पन्छाएर अन्य काममा लगाउँछन् । यस्तो कार्यशैलीले सुशासन, समृद्धि, सुरक्षा, विकास कसरी प्राप्त हुन्छ ?

इन्जिनियर, वैज्ञानिकलगायत सबै क्षेत्रका विज्ञहरू तयार गरी सम्पूर्ण नेपालीको समृद्धिको बाटो देखाउने उद्देश्य लिएको छ । नेपाल सरकारलाई आवश्यक पर्ने मानवशक्ति उत्पादनको अभियानमा जुटेको नपालाई सहयोग गर्नुपर्ने, अझै प्रगतिको लागि प्रोत्साहन गर्नुपर्नेमा बाधा र व्यवधानमात्रै सृजना गर्नुले हाम्रो सरकार कसको हितमा काम गर्दै छ भनेर सोच्न जरुरी छ ।

कोरोना भाइरसको महामारीले सम्पूर्ण देश लकडाउनमा भएको र सम्पूर्ण नागरिक लकडाउनका कारण घरमै बसेको अवस्थामा यो नगरपालिकाले बालबालिकाहरूको शैक्षिक अवस्था सुधारको लागि टेलिभिजनबाट भर्चुअल कक्षा सञ्चालन गरिरहेको छ । जुनसुकै परिस्थितिमा पनि जनताका छोराछोरीहरू शिक्षाबाट वञ्चित नहोऊन् भन्ने जिम्मेवारीबोधका कारण भक्तपुर नगरपालिकाले अनलाइन, फेसबुकबाट विद्यार्थीको लागि अनिवार्य ६ वटा विषयमा कक्षा सञ्चालन गरिरहेको छ । भक्तपुर नगरपालिकाले सञ्चालन गरेको भर्चुअल शिक्षाबाट नेपालका ७७ वटै जिल्लाका विद्यार्थी भाइबहिनीहरूले धेरै लाभ लिइरहेका छन् । टेलिभिजनको समय अनुकूल नहुनेहरूले फेसबुक लाईव तथा युट्युवबाट आफूलाई अनुकूल हुने समयमा अध्ययन गरिरहेका छन । अहिले तयार गरेका पाठहरू भविष्यमा पनि महत्त्वपूर्ण शैक्षिक सामग्रीको रूपमा रहनेछन् । विगतको लामो युद्ध तथा कुनै पनि बन्द वा हड्तालहरूमा कहिले पनि विद्यालयहरू बन्द नगरेको नगरपालिका पनि यही हो । नेपालमा सबैभन्दा पहिले स्थानीय पाठ्यक्रम बनाएर लागू गर्ने तथा शैक्षिक योजना बनाएर अगाडि बढ्ने नगरपालिका पनि भक्तपुर नगरपालिका रहेको छ ।

जनताको सेवा गर्ने नि:स्वार्थ भावना भएका जनप्रतिनिधि भए असम्भव भन्ने केही हुँदैन । लोभीपापीहरूले नेपाल मजदुर किसान पार्टीले जितेको नगरपालिकाले गर्ने काम के अरू स्थानीय तहले गर्नहुँदैन र ? आफूलाई हात्ती पार्टी ठान्ने जनप्रतिनिधि भएका स्थानीय तहको शैक्षिक क्षेत्रमा गरेका कुनै नमुना काम किन देखिँदैन ? जसरी मानिसको सम्पूर्ण शरीरलाई सानो मस्तिष्कले सञ्चालन गर्छ, त्यसैगरी सम्पूर्ण स्थानीय सरकारहरूले भक्तपुर नगरपालिकालाई दियोको रूपमा सम्झिएर अब बिउँझनुपर्ने बेला आएको छ । एकैपटक सबै क्षेत्रमा परिवर्तन गर्न नसके पनि नेपालका प्रत्येक स्थानीय निकायहरूले एक-एक वटा बहुप्राविधिक शिक्षालय र प्रत्येक वडाहरूमा कम्तीमा १-१ वटा बालमैत्री गुणस्तरीय नमुना विद्यालय स्थापना गरी नेपाल र नेपालीको हितमा आत्मनिर्भर र स्वाभिमान नागरिक उत्पादनको अभियानमा जुट्न सकेमा नेपालको सपना साकार हुनेछ ।

(मजदुर, २४ वैशाख २०७७ बाट केही अंश)

हार्दिक समवेदना



स्व. कृष्णबहादुर किसी

जन्म : १९९० वैशाख २८ | निधन : २०७७ वैशाख १२

वडा नं. ७ का पूर्ववडाध्यक्ष श्रीकृष्ण किसीका पुजनीय पिता **कृष्णबहादुर किसी**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिका परिवार

हार्दिक समवेदना

स्व. कृष्णप्रसाद प्रजापति

जन्म : २००३ असार १८ | निधन : २०७७ जेठ २

भक्तपुर नगरपालिकाका कर्मचारी विद्यालक्ष्मी प्रजापतिका पुजनीय पिता **कृष्णप्रसाद प्रजापति**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिका परिवार

दुई तिहाईको सरकार कायरमा नदरियोस्

प्रकाश नेपाल

मेरो एक छिमेकीले घर बनाउँदै थियो, नक्सा पास गरी पिलर उठाउने क्रममा अर्को छिमेकीले 'बाधा' दियो। पिलरले आफ्नो करिब एक इन्च 'अतिक्रमण' गरेकोले पिलर सार्नुपर्ने उनको जिकिर थियो।

यस्ता विवाद जताततै देखिन्छ। आली ताछ्ने क्रममा बढी ताछ्यो भनेर विवाद र मुक्कामुक्की गरेको घटना पनि हामीले देखे सुनेका छौं।

आफ्नो घर, खेत वा जमिनको एक दुई इन्च पनि अतिक्रमण गर्न नदिनु हकको कुरा हो त्यसैले अन्यथा ठान्नु हुँदैन। यद्यपि सरसल्लाह र समझदारीमा एक दुई होइन चार पाँच इन्चदेखि सिंगै किल्ला र आली त्याग्ने-छोड्ने पनि नभएका होइन।

आफ्नो घर खेतको एक दुई इन्च नछोड्ने नागरिकका अल्पमत, बहुमत र 'दुई तिहाइ' का सरकारहरू निक्कै 'दानी' र 'त्यागी' देखिएका छन्। एक दुई ठाउँमा होइन देशको ७१ ठाउँको ६० हजार हेक्टर भूमि अतिक्रमण हुँदा र हडप्दा पनि हाइसन्चोले बसे र बसिरहेको छ। सत्तामा हिजो बसिसकेका र आज बसिरहेकाहरूको निजी हकको जमिन अरुले अतिक्रमण गरे या हडपे निश्चय पनि तिनीहरू मौन बस्ने थिएनन्। आफ्नो जमिनको सुरक्षा गर्न, हक कायम गर्न जागरुक हुनेहरू आफ्नै देश अर्थात मातृभूमिको भाग अरुले लुछ्दा र चिथोर्दा पनि शासक दलहरू यति शान्त किन बसेका होलान् ? के तिनीहरू यो देशका नागरिक होइनन् ? सरकारहरू नेपाल र नेपालीका होइनन् ? एक सार्वभौम र स्वतन्त्र देशमाथि छिमेकीले गरेको थिचोमिचो, अतिक्रमण, हस्तक्षेपको विरोधमा आवाज विदेशीले पनि उठाउने गर्छ, न्यायको पक्षमा केही गर्छ। कुनै बेला चीनले नेपालमाथि कसैले हस्तक्षेप-आक्रमण गरे त्यो चीनलाई गरेको सरह हुनेछ भनेर आवाज दिएको थियो। त्यो आवाज हाम्रो लागि वरदान भएको थियो र छ। तर सत्तामा बसेर राईदाई गर्नेहरू नेपाल र नेपालीको नभएपछि तिनीहरूलाई के भारतका दलाल भन्नुको विकल्प छ ?

नेपालका सत्तासीनहरू, शासक दलहरू आफ्नै देशमाथि अतिक्रमण हुँदा आफ्नो निजी सम्पत्ति जोगाउन जति पनि जागरुक नहुनु विडम्वना भन्दा पनि टीठलाग्दो भएको छ। यस्ता हुत्तिहारा र कायर, मातृभूमिप्रति रत्तिभर माया नभएका शासकहरूबाट शासित हुनुपर्ने नेपालीको नियतिप्रति धिक्कार्ने कि पछुताउने ? अथवा यस्तालाई मत दिनेहरूलाई गाली सराप दिएर मन बुझाउने ? अन्यौल छ।

भारतले नेपालको भूमिमा लिपुलेकसम्म बाटो बनाएर छिमेकी र मित्रताको सम्बन्धको अवमूल्यन र अवज्ञा गरेको छ। एक स्वतन्त्र, स्वाधीन र सार्वभौम देशको अस्तित्वलाई दुस्साहसपूर्वक अपमान गरेको छ। उसले सीमा क्षेत्रमा होइन सीमाभन्दा धेरै भित्र अर्थात पूर्णरूपमा नेपाली भूमिमा बाटो बनाएको छ। बुझ्ने भाषामा भन्ने हो भने उसले रक्सौल नजिकको पर्साको सिमानामा होइन चितवन जिल्लामा बाटो बनाएको छ – नेपाल सरकारसँग नसोधी। यो अरुको खेतको आली ताछेजस्तो सामान्य घटना पनि होइन। यदि नेपालले उपयुक्त ठोस कदम नचाल्ने हो भने भोलि रक्सौलदेखि काठमाण्डौ हुँदै रसुवासम्म एकतर्फी बाटो बनाउने छ।

भारतले हिजो सीमा नदी महाकाली वारीको कालापानीदेखि लिम्पियाधुरासम्मको नेपाली भूमि आफ्नो नक्सामा पाऱ्यो। आज त्यही भूमिको बीचबाट बाटो बनाएर उद्घाटन पनि गऱ्यो। तर नेपाल सरकारले विना हस्ताक्षरको 'कुटनीतिक नोट' पठायो। त्यस्तो नोट नेपालले पाँच वर्षमा तीन वटा पठाइसक्यो। तर अतिक्रमणमा कुनै कमी आएको छैन। त्यस्तो नोटको महत्त्व नेपालभाषाको उखान जस्तै भएको छ – नाय या हने मे ख्वयेगु अर्थात वधकर्मीको अगाडि पशु रुनु।

नेपालको 'कुटनीतिक नोट' को जवाफमा भारतले 'आफ्नै भूमिका बाटो बनाएको' जवाफ दिएको छ। नेपाल सरकार एकातिर त्यो क्षेत्र नेपालको भएको यथेष्ट प्रमाण भएको बताउँछ तर भारत 'आफ्नो भूमि' भन्छ भने के त्यो जमिन बेचिसकेको थियो ? ठूला पार्टी भनिएका नेकां-एमालेले हिजो राष्ट्रघाती महाकाली सन्धि संसदबाट पारित गरेका थिए। अन्य सरकारहरूले पनि देशको अहितमा थुप्रै राष्ट्रघाती सन्धि सम्झौता गरेकै हो। महाकाली सन्धिमा 'पश्चिमबाट सूर्य उदाउने' र 'वार्षिक खर्बौं रकम आम्दानी गर्ने' भनी बुर्लुक्क बुर्लुक्क उफ्रनेहरू केपी ओली र माधव नेपाल नै थिए। त्यसैले देशको भूभाग 'बेच्ने' काम कुन सरकारले गऱ्यो खोजविन हुनुपर्ने देखिन्छ। अन्यथा भारत आफैले पनि 'विवादित' भनेको भूभागलाई कसरी 'आफ्नो' भन्न सक्छ ?

थाहा भएको कि नभएको

देशको भूमि भारतले अतिक्रमण गरेको तथ्यबाट सरकार सुसूचित भएको वा नभएको भन्ने धुवाँको पर्दा पनि बाक्लै फैलाइएको छ।

प्रम ओली 'थाहा नभएको' बताउँछ, परराष्ट्र मन्त्री ज्ञवाली 'सडक निर्माणबारे थाहा नहुने प्रश्नै आउँदैन' भन्छन् । गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्मा 'लिपुलेकमा भारतले सडक बनाइरहेको सूचना हामीलाई पहिला कुनै पनि निकायबाट आएको थिएन' भन्छन् तर राष्ट्रिय अनुसन्धान विभागका पूर्व अनुसन्धान अधिकृत विनोदकान्त ठाकुर सुदूर पश्चिम क्षेत्रीय प्रमुख हुँदा 'सूचना दिएका हौं तर माथिल्लो निकायबाट गम्भीरतापूर्वक लिइएन र कुनै निर्देशन पनि आएन' भन्छन् । त्यस्तै दिल्लीमा खटिएका एक जना गुप्तचर अधिकारीको 'लिपुलेकतर्फ सडक निर्माण भइरहेको छ भन्ने सूचना कुनै गोप्य होइन । हामीले माथिल्लो निकायलाई सूचना दिएका हौं । सूचना भएरै पनि हाम्रो सरकार भारतसँग संवाद गर्न चुकेको हो' भन्ने छ । त्यस्तै अनुसन्धान विभागका एक अधिकारी 'यो विषयमा सरकारलाई धेरै पटक प्रतिवेदन गएको छ । यति ठूलो विषयमा हामीले प्रतिवेदन नदिने कुरै हुँदैन' भन्छन् । अनुसन्धान विभागका पूर्व प्रमुख देवीराम शर्माले सन् २०१५ मा चीन र भारतले व्यापार मार्गको सहमति गरेपछि सरकारले विज्ञप्ति निकालेको (कुटनीतिक नोट पनि पठाएको) थियो, त्यसपछि नेपाल चुप बस्यो, तर अहिले दबाब बढेपछि थाहा थिएन भन्नु लाचारी हो भनेका छन् । पत्रपत्रिकामा आएका यस्ता कुराले दुई तिहाइको सरकार अक्षम र लाचार रहेको स्पष्ट हुन्छ र प्रमाणित गर्छ ।

सस्तो सल्लाह

नेपाली भूमि भारतले अतिक्रमण गरेको समस्या कुटनीतिक वार्ता, उच्च तहको संवादबाट हल गर्नुपर्ने सुझाव सबैले दिएका छन्, तर त्यो साह्रै सस्तो भइसकेको छ । दशकौंदेखि त्यस्तो सुझाव दिनेहरूको सङ्ख्या निकै बढेको छ तर परिणाम सधैं आज नगद भोली उधारो भएको छ । दिल्ली भ्रमणमा जाने उच्च पदासिन व्यक्तिहरूले यदाकदा भारतीयहरूको कानमा पुऱ्याएको समाचार त आउँछ तर परिणाम केही पनि निस्केको छैन – न भारतले अतिक्रमण गर्न छोडेको छ न 'कुटनीतिक वार्ता' को सल्लाह सेलाएको छ । 'कुटनीतिक वार्ता' एउटा थेगो बनेको छ, श्राद्धमा बिरालो बाँधे जस्तो ! भारतको कानमा परेको अतिक्रमणको गुनासो भने निरीह जन्तुको पुकार हिंस्रक जनावरलाई जस्तो भएको छ ।

अहिले पनि नेपालले वार्ता गर्ने कुरा उठाएको छ, भारतले कोरोना साम्य भएपछिको समय दिएको छ । अघाएको र भोकाएकाको डाँडावारी र डाँडापारीको कथा जस्तो भएको छ किनभने कोरोना कहिले साम्य हुने हो कसैलाई थाहा छैन । त्यसैले संरा सङ्घ, अन्तर्राष्ट्रिय अदालतमा हामीलाई अन्याय भयो भनेर एउटा पत्र दिइराखे भारत पनि तान्ने थियो र वार्ताको वातावरण नजिकिने थियो । दुई तिहाइको धाक लगाए जस्तो काम पनि गर्न सके देश र जनताको ठूलो हित हुनेछ । देशमा धेरै जना प्रम भए, धेरै वटा सरकार आए गए तर यति ठूलो विषयमा देशभक्तिको काम कसैले गर्न सकेन । के दुई तिहाइ सरकारमा पनि त्यो आँट छैन ? यदि छैन भने पूर्व सरकारहरू झैं दुई तिहाइको सरकार पनि लाचार र कायर सरकारमा दरिने निश्चित छ ।

एम्बुलेन्सका केही सम्पर्क नम्बरहरू

१) जिल्ला समन्वय समिति	९८४१२५७८९२	६६११०९३
२) भक्तपुर नगरपालिका	९८५१०८२७९९	६६१३२००
३) मध्यपुर थिमि नगरपालिका	९८५१०१०७१४	६६३७६५२
४) चाँगुनारायण नगरपालिका	९८५१२१४८०९	६६१६६२२
५) भक्तपुर अस्पताल	९८४०२५६३५०	६६१०६७६
६) मानव अङ्ग प्रत्यारोपण केन्द्र	९८५१०१८१७७	६६१४७०९
७) भक्तपुर क्यान्सर अस्पताल	९८६०१७१५५२	६६११५३२
८) डा.इवामुरा अस्पताल	९८६००२५३३३	६६१२७०५
९) मध्यपुर अस्पताल	९८५११३३६१३	६६३१६५८
१०) नागरिक अस्पताल	९८५११३३७९७	६६३७७००
११) नेपाल कोरिया मैत्री अस्पताल	९८४१२५७०४८	६६३३४४२
१२) सिद्धि स्मृति अस्पताल	९७४१२०४९९१	६६१०५७०
१३) समित अस्पताल	९८६०३३८८७०	६६३१७३६
१४) काठमाडौं क्यान्सर सेन्टर	९७४१४६६५५०	५०९१६२९
१५) रेडक्रस शाखा भक्तपुर	९८४९८५७३३२	६६१२२६६
१६) रेडक्रस शाखा नलिन्चोक	९८४३५५९०९०	
१७) रेडक्रस शाखा ताथली	९७४१२३३८१५	
१८) रेडक्रस शाखा नगरकोट	९७४१२३३६००	
१९) चाँगु प्राथमिक स्वास्थ्य केन्द्र	९८४९४२४८१३	
२०) हरिनाम संकीर्तन सेवा समिति	९८६०३३५९४४	
२१) सुडाल ब्रम्हायणी विकास केन्द्र	९८४३६३३७४४	
२२) अखण्ड सेवा समिति	९७४१३२३२९६	
२३) ग्रमीण विकास पूर्वाधार केन्द्र	९८४१४७७७९४	

शव वाहन सेवा

१) भक्तपुर नगरपालिका	९८४१४३२६०१	६६१३२००
२) देवडोल समाज	९८१८५६९३५१	
३) रेडक्रस उपशाखा थिमि	९८४९१७०२५६	
४) भक्तपुर क्यान्सर अस्पताल	९८६०१७१५५२	६६११५३२

कोभिड १९ ले तर्साएपछिका तीन दिन ...

पुण्यराम लाखा

कोरोना भाइरस (कोभिड १९) सङ्क्रमण नेपालमा पनि फाट्टफुट्ट देखिन थालेको थियो । नेपाल सरकारले जारी गरेको बन्दाबन्दीलाई स्थानीय तहमा प्रभावकारी बनाउन भक्तपुर नगरपालिकाले स्वयंसेवकहरू परिचालन गरेको थियो । जनप्रतिनिधिहरूको निर्देशनमा हामी कर्मचारीहरू पनि राहत वितरण, धानको बीऊ वितरण, तरकारी बजार व्यवस्थापन, स्वयंसेवक परिचालनलगायत कार्यमा खटेका थियौं । वडा कार्यालयमा पनि सेवाग्राहीहरूको दैनिक भीड नहोस् भनेर अत्यावश्यक सेवा मात्र प्रदान गरिरहेका थियौं । कार्यालय समयमा दैनिक २ जनामात्र कर्मचारी उपस्थित हुनेगरी आलोपालो कार्यालय पुग्ने व्यवस्था मिलाइएको थियो । नगरको सरसफाइ कार्य भने निरन्तर चलिरहेकै थियो ।

भक्तपुर नगरपालिका वडा नं. ९ मा सम्पदा पुन:निर्माण तथा केही विशेष निर्माण कार्यहरू स्थानीय उपभोक्ता समितिमार्फत जारी नै थिए । स्थानीय कालिगढ र स्थानीय ज्यामीहरू मात्र व्यवस्था गरिएको र कार्यस्थलमा आवश्यक सावधानी अपनाइएको कारण प्रहरी प्रशासनबाट कुनै रोकावट थिएन । विशेषत: २०७२ सालको भूकम्पबाट भत्किएको च्याम्हासिंह ध्वाकाको पुन: निर्माण कार्य अन्तिम चरणमा पुगेको थियो । सूर्यमढीस्थित नास: द्यो पुन: निर्माण कार्य पनि भइरहेको थियो । त्यस्तै यही अवधिमा ऐतिहासिक तुलु हितीको पानीको निकास थुनिएकोले हप्तादिन लगाएर स्थानीयहरूको मिहिनेतमा नगरपालिका र वडा कार्यालयले निकास खोल्ने कार्य पनि सम्पन्न भयो । च्याम्हासिंहस्थित जनस्वास्थ्य कार्यालयको फार्मेसी भवन र ख्वप अस्पताल भवन निर्माण कार्य पनि जारी थियो ।

यही जेठ ४ गते वडा कार्यालयको दैनिक कार्य सम्पादन गरेपछि साँझतिर एक्लै च्याम्हासिंह ध्वाका पुन: निर्माण भइरहेको र जन-स्वास्थ्य केन्द्र परिसरमा निर्माणाधीन फार्मेसी भवनको निरीक्षणमा गएको थिएँ । जनस्वास्थ्य केन्द्रमा नगरपालिकाका सफाइ कर्मचारीहरूको आरडीटी परीक्षण भइरहेको थियो । कसैको आग्रह वा निर्देशन थिएन, नत कुनै शंका नै थियो । तैपनि आफ्नो पनि आरडीटी परीक्षण गरौं भन्ने लाग्यो । ढुक्कसँग रगतको नमुना दिएँ । १५ मिनेटभित्र परीक्षणको रिपोर्ट आउँछ भनिएकोले त्यही बसें ।

रिपोर्ट आउँदा भने मेरो सातोपुत्लो गयो । मेरो रिपोर्टमा आरडीटी पोजेटिभ देखियो । आकासबाट खसे झैं भयो । ल्याव टेक्निसियन साथीले पुन: मेरो टेस्ट गर्ने भन्नुभयो । मैले केही भन्न सकिनँ । पुन: आफ्नो रगतको नमूना दिएँ । त्यतिञ्जेलसम्ममा वडाध्यक्षज्यू पुगिसक्नुभएको थियो । उहाँले नगरपालिकाका सफाइ कर्मचारीहरूलाई प्राथमिकता दिएर टेस्ट गराइरहेको र कर्मचारी तथा जनप्रतिनिधिहरूको पछि टेस्ट गर्ने व्यवस्था मिलाउने कुरा राख्दै हुनुहुन्थ्यो । शायद मेरो अनुहार मलिनो थियो वा म हतासिएको चाल पाउनु भयो कि, 'अहिले यो टेस्ट हाम्रो लागि होइन, टेस्ट किट थप आएपछि हामी पनि गरौंला' भन्नुभयो । उहाँको भनाइमा मेरो त्यति ध्यान गएको थिएन । म अधैर्यतापूर्वक रिपोर्ट कुर्दै थिएँ ।

रिपोर्ट फेरि पनि पोजेटिभ आयो । ल्याव टेक्निसियन आफैले वडाध्यक्षज्यूलाई जानकारी गराउनु भयो । एकजना सफाइ कर्मचारी दिदीको पनि आरडीटी टेस्टमा पोजेटिभ रिपोर्ट आएको जानकारी गराइयो । हामी दुवै जना सँगै थियौं । हत्त न पत्त वडाध्यक्षज्यूले एम्बुलेन्स खोज्नुभयो तर कहीं पनि एम्बुलेन्स थिएन । जनस्वास्थ्य केन्द्रमा त्यतिबेलासम्म पीसीआर टेस्ट गरिएको थिएन । बेलुकीको ६ नाघिसकेको थियो । वडाध्यक्षज्यूले भक्तपुर अस्पतालमा सम्पर्क गर्नुभयो । अस्पतालमा पीसीआर टेस्ट हुन्छ भनेपछि हामीलाई अस्पताल पठाउनुभयो ।

अस्पताल पुग्दा भर्खरै मात्र पीसीआर टेस्ट लिने ल्याव टेक्निसियन ड्यूटी सकाएर घर जानुभएको जानकारी पायौं । हामी अल्मलियौं । मनमा अनेक अशुभ कुराहरू खेल्न थाले । आफूलाई के हुने हो, अनि परिवारलाई समाजले कसरी हेर्ने होला भन्ने चिन्ता बढ्न थाल्यो । घरमा चिन्ता होला भनेर मैले कसैलाई फोन गरिनँ ।

केही समयपछि नेपाल-कोरिया मैत्री अस्पतालको एम्बुलेन्स आयो । प्रहरीहरू साथमा थिए । हामीलाई टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल जान आग्रह गरियो । नाइँ भन्न सकेनौं, हामी दुई जना एम्बुलेन्सभित्र छुट्टाछुट्टै सिटमा बस्यौं । पत्रकारहरूले हाम्रो फोटो खिचे । निकै अप्ठेरो महसुस भयो । इटालीमा कोरोनाका बिरामीहरूलाई एम्बुलेन्समा राखेर अस्पताल लगिरहेको र पछाडि पत्रकारहरू दौडिरहेको दृष्य फेसबुकमा हेरेको थिएँ, त्यस्तै अनुभव भयो । इटालीमा कुखुराका

चल्ला झैं बिरामीहरू भटाभट मरेको दृष्य मानसपटलमा आइरहेको थियो । हाम्रो पनि त्यही अवस्था त आउने होला भन्ने लाग्यो ।

बेलुकी ८:०० बजे शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको इमर्जेन्सी वार्डमा राखियौं । पीपीई लगाएका दुइजना चिकित्सकहरू हामी साम्‌ आउनु भयो र हामी दुवै जनासँग शरीरमा कुनै समस्या छ कि ? भनी प्रश्न सोध्नुभयो । मानसिक तनावबाहेक हामीलाई अरु केही समस्या थिएन । उहाँहरूले हामी दुवैलाई अस्पतालकै क्वारेन्टाइनमा बस्न सल्लाह दिनुभयो ।

अस्पताल भवनको भुइँ तलामा ३३ वटा बेड थिए । हामीलाई बेड नं. ९ र १३ मा राखियो । कोठा त्यति सफा थिएन । ट्वाइलेट पनि राम्रो अवस्थाको थिएन । सुत्ने ठाउँ फरक भएर हो वा अन्य कारणले रातभरि अनिदो भएँ ।

भोलिपल्ट जेठ ५ गते विहान ११:४५ बजे हाम्रो स्वाब परीक्षणका लागि नमुना सङ्कलन गरियो । अस्पतालमा पीसीआर परीक्षण गर्नेहरूको भीड थियो । विरामीहरूबीच भौतिक दूरी कायम गरिएको थिएन । सद्दे मान्छे पनि अस्पताल आएर सङ्क्रमित होला भन्ने डर !

अस्पतालको इमर्जेन्सी वार्ड अगाडि अन्दाजी ४५-५० वर्षका कोरोना सङ्क्रमित बिरामीलाई मुखमा बल सहितको अक्सिजन लगाएर राखिएको थियो । उनलाई अर्को अस्पतालमा उपचारका लागि पठाउन लागिएको रहेछ । एम्बुलेन्समा राख्न उनको मुखबाट अक्सिजन झिकियो तर उनलाई एम्बुलेन्समा राख्न पीपीई लगाएका नर्स र डाक्टरले समेत सहयोग गरेनन् । विरामी कुरुवा बसेकी एकजना आइमाइले सकीनसकी विरामीलाई एम्बुलेन्समा राख्ने कोसिस गरिरहेकी थिइन् । अक्सिजनको अभावमा विरामी छटपटिरहेको थियो । अत्यन्त कारुणिक अवस्था देखियो ।

अस्पतालमा दिन काट्न सजिलो थिएन । परीक्षण गर्नेको भीड, विरामीको स्वास्थ्य जटिलता र कुरुवाको रोदन सुन्न लायक पक्का पनि थिएन । तर कोही रहरले अस्पताल आएका पनि थिएनन् । समय काट्न निकै सकसपूर्ण अनुभव हुन्थ्यो । साथीहरूको फोन आइरहन्थ्यो । धेरैबाट ढाडसपूर्ण सल्लाह पाउँदा मन हलुँगो हुन्थ्यो । परिवारका सदस्यहरूको अवस्था सम्झेर भने भित्रभित्रै मन पोल्थ्यो । अस्पतालमा दिन काट्न मात्र होइन, रात काट्न अझ मुश्किल थियो । मनको आकुलव्याकुलता त थियो नै त्यसमाथि सिलिङ पंखाको आवाज पनि कर्णप्रिय थिएन । बगरमा सुत्दा खोलाको आवाज सुन्न मज्जा हुन्थ्यो होला तर पंखाको आवाजले रातभरि कान दुख्थ्यो । केन्द्रीय अस्पताल भएकोले कोठा फराकिलो र सफा हुनुपर्थ्यो, एसी हुनुपर्थ्यो, अस्पताल परिसरमा चिटिक्क परेको बगैंचा हुनुपर्थ्यो, विरामी तथा कुरुवाको मन बहलाउने वातावरण हुनुपर्थ्यो भन्ने लाग्छ । टेकुमा त्यस्तो कुनै वातावरण नहुँदा हाम्रा अस्पतालहरू कहिले राम्रो होलान् भन्ने लाग्यो ।

जेठ ६ गते हाम्रो पीसीआर परीक्षणको रिपोर्ट आउँछ भनिएको थियो । हामी दुवैजनाको स्वास्थ्य अवस्थामा कुनै समस्या नदेखिएकोले रिपोर्ट नेगेटिभ आउनुपर्छ भन्ने लागिरहेको थियो । तर हातमा रिपोर्ट नआएसम्म भन्न सकिने अवस्था थिएन । आरडीटी परीक्षणमा पनि त नेगेटिभ आउनुपर्थ्यो, किन पोजेटिभ आयो त ? फोनमा साथीहरूसँग कुराकानी गर्ने क्रममा केही साथीहरूले डेंगू रोगको भाइरस र कोभिड १९ रोगको भाइरस एकै प्रजातिको भएकोले डेंगू रोग लागेर निको भएका व्यक्तिहरूलाई आरडीटी परीक्षणमा पोजेटिभ देखाउन सक्छ है भनेका थिए । भाइरसविरुद्ध शरीरमा प्रतिरोधात्मक क्षमता विकास भएपछि आरडीटीमा पोजेटिभ आउँछ भनियो । तथ्य के हो, त्यो त थाहा छैन । तर आफूलाई पनि एक वर्षअघि डेंगू रोग लागेको पक्का हो । नभए आफू कहीं गएकै छैन, विदेशबाट आएका कसैसँग सम्पर्क गरेकै छैन कसरी कोभिड १९ रोगको सङ्क्रमण हुन्छ त ? मनमा यस्तै कुराहरू खेल्न थाले ।

सफाइकर्मी दिदीको नि ? उहाँलाई त डेंगू रोग लागेको थिएन । सम्भवतः केही दिनअघि काठमाण्डौ महानगरपालिकामा उहाँको आफन्तलाई आरडीटी परीक्षण गर्दा पोजेटिभ आएकोले उहाँलाई पनि देखिएको हो कि ? त्यसोभए अरु साथीहरूलाई किन रिपोर्टमा पोजेटिभ देखाएन त ? दिमागमा कोरोना सन्त्रासबाहेक अरु केही थिएन । त्यसैले यस्तै मात्र कुराहरू खेले । यही नै हो भनेर डाक्टरहरूले भन्नुभएको थिएन । हाम्रो पीसीआर परीक्षणको रिपोर्ट पनि आएको थिएन ।

तर टोल छिमेकमा भने अनेक हल्ला चलेको साथीहरूबाट खबर आइरह्यो । स्वास्थ्य विभागको नियमित पत्रकार सम्मेलनमा भक्तपुरका एक जनाको रिपोर्ट पोजेटिभ आयो भन्ने उल्लेख गरिएको रहेछ । सबैले हामीमध्ये नै हुनसक्छ भन्ने अड्कल काटे । हाम्रो रिपोर्ट अझै आएको थिएन । पक्का पनि हामीमध्ये कोही कोरोना सङ्क्रमित भयौं भन्ने लाग्यो । विभागले जनाए अनुसार २७ देखि ४२ वर्ष उमेर समूहका सङ्क्रमित भेटिए भनेपछि सफाइकर्मी दिदी आत्तिनुभयो । उहाँको उमेर त्यही समूहभित्र पर्छ । 'अब म कहाँ जाऊँ ? बालबालिकालाई कसले हेरविचार गर्छ ?' भनेर उहाँ निकैबेर रुनुभयो । मैले सम्झाउने कोसिस गरेँ तर सकिनँ । फेरि कता कता सङ्क्रमित व्यक्ति त गोल्मढीतिरको भन्ने हल्ला चल्यो ।

त्यसपछि मेरो होसहवास गुम्यो । परिवारका सबै सदस्य क्वारेन्टाइनमा बस्ने भयो, वरिपरिको बस्ती पूरै सिल गरिने भयो, परिवारका सबै सदस्य र नातेदारहरूसमेतको परीक्षण गरिने भयो, परिवारका सदस्यहरू अपहेलित हुने भए । दिदीलाई पर्दा सम्झाउने म परेँ, अब मलाई कसले सम्झाउने ? मन आतंकित भइरहेको थियो ।

हामी बसेको कोठामा सँगै बेडमा बसेका सुनसरीका अन्दाजी ७५ वर्षका जेष्ठ आमालाई पीसीआर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ तर उहाँको एक्लो छोरोलाई भने पोजेटिभ आएको रहेछ । उहाँहरू संयमित हुनुहुन्थ्यो । उहाँहरूको धैर्यताले हामीलाई चित्त बुझाउन र आत्मबल बलियो बनाइराख्न हौसला प्रदान गऱ्यो ।

जेठ ७ गते बिहानदेखि नै हाम्रो रिपोर्ट आउला भन्ने आसमा बस्यौं । रिपोर्टको विषयमा हामीलाई कसैले केही भन्न आएको थिएन । फोनमा सबै आफन्त र मित्रहरूले सोधिरहेका थिए । हामीसँग कुनै जवाफ थिएन । दिनको २:०० तिर हामी दुवैजना आफ्नो रिपोर्टको खोजीमा लाग्यौं । उहाँहरूले भन्न पो भ्याउनु भएन कि ? भन्ने लाग्यो । अलिबेरको मिहिनेतपछि बल्ल हाम्रो हातमा रिपोर्ट थमाइयो । दुवैजनाको पीसीआर रिपोर्टमा नेगेटिभ लेखिएको देखेपछि बल्ल आनन्दको स्वास फेऱ्यौं । दुवैले आ-आफ्नो रिपोर्ट दोहोऱ्याई तेहोऱ्याई हेऱ्यौं । दुवैले आपसमा अनुहार हेऱ्यौं । दुवैजना अत्यन्त खुशी थियौं । हामीलाई खुशीको खबर सुनाउन हतार भयो । दुवैले आफन्त र नजिकका साथीहरूलाई फोनमार्फत खुशीको कुरा बताउन थाल्यौं ।

अस्पतालले हामीलाई घर फर्कन अनुमति दियो । तर लकडाउनको समयमा भक्तपुर कसरी पुग्ने भन्ने आइडिया भएन । भक्तपुर जनस्वास्थ्य केन्द्रबाट स्वाब परीक्षणको नमूना एम्बुलेन्समार्फत टेकु अस्पतालमा ल्याइँदै थियो भन्ने जानकारी पायौं । त्यही एम्बुलेन्समा बसेर हामी घर फर्कियौं ।

हामी निरोगी भएर खुशीले घर फर्किदै गर्दा काठमाडौं महानगरपालिकामा काम गर्ने भक्तपुरका ४२ वर्षीय पुरुषमा कोरोना देखियो भन्ने खबरले हाम्रो मन खिन्न भयो ।

हामीलाई २०७७ जेठ ४ गतेदेखि ७ गतेसम्म सहयोग गर्ने, हौसला बढाउने र उपचार गर्ने डाक्टर, नर्स, ल्याब टेक्निसियन, एम्बुलेन्सका ड्राईभर, स्वयंसेवक र अन्य क्षेत्रबाट सहयोग गर्ने सबै महानुभावहरूमा धन्यवाद व्यक्त गर्दै देशभरि कोरोना भाइरस रोगबाट सङ्क्रमित सबै विरामीहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

साभार : मजदुर दैनिक, जेठ १५, २०७७

'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्बन्धित तस्बिरहरु भए प्राथमिकतासाथ स्थान दिइनेछ ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

रचना पठाउने ठेगाना:

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

हार्दिक समवेदना

स्व. कृष्णमाया कुसी

जन्म : २०२२ जेठ २ | निधन : २०७७ जेठ १२

भक्तपुर नगरपालिकाका कर्मचारी श्रीराम कुसीका धर्मपत्नी **कृष्णमाया कुसी**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिका परिवार

विस्तारवादी भारतको अतिक्रमणविरुद्ध नेमकिपाको विरोध जारी

नेपालको भूमि अतिक्रमण गरी भारतले लिपुलेकसम्म बाटो बनाएको विरोधमा नेपाल मजदुर किसान पार्टीले सडक र सदनमा विरोध गरेको छ ।

भारतीय हस्तक्षेपविरुद्ध नेमकिपाको वक्तव्य

भारतले नेपालको भूमि लिपुलेक अतिक्रमण गरी लिपुलेक भञ्ज्याङसम्म सडक निर्माण गरेकोमा विरोध एवम् भर्त्सना गर्दै वैशाख २७ गते नेपाल मजदुर किसान पार्टीले प्रेस विज्ञप्ति प्रकाशित गरेको छ । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा बसेको पार्टी केन्द्रीय सचिवालयको बैठकले उक्त वक्तव्य प्रकाशित गर्ने निर्णय गरेको हो ।

नेमकिपाका सचिव प्रेम सुवालको हस्ताक्षरमा प्रकाशित प्रेस वक्तव्यको पूर्ण विवरण यसप्रकार छ :

'भारतीय रक्षामन्त्री राजनाथ सिंहले वैशाख २६ गते भारतको उत्तराखण्डको पिथौरागढ जिल्लाको धार्चुलादेखि नेपालको भूमि लिपुलेक भञ्ज्याङसम्म ८० किमि सडक भिडियो कन्फरेन्समार्फत उद्घाटन गरे । भारतीय विस्तारवादले नेपाली भूमि गुञ्जी, नाभीढाङ र लिपुलेक अतिक्रमण गरी सडक निर्माण कार्य गरेको नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप हो । लिपुलेक नेपाली भूमि हो । नेमकिपा यो भारतीय हस्तक्षेपको विरोध एवम् भर्त्सना गर्दछ ।

भारतले सन् २०१९ नोभेम्बर २ मा नेपालको भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी भारतीय नक्सामा गाभेर प्रकाशित गर्नेबित्तिकै नेपाल मजदुर किसान पार्टीले विरोध एवम् भर्त्सना गरेको हो । उक्त नक्सा खारेजीको लागि पार्टीले काठमाडौँस्थित भारतीय राजदूतावासमार्फत् भारतीय प्रम नरेन्द्र मोदीसम्म विरोधपत्र पठाएको यहाँ उल्लेखनीय छ ।

सुगौली सन्धिअनुसार महाकाली नदीपूर्वको लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूभाग हो । नेपाली भूभाग गुञ्जी र कालापानीसम्म भारतले आफ्नो सेना तैनाथ गरेकोमा नेपाली जनताले विरोध गर्दै छन् । भारतीय विस्तारवादले नेपाली भूमि लिपुलेक अतिक्रमण गरी धार्चुला-लिपुलेक भञ्ज्याङ सडक सन् २००८ देखि निर्माण सुरू गरी गत महिना सम्पन्न गर्दा समेत नेपाल सरकारले चासो नदेखाएको र आफ्नो भूमि रक्षा गर्न नसकेको खेदजनक छ । यो घटनाबारे पूर्वप्रधानमन्त्री र गृहमन्त्रीहरूलाई जरूर जानकारी हुनुपर्छ ।

भारतीय विस्तारवादले नेपालका सबैजसो प्रधानमन्त्रीलाई सत्तामा राखी पटकपटक नेपालका ठूला नदी वा भूमि अतिक्रमण गर्ने वा असमान सम्झौता गराउने गरेको देखिन्छ । उदाहरणको लागि भारतले प्रमहरू मातृकाप्रसाद कोइरालाको पालामा कोशी, विश्वेश्वरप्रसाद कोइरालाको पालामा गण्डक, सूर्यबहादुर थापाको पालामा सुस्ता, गिरिजाप्रसाद कोइरालाको पालामा टनकपुर, शेरबहादुर देउवाको पालामा महाकाली, सुशील कोइरालाको पालामा माथिल्लो कर्णाली नदी कब्जा गऱ्यो । भारतले प्रम पुष्पकमल दाहाललाई सुरक्षा तथा विदेश मामिला भारतको जिम्मामा रहने गरी, प्रम बाबुराम भट्टराईलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलगायत १५ वटा विमानस्थलहरू सञ्चालन र बीपा सम्झौता तथा प्रम झलनाथ खनाललाई लगानी बोर्डमा सम्झौता गरायो । केपी ओलीको पालामा अहिले लिम्पियाधुरा, लिपुलेक र कालापानी भारतले कब्जा गऱ्यो । भारतीय सदासयतामै माधवकुमार नेपालले प्रमबाट राजीनामा गरी ६ महिना कामचलाउ सरकार चलाएका थिए । भारतले नेपाली भूमि अतिक्रमण गरेको बेला नेपालका पूर्वप्रधानमन्त्री र सत्ताधारी पार्टीबीचको सत्ताको लुछाचुँडी धुवाँको पर्दामात्र हो ।

भारतले नेपालका ७१ भन्दा बढी ठाउँमा सीमा अतिक्रमण गरी ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि कब्जा गरिसकेको छ । भारतले लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो नक्सामा गाभेको बेला नेपाल सरकारले कालापानीमात्र दाबी गरी कूटनीतिक नोट पठायो भने लिपुलेक र लिम्पियाधुरासम्म दाबी गर्न सकेन । नेपाल सरकारले गत कार्तिक महिनामा दार्चुलाको लिपुलेक क्षेत्रमा बोर्डर आउट पोस्ट स्थापना गर्ने निर्णय गरे पनि भारतको दबाबको कारण हालसम्म कार्यान्वयन गर्न सकेन । नेपाल सरकार आफ्नो भूमि दाबी नगरी एउटा कूटनीतिक नोटमात्र पठाएर बस्ने निरीह स्थितिमा किन ?

नेपालको पूर्वी सीमा इलामको पशुपतिनगरदेखि दक्षिणको सप्तरीको तिलाठी र लालापट्टी, पर्साको छपकैया, नवलपरासीको सुस्ता र पश्चिम टनकपुरसम्म भारतले नेपाली भूमि अतिक्रमण गरेको हुँदा नेपाल मजदुर किसान पार्टीले विरोध गर्दै आएको छ । भारत अतिक्रमित सम्पूर्ण नेपाली भूमि फिर्ता गराउन र नेपाल-भारत सीमा नियमित गर्न नेपाल सरकारले अन्तर्राष्ट्रिय अदालतलगायत अन्य दबुहरूमा अविलम्ब विषय पेश गर्नु आवश्यक छ ।

अतिक्रमणको विरोधमा अनलाइन प्रवचन कार्यक्रम

'हतियार र सैन्य शक्तिले जित्दैन सबै लडाइँ'

भारतले लिपुलेक क्षेत्रमा अतिक्रमण गरी सडक बनाएको विरोधमा पत्रकार समाज नेपालको आयोजनामा जेठ ३ गते अनलाइन प्रवचन कार्यक्रम भयो । कार्यक्रममा वक्ताहरूले भारतले एकतर्फीरूपमा नेपाली भूमि मिचेर सडक निर्माण गरेकोमा विरोध गर्दै नेपाल सरकारले तत्कालै त्यसको प्रतिरोध गर्नुपर्ने बताउनुभयो ।

नारायणमान बिजुक्छेँ (रोहित)

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले 'नेपाललाई कुनै अरू देशले उक्साएकोले लिपुलेकमा सडक निर्माणको विरोध गरेको' भन्ने भारतीय सेना प्रमुखको अभिव्यक्तिप्रति कडा विरोध गर्नुहुँदै भन्नुभयो, 'यो विषयमा भारतीय सेनाको प्रमुखले बोल्ने होइन । हातहतियार र सैन्य शक्तिले संसारका कुनै पनि लडाइँको छिनोफानो भएको इतिहास छैन ।'

राजनीतिले नै देश-देशबीचको समस्या समाधान हुने चर्चा गर्नुहुँदै उहाँले यदि सैन्य शक्तिले मात्र कुनै पनि युद्धको टुङ्गो लाग्ने भए भियतनाम युद्धमा संरा अमेरिकी सेना भाग्नु नपर्ने, दोस्रो विश्वयुद्धमा मुसोलिनी र हिटलर पराजित नहुने र नेपोलियन पनि सेन्ट हेलेना टापूमा कैद हुन नपर्ने बताउनुभयो ।

भारतमा सत्तासीन भारतीय जनता पार्टीको धर्म, जाति, अन्धराष्ट्रवाद, अति राष्ट्रवाद सफल नहुने भन्नुहुँदै अध्यक्ष बिजुक्छेँले भारतीय शासक वर्गको आक्रामक फासीवादी नीतिबाट दक्षिण एसियाली देशहरू सजग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले संरा अमेरिका स्वयम् पतनोन्मुख भएको अवस्थामा त्यहाँका शासक वर्गको सहयोगमा भारतीय शासक वर्गले दक्षिण एसियामा आफ्नो आक्रामक नीति लागू गर्न खोज्नु बुद्धिमानी नहुने उल्लेख गर्नुहुँदै भन्नुभयो, 'अमेरिकी साम्राज्यवादका दिन धेरै बाँकी छैन, अब अमेरिकी साम्राज्यवादी शक्तिलाई उसको ईश्वरले पनि जोगाउन सक्दैन ।'

लिपुलेक तीर्थयात्रीहरूको मात्र बाटो नभएको बरू आवश्यक परे अहिले भारतले बनाएको बाटोमा सैनिक ट्याङ्क पनि गुड्न सक्ने धारणा राख्नुहुँदै उहाँले नेपाल साम्राज्यवादी युद्धको आधारभूमि बन्न सक्नेप्रति नेपाली जनता सजग हुनु जरुरी रहेको बताउनुभयो ।

भारतीय विस्तारवादका पक्षपाती र भारतीय कामदार जनता गरी भारतमा दुईथरी जनता रहेको धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले नेपाली जनता भारतीय कामदार जनताको साथमा रहेको बताउनुभयो ।

'भारत सरकारले त्यहाँका मजदुर, किसान, अल्पसङ्ख्यक र प्रगतिशील जनतामाथि दमन गरिरहेको छ । हामी शोषित भारतीय जनताको पक्षमा छौं', बिजुक्छेँले भन्नुभयो ।

'हामी युद्धविरोधी हौं । यतिबेला हाम्रो लडाइँ कोरोना भाइरसजस्तो महामारीविरूद्ध हुनुपर्छ । तर, भारतीय शासक वर्गले नेपाललाई सानो देश ठानेर हेप्नु गलत हो । असल मित्र देश हो भने छिमेकीसँग मिलेर बस्न सक्नुपर्छ ।' उहाँले भन्नुभयो ।

पश्चिमा साम्राज्यवादले दुई वटा विश्वयुद्ध सामना गरिसकेको हुँदा युरोप र अमेरिकाले तेस्रो विश्वयुद्ध पनि सामना गर्न नसक्ने भएकाले उनीहरू एसियाली देशहरू लडाएर नयाँ युद्ध गर्न खोजिरहेका छन्, उहाँले भन्नुभयो ।

नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले नेपाली भूमि भारतीय नक्सामा समेट्ने भारतीय कदमविरूद्ध नेपाल सरकार अन्तर्राष्ट्रिय अदालत र अन्य अन्तर्राष्ट्रिय दबुमा पुग्नुपर्ने विचार राख्नुभयो ।

केही पूर्वप्रधानमन्त्रीहरूले आज

प्रेम सुवाल

भारतीय हस्तक्षेपको विरोध गरेको तर्फ सङ्केत गर्नुहुँदै उहाँले आफू प्रधानमन्त्री हुँदा भारतीय हस्तक्षेपबारे किन केही नगरेको भनी जनताले उनीहरूसँग प्रश्न सोधिरहेका छन् भन्नुभयो ।

देशको सिमाना रक्षाको लागि सुरक्षाकर्मी नपुगेको बेला पूर्वपदाधिकारीको सुरक्षाको नाममा खटिएका सबै सुरक्षाकर्मी फिर्ता गर्नुपर्नेमा

जोड दिनुहुँदै उहाँले औद्योगिक क्षेत्रहरूको सुरक्षामा खटिएका सशस्त्र प्रहरी बलका प्रहरी जवानहरूलाई सीमा सुरक्षामा खटाउनुपर्ने रआवश्यक परे नेपाली सेनालाई पनि नेपालको सिमाना रक्षाको निम्ति परिचालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले भन्नुभयो, 'भारतले अतिक्रमित भूमि पहिलदेखि नै नेपालको भूमि भएकोले भूमि 'प्राप्त गरिसकेपछि' नयाँ नक्सा निकाल्ने भन्न नमिल्ने बरू लिम्पियाधुरासम्म र अन्य अतिक्रमित ठाउँको भूमिसमेत संलग्न गरी नेपाल सरकारले तत्कालै नक्सा जारी

भैरव रिसाल

गर्नुपर्छ ।'

वरिष्ठ पत्रकार तथा सीमा बचाउ अभियानका अगुवा **भैरव रिसाल**ले भारतले नेपाली सिमाना मिचेको विषयलाई नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने बताउनुभयो ।

'बालुवाटार र सिंहदरबारमा आफ्ना सल्लाहकार र मन्त्रीसामु त जसले पनि बोल्छ । त्यही कुरा अन्तर्राष्ट्रिय मञ्चमा बोल्न सक्छ कि सक्दैन भन्ने कुरा मुख्य हो', उहाँले भन्नुभयो ।

नेपाली जनताले अरूको कुरा सुनेर भारतीय हस्तक्षेपको विरोध गऱ्यो भनी भारतीय सेना प्रमुखले बोल्नु केटाकेटीपन भएको धारणा राख्नुहुँदै उहाँले अब कूटनीतिको भाष्य परिवर्तन गर्ने बेला आएको बताउनुभयो ।

'अब कूटनीतिको भाष्य परिवर्तन गर्नुपर्छ । मौन र भद्र कूटनीतिले मात्र काम गरेन । अब धर्ना बसेर हुन्छ कि ह्यान्ड ब्रेक कूटनीतिक प्रयोग गरेर हुन्छ, हाम्रो भूमि फिर्ता लिनुपऱ्यो', रिसालले जोड दिनुभयो ।

भारतले लिपुलेक क्षेत्रमा बनाएको सडकलाई नेपालले आफ्नो स्वामित्वमा ल्याउनुपर्नेमा जोड दिनुहुँदै उहाँले भन्नुभयो, 'दुईतिर रिसल्ला दौडाएर, कालो गाडी चढेरमात्र अब देश जोगिने छैन ।'

उहाँले दार्चुला जिल्लाको उत्तरी क्षेत्रका जनताको दैनिक आवश्यकता र सुविधाको निम्ति नेपाल सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सीमाविद् **बुद्धिनारायण श्रेष्ठ**ले भारतले लिपुलेकमा बनाएको सडकको निर्माण कार्य थप रोक्न सरकारले ह्यान्ड ब्रेक कूटनीतिक प्रयोग गर्नुपर्ने बताउनुभयो ।

'हाम्रा प्रधानमन्त्रीले आजै भारतका प्रधानमन्त्रीसँग कुरा गरेर सडक निर्माणको कार्य तत्काल बन्द गर्न भन्नुपऱ्यो । गाडीलाई तत्काल रोक्न ह्यान्ड ब्रेक समातेजस्तै भारतको निर्माण

बुद्धिनारायण श्रेष्ठ

कार्यलाई त्यसरी नै रोक्न जरूरी छ', उहाँले भन्नुभयो ।

उहाँले नेपाल सरकारले लिम्पियाधुरासहितको नयाँ नक्सा निकालेर सबै विद्यालय, कार्यालय र घर-घरमा पुऱ्याउनुपर्नेमा जोड दिनुहुँदै नेपाल सरकारले लिम्पियाधुरासहितको चुच्चे नक्साबारे जनताकै दबाबको कारणमात्र

रतन भण्डारी

ध्यान दिएको बताउनुभयो ।

सिमाना अध्येता **रतन भण्डारी**ले नेपालको सिमानाबारे अब टुक्राटाक्री कुरामा भन्दा समग्र कुरालाई लिएर सरकारले बोल्नुपर्ने बताउनुभयो । 'हामीले कहिले लिपुलेकको मात्र कुरा गर्ऱ्यौँ, कहिले कालापानी र लिम्पियाधुराको मात्र कुरा गऱ्यौँ, कहिले सुरक्षा क्याम्पको मात्र कुरा गऱ्यौँ, अहिले सडकको मात्र कुरा गऱ्यौँ, अब समग्रमा त्यो क्षेत्रको कुरा गर्नुपर्छ ।', उहाँले भन्नुभयो ।

उहाँले लिम्पियाधुरा नै त्रिदेशीय नाका भएको प्रस्ट पार्नुहुँदै भारतको अतिक्रमणकारी कदम र नेपाल सरकारको गैरजिम्मेवार व्यवहार नै आजको अवस्थाको दोषी भएको बताउनुभयो ।

कार्यक्रममा पत्रकार समाज नेपालका अध्यक्ष अनुराधा थापामगर र सचिव नीरज लवजूले पनि बोल्नुभएको थियो ।

कोभिड-१९ सङ्क्रमण नियन्त्रणका लागि

प्रमलाई सांसद सुवालको १० बुँदे सुझाव

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले कोभिड-१९ सङ्क्रमण नियन्त्रणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई वैदेशिक रोजगारीमा गएका तर अहिले फर्कन चाहेका नेपालीलाई विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसारको क्वारेन्टिनको व्यवस्था गर्ने जिम्मेवारी प्रदेश सरकारलाई दिनुपर्नेलगायत १० बुँदे लिखित सुझाव दिनुभएको छ। सांसद सुवालले प्रमलाई दिएको आफ्नो सुझाव उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेललाई जेठ ११ गते हस्तान्तरण गर्नुभएको थियो। प्रधानमन्त्री ओलीको स्वास्थ्य जोखिमलाई ध्यानमा राखी उपप्रधानमन्त्री पोखरेलमार्फत सुझाव पठाइएको सांसद सुवालले जानकारी दिनुभयो।

सुझावमा भनिएको छ –नेपालमा कोभिड-१९ सङ्क्रमणको सङ्ख्या २०७७ जेठ ९ गते बिहानसम्म ४८७ र मृत्यु ३ पुग्यो। देशको विभिन्न भागमा क्वारेन्टिनमा बसेकाहरू २५,०३० र आइसोलेसनमा ४०१ छन्। यो सङ्ख्या बढ्दो छ। सम्माननीय प्रमज्यूले सुरुका दिनमा हवाईमार्ग र अहिले भारतसँगको खुला नाकाबाट आएकाहरूको कारण नै नेपालमा कोभिड-१९ सङ्क्रमण फैलिएको दोहोऱ्याउनुभएको सत्य हो। बुँदागत सुझावमा उल्लेख छ –

१) वैदेशिक रोजगारीमा गएका तर अहिले फर्कन चाहेका लाखौँ नेपालीलाई विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसारको क्वारेन्टिनको व्यवस्था गर्ने जिम्मेवारी प्रदेश सरकारलाई दिइए अहिले क्वारेन्टिनको गुणास्तरबारे उठेको जनगुनासोलाई सम्बोधन गर्न सहज हुनेछ।

२) हाल जिल्ला प्रशासन कार्यालयसमेतको सहयोगमा स्थानीय तहमा व्यवस्थापन गरिएको क्वारेन्टिन उल्लेखित मापदण्डअनुसार नभएको हुँदा क्वारेन्टिनमा बसेकाहरू बाहिर निस्कने र घर जाने आउने भइरहेको हो। अहिलेको स्थितिमा गुणास्तरीय क्वारेन्टिनको व्यवस्थापन स्थानीय तहबाट हुन नसक्ने र यसको कारण सङ्क्रमण फैलिने सम्भावना देखिन्छ।

३) क्वारेन्टिनमा तोकिएको समयसम्म बसेर घर फिर्ता हुनेहरूलाई खेतीपातीमा लगाउन स्थानीय तहमार्फत आवश्यक सहयोग र प्रेरणा दिने तथा कुटीर उद्योगलगायत अन्य व्यवसायसम्बन्धी सीप तालिम दिने व्यवस्था गर्नु उपयुक्त हुने भएकोले यसबारे तत्कालै अर्थशास्त्री, कृषिविज्ञ, स्थानीय तहका पार्टी कार्यकर्ता र जनप्रतिनिधिहरूमाझ छलफल गराउनु उचित हुनेछ। तीनवटै तहका सरकार र जनतालाई समेत स्वदेशी उत्पादन प्रयोग गर्ने गराउने अनिवार्य व्यवस्था गर्नु आवश्यक छ।

४) विदेशबाट फर्कने नेपालीहरूलाई समयमै कृषि उत्पादन र अन्य काममा लगाउन नसकिए देशभरि खाद्यान्न सङ्कट उत्पन्न हुने र हाहाकार एवम् लुटपाटसमेत हुने सम्भावना देखिन्छ।

५) देशमा हजारौँ सङ्ख्यामा रहेका सहकारी संस्थाहरूलाई बैङ्कको भूमिकाभन्दा पनि अब देखिने सङ्कट समाधान गर्न कृषि, कुटीर उद्योग र अन्य व्यवसायमा केन्द्रित गराउनु उपयुक्त हुनेछ।

६) तत्काल ठूल-ठूला उद्योग सञ्चालन गर्न विदेशबाट कच्चा सामानसमेत ल्याउन सहज नहुने हुँदा बिजुलीबाट खाना पकाउने इन्डक्सन उद्योग स्थापना गरी गराई एलपी ग्यास आयातमा भइरहेको खर्बौँ रूपैयाँको व्यापार घाटा घटाउन सकिनेछ।

७) सङ्घ, प्रदेश र स्थानीयस्तरका अस्पतालहरूमा स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था गरी कोभिड-१९ रोकथाम गर्न सक्षम बनाउनु उपयुक्त हुनेछ।

८) भक्तपुर नगरपालिकाको घनाबस्तीबीचमा परेको भक्तपुर औद्योगिक क्षेत्रका उद्योगहरू साविकझैँ सञ्चालन भइरहेको हुँदा यसले कोभिड-१९ सङ्क्रमण फैलिने सम्भावना बढेकोले स्थानीय जनताको मागअनुसार लकडाउनको अवधिसम्म बन्द गर्नु उचित हुनेछ र आव २०७३-७४ को बजेट वक्तव्यअनुसार उक्त औद्योगिक क्षेत्र स्थानान्तरण गर्नु जरुरी छ।

नेपालको नयाँ नक्साको क्षेत्रफलबारे

९) नेपाल सरकारको २०७७ जेठ ५ गतेको स्वीकृतिअनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट २०७७ जेठ ७ गते सार्वजनिक नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरासमेत समेटिएको नयाँ नक्सामा क्षेत्रफलसमेत उल्लेख गर्नु आवश्यक छ। सरकारले नेपालको नयाँ नक्साको क्षेत्रफल औपचारिकरूपमा सार्वजनिक गरी क्षेत्रफलबारे जनतामा देखिएको अन्योल समाप्त गर्नु जरुरी छ।

१०) नेपाल सरकारको तर्फबाट संयुक्त राष्ट्र सङ्घमा पठाइने नेपालको नयाँ नक्सामा समेत क्षेत्रफल उल्लेख गर्नु आवश्यक छ।

सांसद सुवालले प्रमलाई दिएको सुझावको बोधार्थ उपप्रम तथा रक्षामन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकाल, वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेत, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याल तथा खानेपानी मन्त्री विना मगरलाई पनि दिनुभएको छ।

अतिक्रमणको विरोधमा अनलाइन गोष्ठी

'भारतीय हस्तक्षेपको विरुद्ध सशक्त आन्दोलनको आवश्यकता छ'

- सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

करोडौं नेपाली जनता कोरोना भाइरस सङ्क्रमणबाट जोगिन लकडाउन (बन्दाबन्दी)को समयमा आ-आफ्नो घरमा बसिरहेका छन्। विश्वव्यापी रूपमा कोरोनाको महामारी भइरहेको बेला भारतका शासक वर्गले आफ्नो विस्तारवादी चरित्र फेरि एकपटक प्रदर्शन गऱ्यो।

सुनिल प्रजापति, प्रमुख

२०७७ साल वैशाख २६ गते भारतको उतराखण्डको पिथौरागढ जिल्लाको धार्चुलादेखि नेपालको भूमि लिपुलेकसम्म करिब ८० कि.मी. सडकको उद्घाटन भारतीय रक्षामन्त्री राजनाथ सिंहले गरे। यसबारे हाम्रा परराष्ट्रमन्त्री स्वयम् बेखबर रहेको पाइयो। वर्षौं लगाएर त्यति लामो सडक निर्माण गरिंदासमेत हाम्रा शासक दलहरू के गरेर बसे ? आज यो प्रश्न नेपाली जनताले गर्दैछन्।

भारतीय विस्तारवादको असली चरित्र नेपाली जनताले बुझेका छन्। सन् १९४७ मा भारत बेलायती उपनिवेशबाट मुक्त भयो। भारत स्वतन्त्र भयो तर बेलायती साम्राज्यवादको मानसिकताबाट भारतीय नेताहरू मुक्त हुन सकेनन्। भारतले विभिन्न निहुँमा छिमेकी देशहरू नेपाल, भुटान, बंगलादेश, पाकिस्तानलगायतमाथि निरन्तर अन्याय, थिचोमिचो र अतिक्रमण गरिरहेको छ। त्यसैले कुनै पनि छिमेकी देशसँग भारतको राम्रो सम्बन्ध छैन।

'साना देशहरूको राजनैतिक अस्तित्व नहुने' नेहरू दर्शनकै आधारमा भारतीय शासक वर्ग अगाडि बढ्दैछ। भारतले आफ्नो स्वार्थअनुसार काम गर्छ। त्यो उसको विशेषता हो। तर नेपालका शासक दलहरूले नेपालको हितमा काम गर्न सक्नु पर्थ्यो। नेपालको हित विपरीत भारतको चाहना बमोजिमको काम गर्न बाहेक नेपालको सार्वभौमिकता रक्षाको निम्ति आजसम्मका सरकारहरूले केही गरेका छैनन्। देशको सार्वभामिकता बन्धकी राखेर सत्तामा बसिरहने हाम्रा शासक दलका नेताहरूको प्रवृत्ति नेपालको भूमि अतिक्रम र प्राकृतिक श्रोत र साधन आफ्नो हातमा लिन चाहने भारतको निम्ति अनुकुल बन्यो।

सन् १८१६ मा नेपाल भारतबीच भएको सुगौली सन्धिअनुसार महाकाली नदीपूर्व लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भूभाग भएको प्रष्ट छ। सन् १९६२ मा भारत चीनबीच सीमा विवादपछि भारतले कालापानीमा सुरक्षा फौज राख्न थालेको सीमाविद्हरू बताउँछन्। नेपालको भूमि भएको अकाट्य प्रमाण भएको कालपानीमा सेना राख्न वा कुनै काम गर्न नेपालको अनिवार्य स्वीकृति लिनु पर्ने थियो तर भारतले बलपूर्वक आफ्नो सेना तैनाथ गऱ्यो। उसले कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नो बनाउने निरन्तर प्रयास जारी राख्यो। यसबारे हाम्रा शासकहरू बेखबर छन् भन्न मिल्दैन।

भारतको सहमति विना नेपालको सरकारमा जान र टिकीरहन सकिंदैन भन्ने दास मानसिकता हाम्रा शासकहरूमा छ। नेपालको प्रधानमन्त्री, रक्षामन्त्री, अर्थमन्त्री कसलाई बनाउने भन्ने समेतको निर्णय दिल्लीले गर्ने गरेको वास्तविकता लुकेको छैन। नेपालमा जो सरकारमा जान्छ उसले नेपाल र नेपाली जनताको हित गर्नेभन्दा भारतीय शासकहरूलाई खुशी पार्न चाकडी गर्छन्। शासकहरू सत्तामा पुग्ने बित्तिकै भारत भ्रमणमा जाने गरेको सारा जनतालाइ थाहा छ। नेपाली नेताहरूको 'हैसियत' बुझेका भारतीय शासकहरूले सोहीबमोजिम व्यवहार गर्दै आएका छन्।

भारतले २०२२ सालमा नेपालको सुस्ता अतिक्रमण गऱ्यो। त्यसबेला नेपाल मजदुर किसान पार्टीका अगुवाहरूले भारतीय विस्तारवादको विरोधमा सशक्त प्रदर्शन गर्नुभयो। नेपाली भूमि अतिक्रमण गर्ने क्रम भारतले निरन्तर जारी राख्यो। नेपाल भारत सिमानामा रहेका ६ हजार भन्दा बढी सीमा स्तम्भहरूमध्ये कति बिगारिए कति भत्काइए नेपाल सरकारले त्यसबारे चासोसमेत राखेको छैन। सिमानामा बस्ने गरिब नेपालीहरू आफ्नो भूमि भारतले मिचेको विरोधमा उत्रेका छन्, भूमि बचाउन रोइ कराइ गरिरहेका छन्। नेपाल सरकार भने कानमा तेल हालेर बसेको छ। सरकारमा बस्नेहरूमा

ती गरिब जनतामा जतिको मात्र पनि देशभक्ति भावना भएको भए सायद भारतले आजको जस्तो हेपाहा प्रवृत्ति देखाउँदैनथ्यो होला ।

'आज सुत्दा नेपाली भोलि बिहान भारतीय' भएका थुप्रै समाचारहरू सार्वजनिक भए । लालपुर्जा नेपालीसँग भएर पनि हजारौं नेपालीहरूले आफ्नो जग्गा भोग गर्न नपाएका पीडादायी घटनाहरू थुप्रै छन् । सीमाविद्हरूका अनुसार नेपाल भारत सीमामा भारतले ७१ ठाउँमा ६० हजार हेक्टरभन्दा बढी जग्गा अतिक्रमण गरिसकेको छ । त्यो जग्गा फिर्ता ल्याउन सरकारको तर्फबाट कुनै पहल भएको छैन ।

नेपाल मजदुर किसान पार्टीले नेपाल भारत सीमा नियमित गर्नु पर्नेमा निरन्तर आवाज उठाउँदै आएको छ । खुला सीमाको कारण नेपालमा अपराध गरेर भारत भाग्ने र भारतमा अपराध गरेर नेपालमा लुक्ने घटनाहरू यथेष्ट छन् । तर दुई देशबीचको सीमा नियमित गर्नेतर्फ नेपालमा सत्तामा पुगेका आजसम्मका कुनै पनि सरकारले ध्यान दिएन ।

भारतले नेपालको जग्गा मिचेकोलाई वैधता दिन विभिन्न कदमहरू चाल्दै आयो । २०७६ साल कार्तिक महिनामा भारतले नेपालको सहमति विना एकतर्फी नयाँ नक्सा सार्वजनिक गऱ्यो । नयाँ नक्साअनुसार नेपालको स्वामित्वमा रहेको लिम्पियाधुरा, लिपुलेक र कालापानी भारतमा पाऱ्यो । नेपालको ३७२ वर्ग किमि भन्दा बढी जमिन भारततर्फ गाभियो । नेपाल मजदुर किसान पार्टीले भारतीय हस्तक्षेप विरुद्ध विशाल ऱ्यालीका साथ भारतीय दूतावासमार्फत भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नाउँमा विरोध पत्र बुझायो । त्यसबेला नेमकिपाले लिपुलेक र लिम्पियाधुरासम्मको आधिकारिक नक्सा सार्वजनिक गर्न माग गर्दै नेपाल सरकारलाई अन्तर्राष्ट्रिय अदालतमा जान सुझाव दियो । नेपाल सरकार स–प्रमाण भारतविरुद्ध अन्तर्राष्ट्रिय अदालत जाने त्यो राम्रो वातावरण थियो । यदि त्यसबेला नेपालले आफ्नो भूमि दाबी गरेर अन्तर्राष्ट्रिय अदालत गएको भए भारतले नेपाली भूमिमा त्यो सडक बनाउन सक्ने थिएन ।

भारतीय विस्तारवादविरुद्ध आन्दोलनमा उत्रेका नेपाली जनतालाई लक्षित गर्दै त्यसबेला प्रधानमन्त्री ओलीले भन्नु भएको थियो –'नक्सा त प्रेसमा छाप्दा हुन्छ । नक्सा छाप्ने कुरा होइन । यो सरकारले भूमि नै फिर्ता लिन्छ ।' नेपालको भूमि फिर्ता लिनु असाध्य राम्रो कुरा हो । तर प्रधानमन्त्रीज्यू तपाईंकै भनाइ अनुसार अब नेपाली जनताको प्रश्न छ – नेपाली भूमि कहिलेसम्ममा फिर्ता हुन्छ ?

समयमै कुटनीतिक र कानुनी प्रक्रियामा नेपाल अगाडि बढेको भए भारत आजको जस्तो छाडा रूपमा अगाडि बढ्न सक्ने थिएन । नेमकिपाले भारतले नयाँ नक्सा सार्वजनिक गर्ने बित्तिकै काठमाडौंस्थित भारतीय राजदूतसँग नयाँ नक्साको विषयमा स्पष्टीकरण लिनुपर्ने र स्पष्टीकरण चित्त बुझ्दो नभए राजदूतलाई फिर्ता पठाउन नेपाल सरकारलाई सुझाव दिएको थियो । नेमकिपाले 'विभिन्न देशमा रहेका नेपाली दूतावासहरूमा सम्पर्क गरी ती देशहरूलाई सहयोगको लागि आग्रह गर्ने, विभिन्न देशमा रोजगारीका लागि गएका नेपालीहरूलाई भारतीय दूतावासमा विरोधपत्र दिन लगाउने र ३५ दिनभित्र अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दर्ता गर्नुपर्ने तथा नेपाल भारत सीमा क्षेत्रमा नेपाली सेना र सशस्त्र प्रहरी खटाउनु पर्ने' समेतको सुझाव दिएको थियो । त्यो समय सान्दर्भिक थियो । यसले भारतलाई अन्तर्राष्ट्रिय दबाब पर्थ्यो र ऊ पछि हट्न बाध्य हुने थियो । उदाहरणको लागि २०७२ सालको संविधान घोषणापछि भारतको सहमति विना संविधान घोषणा गऱ्यो भनी उसले नेपालमा छ महिनासम्म नाकाबन्दी गऱ्यो, विभिन्न देशमा बसिरहेका नेपालीहरूले भारतीय दूतावासमा गएर भारतविरुद्ध प्रदर्शन गर्दै विरोधपत्र दिन थालेपछि अन्तर्राष्ट्रिय जगतमा भारतको बद्नाम भयो र ऊ आफै नेपालसामु झुकेर नाकाबन्दी फिर्ता लिनु परेको थियो ।

देशको आकार ठूलो र सानो हुनसक्छ, आर्थिक रूपले कुनै देश धनी र गरिब हुन सक्छ, विकसित र अविकसित हुन सक्छ, जनसङ्ख्या धेरै र थोरै हुन सक्छ तर सार्वभौमिकता सबैको समान हुन्छ । अनैतिकता, गलत र गैरकानुनी काम गर्नेहरू न्यायका पक्षमा दृढताका साथ उभिनेहरूका सामु ठाडो शिरले उभिन पनि सक्दैनन् । नेपाल कालापानी, लिपुलेक र लिम्पियाधुराको सवालमा सबै प्रमाणले अगाडि छ । दार्चुलाको २०१८ सालमा नापी गर्ने भैरव रिसाल जीवित साक्षी हुनुहुन्छ, सुगौली सन्धि, तिरोतिरेका रसिद, स्थानीय जनताको नागरिकता, मतदाता सूची र जग्गाको लालपुर्जा यी सबै हाम्रो भूमिको प्रमाणहरू हुन् । अन्तर्राष्ट्रिय अदालतमा गएमा हाम्रो भूमि कायम हुने बलियो आधार छ तर सरकार जान तयार हुनुपऱ्यो । कानून र अदालत आफै कार्यान्वयन हुने होइन । जस्ले प्रमाणको आधारमा दाबी गर्छ उसलाई कानून बमोजिम अदालतले न्याय दिलाई दिन्छ । मुख्य कुरा नेपाल सरकारले आफ्नो भूमि प्रमाणको आधारमा दाबी गर्नु पऱ्यो । यो नै आजको महत्त्वपूर्ण पक्ष हो ।

तर आश्चर्य के लाग्छ भने नेकपा अध्यक्षद्वय के.पी. ओली र प्रचण्डले संयुक्त वक्तव्य जारी गर्दै 'लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भएको' उल्लेख गर्नु भएको छ । झण्डै दुई तिहाई बहुमतको सरकारले एउटा वक्तव्य प्रकाशित गर्दैमा कर्तव्य पूरा भएको मानिंदैन । सरकारकै तर्फबाट अन्य दलहरूको पनि साथ लिएर भारतविरुद्ध कानूनी संघर्ष गर्ने आँट सरकारले गर्नुपर्छ । भारतलाई नेपालसामु

झुकाउने यो एक महत्त्वपूर्ण अवसर हो। भारतसित भौतिक संघर्ष गर्नु आज नसके पनि कानूनी लडाईंमा भारतलाई पराजित गर्न नेपाल सक्षम छ भनेर देखाउने यो अर्को महत्त्वपूर्ण अवसर हो। देशको सार्वभौमिकता खतरामा परेको बेला खुट्टा कमाउने हो भन्ने भविष्यमा हाम्रो देशको स्वतन्त्र अस्तित्वमाथि नै प्रश्न उठ्नेछ।

नेपालको संविधान निर्माणको क्रममा नेपाल मजदुर किसान पार्टीले नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. संविधानको प्रस्तावनामा उल्लेख गर्न जोड दिएको थियो। शासक दलहरूले त्यो प्रस्तावलाई समेट्ने चासो देखाएनन्। अहिलेसम्म नेपालमा उपलब्ध नक्सा भारतले बनाएको बताइन्छ। भारतले आफ्नो अनुकुलतामा नक्सा बनाए पनि नेपाल सरकार, भूमि सुधार मन्त्रालय र नापी विभाग के गरेर बसिरहेका छन् ?

भारतलाई थाहा छ, त्यो नेपालको भूमि हो तर ऊ छोड्न चाहँदैन। किनभने लिपुलेक सामरिक दृष्टिले महत्त्वपूर्ण छ, मानसरोबर जान नेपाल भएर जानुपर्दैन र भारत–चीनबीच व्यापार गर्न नजिकको बाटो पनि त्यही हो। सायद त्यसैले पनि सन् २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणको क्रममा गरिएको सम्झौतामा लिपुलेक इलाका भएर भारत र चीनबीच व्यापार वाणिज्य अभिवृद्धि गर्ने भन्ने उल्लेख गरियो। त्यस सम्झौतामा जग्गा धनी नेपालको उपस्थिति थिएन। यस विषयमा नेपालले गम्भीरतापूर्वक प्रश्न उठाएपछि चिनियाँ पक्षले 'विवादित लिपुलेक सम्झौता, चीन, भारत र नेपालबीचको त्रिपक्षीय छलफलबाट हल गर्न चीन तयार भएको' सार्वजनिक गऱ्यो। तर भारतले त्यसबारे कुनै प्रतिकृया दिएको छैन।

दार्चुला जिल्लाका वर्तमान प्रमुख जिल्ला अधिकारीका अनुसार त्यो सडक निर्माणबारे नेपाल सरकारलाई पहिले नै थाहा थियो। सन् २००८ देखि नै उक्त सडक निर्माण गरिएको हो। तल्लो भाग सन् १९९९ देखि नै सुरु भएको हो। नेपाल सरकारले थाहा पाए पनि नपाए जस्तै मौन बसेको देखिन्छ। देशको सार्वभौमिकताको अतिक्रमण हुँदा पनि आफ्नो दाबी प्रस्तुत नगर्नु र देशको पक्षमा नबोल्नु देशघात हो।

भारतीय विस्तारवादले नेपालमा सत्तामा रहेका दल र नेताहरूलाई फकाएर वा धम्क्याएर आफ्नो स्वार्थ पूरा गर्दै आएको छ। नेपालमा रहेका अपार जलस्रोत र नेपाली भूमि भारतले नेपाली नेताहरूकै हातबाट एक एक गरी कब्जामा लिएको छ। भारतले नेपालका प्रधानमन्त्रीहरू मातृका कोइरालाबाट कोशी, बीपी कोइरालाबाट गण्डक, सूर्यबहादुर थापाबाट सुस्ता, गिरिजाप्रसाद कोइरालाबाट टनकपुर, शेरबहादुर देउवाबाट महाकाली र सुशील कोइरालाबाट माथिल्लो कर्णाली आफ्नो कब्जामा लियो।

कम्युनिष्टको नाउँमा तत्कालीन माओवादीका अध्यक्ष प्रचण्डबाट नेपालको सुरक्षा र विदेश नीति मामिला आफ्नो हातमा रहने गरी सम्झौता गरायो भने बाबुराम भट्टराईबाट बिप्पा सम्झौता गरायो। के.पी. ओलीबाट लिम्पियाधुरा, लिपुलेक र कालापानी कब्जा गर्दैछ।

असल र खराब मित्रको पहिचान सङ्कटको बेला हुन्छ। सङ्कटको बेला जसले साथ र सहयोग गर्छ, त्यो असल मित्र हो जसले थप दुःख दिन्छ त्यो मित्र हुनै सक्दैन। भारतले २०७२ सालको भूकम्पको बेला संविधान घोषणा गरेको निहुँमा ६ महिनासम्म अमानवीय नाकाबन्दी गरी थप दुःख दियो। उसले नेपाल र नेपाली जनतामाथि क्रुर व्यवहार देखायो जबकि चीनले त्यसबेला नेपाललाई आवश्यक पर्ने पेट्रोलियम पदार्थलगायत अन्य सामानहरू दिएर सहयोग गऱ्यो।

आज पनि नेपाली जनता कोरोना भाइरसको कारण त्रासपूर्ण जीवन बिताइरहेका छन्। सारा जनता घरभित्रै बन्द रहेको अवस्थामा भारतले नेपाली भूमि अतिक्रमण गरी सडकमात्रै बनाएन, उद्घाटन गरी त्यो जमिन आफ्नै भनेर औपचारिक दाबी समेत गऱ्यो। यो भारतीय विस्तारवादले नेपालविरुद्ध गरेको अपराध हो।

नेपालले कुटनीतिक पहलको साथै सप्रमाण अन्तर्राष्ट्रिय अदालतमा गएर उक्त भूमि दाबी गर्न ढिलाई गर्नुहुँदैन। देशको सार्वभौमिकताको सवालमा नेपालका राजनैतिक दलहरू अहिले एक छन् र एक हुनुपर्छ। यही बेला बुद्धिनारायण श्रेष्ठ, रतन भण्डारी जस्ता सीमाविद्हरू, अन्तर्राष्ट्रिय कानूनका ज्ञाताहरू र बुद्धिजीवीहरूको साथ लिएर भारतविरुद्ध कानुनी उपचारमा जानु नै देश र जनताको हितमा हुनेछ। भारतीय विस्तारवादको हेपाहा र हस्तक्षपकारी कदमको विरोधमा देशभक्त नेपाली जनताले निरन्तर सशक्त सङ्घर्ष गर्नु आजको आवश्यकता हो।

(भारतले नेपालको भूमिमाथि गरेको अतिक्रमणको विरोधमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा २०७७ साल वैशाख २९ गते सम्पन्न वेबिनारमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दिनु भएको मन्तव्यको सार संक्षेप)

कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं। शारीरिक दूरी कायम गरौं।

इन्जिनियरिङ कलेजहरूद्वारा अनलाइन गोष्ठी

नेपाली भूमिमाथि भारतीय अतिक्रमणको विरोध

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा नेपालको भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानीमा भारतीय अतिक्रमणबारे अनलाइन गोष्ठी (वेबिनार) वैशाख २९ गते सम्पन्न भयो ।

अनलाइन गोष्ठीमा आफ्नो धारणा राख्नुहुँदै कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले कोरोनाको महामारी भइरहेको समयमा भारतका शासक वर्गले देखाएको विस्तारवादी चरित्रको भर्त्सना गर्नुहुँदै नेपालको भूमि अतिक्रमणबारे परराष्ट्रमन्त्री बेखबर हुनु लज्जास्पद र निन्दनीय भएको बताउनुभयो ।

नेपालले कुटनीतिक पहलका साथै सप्रमाण अन्तर्राष्ट्रिय अदालतमा गएर नेपालको भूमि दाबी गर्न ढिलाई गर्न नहुने बताउनुहुँदै प्रमुख प्रजापतिले भारतीय विस्तारवादको हेपाहा र हस्तक्षेपकारी कदमको विरोधमा नेपाली जनताले निरन्तर सशक्त सङ्घर्ष गर्दै जाने बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो – 'नेपाल सरकारले आफ्नो भूमि प्रमाणको आधारमा दाबी गर्नुपर्छ । नेपाल मजदुर किसान पार्टीले नेपाल भारत सीमा नियमित गर्नुपर्नेमा निरन्तर आवाज उठाउँदै आएको छ ।' *(प्रमुख प्रजापतिको मन्तव्यको विवरण ४५ पृष्ठमा दिइएको छ ।)*

अनलाइन गोष्ठीमा सीमाविद् रतन भण्डारीले 'लिम्पियाधुरा सीमा अतिक्रमण : नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथिको नाङ्गो आक्रमण' विषयमा प्रस्तुतीकरण दिनुभएको थियो । भारतद्वारा अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानीको ऐतिहासिक नक्सा नेपालसँग भएको बताउनुहुँदै सीमाविद् भण्डारीले नेपालको भूमि फिर्ता लिन उच्च राजनीतिक संयन्त्रमार्फत कुटनीतिक संवाद र वार्ता गर्न नेपाल सरकारले ढिलाइ गर्न नहुने विचार राख्नुभयो ।

अनलाइन गोष्ठीको सञ्चालन ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले गर्नुभएको थियो ।

हार्दिक बधाई !

डा. हरिराम सुवाल

भक्तपुर नगरपालिका
वडा नम्बर ६ का अध्यक्ष हरिराम सुवालले
त्रिभुवन विश्वविद्यालयबाट
"भक्तपुर नगरका ज्यापु जातिका नेवारहरूको लोकसंस्कृति सम्बन्धी ऐतिहासिक अध्ययन" विषयमा **विद्यावारिधि (पिएचडी)**
गर्न सफल हुनु भएकोमा उत्तरोत्तर प्रगतिको शुभकामनासहित
हार्दिक बधाई !

राजनीतिशास्त्र (२०६०) र इतिहास (२०६३) मा त्रिविबाटै स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएका सुवाल कानून विषयमा स्नातक हुनुहुन्छ ।

"भक्तपुर" मासिक परिवार

विस्तारवादी अतिक्रमणविरूद्ध जिल्ला-जिल्लामा जुलुस र सभा

भारतीय विस्तारवाद - लिपुलेक छोड् !
कालापानी, लिम्पियाधुरा - हाम्रै हो !
भारतीय विस्तारवाद - मूर्दावाद !
भारतीय सेना - कालापानी छोड् !
सीमा अतिक्रमण - बन्द गर !
नेमकिपा - जिन्दावाद !

यस्ता नारा भारतले नेपाली भूमि लिपुलेकसम्म एकतर्फीरूपमा सडक निर्माण गरेको विरोधमा देशका विभिन्न जिल्लामा घन्किएका छन् । कोभिड-१९ को महामारीलाई ध्यानमा राखी आपसी दूरी कायम गरी मास्क लगाएर प्रदर्शनकारीहरू विरोध जुलुस तथा सभालगायतका कार्यक्रममा सहभागी भएका थिए ।

भक्तपुर

नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको आयोजनामा वैशाख २७ गते भक्तपुरमा विरोध जुलुस तथा सभा भयो ।

कमलविनायकबाट सुरू भएको जुलुस सूर्यविनायक चोकमा पुगी आयोजित सभामा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष सविन ख्याजूले सबै प्रमाणले लिपुलेक-कालापानी लिम्पियाधुरासम्मको क्षेत्र नेपालको हो भनी प्रस्ट हुँदाहुँदै भारतले कब्जा गरी राख्नु भारतको विस्तारवादी हेपाहा प्रवृत्ति हो भन्नुभयो ।

उहाँले नेपाल सरकारले देशको भूमि फिर्ता लिने साहस नगर्नु नालायकी र लाचारीपन हो भन्नुहुँदै अतिक्रमित भूमि फिर्ता लिन युवा-विद्यार्थीको आन्दोलन चालू रहने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष मिनबहादुर बाटाले नेपाली भूमि अतिक्रमण गरी ७८ किमि सडक बनाउँदासमेत नेपाल सरकार आफूलाई थाहा छैन भनी पन्छिनु गैरजिम्मेवारीको पराकाष्ठा भएको बताउनुभयो ।

सुर्खेतमा विरोध सभा : चार जना पक्राउ

भारतीय हस्तक्षेपको विरोधमा नेपाल मजदुर किसान पार्टीले कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर, सुर्खेतमा वैशाख २८ गते विरोध जुलुस प्रदर्शन गऱ्यो ।

प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गरी नेमकिपा सुर्खेतका

भक्तपुरमा नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको संयुक्त कार्यक्रम

सुर्खेतको विरोध सभा

अध्यक्ष हरिबहादुर बोहरा, सचिव धनेन्द्र विक, सदस्य गणेश खड्का र जगत लामिछाने मगरलाई पत्राउ गऱ्यो ।

त्यसअघि आयोजित विरोध सभामा नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले भारतले नेपाली भूमि मिचेर सडक बनाउने कार्यको विरोध एवं भर्त्सना गर्नुभयो । उहाँले भारतले नेपाली भूमिमा सडक बनाएको जानकारी हुँदाहुँदै मौन बस्ने सरकार भारतको दलाल सरकार हो भन्नुभयो ।

विरोधसभामा नेमकिपा सुर्खेतका कोषाध्यक्ष गोविन्दनाथ योगीले पनि बोल्नुभएको थियो ।

गिरफ्तार कार्यकर्ताहरूलाई साँझ रिहा गरिएको थियो ।

कालीकोट

नेपाल मजदुर किसान पार्टी कालीकोट जिल्ला समितिको आयोजनामा वैशाख २९ गते सदरमुकाम मान्म बजारमा विरोध जुलुस तथा कोणसभा भयो ।

कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नेपाल कुनै पनि देशको उपनिवेश नभएकाले देशको एक इन्च भूभाग पनि छाड्न नेपाली जनता तयार नहुने बताउनुहुँदै भारतद्वारा नेपालको सिमाना क्षेत्रमा हडपेको भूमि फिर्ता गर्न नेपाली जनताले देशभक्तिपूर्ण आन्दोलन अघि बढाउनु पर्नेमा जोड दिनुभयो ।

सभामा नेमकिपा कालीकोटका सचिव खड्गराज शाही र धनञ्जय अधिकारील पनि बोल्नुभएको थियो ।

कैलाली

नपाल मजदुर किसान पार्टी कैलाली जिल्ला समितिको आयोजनामा वैशाख २९ गते लम्की बजारमा विरोध जुलुस तथा सभा भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्र बहादुर शाहीले भारतीय विस्तारवादले नेपालको भूमि पटक- ूपटक मिचेको चर्चा गर्नुहुँदै ऐतिहासिक तथ्य-तथ्याङ्कले नेपाली भूमि पुष्टि भएको लिपुलेकमा भारतले एकतर्फी ंजबरजस्ती सडक निर्माण गर्नु नेपालको सार्वभौ मिकतामाथि आक्रमण भएको बताउनुभयो ।

सभामा नेमकिपा कैलाली जिल्ला समितिका अध्यक्ष रमेशकुमार रावल र गगनबहादुर थापामगरले पनि बोल्नुभएको थियो ।

काभ्रे

नेमकिपा बनेपा नगर समितिले जुलुस तथा सभा सम्पन्न गऱ्यो ।

सभामा नपाल मजदुर किसान पार्टी बनेपा नगर समितिका अध्यक्ष त्रिरत्न सायमीले नेपालको भूमि भारतल अतिक्रमण गरेको अवस्थामा कुनै पनि देशभक्त जनता महाव्याधीदेखि तर्सिएर कोठाभित्र बसिरहन सकिन्न भन्नुहुँदै हामीलाइ हाम्रो प्राणभन्दा देशको सार्वभौमिकताको माया छ भन्नुभयो ।

नेमकिपा बनेपा नगर समितिका सचिव ज्ञानेन्द्र डं गोलले पनि सम्बोधन गर्नुभएको थियो ।

दैलेखमा मसाल जुलुस

नेमकिपा चामुन्डा बिन्द्रासैनीको आयोजनामा भारतीय अतिक्रमणको विरोधमा दैलेखको चामुन्डा बिन्द्रासैनीमा वैशाख २९ गते मसाल जुलुस भयो ।

जलुसपछिको सभामा नेमकिपा देलेख जिल्ला समितिका सदस्य निरकबहादरु शाहीले लकडाउनको मौका छोपेरे भारतीय विस्तारवादले नेपाली भूमिमाथि अतिक्रमण गरेको बताउनुहुँदै देशभक्त र देशघाती राजनीतिक दल चिन्ने समय आएको बताउनुभयो ।

कार्यक्रममा जिल्ला सदस्य मनबहादर विकले पनि बोल्नुभएको थियो ।

दैलेखमा सात पत्राउ

नेपाल मजदुर किसान पार्टी दुल्लु नगर समितिको आयोजनामा भारतीय अतिक्रमणको विरोध गर्दा सातजना कार्यकर्ता पत्राउमा परेका छन् ।

जेठ २ गते आयोजित विरोध कार्यक्रमबाट नेमकिपा दैलेखका सचिव लक्ष्मीकुमार विक, दुल्लु नगर समितिका अध्यक्ष मदनकुमार भण्डारी, पदमबहादुर बुढा, जयबहादुर थापा, तिलकप्रसाद आचार्य, भानुभक्त आचार्य र विनय आचार्यलाई पत्राउ गरियो ।

पालीबाट सुरु भएको विरोध जुलुस पताङ्गीनीमा

पुगे पनि प्रहरी हस्तक्षेपको कारण पूर्वनिधारित सभा हुन सकेन ।

पक्राउ परेका सबै कार्यकर्तालाई साँझ रिहा गरियो ।

जुम्लामा

नेपाल मजदुर किसान पार्टी, जुम्लाले वैशाख २८ गते सदरमुकाम खलङ्गामा भारतीय विस्तारवादको विरोधमा नारावाजी गर्दै प्रर्दशन गऱ्यो ।

जुलुसछिको सभामा नेमकिपा जुम्लाका कार्यबाहक अध्यक्ष राजेश्वर देवकोटाले देशको सार्वभौमसत्ता रक्षा गर्न नसक्ने सरकारको कुनै औचित्य नहुने धारणा राख्नुहुँदै नेपाली शासकहरूको नालायकीले नै विदेशी हस्तक्षेप बढेको भन्दै नेपाली जनताको एकता र सङ्घर्षले मात्र अब देशको रक्षा हुन्छ भन्नुभयो ।

जुम्लाको विरोध सभा

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, जुम्लाका अध्यक्ष नरबहादुर घर्ती, नेपाल क्रान्तिकारी युवा सङ्घ, जुम्लाका अध्यक्ष लालबहादुर बुढा, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जुम्लाका सचिव धर्मेन्द्र अधिकारीले पनि बोल्नुभएको थियो ।

कीर्तिपुरमा चार प्रदर्शनकारी पक्राउ

नेमकिपा कीर्तिपुर नगर समितिको आयोजनामा वैशाख २८ गते भारतीय विस्तारवादविरुद्ध आयोजित सभाबाट नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका कन्द्रीय सदस्य हृदय दाहाल, विद्यार्थीहरू जगत अधिकारी, युवराजविक्रम शाही र दीपक अधिकारीलाइ प्रहरीले पक्राउ गऱ्यो ।

कीतिपुरमा आयोजित विरोध जुलुसको सुरुदेखि नै प्रहरीले अवरोधको प्रयास गरेको थियो । प्रर्दशनकारीहरूले प्रहरीलाई छल्दै भारतीय विस्तारवादको विरोधमा नाराबाजी गर्दै जुलुस प्रदर्शन गरेका थिए । जुलुस नयाँ बजार हुँदै

लोकतान्त्रिक चोकमा पुगी सभामा परिणत भएको थियो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले भारतीय विस्तारवादले लिपुले क क्षेत्रबाट सडक निर्माण गरी नेपालको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेपको विरुद्ध सम्पूर्ण न्यायप्रेमी दाजुभाइ तथा दिदीबहिनीहरू सङ्घर्षको मैदानमा उत्रन आग्रह गर्नुभयो ।

जुलुसको ब्यानर र झन्डा खोसेकोमा विरोध गर्नुहुँदै उहाँले प्रहरी हस्तक्षेप बन्द गर्न माग गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्याथी सङ्घका केन्द्रीय सदस्य हृदय दाहालले पनि बोल्नुभएको थियो ।

जुलुसमा खोसिएको ब्यानर र झन्डा स्थानीय महिलाहरूले खोसेर लिएका थिए । प्रहरीले महिलाहरूलाई लछारपछार गरी पुनः हस्तक्षेप गरेको थियो ।

पक्राउ परेका विद्यार्थीलाई सोही दिन रिहा गरियो ।

टोखामा विरोध सभा

नेपाल मजदुर किसान पार्टी टोखा नगर समितिको आयोजनामा भारतीय विस्तारवादले नेपालको कालापानी, लिपुलेकको भूमि अतिक्रमण गर्दै चीनको मानसरोवरसम्म जोड्ने बाटो बनाएको विरोधमा काठमाडौँ टोखामा ऱ्यालीसहित विरोध कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले इतिहासकै शक्तिशाली भनिएको सरकारले उक्त कदमको विरोध गर्न नसक्नु र अतिक्रमित भूमि फिर्ता गर्ने पहल गर्न नसक्नु लज्जास्पद हो भन्नुभयो । उहाँले भारतीय विस्तारवादको कदमविरूद्ध एकजुट भई विरोध गर्न आह्वान गर्नुभयो ।

कार्यक्रममा नेमकिपा टोखा नगर समितिका सदस्यहरू शैलेश डंगोल र विशोक डंगोलले पनि बोल्नुभएको थियो । विरोध सभाअघि जुलुसले टोखा नगर परिक्रमा गरेको थियो ।

सीमा बचाउ अभियान नक्सा समितिको वक्तव्य

लकडाउनको मौका छोपी भारतीय हस्तक्षेप

सीमा बचाउ अभियान नक्सा समितिले वैशाख २७ गते एक वक्तव्य जारी गरी भारतले नेपाली भूमि लिपुलेक क्षेत्रमा बनाएको बाटोको विरोध गरेको छ । समितिका संयोजक तथा वरिष्ठ पत्रकार भैरव रिसालद्वारा जारी वक्तव्यमा विश्व कोभिड -१९ को सङ्क्रमणबाट ग्रस्त भएको र नेपाल भारत दुवै देशमा बन्दाबन्दी (लकडाउन) मा रहेको मौका छोपी भारतका रक्षामन्त्रीले सडक उद्घाटन गरेको प्रति खेद व्यक्त गरिएको छ ।

वक्तव्यमा भारतले नेपाली भूमिलाई आफ्नो भूभाग बनाएर नक्सा प्रकाशित गर्दा नेपाल सरकारले आफ्नो नयाँ आधिकारिक नक्सा प्रकाशित गर्न नसकेकोमा निन्दा गरेको छ । स्मरणीय छ उक्त समितिले गएको मंसिर मा महाकाली नदीको उद्गम लिम्पियाधुरालाई समेटेर नक्सा तयार गरी सरकारलाई हस्तान्तरण गरेको थियो ।

वक्तव्यमा भनिएको छ, 'सन् १८१६ को सुगौली सन्धिअनुसार काली (महाकाली) नदी पूर्वका सम्पूर्ण भूभाग नेपालको हो । महाकालीको वास्तविक मुहान लिम्पियाधुरा भएकोले लिम्पियाधुरा-लिपुलेक- कालापानीसम्मको ३७२ वर्ग कि.मि. भू-भाग नेपालको हो । आज यही भू-भागमाथि नाङ्गो अतिक्रमण गर्दै भारतले चीन जोड्ने सडक उद्घाटन गरेको छ । यसबाट नेपालको छातीमा भारतीय गाडीहरू दौड्न सुरु भएको छ र सरकारको नालायकीपनका कारण नेपाली जनता आफ्नो मातृभूमिमा विदेशीले परेड खेलेको र गाडी दौडाएको टुलुटुलु हेरेर बस्न बाध्य भएका छन् ।'

सीमा बचाऔँ अभियानको तर्फबाट नक्सा समितिले गत मंसिर ६ गते नै सुगौली सन्धिको बेलाका सम्पूर्ण आधिकारिक प्रमाणहरूसहित अत्याधुनिक प्रविधिसमेतको प्रयोग गरी सुगौली सन्धिबमोजिमको हुने नेपालको आधिकारिक नक्सा निर्माण गरी सार्वजनिक गरिएको र मंसिर ८ गते आधिकारिकरूपमा नेपाल सरकारलाई हस्तान्तरण गरी नेपालको सम्पूर्ण भू-भाग समेटिएको आधिकारिक नक्सा प्रकाशित गर्न र भारतसँग तत्काल आफ्नो दाबी पेश गर्न एवम् तुरन्त वार्ता गरी समस्या समाधान गर्न पटक - पटक आग्रह गर्दा नेपाल सरकारले तदारुकता देखाएर उक्त काम गर्न नसकेको भन्दै वक्तव्यमा नेपालको ३७२ वर्ग कि.मि. भू-भाग भारतीयहरूको दादागिरीले कब्जा जमाएर बसेको उल्लेख छ ।

नेपाल सरकारलाई तत्काल नक्सा सार्वजनिक गरी आफ्नो दाबी पेश गर्न भन्दै वक्तव्यमा माग गरिएको छ, 'सुगौली सन्धिपछि महाकालीको स्रोत सम्बन्धमा नयाँ सन्धि भएको भए सो सार्वजनिक गर, कालापानीलगायत महाकाली पूर्वका क्षेत्रमा भारतीय सुरक्षाकर्मीलाई बस्न दिने को हुन् आधारसहित आधिकारिक जानकारी देऊ, नेपाल सरहदभित्र भारतीय पक्षले नेपालसँग सल्लाह नै नगरी सडक निर्माण गर्ने, उद्घाटन गर्ने र यातायात सञ्चालनमा ल्याउने कुरा कसरी सम्भव भयो ? यदि नेपाललाई जानकारीबिना सबै काम भएको हो भने नेपालको तर्फबाट अविलम्ब उक्त स्थानमा नेपालको प्रशासनिक उपस्थिति जनाऊ । जानकारी थियो भने सरकार किन मूकदर्शक भई हेरिरह्यो र सूर्यनाथ उपाध्याय अध्ययन समितिको प्रतिवेदन तुरुन्त सार्वजनिक गर ।'

कीर्तिपुरमा कार्यकर्ता भेला

नेपालको भूमिमाथि हस्तक्षेप गरेको विरोधमा वैशाख २७ गते कीर्तिपुरमा कार्यकर्ता भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले भारतीय विस्तारवादले नेपालको भूमिमाथि भएको एकपछि अर्को हस्तक्षेपको विरोध एवं भर्त्सना गर्नुभयो ।

उहाँले जनविरोधी सरकारको गतिविधिको विरोधमा नेपाली न्यायप्रेमी जनताले सशक्त विरोध नगरे नेपालको सार्वभौमिकता गुम्ने खतरा बढ्ने बताउनुभयो ।

समितिका अध्यक्ष हरिकुमार महर्जनको सभापतित्वमा भएको कार्यक्रममा नेमकिपा कीर्तिपुर नगर समितिका उपाध्यक्ष बुद्धिमान महर्जन पनि बोल्नुभएको थियो ।



Note 1: Rivers were generated from Advanced Spaceborne al Emission and Reflection Radiometer (ASTER) 30-Meter-Resolution Digital Elevation Model (DEM), National Aeronautics and Space Administration's (NASA) Earth Observing System (EOS) May 14, 2010.
Note 2: In addition to the encroachment of Nepali territory east of the Limpiyadhura tri-junction (the source of the Kali River), there is also encroachment of Nepali territory by India in numerous places in almost all districts bordering India.
Prepared by: Save the Border Campaign, Nepal: Mapping Sub-committee.

सीमा बचाउ अभियानले सरकारलाई बुझाएको नक्सा

भक्तपुर नपाका केही गतिविधि तस्बिरमा

प्रमुख सुनिल प्रजापतिबाट नपामा जनप्रतिनिधि बहालीको तीन वर्षमा अनलाइन कार्यक्रममा सम्बोधन (जेठ ७ गते)

प्रमुख सुनिल प्रजापतिलगायतबाट भक्तपुर अस्पतालको निरीक्षण (वैशाख १६ गते)

भक्तपुर नपाबाट भक्तपुर अस्पताललाई सुरक्षा सामग्री प्रदान (वैशाख २६ गते)

नगर शिक्षा समितिको बैठक (वैशाख २६ गते)

भक्तपुर नपाका केही गतिविधि तस्बिरमा

खानेपानी तथा ढल निकासको समस्याबारे उपत्यका खानेपानी बोर्ड र पिआइडीसित संयुक्त बैठक (जेठ ६ गते)

जारी लकडाउन कडा पार्ने विषयमा बैठक (वैशाख ३१ गते)

प्रमुख प्रजापतिलगायत जनप्रतिनिधिबाट छिया ताँको ढलान निरीक्षण
(वैशाख २३ गते)

भचुंअल कक्षाको समीक्षा बैठकमा शिक्षकहरू
(वैशाख २५ गते)

भारतीय अतिक्रमणको विरोधमा अनलाइन कार्यक्रम

नेमकिपा अध्यक्ष का. रोहित भारतले नेपाली भूमि अतिक्रमण गरी बाटो बनाएको विरोधमा आयोजित अनलाइन कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै (जेठ ३ गते)

भक्तपुर नपा प्रमुख सुनिल प्रजापति भारतले नेपालको भूमिमाथि गरेको अतिक्रमणको विरोधमा आयोजित वेबिनारमा मन्तव्य दिनुहुँदै (बैशाख २९ गते)

भक्तपुर नपाबाट पुनःनिर्मित ब्याम्हासिंह ध्वाका ।

भक्तपुर नपाबाट हनुमानघाटको पुनःनिर्मित सत्तल ।

डतापोलको जीर्णोद्धार जारी

भक्तपुर नपाबाट डतापोलको जीर्णोद्धारको कार्य जारी छ । विभिन्न व्यक्ति र संस्थाबाट आर्थिक सहयोगका साथै श्रमदान पनि प्राप्त भैरहेको छ ।

नेपालको पूरा नक्सा सार्वजनिक

'नेपाल सरकार नेपालको अन्तर्राष्ट्रिय सीमाको सुरक्षा र संरक्षण गर्न प्रतिबद्ध छ । अन्तर्राष्ट्रिय सीमा निरीक्षणको कार्यलाई निरन्तरता दिइनेछ । ऐतिहासिक सन्धि, नक्सा, तथ्य तथा प्रमाणका आधारमा कुटनीतिक माध्यमबाट मित्रराष्ट्र भारतसँगको सीमा सम्बन्धमा विगत लामो समयदेखि बाँकी रहेका र समयसमयमा उठिरहेका विषयहरूको समाधान गरिनेछ । लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको भूमि हो र त्यसलाई प्राप्त गर्न ठोस कूटनीतिक पहल गरिनेछ । तदनुरूप नै छुटेको भूमि समावेश गरी नेपालको नक्सा जारी गरिनेछ ।'

उक्त बुँदा हालै प्रस्तुत सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

यसैक्रममा सरकारले जेठ ७ गते लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटिएको नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्सा सार्वजनिक गरेको छ ।

मन्त्रिपरिषले जेठ ५ गते स्वीकृत गरेको नक्सा भूमि व्यवस्थामन्त्री पदमा अर्यालले पत्रकार सम्मेलन गरी सार्वजनिक गर्नुभएको हो । **(नक्सा आवरणको भित्री पृष्ठमा दिइएकोछ ।)**

कार्यक्रममा यसघिको नक्सामा सन् १८१६ को सुगौली सन्धिअनुसार काली नदी र त्यस पूर्वको भूभाग नेपालको अभिन्न अङ्ग भएपनि हाल नेपालमा प्रचलित नक्साहरूमा काली नदी पूर्वका गुन्जी, नाभी, कुटी लगायतका केही भूभाग समेटिएको नदेखिएकाले नयाँ नक्सा सार्वजनिक गर्ने निर्णय भएको मन्त्री अर्यालले बताउनुभयो ।

अब सबै सरकारी दस्तावेज एवं पाठ्यपुस्तकमा नयाँ संस्करण बमोजिमका नक्साहरू प्रयोग हुनेछन् । साथै आम प्रयोगकर्तालाई पनि अब नयाँ संस्करण बमोजिमको नक्सा प्रयोग गर्न मन्त्री अर्यालले आग्रह गर्नुभयो ।

भूमिसुधारमन्त्री अर्यालले आगामी दिनमा छिमेकी मित्रराष्ट्र भारत सरकारसँग द्विपक्षीय वार्ता र कुटनीतिक प्रयास मार्फत समस्याको समाधान गर्न प्रतिबद्ध भएको र यसमा मित्रराष्ट्र भारतले सकारात्मक रूपमा लिनेछ भन्ने विश्वास लिएको बताउनुभयो ।

संविधानको अनुसूची ३ को नेपालको निशान छापभित्र नेपालको पुरानो नक्सा अङ्कित भएकाले त्यसलाई सच्याउन सरकारले संसदमा संविधान संशोधनको प्रस्ताव राखेको छ ।

भक्तपुर नपाका महिला वडा सदस्य कोरोना सङ्क्रमण मुक्त

कोरोना सङ्क्रमण पुष्टि हुनुभएका भक्तपुर नगरपालिकाका महिला वडा सदस्य जेठ १५ गते अस्पतालबाट घर फर्किनुभएको छ । जेठ ६ गते भक्तपुर नगरपालिकाअन्तर्गत जनस्वास्थ्य केन्द्रमा गरिएको स्वाब टेकुस्थित प्रयोगशालामा परीक्षणको क्रममा कोरोना पुष्टि भएको हो । परीक्षण परिणाम आए लगत्तै उहाँलाई पाटन अस्पतालको कोभिड आइसीयु ब्लकमा भर्ना गरिएको थियो । पाटन अस्पतालमा जेठ १४ र १५ गते गरिएको कोभिड परीक्षणको क्रममा दुवै पटक निगेटिभ परिणाम आए पछि उहाँ अस्पतालबाट डिस्चार्ज हुनुभएको हो ।

भक्तपुर नगरपालिकाअन्तर्गत च्याम्हासिंहस्थित जनस्वास्थ्य केन्द्रमा हालसम्म १६८ जनाको पीसीआर परीक्षण गरिएकोमा १२० जनाको नतिजा आएको र उनीहरूमध्ये ११९ जनाको निगेटिभ परिणाम आएको भक्तपुर नगरपालिका वडा नं ९ का अध्यक्ष रबिन्द्र ज्याख्वले जानकारी दिनुभयो । अरुको परीक्षण परिणाम पनि आउने क्रममा रहेको छ ।

त्यस्तै जनस्वास्थ्य केन्द्रमै १९४ जनाको आरडीटी परीक्षणमा ३ जनाको पोजेटिभ र १९१ जनाको निगेटिभ नतिजा आएको ज्याख्वले बताउनुभयो । पोजेटिभ नतिजा आएका तीन जना सङ्क्रमण मुक्त भएको र हाल आ-आफ्नो घरमा हुनुभएको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भर्चुअल कक्षा प्रभावकारी भएको प्रतिक्रिया

नेपाल सरकारले लकडाउन गरेको विषम परिस्थितिमा यसवर्ष एसइइ परीक्षा दिने विद्यार्थीहरूलाई लक्षित गरी भक्तपुर नगरपालिकाले **भादगाउँ टेलिभिजन तथा सामाजिक सञ्जाल**मार्फत सञ्चालन गरेको भर्चुअल कक्षा अत्यन्त प्रभावकारी रहेको र नगरपालिकाभित्रका मात्र नभई देशैभरिका विभिन्न जिल्लाका विद्यार्थीहरूबाट सकारात्मक प्रतिकृया आएको छ। नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा वैशाख २५ गते सामाजिक दुरी कायम गरी भर्चुअल कक्षा सञ्चालन गर्ने शिक्षकहरूबीच सम्पन्न समीक्षा बैठकमा सहभागी शिक्षकहरूले आफूहरूलाई विभिन्न जिल्लाबाट विद्यार्थीहरूले सम्पर्क गरी सल्लाह सुझाव तथा प्रश्नहरू सोध्ने गरेको जानकारी दिनुभयो।

बैठकमा नगर प्रमुख प्रजापतिले विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस रोग सङ्क्रमणको जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले सबै परीक्षाहरू स्थगित गर्दा परीक्षाको अन्तिम तयारीमा बसेका विद्यार्थीहरू निराश बनेको चर्चा गर्नुहुँदै उनीहरूको शैक्षिक भविष्यप्रति नगरपालिका जिम्मेवार भई कक्षा संचालन गरेको स्पष्ट पार्नुभयो।

पहिलो प्रयास हुँदा निश्चय पनि केही कमी कमजोरी रहेको उल्लेख गर्नुहुँदै उहाँले नगरपालिकाको अनुरोधलाई स्वीकार गरी चुनौतिका बीचमा पनि कक्षा सञ्चालन गर्न मिहिनेत गर्नुहुने सबै शिक्षक शिक्षिकाहरूलाई नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो।

उहाँले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समग्र नेपाली समाज र देशकै हितका लागि नगरपालिकाले सबैको सुझावअनुसार कार्य गरिरहेको बताउनुभयो। भक्तपुर नगरपालिकाका कतिपय कार्यहरू अन्यका लागि नमूना र अनुकरणीय भइरहेको उल्लेख गर्नुहुँदै नगर प्रमुख प्रजापतिले चर्चाको निम्तिभन्दा पनि व्यापक जनताको हितका निम्ति नगरपालिका अघि बढिरहेको प्रष्ट पार्नुभयो।

लकडाउनको समयमा प्रतिकूल परिस्थितिका बीच जनताको सुविधालाई ध्यानमा राखेर नगरपालिकाले प्रहरी प्रशासनसँग समन्वय गरी अनुमति पत्र वितरण गरेको, तरकारी बजार व्यवस्थापन गरेको, जात्रापर्वलाई औपचारिक ढङ्गमा मात्र सीमित गर्न जनतालाई आह्वान गरेको उहाँको भनाइ थियो।

नगर शिक्षा अधिकृत कृष्णप्रसाद कर्माचार्यले भर्चुअल कक्षा सञ्चालन गर्नाको अवधारणाबारे चर्चा गर्नुहुँदै यसबाट देशभरिकै विद्यार्थीहरूलाई लाभ पुगेको प्रतिकृया आएको बताउनुभयो।

बैठकमा शिक्षक ज्ञानसागर प्रजापतिले स्थानीय सरकारको अगुवाइमा भर्चुअल कक्षा शुरु गर्ने भक्तपुर नगरपालिकामात्र रहेको चर्चा गर्नुहुँदै कक्षाले विद्यार्थीलाई मात्र नभई स्वयं शिक्षकहरूलाई समेत धेरै कुरा सिकाएको बताउनुभयो।

शिक्षक महेन्द्र गोपाल कर्माचार्यले थोरै समयको तयारीमा सीमित स्रोत साधन र सीमित शैक्षिक जनशक्तिको उपयोग गरी नमूना कार्य गरेकोमा नगरपालिकालाई धन्यवाद दिनुभयो। उहाँले विद्यार्थीहरूको सिर्जनशीलतालाई ध्यानमा राखेर आधुनिक प्रविधिको प्रयोग गरी कक्षा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

अर्का शिक्षक रोशनराज तुइतुईले नगरपालिकाबाट सञ्चालित कक्षाको विश्वसनीयता बढेको बताउनुभयो। उहाँले कक्षाहरूलाई नगरपालिकाको आधिकारिक फेसबुक पेज तथा युट्युब च्यानलमार्फत प्रशारण भए थप प्रभावकारी हुनेमा विश्वास व्यक्त गर्नुभयो।

शिक्षक हरिप्रसाद ढकालले हाल एसइइ केन्द्रित विद्यार्थीहरूलाई सञ्चालन गरिरहेको कक्षालाई थप परिस्कृत गरी १० कक्षाभन्दा माथि र तलका विद्यार्थीहरूलाई समेत यही विधिबाट कक्षा सञ्चालन गर्न सकिनेमा जोड दिनुभयो।

शिक्षक कृष्णबहादुर प्रजापतिले कोरोना भाइरस रोगका कारण लामो समयसम्म विद्यालय सञ्चालन नहुने स्थिति सिर्जना भएमा विद्यालय तहका सबै विद्यार्थीहरूलाई लक्षित गरी वैकल्पिक शिक्षण विधि तयार गर्न सुझाव दिनुभयो।

बैठकमा शिक्षक गंगादत्त भट्ट, एनबी खाताखो, रत्नप्रसाद फैजू, बीजेन्द्रवीर कर्माचार्य, मंगलेश्वर ध्वजू, पुजा शाक्य, नविन्द्रलाल कर्माचार्यलगायतले विद्यार्थीहरूलाई आकर्षित गर्न

प्रविधिको अधिकतम् प्रयोग गरी कक्षा सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो। उहाँहरूले विद्यार्थीका लागि कक्षा बोझ नभई खेलको रूपमा मनोरञ्जन लिंदै सिकाउने विधि प्रयोग गर्न पाए थप प्रभावकारी हुने धारणा राख्नुभयो।

नगरपालिकाले एसइइ परीक्षा दिने विद्यार्थीहरूलाई लक्षित गरी यही २०७७ वैशाख ३ गतेबाट भादगाउँ टेलिभिजन मार्फत् प्रत्येक दिन साँझ ५ बजेदेखि ८ बजेसम्म भर्चुअल कक्षा शुरु गरेको थियो। वैशाख २५ गतेसम्म अङ्ग्रेजी विषयको १० वटा, नेपाली विषयको ११ वटा र सामाजिक विषयको १४ वटा कक्षाहरू प्रशारण भएको नगर शिक्षा अधिकृत कर्माचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार यस अवधिमा विज्ञान विषयको १३ वटा, गणित विषयको १३ वटा, स्वास्थ्य जनसङ्ख्या तथा वातावरण विषयको २ वटा र लेखा विषयको १ वटा गरी जम्मा ६४ वटा कक्षाहरू प्रशारण भइसकेका छन्। विद्यार्थीहरूले टेलिभिजन बाहेक फेसबुक, युट्युवलगायतका सामाजिक सञ्जालहरूमार्फत आफ्नो अनुकूल समयमा ती कक्षाहरू हेर्न र पढ्न सकिने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

साम्राज्यवादविरोधी, समाजवादका अथक अभियन्ता कामरेड मिखाइल लुकासको निधन

साम्राज्यवादविरोधी तथा समाजवादी पत्रिका 'नर्थ स्टार कम्पास' का सम्पादक मिखाइल लुकासको वैशाख २२ गते (मे ४) सोमबार निधन भयो। उहाँको दुखद निधनमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै हाम्रा पाठकहरूका निम्ति केही जानकारी प्रकाशन गरिएको छ।

उहाँका बुबा विलियम र आमा आनी लुकास हुनुहुन्थ्यो। उहाँकी जहान हेलेन, छोरा मिखाइल जुनियर (जुलियाना), छोरी मारी आन (सिल फतिया), नाति-नातिना जेसिका, भेनेसा र जाक्विलिन एवम् पनातिनी आरिया तथा अरू धरे नातेदारहरू हुनुहुन्छ।

उहालँ ओन्तारियो कला कलेजमा भर्ना भई ग्राफिक डिजाइन अध्ययन गर्नु भयो र विभिन्न संस्था तथा विज्ञापन संस्थामा कला निर्देशकका रूपमा काम गर्नुभयो।

उहाँ एक प्रतिभाशाली सङ्गीतकार पनि हुनुहुन्थ्यो। उहाँ भ्वाइलिन, साक्सोफोन असाध्ये राम्रो बजाउनुहुन्थ्यो। उहाँले पचास वर्षसम्म बाजा समूह (orchestra), बाइस वर्षसम्म महिला बाजा समूहको नेतृत्व या निर्देशन गर्नुभयो।

अत्यन्त अध्ययनशील लुकास एक सिद्धहस्त कलाकार, लेखक तथा बहुमुखी व्यक्तित्वका धनी हुनुहुन्थ्यो। उहाँ ७५ वर्षसम्म सांस्कृतिक तथा राजनीतिक क्षेत्रमा सक्रिय हुनुभयो। उहाँ चारवटा भाषाका ज्ञाता हुनुहुन्थ्यो र ८७ वर्षको उमेरसम्म चारैवटा भाषामा दैनिक कार्यसम्पादन गर्नुहुन्थ्यो। कार्पाथो रसियाली युवाका अध्यक्ष, कार्पाथो रसियाली क्यानाडालीका महासचिव, क्यानाडाली स्लाभ समितिका सचिव, क्यानाडा सोभियत सङ्गठनका अध्यक्ष, सोभियत जनतासँग मित्रता तथा ऐक्यबद्धताको अन्तर्राष्ट्रिय समितिका अध्यक्ष र 'नर्थस्टार कम्पास' का प्रधान सम्पादक भई लुकासले अमूल्य योगदान पुऱ्याउनुभयो।

नेमकिपा अध्यक्ष बिजुक्छेँको समवेदना सन्देश

गत मई ४ को बिहान सखारै ९४ वर्षको उमेरमा कामरेड मिखाइल लुकासको असामयिक निधन भएको खबरले हामीलाई दुःखी बनाएको छ। नेपाल मजदुर किसान पार्टी र नेपालका साम्राज्यवादविरोधी जनताको तर्फबाट हामी कामरेड लुकासप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। श्रीमती हेलेन

लुकास र शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछौँ। मिखाइल लुकासको सङ्घर्षमा लगातार इमानदार सहायता गर्नुभएकोमा हामी हेलेन लुकासप्रति हार्दिक सम्मान व्यक्त गर्दछौँ।

एक जना साम्राज्यवादविरोधी योद्धा, समाजवादका अथक अभियन्ता, लेखक र कलाकारको रूपमा हामी कामरेड लुकासलाई सधैँ सम्झिरहनेछौँ। 'नर्थस्टार कम्पास' ले हामीलाई एक ठाउँमा ल्यायो र केही दशकदेखि हामी सँगसँगै अघि बढिरहेका छौँ। 'नर्थस्टार कम्पास' समाजवादको रातो झन्डा र साम्राज्यवादविरोधी सङ्घर्षको हिस्सा हो। 'नर्थस्टार कम्पास' को संस्थापक सम्पादक एवम् सोभियत जनतासँग मित्रता र ऐक्यबद्धता अन्तर्राष्ट्रिय परिषद्का अध्यक्षको रूपमा उहाँले गर्नुभएको योगदान र उठाउनुभएको रातो झन्डाप्रति हामी उच्च सम्मान व्यक्त गर्दछौँ। उहाँका हरेक योगदानले साम्राज्यवादविरुद्ध बआवाज उठाउनुका साथै अत्यन्त प्रतिकूल परिस्थितिमा समेत संसारका कुनाकाप्चामा समाजवादको किरण फैलाएको छ।

एक जना अन्तर्राष्ट्रवादी, लेखक, कलाकार र सङ्गीतकारको रूपमा ७५ वर्षसम्म मिखाइल लुकास सांस्कृतिक तथा राजनीतिक गतिविधिमा सक्रिय रहनुभयो। समाजवादी विचार तथा मार्क्स, लेनिन र स्तालिनका विचार प्रचार गर्न कामरेड लुकासले आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुभयो। उहाँले सङ्कलन र सम्पादन गर्नुभएको 'द सेक्रेट डकुमेन्टस्' (गुप्त दस्तावेजहरू) राजनीतिक तथा वैचारिक क्षेत्रमा एउटा महत्त्वपूर्ण उपलब्धि प्रमाणित भयो। त्यस्तै अन्य कृतिहरूको प्रकाशन लुकासप्रतिको श्रद्धाञ्जली हुने हाम्रो विश्वास छ। उहाँको उदाहरणीय जीवन र कृति संसारभर सदैव प्रेरणाको स्रोत बन्नेछ। अथक सङ्घर्ष, अतुलनीय अगुवाइ तथा योगदानको निम्ति कामरेड लुकास सदा स्मरणीय हुनुहुनेछ। मिखाइलको अनुपस्थितिमा पनि उहाँले गर्नुभएको सङ्घर्षलाई उहाँको परिवार र अन्य मित्रहरूले निरन्तरता दिनुहुनेमा हामी आशावादी छौँ।

हामी उहाँलाई सधैँ सम्झिरहनेछौँ।

नारायणमान बिजुक्छेँ (रोहित)
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
२६ वैशाख २०७७, शुक्रबार

मिखाइल लुकासको देहावसानमा अनलाइन शोकसभा

क्यानाडाबाट प्रकाशित हुँदै आएको 'नर्थस्टार कम्पास' पत्रिकाका सम्पादक तथा समाजवादी आन्दोलनका योद्धा मिखाइल लुकासको अनलाइन शोकसभा पत्रकार समाज, नेपालको आयोजनामा वैशाख २६ गते भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले नेमकिपाको तर्फबाट कामरेड मिखाइल लुकासको निधनमा उहाँकी पत्नी हेलेन लुकास र मिखाइल लुकासका सुपुत्र लुकासप्रति हार्दिक समवेदना व्यक्त गर्नुभयो ।

शोक मन्तव्यमा उहाँले भन्नुभयो,'हामी आशा गर्छौं, कामरेड मिखाइल लुकासका बाँकी कार्यहरू पूरा गर्न 'कार्पाथो-रुसी क्यानेडियाली समाज' र 'सोभियत जनतासँग मित्रता र ऐक्यबद्धताको निम्ति अन्तर्राष्ट्रिय परिषद् तथा त्यसको पत्रिका 'नर्थस्टार कम्पास' मा कार्यरत कामरेडहरू सफल हुनुहुनेछ ।'

अध्यक्ष बिजुक्छेँले 'नर्थस्टार कम्पास' सँग नेमकिपाको सम्बन्धबारे चर्चा गर्दै भन्नुभयो 'नर्थस्टार कम्पास' २६ वर्षपहिले अर्थात् सन् १९९१ मा प्रकाशित भएको हो । त्यसको ७ वर्षपछि अर्थात् सन् १९९८ र १९९९ देखि नेमकिपाले 'नर्थस्टार कम्पास' प्राप्त गर्दै रह्यो । 'श्रमिक', 'मजदुर' र अन्य हाम्रा प्रकाशनहरूले त्यसको भावना र भाषालाई नेपालीमा रुपान्तरण गर्दै गए ।'

'हाल 'नर्थस्टार कम्पास' पत्रिकाको मुद्रण संस्करण बन्द छ । नेपालबाट नेमकिपा सो पत्रिकाको प्रकाशन समितिको सदस्य थियो । नेपालमा सो पत्रिकाका विभिन्न सामग्री र समाचारको नेपाली अनुवादसहित नेपालकै विभिन्न सान्दर्भिक सामग्री समेटेर २०६८ देखि 'ध्रुवतारा' पत्रिका प्रकाशन हुँदै आएको छ । नेमकिपाका अग्रजहरूले भूमिगत र भारत प्रवासको समयमा सोही नामको पत्रिका प्रकाशन गर्नुभएको थियो ।' उहाँले भन्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले सोभियत सङ्घको अस्थायी हारपछि संशोधनवादविरोधी सङ्घर्षमा मिखाइल लुकासले महत्त्वपूर्ण भूमिका खेल्नुभएको चर्चा गर्नुहुँदै भन्नुभयो,'सन् १९९१ मा गोर्भाचोभले सोभियत सङ्घ र समाजवादको विघटन गरेपछि पहिलोपटक उहाँले 'सोभियत सङ्घको पुन:स्थापना', 'समाजवादको पक्ष' मा र संशोधनवादी तथा विश्वासघातीहरूको विरोधमा आवाज उठाउनुभयो र 'सोभियत जनतासँगको मित्रता एवम् ऐक्यबद्धताको निम्ति अन्तर्राष्ट्रिय परिषद्' स्थापना गर्दै 'नर्थस्टार कम्पास' सुरु गर्नुभयो । उहाँकै अगुवाइ र अथक परिश्रमले सन् २००१, २००८ र २०११ मा अन्तर्राष्ट्रिय महाअधिवेशनहरूको सफल आयोजना भयो ।'

नेमकिपाका केन्द्रीय सदस्य तथा पत्रकार समाज नेपालका अध्यक्ष अनुराधा थापामगरले साम्राज्यवाद, नयाँ र पुरानो उपनिवेशवाद तथा विस्तारवादको चङ्गुलबाट नयाँ पुस्ताले आफ्नो देश र कामदार वर्गलाई जोगाउन सङ्घर्षरत रहने सङ्कल्प गर्नु आजको महत्त्वपूर्ण विषय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो,'आफ्नो पढाइ, प्रमाणपत्र र रोजगारी (क्यारियर) को निम्ति केही युवाहरू देश छोड्न तयार हुन्छन्, सिद्धान्त छोड्न तयार हुन्छन् र एक नागरिकको हैसियतले आफ्नो कर्तव्यबाट समेत च्युत हुन तम्सन्छन् । त्यस्ता युवाहरूको निम्ति मिखाइल लुकासबाट अन्तर्राष्ट्रवादी भावना, सिद्धान्तप्रति समर्पण र कर्तव्यप्रति दृढ रहने उदाहरण स्मरण गर्नु उपयुक्त हुन्छ ।'

अनलाइन कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेश सभाका सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँको तर्फबाट शोकसन्तप्त लुकास परिवारलाई पठाउन लागिएको शोक वक्तव्य वाचन गर्नुभयो ।

कार्यक्रममा पत्रकार समाज नेपालका सचिव नीरज लवजूले पनि बोल्नुभएको थियो ।

मिखाइल लुकासको सम्झना

- **नारायणमान बिजुक्छें**

बिहीबार २५ वैशाख २०७७ बिहान साथीहरूबाट मैले सोभियत जनतासँग मित्रता र ऐक्यबद्धताको निम्ति अन्तर्राष्ट्रिय परिषद्को पत्रिका 'नर्थस्टार कम्पास' को लामो समयदेखिका सम्पादक कामरेड मिखाइल लुकासको देहावसानको दुःखद समाचार पाएँ। साथै, दुई पृष्ठको एक सूचना पनि पाएँ। उहाँका सहकर्मी जर्ज ग्रुन्थल (George Gruenthal) ले पहिलो सन्देशमा लेख्नुभएको थियो – *'सोमबार ४ मई २०२०, ४ बजेर ५१ मिनेटमा लुकास बित्नुभयो। कामरेड मिखाइल लुकासले त्यस पत्रिकाको धेरैजसो विषयमात्र लेख्नुहुन्नथ्यो, उहाँले त्यसको सजावट र खाममा राखेर हुलाकमा समेत पठाउने काम गर्नुहुन्थ्यो। उहाँले यो काम ९० को दशकसम्म आफ्नी पत्नी हेलेन एवम् टोरोन्टो र संसारभरिका अन्य कामरेडहरूको सहयोगमा गर्नुभयो।*

मिखाइल लुकास समाजवादप्रति निरन्तर प्रतिबद्ध सबभन्दा लडाकूहरूमध्ये एक हुनुहुन्थ्यो। उहाँ लामो समयसम्मको कार्पाथो-रुसी क्यानेडियालीहरूको समाजको नेता वा अगुवा हुनुहुन्थ्यो । सन् १९९१ मा सोभियत सङ्घर्षको अस्थायी पतनपछि क्यानाडामा रहेका धेरैजसो स्लाभिक सङ्गठनहरू विघटन भए वा समाजवादलाई त्याग गरी जातिवादमा लागे। तर, मिखाइल लुकास र कार्पाथो-रुसी सङ्गठनले समाजवादको रातो झन्डालाई माथि उचाले र 'नर्थस्टार कम्पास' को प्रकाशनमा लागे। उहाँले सोभियत सङ्घ र अरू पूर्व समाजवादी देशमा सङ्घर्षरत शक्तिलाई सम्पर्क राख्नुभयो। 'नर्थस्टार कम्पास' लाई सारा संसारका क्रान्तिकारी र प्रगतिशील जनताले पढ्ने अवसर पाए। मिखाइल लुकासको समाजवादप्रतिको सङ्घर्षशील भावना धेरैधेरै कालसम्म सम्झिइने छ।

उहाँ बित्नुभयो, हामी साहै दुःखी छौं।'

जर्ज ग्रुन्थल सोभियत जनतासँग मित्रता र ऐक्यबद्धताको निम्ति अन्तर्राष्ट्रिय परिषद्को सदस्य, नर्थस्टार कम्पासको वेबसाइटमा कार्यरत हुनुहुन्छ।

दिवङ्गत मिखाइल लुकासका सुपुत्र मिखाइल लुकास जुनियरले पठाउनुभएको अर्को सन्देशमा लेखिएको छ :

'सन् २०२० मई ४ को बिहान सबेरै बुबा मिखाइल लुकासको देहावसानको साहै दुःखका साथ समाचार घोषणा गर्दै छु। मेरा बुबा शान्तिपूर्वक बित्नुभयो। यस स्थितिबारे बढी जिज्ञासा राख्नुहुन्छ भने कृपया बताउनुहोला हामी थप जानकारीको सूचना पठाउने छौं।

धेरै-धेरै धन्यवाद !

मिखाइल लुकास जुनियर (मिखाइल लुकासको छोरा)

सभापति-प्रबन्ध निर्देशक

अलेक्जेन्डर डुस्नोभिच

कार्पाथो-रसियाली क्यानेडियालीहरूको समाज

२८० क्वीन स्ट्रीट पश्चिम, टोरोन्टो, अन्टारिओ

का. मिखाइल लुकास

यी दुःखद समाचारले मलाई, मेरो परिवार तथा नेमकिपाका सबै तहका पार्टी सदस्य, वर्गीय सङ्गठनका सदस्यहरू, नेमकिपाका हाम्रा समर्थक र सहानुभूति राख्ने सबै साथीहरूलाई दुःखी बनायो।

नेमकिपाको तर्फबाट कामरेड मिखाइल लुकासको निधनमा म उहाँकी पत्नी हेलेन लुकास र मिखाइल लुकासका सुपुत्र लुकासप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु।

हामी आशा गर्छौं – कामरेड मिखाइल लुकासको दुःखद निधनमा समवेदना प्रकट गर्दै उहाँले पूरा गर्न बाँकी कार्यहरू पूरा गर्न 'कार्पाथो-रुसी क्यानेडियाली समाज' र

'सोभियत जनतासँग मित्रता र ऐक्यबद्धताको निम्ति अन्तर्राष्ट्रिय परिषद् तथा त्यसको पत्रिका 'नर्थस्टार कम्पास' मा कार्यरत कामरेडहरू सफल हुनुहुनेछ ।

'नर्थस्टार कम्पास' को अन्तिम अङ्क सन् २०१७ अक्टोबर-नोभेम्बर थियो । आर्थिक सङ्कटको कारण 'नर्थस्टार कम्पास' को छापाको ठाउँमा इन्टरनेटबाट प्रसारण गरियो । तर, नेपालमा हामीले त्यसलाई प्राप्त गर्न सजिलो भने थिएन । प्राविधिक कारणले त्यसका जानकारी र लेखहरू प्राप्त गर्न नसकेको साथीहरू बताउनुहुन्छ ।

छापाको नर्थस्टार कम्पासको अन्तिम अङ्कमा 'सोभियत सङ्घका उपलब्धिहरू', 'पूँजीवादको अन्त्य कसरी होला ?' र 'पर्यावरणीय समाजवादको भविष्य' जस्ता समीक्षा, संस्मरण तथा पूर्वानुमानजस्ता लेखहरू त्यसमा समावेश छन् । म हाम्रा पत्रकार समाजका साथीहरूलाई त्यस अङ्कका लेखहरू नेपाली भाषामा प्रकाशित गर्न सल्लाह दिन चाहन्छु । ती लेखहरूमार्फत बेलायती चर्चित दार्शनिक, गणितज्ञ र राजनीतिक चिन्तक एवम् चर्चित व्यक्तित्व बर्टान्ड रसेल र अन्य व्यक्तित्वहरूको 'पूँजीवादको कसरी अन्त्य होला ?' र 'समाजवादको भविष्य के होला ?' भन्ने विचारहरू पनि अध्ययन मनन गर्ने अवसर मिल्नेछ ।

'ध्रुवतारा'बारे

नेमकिपाको भूमिगत र प्रवासकालमा हामीले 'आधार', 'समाचार संसद' र 'ध्रुवतारा' नामका पत्रिकाहरू परीक्षणको रूपमा हिन्दी भाषामा पनि केही भारतीय लेखक, कवि र कलाकारहरूको सहयोगमा प्रकाशित गर्‍यौं । त्यसको मुख्य उद्देश्य नेपाल र नेपाली तथा भारत र भारतीय जनतामा समेत मार्क्सवाद-लेनिनवाद, माओ त्सेतुङ विचारधारा तथा समाजवादको प्रचार गर्ने थियो । तर, भारतीय गुप्तचर विभागले छापाखाना, लेखक, कवि, कलाकारहरूलाई समेत बाधा दिएको हुनाले ती पत्रिकाहरूलाई निरन्तरता दिन सकेनौं ।

'ध्रुवतारा' लाई अङ्ग्रेजीमा 'नर्थस्टार' भनिन्छ । 'ध्रुवतारा' ले दिशा पत्ता लगाउने काम पनि गर्छ । यसकारण, 'नर्थस्टार कम्पास' नाम राखिएको हुनुपर्छ - यो संयोगको कुरा हो । विचारको पनि समानता भएको हुनाले २०६८ साल भदौ-असोज (सेप्टेम्बर-अक्टोबर २०११) मा 'ध्रुवतारा' (The North Star) नेपाली भाषामा प्रकाशित गर्‍यौं । त्यसबेलादेखि 'नर्थस्टार कम्पास' सँग हाम्रो सम्बन्ध झन् मित्रवत् र आत्मीय रह्यो । पछि 'नर्थस्टार' मा नेमकिपालाई पनि एक समितिको सदस्यको रूपमा उल्लेख गरियो ।

साथीहरूलाई थाहै होला, मिखाइल लुकास चेकोस्लाभाकियाली कार्पाथो प्रदेशका रुसी हुनुहुन्छ । उहाँको जन्म एक मजदुर परिवारमा भएको हो । मिखाइलका बुबा सन् १९२७ मा क्यानाडा बसाइ सर्नुभएको थियो । बुबा मिखाइल एक सङ्घर्षशील खानी मजदुर, बाजागाजा, नाचगानका शिक्षक पनि हुनुहुन्थ्यो । क्यानाडामा उहाँले आफ्ना प्रवासीहरूमाझ मार्क्सवाद र लेनिनवादको प्रचार गर्नुहुन्थ्यो ।

दोस्रो विश्वयुद्ध हुँदा मिखाइल लुकास १९-२० वर्षका विद्यार्थी र बुबाको सैद्धान्तिक विचार र बाजागाजा तथा नाचगानजस्ता सांस्कृतिक गुणबाट प्रभावित हुनुहुन्थ्यो । विद्यार्थी गतिविधि, सोभियत सङ्घको पक्षमा प्रचार आदिले उहाँलाई कलेजले 'कालोसूची' मा पाऱ्यो र उहाँले प्रमाणपत्र पाउनुभएन । तर, उहाँको आफ्नो राजनैतिक विचार, सांस्कृतिक गतिविधि र चित्रकारितालाई प्रमाणपत्रले छेक्न सकेन ।

उमेरसँगै मिखाइल लुकासले 'रुसबाट हात झिक' भन्ने आन्दोलनदेखि 'क्यानाडियाली र सोभियत जनताको मैत्री सङ्घ' समेत स्थापना गर्दै सोभियत सङ्घको समर्थनमा फोटो प्रदर्शन, सांस्कृतिक कार्यक्रम, प्रवचन र रुसी प्रतिनिधिमण्डलको स्वागत एवम् क्यानाडियाली प्रतिनिधिमण्डल सोभियत सङ्घ र पूर्व युरोपेली देशहरूको भ्रमणको नेतृत्व पनि गर्नुभयो ।

सन् १९९१ मा गोर्भाचोभले सोभियत सङ्घ र समाजवादको विघटन गरेपछि पहिलो पटक उहाँले 'सोभियत सङ्घको पुनःस्थापना', 'समाजवादको पक्ष' मा र संशोधनवादी तथा विश्वासघातीहरूको विरोधमा आवाज उठाउनुभयो र 'सोभियत जनतासँगको मित्रता एवम् ऐक्यबद्धताको निम्ति अन्तर्राष्ट्रिय परिषद्' स्थापना गर्दै 'नर्थस्टार कम्पास' सुरु गर्नुभयो । उहाँकै अगुवाइ र अथक परिश्रमले सन् २००१, २००८ र २०११ मा अन्तर्राष्ट्रिय महाअधिवेशनहरूको सफल आयोजना भयो ।

ती बैठकहरूमा ११ देखि १४ देशका प्रतिनिधिहरू सामेल थिए । त्यसबेलासम्म उहाँ ८५ वर्षका युवा नै हुनुहुन्थ्यो । सन् २०११ मा टोरोन्टोमै भएको अन्तर्राष्ट्रिय परिषद्को तेस्रो विश्व महाधिवेशनमा उहाँले प्रस्तुत गर्नुभएको प्रतिवेदन पनि अध्ययन-मनन गर्नुपर्ने राम्रो दस्तावेज हो । सो प्रतिवेदन 'ध्रुवतारा' वर्ष-१ पूर्णाङ्क-२ कार्तिक-मंसिर, २०६८ (Nov-Dec, 2011) मा प्रकाशित छ ।

यसरी हामीले उहाँका राम्रा कार्यहरूको स्मरण गर्दै उहाँप्रति श्रद्धाञ्जली अर्पण गरौं । धन्यवाद !

(पत्रकार समाज नेपालको आयोजनामा भएको मिखाइल लुकासको अनलाइन शोकसभा (वैशाख २७ गते) मा व्यक्त मन्तव्य)

सङ्क्षिप्त जीवन परिचय

समाजवादका पक्षधर र साम्राज्यवादविरोधी कामरेड मिखाइल लुकास

'समाजवादप्रति, सोभियत सङ्घको पुनः स्थापनाप्रति, लेनिन र स्तालिनप्रति, अन्तर्राष्ट्रियतावादप्रति र साम्राज्यवाद एवम् संरा अमेरिकाविरूद्ध म समर्पित छु ।'

क्यानाडाको टोरोन्टो सहरबाट प्रकाशन हुने साम्राज्यवादविरोधी तथा समाजवादी पत्रिका 'नर्थ स्टार कम्पास' का सम्पादक मिखाइल लुकासको गत वैशाख २२ गते (मे ४) सोमबार निधन भएको छ ।

लामो समयदेखि मिखाइल लुकासले नेतृत्व गर्दै आउनुभएको सङ्गठन 'सोभियत जनतासँग मित्रता तथा ऐक्यबद्धता अन्तर्राष्ट्रिय परिषद्'का सदस्य जर्ज ग्रुन्थलले उहाँको छोटो परिचयमा लेख्नु भएको छ – उहाँ लामो समयसम्म सोभियत जनतासँग मित्रता तथा ऐक्यबद्धता अन्तर्राष्ट्रिय परिषद्को पत्रिका 'नर्थस्टार कम्पास' का सम्पादक हुनुहुन्थ्यो । उहाँ उक्त पत्रिकाको लागि लेख र समाचार मात्र लेख्नुहुन्नथ्यो, बरु पत्रिकाको लेआउट डिजाइन गर्ने, पत्रिका खामबन्दी गर्ने र विभिन्न देशमा हुलाकमार्फत पठाउनेसम्मका काम गर्नुहुन्थ्यो । उमेरले ९० को दशकसम्म पनि उहाँले यो कामलाई निरन्तरता दिनुभयो । उहाँकी श्रीमती हेलेन, टोरोन्टोका कमरेडहरूका साथै संसारभरका मित्रहरूले उहाँलाई सहयोग गर्नुभयो ।

मिखाइल समाजवादका सबभन्दा अविचल एक सिपाही हुनुहुन्थ्यो । उहाँले लामो समयसम्म कार्पाथो-रुसी क्यानाडेली समाजको नेतृत्व गर्नुभयो । सन् १९९१ मा सोभियत सङ्घको अस्थायी हार भयो । त्यसपछि क्यानाडामा रहेका अधिकांश स्लाभिक सङ्गठनहरू विघटन भए । उनीहरूले समाजवादको बाटो त्यागेर राष्ट्रवाद अथवा जातीयताको बाटो पछ्याए । मिखाइलले कार्पाथो-रुसी सङ्गठनमार्फत समाजवादको रातो झन्डा अक्षुण्ण राख्नुभयो । सोही क्रममा 'नर्थस्टार कम्पास' पत्रिकाको प्रकाशन गर्नुभयो । उहाँले सोभियत सङ्घ र पूर्व समाजवादी देशका जनतासँग सम्पर्क राखी सङ्घर्ष चालू राख्नुपर्नेमा जोड दिनुभयो । संसारभरका क्रान्तिकारी र प्रगतिशील जनताले 'नर्थस्टार कम्पास' अध्ययन गर्छन् । समाजवादको लागि लड्ने मिखाइलको भावना सदा स्मरणीय रहनेछ । हामी उहाँप्रति भावपूर्ण सम्मान व्यक्त गर्दछौँ ।"

मिखाइल लुकास (Michael Lucas) को जन्म सन् १९२६ मा कार्पाथियाको पहाडी क्षेत्रको पूर्वी चेकोस्लोभाकियाको भाइस्ना जाळलोन्का भन्ने गाउँमा एक मजदुर परिवारमा भएको थियो । उहाँको गाउँमा कार्पाथो-रूसीहरू (Carpatho Russian) बस्थे । तिनीहरू मौलिक स्लाभियाली भाषा बोल्ने गर्दथे । त्यतिबेला त्यो ठाउँका मानिसहरू हङ्गेरियाली साम्राज्यको शासनमा सयौँ वर्षसम्म बसेका थिए । त्यहाँका विद्यालयमा पनि जबरजस्ती हङ्गेरियाली भाषा बोल्न लगाइन्थ्यो, त्यसैले त्यहाँबाट मानिसहरू संरा अमेरिका र क्यानाडातिर बसाइँ सर्न थाले ।

पहिलो विश्वयुद्धपश्चात् सम्पूर्ण कार्पाथियाली क्षेत्र चेकोस्लाभाकिया र पोलायन्डमा गाभियो । त्यहाँको आर्थिक



नर्थस्टार कम्पासको एउटा आवरण

परिस्थिति र अनुत्पादक भूमि तथा जिउनको लागि मानिसहरू संरा अमेरिका र क्यानाडातिर बसाइँ सर्न बाध्य हुन्थे । परिवारको जेठो छोरा वा छोरीले बसाइँ सर्नुपर्ने त्यस बेलाको रीतिरिवाज जस्तै भइसकेको थियो ।

मिखाइलका पिता सन् १९२७ मा क्यानाडा बसाइँ सर्नुभयो तथा सन् १९३८ मा मिखाइल र उहाँकी आमा पनि हरियाली र स्वच्छ पहाडलाई छाडेर प्रदूषणयुक्त खानीले भरिएको क्यानाडाको ओन्टारियो (Ontario) प्रान्तको सडबरी (Sudbury) सहरमा पुग्नुभयो । त्यस बखत खानी मजदुर सङ्घका सङ्गठनकर्ता भएका कारण उहाँका पिता कारागारमा हुनुहुन्थ्यो ।

त्यतिबेला संसारमा ठूलो आर्थिक सङ्कट भएको थियो । स्लाबियाली वैदेशिक प्रवासीहरू (Slavic foreign immigrants) लाई साऱ्है भेदभाव, गाली-गलौजका साथै शारीरिक हमला पनि गरिन्थ्यो । कम्युनिस्ट भएका कारण उहाँका पिताले धेरै सङ्घर्ष गर्नुभयो । त्यही कारणले मिखाइल पनि कम्युनिस्ट सिद्धान्त र गतिविधिप्रति आकर्षित बन्नुभयो । त्यसमाथि उहाँका काका जर्नेल लुकास (General Lukas Mate Zolka) ले अन्तर्राष्ट्रिय स्वयम्सेवक दल (International Brigade) को तर्फबाट स्पेनको गृहयुद्धमा नेतृत्व गर्नुभएको थियो । फासिवादी फ्रान्को (Franco) को तानाशाहीको विरोधमा उहाँ लड्नुभएको थियो । त्यसकारण, मिखाइल आफ्नो काकाप्रति गर्व गर्नुहुन्थ्यो ।

मिखाइलको परिवार खानीको सहर सडबरी छाडेर टोरोन्टो (Toronto) मा बसाइँ सऱ्यो । त्यहाँ मिखाइलका पिता र माता कार्पाथो रूसी समाज (Carpatho–Russian Society) का सदस्य हुनुभयो । मिखाइल युवा सङ्गठनमा लाग्नुभयो । उहाँ वाद्यवादन सिकाउने तथा कार्पाथियाली नाचको सामूहिक बाजा-गाजा सिकाउने र युवाहरूको सांस्कृतिक समूहमाझ सङ्गठन गर्न थाल्नुभयो । त्यहाँ सामूहिक बाजा र नाचगानको नियमित कार्यक्रम एवम् सांस्कृतिक बैठकहरू हुन्थे । त्यही समाजमा समाजवाद वा मार्क्सवाद-लेनिनवाद र स्तालिनका विचारबारे प्रवचन कार्यक्रमहरू पनि हुन्थे ।

मिखाइल त्यसबेला भ्वाइलेन बजाउने गर्नुहुन्थ्यो । उहाँले किशोरावस्थामा सङ्गीत र कलाको शिक्षा प्राप्त गर्नुभएको थियो । उहाँको अगुवाइमा किशोरीहरूको साङ्गीतिक समूहले टोरन्टोका होटेलहरूमा सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्थ्यो । सन् १९४५ को दोस्रो विश्वयुद्धको सुरूमा उहाँले आफ्नो कलेजमा अङ्ग्रेजीभाषी विद्यार्थीको सैनिकीकरणको विरोधमा हडतालको नेतृत्व गर्नुभयो । सोभियतविरोधी प्रचारको विरोधमा विद्यालयसम्म प्रदर्शन यात्रा आयोजना गर्नुभयो । त्यसकारण उहाँ कलेजबाट निष्कासित हुनुभयो । कलेजबाट निष्कासनमा परेको कारण उहाँलाई सबभन्दा राम्रो कलाकार र चित्रकार भएर पनि पढाइ पूरा भएको प्रमाणपत्र दिइएन । उहाँ दुई वर्षसम्म बेरोजगार बस्नुपऱ्यो किनभने रोजगारदाताले उहाँबारे कलेजबाट जानकारी लिन्थ्यो र कलेजमा उहाँको नाम 'कालो सूची'मा राखिएको थियो । त्यसबेला उहाँ १९-२० वर्षका युवा हुनुहुन्थ्यो ।

दोस्रो विश्वयुद्धका बेला मिखाइल क्यानेडेली स्लाभ समिति (Canadian Slav Committee) का सचिव हुनुभयो । उहाँले आफ्ना कमरेडहरूसँग मिलेर 'रूसलाई सहायत कोष' (Aid to Russia Drives) मार्फत सङ्गठन गर्नुभयो । उहाँले

पहिलो कार्टुन

First cartoon published in NSC, 1991

Mafia controlled capitalism in former Soviet Union!

Even Rats Understand What Capitalism Is!

(नर्थस्टार कम्पासमा सन् १९९१ मा छापिएको पहिलो व्यङ्ग्य चित्र)

पूर्व सोभियत सङ्घमा माफिया नियन्त्रित पूँजीवाद !

पूँजीवाद के हो मूसाहरूलाई पनि थाहा छ !

(कार्टुनमा लेखिएको छ - यहाँ चाहिने चीज केही छैन, पैसामात्रै छ)

आफ्नो कला प्रस्तुत गरेर सोभियत लाल सेना र रेड क्रसका लागि लुगाफाटा एवम् अन्य भौतिक सहयोगको बन्दोबस्त गर्नुभयो ।

२०१४ मे-जुन अङ्कको आवरण

मिखाइल कम्युनिस्ट पार्टीको सदस्य हुनुभयो । साथै, श्रमिक युवा कम्युनिस्ट राष्ट्रिय महासङ्घ (National Federation of Labor Youth – YCL) का सदस्य हुनुभयो । सन् १९४७ मा उहाँ कार्पाथो-रूसी युवा (Carpotho-Russian Youth) को तर्फबाट एक प्रतिनिधि भई सय जवान क्यानेडियालीहरूसँग युगोस्लाभियामा ३० दिनको लागि युवा स्वयम्सेवक दलको रूपमा (Beaker Brigade) ओम्लडिन्सका निर्माण अभियान (Omeadinska Purge) मा मद्दतका लागि जानुभयो । उहाँ युगोस्लाभियाको प्रागमा भएको विश्व युवा महोत्सवमा पनि प्रतिनिधिको रूपमा सहभागी हुनुभयो । त्यतिबेला उहाँ २७ –२८ वर्षका सक्रिय युवा हुनुहुन्थ्यो ।

मिखाइल क्यानाडा-सोभियत संस्था (Canada-USSR Association) को सचिवमा चुनिनुभयो र त्यस संस्थाको तर्फबाट धेरै कार्यक्रमहरू आयोजना गर्नुभयो । उहाँले क्यानाडामा सोभियत प्रतिनिधि मण्डलहरूको स्वागत समारोह आयोजना गर्नुभयो । त्यस संस्थाको विभिन्न शाखाहरूमा प्रदर्शन र भ्रमणहरूको आयोजना हुन्थ्यो । तिनीहरूले विभिन्न सोभियत समूहहरू – खेलकूद समूह, प्रतिनिधिमण्डल र सोभियत सरकारका सदस्यहरूलाई पनि स्वागत कार्यक्रम गरे । साथै, क्यानाडामा सोभियत व्यापार प्रतिनिधिमण्डलहरूको सम्बन्ध कायम गर्न पनि सहयोग गरे ।

तिनीहरूले सोभियत सङ्घका बारेमा धेरै पत्र-पत्रिका, किताब र पुस्तिकाहरू प्रकाशन गरे, सोभियत चलचित्र प्रर्दशन र तस्बिर प्रर्दशनीहरूको पनि आयोजना गरे, क्यानाडाको सबै भागमा सोभियत जनतासँगको मित्रताको लागि देशव्यापी कार्यक्रमको आयोजना गरे तथा सोभियत सङ्घ र समाजवादबारे कार्यक्रमहरू आयोजना गरे ।

क्यानाडा सोभियत संस्था (Canada USSR Association) र सोभियत जनतासँग क्यानेडियाली मित्रहरूका सबै गतिविधि एवम् क्रियाकलापहरू मिखाइल र उहाँका कामरेडहरूले कार्पाथो-रूसी क्यानाडेली समाजको मैत्री भवन (Society of Corpatho–Russian Canadian) मा गर्नुहुन्थ्यो । कार्पाथो-रूसी क्यानेडेलीहरूका सबै सदस्यहरू सच्चा बोल्शेभिक र अन्तर्राष्ट्रवादी हुन् । मिखाइल त्यस कार्पाथियाली सदस्यहरूका नेता हुनुहुन्थ्यो ।

सोभियत सङ्घ टुक्रिन्दा मिखाइलले नेतृत्व गरेको संस्थाले नै सबभन्दा पहिले सार्वजनिकरूपले गोर्बाचोभ र तत्कालीन क्यानाडामा सोभियत राजदूत याकोबोलेभलाई संशोधनवादी भनेर निन्दा गऱ्यो । द्वैमासिकरूपमा 'नर्थस्टार कम्पास' (NorthStar Compass) पत्रिकामा उहाँले गोर्बाचोभविरोधी व्यङ्ग्यात्मक चित्रहरू कोर्नुभयो । 'नर्थस्टार कम्पास' मा आबद्ध समूहले गोर्बाचोभ र अन्य संशोधनवादीहरूलाई देशद्रोही भएकोमा निन्दा गऱ्यो । लुकासले सोभियत सङ्घको सरकार कब्जा गरेकोबारे उदाङ्ग्याउने लेखहरू प्रकाशित गर्नुभयो । त्यसकारण, २७ पटक सोभियत सङ्घ र त्यहाँका सबै राजतन्त्रहरूको भ्रमण गर्नुभएका मिखाइल लुकासलाई सन् १९९० पछि पूर्व सोभियत सङ्घ भ्रमण गर्न रोक लगाइयो । मिखाइल लुकास त्यसबेला युवा होइन ६४ वर्षका प्रौढ हुनुहुन्थ्यो ।

'नर्थस्टार कम्पास' पत्रिका २० वर्ष निरन्तररूपमा प्रकाशन भयो । मिखाइलको कमजोर स्वास्थ्य, कागजको संस्करण संसारका विभिन्न देशमा पठाउन आर्थिक तथा प्राविधिक कठिनाइ, आर्थिक समस्या आदि कारणले सन् २०१४ मा सो पत्रिका नचाहँदा नचाहँदै बन्द गर्नुभयो । मुद्रण संस्करणबाट अनलाइन संस्करणमा जाने प्रयास पनि लामो समयसम्म अघि बढेन । अन्तिम अङ्क प्रकाशन गर्दासम्म 'नर्थस्टार कम्पास' संसारका ६० देशमा वितरण हुन्थ्यो । यो अङ्ग्रेजी, फ्रान्सेली, स्पेनियाली, र रूसी भाषामा प्रकाशित हुन्थ्यो ।

लुकासको नेतृत्वमा सोभियत जनतासँग मित्रता र ऐक्यबद्धताको तीनवटा विश्वव्यापी महाअधिवेशनहरू क्यानाडामा आयोजना गरियो । सन् २००१, २००८ र २०११ मा भएका ती अन्तर्राष्ट्रिय बैठकहरूले ११ देखि १४ देशका प्रतिनिधिहरूको सहभागितामा सोभियत सङ्घको पुनः स्थापना र समाजवादका लागि सङ्घर्ष गर्न सङ्कल्प जाहेर गऱ्यो । निरन्तर सङ्घर्षकै

'नर्थस्टार कम्पास'को ऐतिहासिक भूमिका

साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय सङ्घर्षमा सहभागी हुन आह्वान गर्ने 'नर्थस्टार कम्पास'ले विश्वका साम्राज्यवादविरोधीहरूलाई एकताबद्ध र सहकार्य गर्दै समाजवाद र सोभियत सङ्घ पुनःस्थापनाको लागि अविचलित रूपमा दृढताका साथ निरन्तर कार्य गऱ्यो । पत्रिकाको तयारीदेखि ६८ देशहरूमा पुऱ्याउने काम स्वयंसेवा र चन्दाबाट भएको थियो ।



नर्थस्टार कम्पासको एउटा आवरण

'नर्थस्टार कम्पास'को ऐतिहासिक भूमिकालाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ –

(१) यसले सर्वहारा वर्गको अधिनायकत्वको कामदार वर्गको पहिलो राज्य सोभियत सङ्घको इतिहास र समाजवादी औद्योगिकरण तथा कृषिको सामुहिकीकरणको इतिहास रक्षार्थ महत्त्वपूर्ण भूमिका खेल्यो ।

साथै जोसेफ स्तालिनको सही नेतृत्व र उहाँको नेतृत्वको बोल्शेभिक पार्टीले दोश्रो विश्वयुद्धमा फासीवादलाई पराजीत गर्न सोभियत सङ्घले खेलेको नेतृत्वकारी भूमिकाको उच्च मूल्याङ्कनका साथ रक्षा गऱ्यो ।

(२) यसले संशोधनवादको जरा खोतल्ने क्रममा स्तालिनको विरोध गर्दै समाजवाद भत्काउन शुरु गर्ने ख्रुश्चेभदेखि समाजवाद ध्वस्त पार्ने र सोभियत सङ्घ विघटन गर्ने गोर्भाचेभ तथा सर्वोच्च सोभियतको विरोध र प्रतिक्रान्ति गर्ने यल्तसिनसम्मलाई उदाङ्ग्यायो ।

(३) यसले सोभियत सङ्घ विघटन गरी पूँजीवादको पुनःस्थापना पछि कारखानाहरू बन्द, रोजगार गुम्नु, भोक, घरविहीनता, स्वास्थ्य सेवाको ठूलो अभाव, रोजगारकोलागि ठूलो सङ्ख्यामा बसाइँसराइ, सरदर आयुमा कमी आउनु आदिले कामदार जनताको दयनीय अवस्थाको यथार्थचित्र प्रचार-प्रसार गऱ्यो ।

(४) यसले सोभियत सङ्घको अनुपस्थितिमा एक्लो महाशक्ति संरा अमेरिकाको विश्वमा प्रभुत्व जमाउने चाहनालाई कुनै राज्य शक्तिले छेक्न नसक्नेतर्फ गम्भीर रूपमा औंल्यायो । त्यसबेला पूँजीवादी प्रेसले 'स्वतन्त्रता' र 'प्रजातन्त्र' का फाइदाहरूको बखान गर्दै थिए ।

(५) यसले रुसमामात्र होइन पूर्व सोभियत सङ्घका सबै स्थानका कम्युनिस्ट र मजदुर पार्टीहरूले समाजवाद र सोभियत सङ्घको पुनःस्थापनाका लागि गरेका सङ्घर्षका समाचार र गतिविधिहरूलाई महत्त्वका साथ प्रकाशन गऱ्यो ।

आगोमा उमेर बढ्दै गए पनि लुकास जवान र जोशिला हुनुहुन्थ्यो । उहाँले पटक पटक हृदयघात झेल्नुभयो ।

जीवनभर समाजवादप्रति प्रतिबद्ध मिखाइलले भन्नुभयो– *'हामी सधैँ समाजवादी विचारधारा लेनिन र स्तालिनको विचारहरूको प्रतिनिधित्व गर्छौं । हामी सन् १९१८ देखि नै क्यानाडामा स्थापित 'रूसबाट हात झिक समिति' (Hands off Russia Committee) बाट नै यसमा दृढ छौं ।'*

उहाँ भन्नुहुन्थ्यो– *'समाजवादप्रति, सोभियत सङ्घको पुनः स्थापनाप्रति, लेनिन र स्तालिनप्रति, अन्तर्राष्ट्रियतावादप्रति र साम्राज्यवाद एवम् संरा अमेरिकाविरूद्ध म समर्पित छु ।'*

'नयाँ विश्व व्यवस्था (New World Order) प्रति हामी दृढ छौं तथा सङ्घर्षप्रतिको हाम्रो सङ्कल्पमा कहिल्यै कमी आउने छैन !'

'भविष्यतिर हेर ! सोभियत सङ्घतिर हेर !' भन्ने भावनाबाट उहाँ प्रेरित हुनुहुन्थ्यो । उहाँले समाजवादको पक्ष र साम्राज्यवादविरोधी सङ्घर्षमा आफ्नो जीवन अर्पण गर्नुभएको छ । आफ्नो सिद्धान्तप्रतिको निष्ठा र लगन नयाँ पुस्ताको निम्ति मनन योग्य विषय हो । मिखाइल लुकासबाट अन्तर्राष्ट्रियतावादी भावना, सिद्धान्तप्रति समर्पण र कर्तव्यप्रति दृढ रहने उदाहरण स्मरण गर्नु उपयुक्त हुन्छ ।

साम्राज्यवाद, नयाँ र पुरानो उपनिवेशवाद तथा विस्तारवादको चङ्गुलबाट नयाँ पुस्ताले आफ्नो देश र कामदारवर्गलाई जोगाउन सङ्घर्षरत रहने सङ्कल्प गर्नु आजको महत्त्वपूर्ण विषय हो । संसारका साम्राज्यवादविरोधी जनताले साम्राज्यवादविरोधी अविचलित योद्धा मिखाइल लुकासको सदा स्मरण गर्नेछन् ।

(मजदुर दैनिक, २०७७।१।२६ बाट)

नगरमा शैक्षिक गतिविधि

'भर्च्युयल कक्षा सञ्चालनले देशभरका विद्यार्थीहरूलाई सहयोग पुगिरहेको छ'

• सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

*(भक्तपुर नगरपालिकाको रेडियो कार्यक्रम **ल्वप सः** को वैशाख २४ गते बुधबारको १०९ औं भागमा भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिसँग लकडाउनको समयमा शिक्षा क्षेत्रमा देखिएको अन्यौल तथा समस्याबारे प्रस्तोता **रविन्द्रप्रसाद कुसी**ले लिनुभएको अन्तर्वार्ता)*

प्रश्न : यहाँलाई कार्यक्रममा स्वागत छ ।

सुनिल प्रजापति : धन्यवाद ।

प्रश्न : केही समयअघि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी वैकल्पिक माध्यमबाट विद्यालयहरूमा भर्ना अभियान र पाठ्यपुस्तक वितरणलगायतका काम सुरु गर्ने र त्यससम्बन्धी अरु कामहरू गर्ने निर्णय गरेको थियो तर सोमबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यसमा रोक लगाउन निर्देशन जारी गरेको छ । यसलाई भक्तपुर नगरपालिकाले कसरी हेरेको छ ?

सुनिल प्रजापति : शिक्षा क्षेत्रमा पछि पर्नु भनेको देश पछि पर्नु हो । शैक्षिक क्षेत्र बन्द हुनु कुनै पनि हिसाबले पनि राम्रो होइन । इतिहासमा पढ्न पाइन्छ, भियतनाम युद्ध र कोरिया युद्धको विषम परिस्थितिमा समेत त्यहाँको नेतृत्वले शैक्षिक संस्थाहरू बन्द नगरी सुरक्षित ठाउँमा, घना जङ्गलको बीचमा छाप्राहरू बनाएर सञ्चालन गरेका थिए ।

आजको समय भनेको कुनै देशसँग हाम्रो देशको लडाईँ भएको होइन । एउटा विषाणुसँग गर्नुपर्ने प्रतिरोधको कारणले अहिले सिँगो देश अझ भनुँ विश्व नै थप्प भएको अवस्था हो । हिजोको समयमा भन्दा आज निक्कै नै प्रविधिको विकास भइसकेको छ । विज्ञान र प्रविधिको कारणले धेरैले घरमा बसेर पनि पठनपाठन गर्न सक्छन् । त्यसकारणले आधुनिक प्रविधिलाई जति सक्यो त्यति उपयोग गरेर विद्यार्थीहरू घरमा बसेर र शिक्षकहरू पनि कोठामा बसेर पढाउन सकिने यो युगमा प्रविधिको प्रयोग गरौं । तर केन्द्र र प्रदेश सरकार र स्थानीय तहबीच समन्वयको अभावले जनता अन्यौलमा छन् । बागमती प्रदेशले एउटा सूचना निकाल्ने अनि सङ्घले अर्को सूचना निकालेर बन्द गर्ने, यो राम्रो होइन । किनभने यो भनेको लाखौं विद्यार्थीहरूको भविष्यसँग सम्बन्धित विषय हो । नर्सरीदेखि माथिल्लो तहसम्मका सबै विद्यार्थीलाई प्रभाव पर्ने भएको हुँदा यस्तो विषयमा के गर्दा उपयुक्त हुन्छ भन्ने सन्दर्भमा स्थानीय तह, प्रदेश र केन्द्रबीच छलफल गरी निर्णय गरेको भए राम्रो हुने थियो । कसैसँग समन्वय नगरी फटाफट सूचना निकाली दिँदा अप्ठेरो भएको हो । निर्णय गर्दा व्यावहारिक पक्षलाई ध्यान दिनु आवश्यक छ ।

एउटै बैठकले धेरै समस्या समाधान हुन सक्थ्यो । केन्द्र र प्रदेशको विद्यालय सञ्चालनमा आ-आफ्नो अधिकारको दाबी देखिन्छ । वास्तवमा विद्यालय सञ्चालनको जिम्मा कानूनले स्थानीय तहलाई तोकेको छ । त्यसैले यस्ता विषयहरू स्थानीय तहले निर्णय गर्नु पर्ने हो । यस्तो अवस्थामा स्थानीय तहसँग समन्वय गरेर काम गरेको भए राम्रो हुने थियो । विद्यालय सञ्चालन गर्ने निर्णय स्थानीय तहको स्थिति अनुसार फरक फरक होला । तर शैक्षिक संस्थाहरू सञ्चालन गर्ने धेरै उपायहरू छन् तर त्यतातिर प्रदेश र सङ्घ सरकारको ध्यान गएको देखिदैन ।

प्रश्न : भक्तपुर नगरपालिका अन्तर्गतका विद्यालयहरूमा विद्यार्थी भर्ना प्रक्रिया र अन्य शैक्षिक कृयाकलाप गर्ने वातावरण कतिको छ त ?

सुनिल प्रजापति : अहिले नेपाल सरकारले सूचना निकालेर बन्द गरेको अवस्थामा हामीले कुनै काम गर्दा त्यो निर्णय विपरीत हुन जान्छ । सकेसम्म त्यस्तो खालको अन्यौल नआओस् भन्ने चाहन्छौं । परिस्थिति कस्तो छ त्यसको आधारमा चल्नुपर्छ । अहिले भर्ना खुलेको अवस्थामा तुरुन्तै विद्यार्थी भर्ना हुन आउँछ भन्ने साँचो होइन । सरकारले निर्देशन दिदैमा सबै काम हुन्छ भन्ने पनि होइन । परिस्थितिले त्यस्तो भन्दैन । त्यसकारण पहिलो चरणमा लकडाउनलाई अलिकति खुकुलो पार्न आवश्यक छ । जस्तो अहिले कुनै पनि सङ्क्रमित नभेटिएका सुरक्षित ठाउँमा निश्चित सङ्ख्यामा यातायातलाई नगर वा जिल्लाभरि मात्रै सञ्चालन गरी जिल्ला बाहिरका नागरिकहरूलाई प्रवेशमा रोक लगाउने जस्ता उपायहरू अपनाउन सकिन्छ ।

यसो गरेमा स्वभाविक रूपमा जनजीवन क्रमशः सहज बन्दै जानेछ ।

प्रश्न : सबै विद्यालयहरूमा सबै तहका वार्षिक परीक्षाहरू सम्पन्न गरी नतिजा प्रकाशित गर्ने क्रम शुरु भइरहेको छ । भक्तपुर नगरपालिकाले कक्षा ८ विद्यार्थीहरूको नगरस्तरीय अन्तिम परीक्षा BLE पनि सम्पन्न गरिसकेको छ । त्यसको नतिजा प्रकाशन गर्ने प्रकृया कहाँ पुगेको छ मेयरज्यू ?

सुनिल प्रजापति : कक्षा ८ को परीक्षाको नतिजा प्रकाशनसम्बन्धी सम्पूर्ण तयारी भइसकेको छ । अब केही दिनपछि प्रकाशित हुन्छ । हामीले सबै कुरा हेरिसकेका छौं । कुनै पनि दिन हामी निकाल्न सक्छौं । केही दिन मात्रै धैर्यताको आवश्यकता छ । विद्यालय तहका अन्य वार्षिक परीक्षाको पनि रिजल्ट निकाल्न गाऱ्हो छैन । अनलाइनबाट निकाल्न सकिने भन्ने कुरा आइसकेपछि त्यही अनुसार परिक्षाफल प्रकाशित हुन्छ ।

प्रश्न : लकडाउनको अवधिमा विद्यालयको नियमित कक्षाहरू सञ्चालन हुने देखिंदैन । यो बीचमा विद्यालयका साना बालबालिकाहरूका लागि अभिभावक र विद्यालयले के के गर्न सक्छन् जस्तो लाग्छ ?

सुनिल प्रजापति : अब यस्तो बेला स-साना भाइबहिनीहरूलाई उनीहरूको तह अनुसार व्यवहारिक कक्षाहरू जस्तै : चित्रकला लेख्नेदेखि लिएर के के गर्न सकिन्छ अहिले त अनलाइन माध्यमबाट पनि सिकाउन सकिन्छ । घरमै बसेर पनि अभिभावकहरूले बालबच्चाहरूलाई विभिन्न खेलहरू र व्यवहारिक ज्ञानहरू,नैतिक शिक्षा सिकाउन सकिन्छ । त्यसको लागि यो अत्यन्तै महत्त्वपूर्ण अवसर हो । कति विद्यार्थीहरू त अभिभावकहरूसँग टाढा बस्ने गरेका छन् । यस्तो अवस्थामा छोराछोरीहरूको मनोभावना बुझेर आमाबाबुले सँगै बस्ने, माया गर्ने, रमाइलो गर्ने र केही सिर्जनशील गतिविधिमा संलग्न गराउने कार्य गर्दा उचित हुन्छ । माथिल्लो कक्षाका विद्यार्थीहरूलाई अभिभावकले जानेबुझेका कुराहरू सिकाउनु पर्छ । पाठ्यक्रमसँग सम्बन्धित वा जीवन दर्शनसँग सम्बन्धित समय सान्दर्भिक नयाँ नयाँ किताबहरू पढ्ने राम्रो अवसर पनि हो । सामाजिक सञ्जालहरूको पनि सही उपयोग गर्नुपर्छ ।

प्रश्न : भक्तपुरमा पछिल्लो समयमा केही विद्यालयहरूले अनलाइन तथा भर्चुअल कक्षा सुरु गरेको देखिन्छ । यसलाई सबै विद्यालयहरूमा एकरूपता ल्याउन सकिन्छ कि ?

सुनिल प्रजापति : यसबारे अध्ययनको अवश्यकता छ । औसतमा एक तिहाइ विद्यार्थीहरूमात्रै इन्टरनेटको पहुँचमा र बाँकी विद्यार्थीहरू इन्टरनेटको पहुँचमा छैनन् भने एक तिहाइलाई फाइदा भएपनि बाँकीलाई अप्ठेरो पर्न सक्छ । यो कुरा शिक्षकलाइ थाहा नहुन सक्छ । विद्यालयले विद्यार्थीसँग शुल्क उठाउँछ अनि अविभावकको गुनासो आउने सम्भावना छ । त्यो बेला अविभावक र विद्यालयको बीचमा द्वन्द्व उत्पन्न हुन सक्छ ।

प्रश्न : सरकारले सरकारी विद्यालयका शिक्षकलाई लकडाउनको समयावधिलाई सार्वजनिक विदाको रूपमा तलब दिने निर्णय गरेको अवस्थामा निजी विद्यालयका शिक्षक तथा कर्मचारीलाई तलब दिन अनलाइन कक्षा वाध्यता हो कि ?

सुनिल प्रजापति : अनलाइन कक्षा वाध्यता होइन, समयको आवश्यकता हो तर सबै विद्यार्थीहरूमा इन्टरनेटको पहुँच नपुगेकोले मात्र समस्या हो । कति शिक्षक र विद्यार्थीको समय अहिले खेर गइरहेको छ । यसलाई केही हदसम्म सदुपयोग गर्न अहिले SEE परीक्षा दिने तयारी अवस्थामा रहेका विद्यार्थीको लागि नगरपालिकाले टेलिभिजनमार्फत भर्चुअल कक्षा सञ्चालन गरिरहेको छ । यसले भक्तपुरका विद्यार्थीलाई मात्र होइन, देशभरिका विद्यार्थीहरूको लागि सहयोग भइरहेको छ । अहिले हात हातमा मोबाइल छ । इन्टरनेटको पहुँचमा रहेका विद्यार्थीहरूले पढ्न सकून भनेर सामाजिक सञ्जालमा पनि राखेका छौं । हुम्ला, जुम्ला जस्ता पहाडी र तराईका विभिन्न जिल्लाका विद्यार्थीहरूले पनि सम्पर्क गर्ने गरेका छन् । धेरै विद्यार्थीहरूले राम्रो मानेका छन् । ऐच्छिक विषयका पनि पढाउनुपर्यो भनेर सुझाव आएपछि त्यसतर्फ पनि नपाको ध्यान गएको छ । फेसबुकमा प्रत्यक्षमात्र होइन रेकर्डेड पनि हेर्न सकिन्छ । चाहिने कक्षामा मात्र पनि बस्न सकिन्छ । अन्य ठाउँका शिक्षकहरूले पनि प्रशारणको निम्ति सम्पर्क गरिरहनु भएको छ । कसरी कानुनी हिसाबले गर्न सकिन्छ त्यसलाई व्यवस्थित तरिकाले गर्न नपाले सोच राखेको छ ।

प्रश्न : लकडाउनको क्रममा पनि काठमाडौं भित्रिने क्रम जारी छ । यसले हामीलाई कठिनाइ त आउने होइन ?

सुनिल प्रजापति : सम्भावना छ । त्यसको लागि सरकारले प्रत्यक व्यक्तिलाई अनिवार्य स्वास्थ्य परीक्षण गराएर मात्रै भित्र्याउने व्यवस्था मिलाउन आवश्यक छ । दैनिक ७०० वटा गाडी भारतबाट आएको कुरा जानकारी आएको छ । ती मध्ये एकजनामा मात्र सङ्क्रमण भेटिए पनि भयावह हुन सक्छ । त्यसैले हतारमा यस्तो निर्णय लिन हुँदैन । केन्द्र, प्रदेश र स्थानीय तहले प्रयास गर्न जरुरी छ ।

प्रश्न : लकडाउनले अर्थतन्त्र सङ्कटमा परेको छ र जीवनयापन पनि कष्टकर भएको छ । खाद्य सङ्कट हुने देखिन्छ । यस कारणले पनि लकडाउनको उल्लंघन भइरहेका छन् । यसमा के गर्न सकिन्छ ?

सुनिल प्रजापति : अर्थतन्त्र कमजोर भए उकास्न सकिन्छ । तर मान्छेको ज्यान गयो भने फर्काउन सकिँदैन ।

त्यसैले पहिलो प्राथमिकता स्वास्थ्य हो। त्यसपछि अर्थतन्त्र र खाद्यान्न उत्पादनको कुरा सोच्ने हो। डेढ महिनासम्म पूरै बन्द हुँदा पनि कसैले खुल्नु पर्यो भनेको छैन। यसको अर्थ हामी सबै सुरक्षित हुनुपर्छ भन्ने कुरामा जनताले साथ दिएकै हो। सारा जनाताले स्वीकारेको हो। सरकारले गरेको लकडाउन पालना गर्नुपर्छ भनेर जनाताले सहमति जनाएको कारण सफल भएको छ। नत्र भए त जुलुस आउँथ्यो नि। सुरक्षित बनाउने काम सरकारकै हो।

प्रश्न : भारतमा लकडाउन थपिएसँगै नेपालमा पनि लकडाउनको अवधि थपिराख्नुपर्ने र पछिल्लो समयमा नेपालगन्जमा तीन दिन पूरै नगरपालिका क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरेको अवस्था छ। परिस्थिति कस्तो तयार हुँदैछ ?

सुनिल प्रजापति : अहिलेको अवस्था समस्या छ। विश्वभरि नै रोगका कारण मर्नेहरूको सङ्ख्या बढ्दै छ, सङ्क्रमितहरूको सङ्ख्या पनि बढ्दैछ। नेपालगन्जमा दैनिकजसो नै सङ्क्रमितको सङ्ख्या बढिरहेको छ। यद्यपि कसैको ज्यान गएको छैन। त्यो हिसाबले सकारात्मक छ। यति हुँदाहुँदै पनि एकजना मान्छेले गर्दा नै पूरै देशमा क्षति पुऱ्याउन सक्ने सम्भावना छ। अझ यसलाइ व्यवस्थित रूपमा लैजानुपर्छ। यसमा सबैले आ-आफ्नो जिम्मेवारी वहन गर्नपर्छ।

प्रश्न : कोरोना भाइरस नियन्त्रणाको लागि नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरेको छ। यसको खर्च प्रक्रिया के कस्तो रहेको छ ?

सुनिल प्रजापति : नगरपालिकाले खडा गरेको प्रकोप व्यवस्थापन कोषमा प्रदेश सरकारले १२ लाख रूपैयाँ राखिदिने भनेको छ। अरु पैसा नगरपालिकाले जुटाइरहेको छ। पहिले कोषमा २५ लाख थियो। पछि १ करोड थप गरिएको छ। त्यसैबाट सफाइ मजदुरहरू, डाक्टर तथा नर्सहरूको लागि पीपीइ सुट तथा अन्य सुरक्षा सामग्रीको बन्दोबस्त गरिएको छ। विभिन्न संस्था, सहकारी तथा व्यक्तिहरूबाट कोषमा रकम, साबुन, पीपीइ, माक्स, सेनिटाइजर, खाद्यान्नलगायतको सहयोग प्राप्त भइरहेका छन्। भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, जनस्वास्थ्य केन्द्र र महानगरीय प्रहरी परिसरमा पीपीई सेट वितरण गरेका छौं। नपामा प्राप्त भएको खाद्यान्न पनि वडाहरूमा तुरुन्तै पठाइरहेका छौं। कोषमा सहयोगको क्रम जारी छ। विपदको बेला सहयोग गर्ने सबै सहयोगी हातहरूलाई धेरै धेरे धन्यवाद।

प्रश्न : कार्यक्रमको अन्त्यमा ?

सुनिल प्रजापति : भक्तपुर एफएममार्फत ख्वप सः सुनिरहनुभएका दाजुभाइ तथा दिदीबहिनीहरूलाई अनुरोध छ, हामी कोरोना भाइरसको जोखिममा छौं। त्यसकारणले हामी सबै सुरक्षित भएर बस्नुपर्छ। सरकारले घोषणा गरेको लकडाउन पालना गरौं। विश्व स्वास्थ्य सङ्गठनले जारी गरे अनुसार सामाजिक दूरीमा रहेर काम गरेमा हामी सुरक्षित रहन्छौं।

एसईई भर्चुअल कक्षा

विभिन्न शैक्षिक संस्था र समूहहरूको अभिरूची

भक्तपुर, २४ वैशाख। भक्तपरु नगरपालिकाद्वारा भादगाउँ टेलिभिजनमा प्रसारित एसईई तयारी भर्चुअल कक्षाको लोकप्रियता बढ्दै गएको छ। कोरोना भाइरसको विश्वव्यापी महामारीका कारण सरकारले घोषणा गरेको बन्दाबन्दीमा घरभित्रै रहेका विद्यार्थीहरूलाई लक्षित गरी हरेक दिन अनिवार्य ६ वटामध्ये ३ विषयको कक्षा प्रसारण भइरहेको छ। प्रसारित कक्षाका बारेमा देशका विभिन्न शैक्षिक संस्था र समूहहरूले अभिरूची देखाउन थालेका छन्। आइरन गेट एजुकेसन सेन्टर घोराही-१५ दाङले भक्तपुर नगरपालिकालाई एक पत्र लेखी प्रसारित उक्त शैक्षिक सामग्री उपलब्ध गरिदिन अनुरोध गरेको छ। पत्रमा भनिएको छ, *'सामग्री उपलब्ध भएमा यस सन्टरमा आबद्ध दाङ, रोल्पा, रूकुम, प्युठान र सल्यानका ८ हजार ६१४ विद्यार्थी लाभान्वित हुनेछन्।'* पत्रमा उक्त सन्टरका किरण न्यौपानेले हस्ताक्षर गर्नुभएको छ। हाल प्रसारित भर्चुअल कक्षाको प्रतिलिपि अधिकार भक्तपुर नगरपालिकासँग रहेको हुँदा उक्त अनमुति माग गरिएको हो। अनुमति दिइएमा उक्त सन्टरले त्यस क्षत्रेमा आफ्नै सञ्चार माध्यमबाट प्रसारण गर्न रूचि देखाएको हो। बताइएअनसुार भक्तपुर नगरपालिकाले अनुमति दिएमा आइरनगेट एजुकेसन डट दाङ पेजमार्फत् भर्चुअल कक्षा पुनः प्रसारण गर्न चाहेको हो। त्यस्तै विगत धेरै वर्षदेखि क्रियाशील 'मध्यमाञ्चल गणित शिक्षक समूह'ले अत्यन्त समय सान्दर्भिक भएको र प्रसारित कक्षाहरू **निकै प्रभावकारी भएको** भनी भक्तपुर नगरपालिका परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छ। उक्त समूहमा उत्तमराज पन्त र कविराज दाहाल (काठमाडौं), गापोल घिमिरे (ललितपुर) शेरसिंह रावत (नुवाकोट), विकास भट्टराई भक्तपुर) लगायत मध्यमाञ्चलका ४५ जना गणित शिक्षकहरू आबद्ध रहेका छन्। नगर शिक्षा भक्तपुरका अनुसार उक्त समूहले आगामी प्रसारण थप गुणस्तरीय बनाउन विभिन्न सकारात्मक सुझावहरू पनि दिएको छ।

नेपालमा कोरोना सङ्क्रमण

जेठ १५ गतेसम्म सङ्क्रमित १,०४२ जनामध्ये पुरुष ९४० र महिला १०२, निको भएका १४४ पुरुष र ४३ महिला गरी जम्मा १८७ जना रहेका छन् । सात प्रदेशका ५१ जिल्लामा सङ्क्रमण देखिएको छ । मृतक सङ्ख्या ५ पुगेको छ । कोरोनाबाट पहिलो मृत्यु जेठ ३ गते भएको थियो ।

देशका २० वटा प्रयोगशालाबाट परीक्षण गरिएको कूल सङ्ख्या १,८०,७३० जसमध्ये आरडीटी १,०२,०३४ र पीसीआर ६०,६९६ रहेको छ ।

वैशाख १५ गतेसम्म ५२ जना सङ्क्रमित रहेको र परीक्षण प्रयोगशाला १६ रहेको थियो ।

सरकारले देशव्यापी लकडाउन जेठ ३२ गतेसम्म लम्ब्याएको छ । यो लकडाउन चैत ११ गतेदेखि निरन्तर जारी छ ।

वैशाख १६ गते (२ जना) – रौतहटका २ पुरुष । (५४)

वैशाख १७ गते (३ जना) – बाराका २ र पर्साका १ पुरुष । (५७)

वैशाख १९ गते (२ जना) – बाँकेका २ जना पुरुष ।(५९)

वैशाख २१ गते (१६ जना) – बाँकेका ८ पुरुष र ७ महिला, पर्साका १ पुरुष । (७५)

वैशाख २३ गते (७ जना) – बाँकेका ३ पुरुष र ४ महिला । (८२)

वैशाख २४ गते (१७ जना) – पर्साका दुई महिनाका बच्चासहित १० जना पुरुष र छ महिनाकी बच्चीसहित ७ महिला । (९९)

वैशाख २५ गते (२ जना) – कपिलवस्तुका २ पुरुष । (१०१)

वैशाख २६ गते (१ जना) – बाँकेका १ पुरुष । (१०२)

वैशाख २७ गते (७ जना) – उदयपुरका ३ महिला, कपिलवस्तुका ३ र पर्साका १ पुरुष । (१०९)

वैशाख २८ गते (१ जना) – उदयपुरका १ पुरुष । (११०)

वैशाख २९ गते (२४ जना) – कपिलवस्तुका १६, रुपन्देहीका ६, सप्तरीका १ पुरुष र बर्दियाका १ महिला (११ वर्ष) । (१३४)

वैशाख ३० गते (८३ जना) – पर्साका ५१ पुरुष र ६ महिला, रुपन्देहीका ९ पुरुष, कपिलवस्तुका ७ पुरुष र १ महिला, बाराका १ र महोत्तरीका २ पुरुष, धनुषाका १ पुरुष र १ महिला, सर्लाहीका १ पुरुष, काठमाडौंका १ महिला, भक्तपुरका १ पुरुष र १ महिला । (२१७)

वैशाख ३१ गते (२६ जना) – कपिलवस्तुका ९ पुरुष, रुपन्देहीका ९ पुरुष र ४ र ११ वर्षीया बालिकासहित ३ महिला, पर्साका २ पुरुष र १ महिला, नवलपरासीका १ र बाँकेका १ पुरुष । (२४३)

जेठ १ गते (६ जना) – काठमाडौंका ७ वर्षका बालकसहित २ पुरुष, कपिलवस्तुका १ महिला (६ वर्ष), नवलपरासीका १ पुरुष, धनुषाका १ महिला, धादिङका १ महिला । (२४९)

जेठ २ गते (१८ जना) – काठमाडौंका १ पुरुष (७ वर्ष), मकवानपुरका १ र बाँकेका ८ पुरुष, पर्साका २ पुरुष (९ र १० वर्ष) र २ महिला, उदयपुरका १ र दाङका ३ पुरुष । (२६७)

जेठ ३ गते (१४ जना) – बर्दियाका १ महिला, सिराहाका १, पर्साका २, कपिलवस्तुका ३, महोत्तरीका १ र धनुषाका २ पुरुष, काभ्रेका १ पुरुष (यिनी काठमाडौं निवासी भनिएकोले काभ्रे कोरोनामुक्त रहेको), सर्लाहीका १, चितवनका १ र सिन्धुपाल्चोकका १ महिला । (२८१)

सिन्धुपाल्चोक, बाहबिसे नपा, राम्चेका २९ वर्षीया महिला वैशाख २४ गते त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा सुत्केरी (छोरा), २५ गते घर गएकी र स्वास्थ्य समस्या जटिल भएकोले थप उपचारकोलागि धुलिखेल अस्पताल ल्याइएको थियो । आकस्मिक कक्षमा लैजाँदै गर्दा मृत्यु भएको अस्पतालले जनाएको छ । नेपालमा कोभिड-१९ बाट मृत्यु हुने तिनी पहिलो हुन् ।

जेठ ४ गते (१४ जना) – रौतहटका १० पुरुष, धनकुटाका १ महिला, मोरङका १ पुरुष र १ महिला, बाँकेका २५ वर्षका १ पुरुष = **यिनको क्वारेन्टाइनमा बसिरहेकै अवस्थामा मृत्यु भएको हो ।** (२९५)

जेठ ५ गते (८० जना) – बाँकेका ५८ पुरुष र १ महिला, रौतहटका ८ पुरुष र १ महिला, बाराका १, धनुषाका ३, दाङका १, झापाका १, मोरङका १, धादिङका १, खोटाङका १, गुल्मीका १, सुनसरीका १ र दैलेखका १ पुरुष **(दैलेखका कर्णाली प्रदेशमा पहिलो सङ्क्रमित)** । (३७५)

जेठ ६ गते (२७ जना– २४ पुरुष र ३ महिला ?) –

झापाका ९, कपिलवस्तुका ४, काठमाडौंका ३, सर्लाहीका २, सुनसरीका १, भक्तपुरका १, मकवानपुरका १, रामेछापका १, सिन्धुलीका १, लमजुङका १, मोरङका १ र ललितपुरका १ पुरुष र नवलपरासीका १ महिला। (४०२)

जेठ ७ गते (२५ जना) – कपिलवस्तुका ७ पुरुष (१२ वर्षकासहित) र ६ महिला (३, ४ र ६ वर्षकासहित), बाँकेका ६ र नवलपरासी पश्चिमका १ पुरुष, धनकुटाका ४ पुरुष र १ महिला, । (४२७)

जेठ ८ गते (२९ जना) – झापाका २३ पुरुष, बाँकेका १ पुरुष र १ महिला, सुनसरीका १ महिला, धनकुटाका १, कपिलवस्तुका १ र रुपन्देहीका १ पुरुष। (४५७) **(?)** । **गुल्मीका ४१ वर्षीय पुरुषको निधन।**

जेठ ९ गते (३९ जना) – कपिलवस्तुका ८ पुरुष र १ महिला (८ वर्ष), नवलपरासी पूर्वका १ पुरुष, चितवनका १ पुरुष र १ महिला, नवलपरासीका २ पुरुष र १ महिला, सर्लाहीका १४ पुरुष र १ महिला, मकवानपुरका १ महिला, भक्तपुरका १ महिला, सप्तरीका १ र बाराका ६ पुरुष। (५१६) **(?)**

जेठ १० गते (६८ जना) – कपिलवस्तुका ७ पुरुष र १ महिला, बाँकेका २७ र सर्लाहीका १३ पुरुष, बाराका १ महिला, काठमाडौंका १, रुपन्देहीका ८, चितवनका १, बैतडीका ४, झापाका १ र बर्दियाका १ पुरुष, सुर्खेतका २ पुरुष र १ महिला । (५८४)

जेठ ११ गते (१९ जना) – कपिलवस्तुका ३ पुरुष, मोरङका १, बाराका १, सर्लाहीका १, काठमाडौंका १, रौतहटका १, नुवाकोटका १ र गुल्मीका १, पर्साका ३ र रुपन्देहीका ६ पुरुष। (६०३)

जेठ १२ गते (८२ जना) – रौतहटका २६, बाँकेका ४, धनुषाका ३, कपिलवस्तुका ३, काठमाडौंका ४, बाराका २३, सप्तरीका २, अछामका १, पर्साका ३ र बर्दियाका ४ पुरुष, दैलेखका ६ पुरुष र १ महिला, । (६८२) **(?)**

उपरोक्त सङ्ख्यामा पर्साका ७० वर्षीय पुरुषको जेठ ४ गते निधन भए पछि कोभिड – १९ सङ्क्रमण पुष्टि भएको थियो। यसरी मृत्यु हुनेको सङ्ख्या ४ पुग्यो ।

जेठ १३ गते (९० जना) – महोत्तरीका २, जुम्लाका २, अर्घाखाँचीका २, स्याङ्जाका २, बाराका ३ र गुल्मीका ३ पुरुष, रौतहटका ४ वर्षका एक बालकसहित २१ पुरुष र १ महिला, धनुषाका १, कैलालीका १, अछामका १, सिराहाका ५ र बाँकेका ८ पुरुष, कपिलवस्तुका २५ पुरुष र १ महिला (२ वर्ष), सुर्खेतका ९ वर्षका बालकसहित ११ पुरुष र १ महिला। (७७२)

जेठ १४ गते (११४ जना) – बाग्लुङका ६, झापाका १७, बाँकेका १६ र सिराहाका २ पुरुष, सप्तरीका १० पुरुष र १ महिला, रौतहटका १३ वर्षका बालकसहित ३५ पुरुष र १ महिला, रुकुम पूर्वका २ पुरुष र १ महिला, दाङका १४ पुरुष र १ महिला, बाराका ६ पुरुष र १ महिला, मकवानपुरका १ महिला। (८८६) **ललितपुरका ५७ वर्षका एक पुरुषको निधन। यसरी मृतक सङ्ख्या ५ पुगेको छ।**

जेठ १५ गते (१५६ जना) – सप्तरीका २, झापाका २५, नवलपुरका १, सप्तरीका १२, सर्लाहीका ७, दोलखाका २, सोलुखुम्बुका १, दार्चुलाका १, कैलालीका २, मकवानपुरका १, बर्दियाका ३, बाँकेका १, बझाङका १ पुरुष, धनुषाका ८ वर्षका बालकसहित २६ पुरुष र ४ वर्षका बालिकासहित ३ महिला, रौतहटका ८ र १२ वर्षका २ बालकसहित २० पुरुष, महोत्तरीका १६ पुरुष र १ महिला, सिराहाका १४ वर्षका बालकसहित ६ पुरुष, स्याङ्जाका २ पुरुष र १ महिला, दैलेखका ७ पुरुष र १ महिला, सुर्खेतका ११ वर्षका बालकसहित ७ पुरुष र २ र ५ वर्षीया २ बालिकासहित ६ महिला। बोल्न नसक्ने १ महिला। (१०४२)

प्रादेशिक स्थिति

प्रदेश	जम्मा सङ्क्रमित	निको भएका	मृत्यु
१	१२९	३०	०
२	४१५	१०१	१
बागमती	४४	११	२
गण्डकी	१७	२	०
५	३६९	३८	२
कर्णाली	४७	–	०
सुदूरपश्चिम	२१	५	०

तथ्याङ्क श्रोत : स्वास्थ्य मन्त्रालय

विश्वमा कोभिड-१९ को स्थिति (जेठ १५ गते)

क्र.सं.	देश, क्षेत्र र अन्य	सङ्क्रमित	निको भएका	मृत्यु	वैशाख १५ को स्थान
	विश्व	५७,९२,९८९	२४,९९,१५१	३,५७,४८०	
१	सरा अमेरिका	१,७४५,८०३	४९०,१३०	१०२,१०७	१
२	ब्राजील	४१४,६६१	१६६,६४७	२५,६९७	११
३	रूस	३७०,६८०	१४२,२०८	३,९६८	१०
४	स्पेन	२८३,८४९	१९६,९५८	२७,११८	२
५	संयुक्त अधिराज्य	२६७,२४०	अप्राप्त	३७,४६०	६
६	इटाली	२३१,१३९	१४७,१०१	३३,०७२	३
७	फ्रान्स	१८२,९१३	६६,५८४	२८,५९६	४
८	जर्मनी	१८१,८९५	१६२,८००	८,५३३	५
९	टर्की	१५९,७९७	१२२,७९३	४,४३१	७
१०	भारत	१५८,४१५	६७,७४९	४,५३४	१६
११	इरान	१४१,५९१	१११,१७६	७,५६४	८
१२	पेरू	१३५,९०५	५६,९६९	३,९८३	१७
१३	क्यानाडा	८७,५१९	४६,१६४	६,७६५	१३
१४	चीन	८२,९९५	७८,२८८	४,६३४	९
१५	चिली	८२,२८९	३३,५४०	८४१	२८
१६	साउदी अरेबिया	७८,५४१	५१,०२२	४२५	२२
१७	मेक्सिको	७८,०२३	५४,३८३	८,५९७	२५
१८	पाकिस्तान	६१,२२७	२०,२३१	१,२६०	२९
१९	बेल्जीयम	५७,५९२	१५,४६५	९,३६४	१२
२०	कतार	४८,९४७	१३,२८३	३०	३५
२१	नेदरलान्ड	४५,७६८	अप्राप्त	५,८७१	१४
२२	बेलारूस	३८,९५६	१५,९२३	२१४	३३
२३	बंगलादेश	३८,२९२	७,९२५	५४४	४७
२४	इक्वेडर	३८,१०३	१८,४२५	३,२७५	१९
२५	स्वीडेन	३५,०८८	४,९७१	४,२२०	२०
२६	सिंगापुर	३२,८७६	१७,२७६	२३	२६
२७	संयुक्त अरब इमिरेटस	३१,९६९	१६,३७१	२५५	३४
२८	पोर्तुगल	३१,२९२	१८,३४९	१,३५६	१८
२९	स्विजरलान्ड	३०,७७६	२८,३००	१,९१७	१५
३०	दक्षिण अफ्रिका	२५,९३७	१३,४५१	५५२	५०
३१	आयरलान्ड	२४,८०३	२२,०८९	१,६३१	२१
३२	कोलम्बिया	२४,१०४	६,१११	८०३	४८
३३	इन्डोनेसिया	२३,८५१	६,०५७	१,४७३	३६
३४	कुवेत	२३,२६७	७,९४६	१७५	५७
३५	पोलान्ड	२२,४७३	१०,३३०	१,०२८	३०
३६	युक्रेन	२१,९०५	७,९९५	६५८	३७
३७	मीश्र	१९,६६६	५,२०५	८१६	५१
३८	रोमानिया	१८,५९४	१२,१६२	१,२२७	३१
३९	इजरायल	१६,८०९	१४,६०२	२८१	२३
४०	जापान	१६,६५१	१३,९७३	८५८	२७
४१	अस्ट्रिया	१६,५९१	१५,२२८	६४५	२४
४२	डोमिनिकन गणतन्त्र	१५,७२३	८,७९०	४७४	४४
४३	फिलिपिन्स	१५,०४९	३,५०६	९०४	४०
४४	अर्जेन्टिना	१३,९३३	४,३४९	५००	५३
४५	अफगानिस्तान	१३,०१६	१,२०९	२३५	७३
४६	पनामा	११,७२८	७,३७९	३१५	४६
४७	डेनमार्क	११,४८०	१०,१०६	५६५	३८
४८	दक्षिण कोरिया	११,३४४	१०,३४०	२६९	३२
४९	सर्बिया	११,२७५	६,२७७	२४०	३९
५०	बहराइन	९,६९२	५,१५२	१५	६०
५१	कजाख्स्तान	९,५७६	४,७६८	३७	५९
५२	चेक गणतन्त्र	९,०८६	६,३७०	३१७	४२
५३	अल्जेरिया	८,८५७	५,१२९	६२३	५६
५४	नाइजेरिया	८,७३३	२,५०१	२५४	८२
५५	नर्वे	८,४०१	७,७२७	२३५	४१
५६	ओमान	८,३७३	२,१७७	३९	६४
५७	आर्मेनिया	७,७७४	३,२५५	९८	६८
५८	बोलिभिया	७,७६८	६८९	२८०	८८
५९	मलेसिया	७,६१९	६,०८३	११५	४५
६०	मोरोक्को	७,६०१	४,९७८	२०२	५२
६१	मोल्डोभा	७,५३७	३,८८४	२७४	५५
६२	घाना	७,३०३	२,४१२	३४	७२
६३	अस्ट्रेलिया	७,१५०	६,५७९	१०३	४३
६४	फिन्लान्ड	६,६९२	५,१००	३१३	४९
६५	क्यामरून	५,४३६	१,९९६	१७५	७१
६६	इराक	५,१३५	२,९०४	१७५	६७
६७	होन्डुरस	४,६४०	५०६	१९४	१००
६८	अजरबैजान	४,५६८	२,८९७	५४	६९
६९	सुडान	४,३४६	७४९	१९५	१२६
७०	ग्वाटेमाला	४,१४५	४९३	६८	१०६
७१	लक्जम्बर्ग	४,००१	३,७९१	११०	५४
७२	हङ्गेरी	३,८१६	१,९९६	५०९	६२
७३	ताजिकिस्तान	३,४२४	१,५७५	४७	
७४	उज्बेकिस्तान	३,३९६	२,६६८	१४	६५
७५	गिनी	३,२७५	१,६७३	२०	८६
७६	सेनेगल	३,२५३	१,५८६	३८	९८
७७	थाइलान्ड	३,०६५	२,९४५	५७	५८
७८	ग्रीस	२,९०३	१,३७४	१७३	६१
७९	जिबौटी	२,६९७	१,१८५	१८	८५
८०	आइभोरि कोस्ट	२,५५६	१,३०२	३१	८३
८१	प्रजातान्त्रिक गणतन्त्र कंगो	२,५४६	३६५	६८	१०९
८२	बुल्गेरिया	२,४७७	९६५	१३४	८१
८३	बोस्निया र हर्जगोभिना	२,४३५	१,७४४	१५१	७४
८४	ग्याबोन	२,३१९	६३१	१४	१३२
८५	क्रोएसिया	२,२४४	२,०४७	१०१	६३
८६	एल साल्भाडोर	२,१०९	१,००२	३९	१२३

क्र.सं.	देश, क्षेत्र र अन्य	सङ्क्रमित	निको भएका	मृत्यु	
८७	उत्तर मेसेडोनिया	२,०३९	१,४७०	११९	७८
८८	क्युवा	१,९७४	१,७२४	८२	८०
८९	इस्टोनिया	१,८४०	१,५६१	६६	७०
९०	आइसलान्ड	१,८०५	१,७९२	१०	६६
९१	सोमालिया	१,७३१	२६५	६७	११३
९२	लिथुआनिया	१,६४७	१,१८४	६६	७६
९३	मायोत्ते	१,६४५	१,३१४	२०	११२
९४	कीर्गीज्स्तान	१,५९४	१,०६६	१६	९७
९५	स्लोभाकिया	१,५१५	१,३२७	२८	७९
९६	न्यु जीलान्ड	१,५०४	१,४७४	२२	७५
९७	स्लोभेनिया	१,४७१	१,३५४	१०८	७७
९८	केन्या	१,४७१	४०८	५५	११५
९९	श्री लंका	१,४६९	७३२	१०	१०५
१००	माल्दिभ्स	१,४५७	१९७	५	१३१
१०१	हैटी	१,३२०	२२	३४	१५८
१०२	भेनेजुयला	१,२४५	३०२	११	११८
१०३	गिनी बिसाउ	१,१९५	४२	७	१६५
१०४	लेवनान	१,१६१	६९२	२६	९४
१०५	माली	१,११६	६३२	७०	११४
१०६	हङ कङ	१,०६७	१,०३४	४	८४
१०७	लात्भिया	१,०५७	७४१	२३	८९
१०८	जाम्बिया	१,०५७	७७९	७	१५०
१०९	ट्युनिसिया	१,०५१	९२९	४८	८७
११०	अल्बानिया	१,०५०	८१२	३३	९२
१११	इक्वेटोरियल गिनी	१,०४३	१६५	१२	१२५
११२	दक्षिण सुडान	९९४	६	१०	२०६
११३	कोस्टा रिका	९८४	६३९	१०	९५
११४	नाइजर	९५२	७९६	६३	९६
११५	साइप्रस	९३९	५९४	१७	९०
११६	नेपाल	८८६	१८३	४	१६४
११७	पारागुए	८८४	३९२	११	१२७
११८	बुर्किना फासो	८४५	६७२	५३	९९
११९	उरूग्वे	८०३	६५०	२२	१०१
१२०	सिएरा लियोन	७८२	२९७	४५	१४९
१२१	अन्डोरा	७६३	६७६	५१	९१
१२२	निकारागुआ	७५९	३७०	३५	१९१
१२३	जर्जीया	७३५	५५७	१२	१०४
१२४	इथियोपिया	७३१	१८१	६	१३९
१२५	जोर्डान	७२०	५८६	९	१०८
१२६	चाड	७१५	३५९	६४	१६६
१२७	डाइमन्ड प्रिन्सेस(पानीजहाज)	७१२	६५१	१३	९३
१२८	केन्द्रीय अफ्रिकी गणतन्त्र	७०२	२३	१	१७८
१२९	सान मारिनो	६६७	२९४	४२	१०२
१३०	माल्टा	६१२	४९१	७	१०७
१३१	मडागास्कर	६१२	१५१	२	१३८
१३२	कंगो	५७१	१६१	१९	१२८
१३३	जमैका	५६९	२७९	९	१२१
१३४	च्यानल टापू	५६०	५१२	४५	१०३
१३५	तान्जानिया	५०९	१८३	२१	१२२
१३६	रियुनियन	४६०	४११	१	१११
१३७	साओ टोम एन्ड प्रिन्सिप	४४३	६८	१२	२०९
१३८	ताइवान	४४१	४१९	७	११०
१३९	प्यालेस्टिन	४३४	३६५	३	११६
१४०	फ्रेन्च गीयाना	४०६	१५०	१	१४३
१४१	टोगो	३९५	१८३	१३	१४७
१४२	क्यावो भर्ड	३९०	१५५	४	१४५
१४३	च्वान्डा	३४६	२४५		१३०
१४४	आइल अफ मान	३३६	३०६	२४	१२०
१४५	मौरिसियस	३३४	३२२	१०	११७
१४६	भियतनाम	३२७	२७८		१२४
१४७	मोन्टेनेग्रो	३२४	३१५	९	११९
१४८	मौरितानिया	२९२	१५	१६	२०२
१४९	उगान्डा	२८१	६९		१५५
१५०	इस्वाटिनी	२७२	१६८	२	१६१
१५१	लाइवेरिया	२६६	१४४	२७	१४१
१५२	यमन	२५६	१०	५३	२१२
१५३	मोजाम्बिक	२२७	७१	१	१५४
१५४	बेनिन	२१०	१३४	३	१६३
१५५	म्यानमार	२०६	१२६	६	१३५
१५६	मार्टिनक्यू	१९७	९१	१४	१३३
१५७	फैरोए टापू	१८७	१८७		१२९
१५८	ग्वाडेलौप	१६१	११५	१४	१३४
१५९	मंगोलिया	१६१	४३		१७१
१६०	जिब्राल्टर	१५७	१४७		१३७
१६१	ब्रुनइ	१४१	१३७	२	१३६
१६२	केमान आइलान्ड	१४०	६७	१	१५९
१६३	गुयाना	१३९	६७	११	१५६
१६४	बर्मुडा	१३९	९१	९	१४४
१६५	जिम्बाबे	१३२	२५	४	१७३
१६६	कम्बोडिया	१२४	१२२		१४०
१६७	सिरिया	१२१	४३	४	१६८
१६८	ट्रिनिडाड एन्ड टोबागो	११६	१०८	८	१४२
१६९	मलावी	१०१	३७	४	१७२
१७०	अरूबा	१०१	९७	३	१४६
१७१	बहामाज	१००	४६	११	१५३
१७२	लिबिया	९९	४०	४	१६०
१७३	मोनाको	९८	९०	४	१४८
१७४	बार्बाडोस	९२	७६	७	१५२
१७५	कोमोरोस	८७	२४	२	
१७६	लिक्टेन्स्टाइन	८२	५५	१	१५१
१७७	सिन्ट मार्टिन	७७	६०	१५	१५७
१७८	अंगोला	७१	१८	४	१७४

क्र.सं.	देश, क्षेत्र र अन्य	सङ्क्रमित	निको भएका	मृत्यु	
१७९	फ्रेन्च पोलीनेसिया	६०	६०		१६२
१८०	मकाओ	४५	४५		१६७
१८१	बुरुन्डि	४२	२०	१	१९२
१८२	सेन्ट मार्टिन	४०	३३	३	१७०
१८३	इरिट्रिया	३९	३९		१६९
१८४	बोत्स्वाना	३५	२०	१	१७७
१८५	भुटान	२८	६		२०३
१८६	एन्टिगुआ एन्ड बर्बुडा	२५	१९	३	१७५
१८७	गाम्बिया	२५	१९	१	१९७
१८८	टिमोर लेस्टे	२४	२४		१७६
१८९	ग्रेनाडा	२३	१८		१८२
१९०	नामिबिया	२२	१४		१८६
१९१	लावस	१९	१६		१७९
१९२	बेलिज	१८	१६	२	१८०
१९३	कुरासाओ	१८	१४	१	१८४
१९४	फिजी	१८	१५		१८१
१९५	न्यू क्यालेडोनिया	१८	१८		१८३
१९६	सेन्ट लुसिया	१८	१८		१८८
१९७	सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स	१८	१४		१८९
१९८	डोमिनिका	१६	१६		१८५

क्र.सं.	देश, क्षेत्र र अन्य	सङ्क्रमित	निको भएका	मृत्यु	
१९९	सेन्ट किट्स एन्ड नेभिस	१५	१५		१८७
२००	फकलान्ड टापू	१३	१३		१९०
२०१	ग्रीनलान्ड	१३	११		१९५
२०२	सुरिनाम	१२	९	१	१९८
२०३	टर्क्स एन्ड कैकोस	१२	१०	१	१९४
२०४	भेटिकन सिटी	१२	२		२००
२०५	मोन्टसेराट	११	१०	१	१९३
२०६	सेशेल्स	११	११		१९६
२०७	एमएस जान्डाम(पानीजहाज)	९		२	१९९
२०८	पश्चिमी सहारा	९	६	१	२०७
२०९	ब्रिटिस भर्जिन टापू	८	७	१	२०४
२१०	पपुआ न्यू गिनी	८	८		२०१
२११	क्यारिबियन नेडरलान्ड	६	६		२०८
२१२	सेन्ट बार्थ	६	६		२०५
२१३	अन्विला	३	३		२१०
२१४	लेसोथो	२			
२१५	सेन्ट पीरे मिक्वेलोन	१	१		२११
	जम्मा	५७,९२,९८९	२४,९९,१५१	३,५७,४८०	
	वैशाख १५ गतेसम्म जम्मा	२९,९५,२०९	८,८१,५२५	२,०७,००९	
श्रोत	WORLDOMETERE	मिति : २०७७।०२।१५ समय : ११:४५ (GMT: 06:00)			

डःतापोल मन्दिर संरक्षणार्थ

रकम, सामान र श्रमदान सहयोग गर्नेहरूको नामावली
(२०७७ जेठ १७ गतेसम्म)

रकम

क्र.सं. नाम	रकम रु.
२६) हुमाप्रसाद कायष्ठ	५,०००।-
२७) पूर्णबहादुर गोर्खाली	२,०००।-
२८) रोजन भासिमा	१,१११।-
२९) बद्रिनारायण मानन्धर	१,०१०।-
३०) विष्णुभक्त ग्वाछा	१,१००।-
३१) रामकेशरी ग्वाछा	२,१००।-
३२) सन्तलाल तामाङ्	१,५००।-
३३) टेकबहादुर पलिखेल	८,१११।-
३४) लक्ष्मीकुमार बनमाला	५,०५५।-
३५) बच्चुराम हाडा	७,५५५।-
३६) कुमार माक	५,५५५।-
३७) प्रविन बज्राचार्य	२,५००।-
३८) श्रीराम ढुकुछु	५,०००।-
३९) भक्तपुर विकास सहयोग सङ्घ	१,०५,५५५।-
४०) राजाराम जोशी भवानी जोशी (आरबी) फाउण्डेशन	१,११,१११।-
४१) सर्वज्ञभक्त मल्ल कोमलवदन मल्ल	१,११,१११।-
४२) जानकी देवी प्रधानाङ्ग	१०,१११।-
जम्मा रु.	**५,४०,९७७।-**

सामान

क्रसं नाम	भिँगटी	ग्वंग अपा	क्वपु अपा
१) तिलमाधव नारायण मन्दिर	९०००	४	
२) बुद्धकेशरी माक	१५००		
३) एकिकृत हाकुज्या प्रजापति समाज	३१५०		२००
जम्मा	**१३६५०**	**४**	**२०० |**

श्रमदान

क्र.सं.	संस्थाको नाम	ठेगाना	श्रमदान	सङ्ख्या
१)	चण्डेश्वरी धिमाय पुच	भनपा ५		२६
२)	चण्डेश्वरी धिमाय पुच	भनपा ५		३४
३)	नेपाल स्काउट, भक्तपुर र मचाः खलः,चासुखेल (पुरुष)	भक्तपुर भनपा ५		४२
४)	आरम्भ नेपाल	भक्तपुर		१७
५)	द भाद्गाउलेज	भक्तपुर		७
	जम्मा पुरुष			**१६२**
१)	चासुखेल च्वस्वंमा महिला समुह	भनपा ५		१५
२)	भनपा ५ महिला समुह	भनपा ५		१५
३)	तिबुक्छें महाद्यननी महिला समुह	भनपा ५		१६
४)	नेपाल क्रान्तिकारी महिला सङ्घ	भनपा ८		१९
५)	मचाः खलः, चासुखेल (महिला)	भनपा ५		११
६)	क्वाछें महिला समुह	भनपा ५		१९
७)	चासुखेल इखुमला महिला समुह	भनपा ५		२८
८)	लाकोलाछें आमा समुह र	भनपा ४		१३
९)	बुल्चा, भोटेबहाल महिला समुह र याछें महिला समुह	भनपा ४ भनपा ६		१९
१०)	बुल्चा महिला समुह र याछें महिला समुह	भनपा ४ भनपा ६		१२
११)	नेपाल क्रान्तिकारी महिला सङ्घ	भनपा १०		३९
	जम्मा महिला			**२०६**

भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा संघ-संस्थाहरूको नामावली

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ (कोरोनाभाइरस) संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकामा स्थापित प्रकोप व्यवस्थापन कोषमा विभिन्न मितिमा सहयोग गर्नुहुने व्यक्ति तथा संघसंस्थाहरूको नाम, ठेगाना, सहयोग रकम र मिति तपसिल बमोजिम रहेको छ ।

सि.नं.	व्यक्ति वा संस्थाको नाम	ठेगाना	सहयोग रकम (रु.) वा जिन्सी सामानको विवरण	सहयोग मिति
३१.	समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.	भनपा-८	रु. १०,०००।-	२०७७।१।१५
३२.	संगम बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ५	रु. १०,०००।-	२०७७।१।१५
३३.	सीटीएल फार्मास्युटिकल्स	भनपा	१८ लिटर स्यानिटाइजर	२०७७।१।१५
३४.	श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि.	भनपा-६	रु १०,०००।-	२०७७।१।१६
३५.	इन्स्टिच्युशनल स्कूल संघ (इसान) सेन्ट्रल	भक्तपुर	रु २५,०००।-	२०७७।१।१६
३६.	युवा व्यवसायी समाज, भक्तपुर ईटा उद्योग व्यवसायी संघ भक्तपुर ट्रक व्यवसायी प्रा.लि.	भक्तपुर	पि.पि.ई-१०० सेट, पन्जा-५ बाकस, सेनिटाइजर - ५ बट्टा, थर्मल गन -४ वटा, १६ लि. को स्प्रे गन - २ सेट, सानो स्प्रे गन- १ वटा	२०७७।१।१६
३७.	समझदारी बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ३	५,०००।-	२०७७।१।१७
३८.	निक भुजिकिक हाउजिङ प्रा.लि.	भक्तपुर	पीपीई १० सेट	२०७७।१।१७
३९.	पुण्यराम गोसाई	भनपा-८	५०००।-	२०७७।१।१७
४०.	नारी कल्याण बचत तथा ऋण सहकारी संस्था लि.	भनपा-	१०,०००।-	२०७७।१।१७
४१.	शिव शिखर कृषि सहकारी संस्था लि.	भक्तपुर	उपकार चामल ५ केजीको १५० पाकेट, उपकार चना दाल ८०० ग्रामको १५० पाकेट, नुन १ केजीको १५० पाकेट	२०७७।१।१७
४२.	चाख बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ४	रु. १०,०००।-	२०७७।१।१७
४३.	शिखरदीप बहुउद्देश्यीय सहकारी संस्था लि.	भनपा-१०	उपकार चामल ५ केजीको १५० पाकेट, उपकार चना दाल ८०० ग्रामको १५० पाकेट, नुन १ केजीको १५० पाकेट	२०७७।१।१७
४४.	सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.	भपना-१०	रु २०,०००।-	२०७७।१।१८
४५.	भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि.	सूर्यविनायक-६	रु ६०,०००।-	२०७७।१।१८
४६.	पतंजलि योगपिठ नेपाल	भक्तपुर	पतंजलि साबन-३ बाकस (४३२ वटा)	२०७७।१।१८

सि.नं.	व्यक्ति वा संस्थाको नाम	ठेगाना	सहयोग रकम (रु.) वा जिन्सी सामानको विवरण	सहयोग मिति
४७.	चोछें छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.	भनपा, चोछँ–६	रु. २५,०००।–	२०७७।१।२१
४८.	भाषासेवी बचत तथा ऋण सहकारी संस्था लि.	भनपा – ३	रु. १५,०००।–	२०७७।१।२१
४९.	साथीभाइ बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ३	रु. ५,०००।–	२०७७।१।२१
५०.	भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.	च्याम्हासिंहभनपा ९	रु. १,११,१११ ।–	२०७७।१।२१
५१.	छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.	भनपा–६	रु. १०,०००।–	२०७७।१।२२
५२.	भक्तपुर विद्युतीय सामग्री व्यवसायी संघ	भक्तपुर	सर्जिकल मास्क १००० थान र हार्मोनी साबुन १४४ वटा	२०७७।१।२२
५३.	नारी सेवा बचत तथा ऋण सहकारी संस्था	भनपा–४	रु. १०,१००।–	२०७७।१।२३
५४.	डायमण्ड बचत तथा ऋण सहकारी संस्था,	भनपा १०	रु. १०,०००।–	२०७७।१।२३
५५.	लसकुस बचत तथा ऋण सहकारी संस्था	भनपा ६	रु. १०,१०१।–	२०७७।१।२३
५६.	श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ८	रु. २५,०००।–	२०७७।१।२३
५७.	श्री मिनु सुजखु	भनपा ४ (दक्षिण कोरिया)	रु. ५,००० ।–	२०७७।१।२३
५८.	श्री थालाछँ बचत तथा ऋण सहकारी संस्था लि.	थालाछँ–भनपा–१०	रु. १०,००० ।–	२०७७।१।२३
५९.	श्री बेखाल बचत तथा ऋण सहकारी संस्था लि.	भनपा–१०	रु. ५,५५५।–	२०७७।१।२३
६०.	भक्तपुर पर्यटन विकास बचत तथा ऋण सहकारी संस्था लि.	राममन्दिर, भक्तपुर	२५ किलोको आकर्षण जीरा मसिनु चामल ५० बोरा	२०७७।१।२३
६१.	समय बचत तथा ऋण सहकारी संस्था लि.	भनपा–८	रु १०,१११।–	२०७७।१।२६
६२.	सप्ततारा बचत तथा ऋण सहकारी संस्था लि.	भनपा–४	रु १०,०००।–	२०७७।१।२६
६३.	मल्ल प्रधानाङ्ग प्रतिष्ठान	भक्तपुर	सर्जिकल पञ्जा– २०० थान, सर्जिकल मास्क– १५० थान	२०७७।१।२६
६४.	एन.पि.एल. समाज कल्याण संस्था	ललितपुर	पि.पि.ई. - ४० सेट (USFDA Approved) N95 मास्क - ४० वटा Face Shield – १० वटा Eye-Goggles –१० वटा	२०७७।१।२६
६५.	जय भिमसेन बचत तथा ऋण सहकारी संस्था	भनपा	रु. ५,०००।–	२०७७।१।२८
६६.	पल्पसा बचत तथा ऋण सहकारी संस्था	भनपा ४	रु. ५,०००।–	२०७७।१।२८
६७.	ज्ञानकुन्ज बचत तथा ऋण सहकारी संस्था लि.	भक्तपुर–१, दूधपाटी	रु. ११,१११।–	२०७७।१।२८
६८.	महेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ७	रु. १५,०००।–	२०७७।१।२९
६९.	श्रद्धा बचत तथा ऋण सहकारी संस्था	भनपा ७	रु. ५,०००।–	२०७७।१।२९
७०.	नित्यनाथ बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ३	रु. १०,०००।–	२०७७।१।३०

सि.नं.	व्यक्ति वा संस्थाको नाम	ठेगाना	सहयोग रकम (रु.) वा जिन्सी सामानको विवरण	सहयोग मिति
७१.	दत्तात्रय बचत तथा ऋण सहकारी संस्था लि.	भनपा ९	रु. १०,०००।–	२०७७।१।३०
७२.	भक्तपुर घरेलु तथा साना उद्योग संघ	भक्तपुर	स्टिम जिरा मसिनो चामल (२५ केजी)– १६ बोरा, लोकल ताईचिन चिउरा (२० केजी)– ३ बोरा, झोल साबुन (१ लिटरको)– २० बोटल, खुर्सानी धुलो (२०० ग्राम) – २० पाकेट, जिरा मसला धुलो (२०० ग्राम)– २० पाकेट, बेसार (१०० ग्राम)– २० पाकेट	२०७७।१।३१
७३.	निजी तथा आवसीय विद्यालय संगठन(प्याब्सन)	भक्तपुर	रु १,०५०००।–	२०७७।२।२
७४.	श्री रमेश कवां र राजाराम लवजु	भनपा	सोना मन्सुली चामल २० किलोको २१ बोरा, आयो नून १ किलोको १९ पाकेट, रातो दाल र मासको दाल १.५ केजीको २२ पाकेट र भटमासको तेल १ लिटरको १८ पाकेट	२०७७।२।२
७५.	नेपाल बोटल वाटर उद्योग संघ	भक्तपुर	थर्मल गन ४ थान, मेडिकल पीपीई ५ सेट, केएन ९५ माक्स १० पिस, ह्याण्ड श्यानिटाइजर २ थान, मेडिकल ग्लोब्स २ पाकेट	२०७७।२।४
७६.	कृयशन	भक्तपुर	प्रोटेक्टीभ जम्पसुज ३० थान, बुट ३० जोर, मास्क ६० पिस, ग्लोभ्स ३० जोर, मेडिक प्याकेज ३० पाकेट	२०७७।२।१३

नोट : उक्त कोषमा रकम जम्मा गर्न चाहने महानुभाव तथा संघसंस्थाहरुले भक्तपुर नगरपालिका, प्रकोप व्यवस्थापन कोषको नेपाल बैंक लिमिटेड, कमलविनायक शाखामा रहेको खाता नं. ०१९०३००००७००२००००३ मा जम्मा गर्नु हुन र जिन्सी सामान भए भक्तपुर नपामा उपलब्ध गराउनुहुन अनुरोध छ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

पर्यटक तथ्याङ्क

देशभर बन्दाबन्दी भई पर्यटक आगमन नभएकोले यस अङ्कमा पर्यटक तथ्याङ्क दिइएको छैन ।

नगर प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने केही संस्थाहरू

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर इट्टा उद्योग व्यवसायी सङ्घ

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि.

चोछे'छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर घरेलु युवा व्यवसायी

भीगु रुवप बचत तथा ऋण सहकारी संस्था लि.

छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.

नेपाल रेडक्रस सोसाइटी

लसकुश बचत तथा ऋण सहकारी संस्था लि.

सामुहिक बचत तथा ऋण सहकारी संस्था लि.

सर्वसुलभ उपभोक्ता बचत तथा ऋण सहकारी संस्था लि.

पतञ्जली योगपिठ नेपाल

भक्तपुर उद्योग वाणिज्य सङ्घ

भक्तपुर विद्युतीय सामग्री व्यवसायी सङ्घ

ज्ञानकुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

स्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

मिति २०७७ वैशाख ९ गते, मंगलबार

उपस्थिति

१. प्रमुख श्री सुनिल प्रजापति	उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी	ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री	ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला	ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा	ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल	ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य	ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल	ऐ
९. वडाध्यक्ष श्री उकेश कवां	ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली	ऐ
११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व	ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा	ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल	ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)	ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)	ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला	ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल	ऐ
१८. सदस्य सचिव श्री ईन्द्रप्रसाद बस्याल	ऐ

निर्णयहरू

नि:शुल्क धानको बीउ वितरण गर्ने

विगत वर्षहरूमा झैं यस वर्ष पनि यस नगरपालिकाका सबै वडाका कृषकहरूलाई प्रतिकृषक परिवार २ के.जी. ५०० ग्राम (१ पाथी) खुमल-११ ताईचिन जातको धानको बीउ मिति २०७७।१।१२ गतेदेखि नि:शुल्क वितरण गर्ने निर्णय गरियो ।

मातातीर्थ औंसी र देवाली पूजासम्बन्धी

विश्वव्यापी रूपमा फैलिरहेको नोवेल कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि लागू गरेको देशव्यापी लकडाउनलाई ध्यानमा राखी मिति २०७७।१।९ गते यस वर्षको मातातीर्थ औंसी र देवाली पूजासम्बन्धी यस नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा र प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेसमेतको उपस्थितिमा बसेको सरोकारवालाहरूको बैठकबाट मातातीर्थ औंसी घरबाट ननिस्की सामान्य रूपमै सम्पन्न गर्ने र देवाली पूजा परिस्थिति अनुकूल भएपछि गर्ने भनी भएको निर्णयलाई ध्यानमा राखी २०७७।१।१० र ११ गते मातातीर्थ औंसीको लागि मिठाइ र फलफूल बिक्री वितरण गर्न रोक लगाउने तथा देवाली पूजाको लागि खसी/बोका विक्री वितरण गर्न रोक लगाउने निर्णय गरियो ।

प्रोत्साहन भत्ता

नेपाल सरकारले लडकडाउन घोषणा गरेको अवधिमा यस नगरपालिका अन्तर्गत श्यानिटेशन, जनस्वास्थ्य, नगरपालिका कार्यालय र वडा कार्यालयहरूमा हाजिर भई कार्य गर्ने यस नगरपालिकाका चिकित्सक, नर्स, प्राविधिक, सफाइ तथा सुरक्षाकर्मी एवं प्रशासनिक कर्मचारीहरू, सफाइ मजदुर, ड्राइभर, सहयोगीलगायतलाई भत्ता निर्धारण सम्बन्धी आवश्यक सिफारिसको लागि यस न.पा.का प्रमुख प्रशासकीय अधिकृत, प्रशासन प्रमुख र लेखा प्रमुखलाई जिम्मेवारी दिने र सिफारिस प्राप्त भएपछि आगामी बैठकबाट भत्ता दिन आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई भत्ता

लकडाउनको समयमा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई नेपाल सरकारले घोषणा गरे अनुरूप प्रति व्यक्ति भत्ता वापत रु.१५००।- प्रदान गर्ने र सो रकम सोधभर्ना माग गर्ने निर्णय गरियो ।

विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क) भक्तपुर नगरपालिका वडा नं. ७ माहेश्वरी स्थित छिपा ताँ निर्माण कार्यको लागि निम्न बमोजिमको **उपभोक्ता समिति र अनुगमन समिति** गठन गर्ने निर्णय गरियो :

उपभोक्ता समिति अध्यक्ष - श्री रामेश्वर प्रजापति

अनुगमन समिति संयोजक - श्री कृष्ण गोविन्द लाखा

ख) महालेखा नियन्त्रक कार्यालय को प.सं. २०७६।७७।४.१ च.नं. २०५ मिति २०७६।१२।३० को पत्र अनुसार स्थानीय तह प्रकोप व्यवस्थापन कोष सञ्चालन गर्नु भनी परिपत्र भए अनुसार यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्रप्रसाद बस्याल र लेखापाल श्री रामसुन्दर सुजखुको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने गरी भक्तपुर

नगरपालिका **प्रकोप व्यवस्थापन कोष खाता** खोल्ने निर्णय गरियो ।

ग) वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.४७,८४,०००।- लिई रु.४५,५२,०००।- वितरण गरी बाँकी रु.२,३२,०००।- बैंक दाखिला गरेको बैठकमा **जानकारी** गराइयो ।

घ) वडा नं. ६ का वडाअध्यक्ष श्री हरिराम सुवालले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.६५,४७,२००।- लिई रु.६२,८८,८००।- वितरण गरी बाँकी रु.२,५८,४००।- बैंक दाखिला गरेको बैठकमा **जानकारी** गराइयो ।

ङ) वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.७४,८२,४००।- लिई रु. ७२,६९,६००।- वितरण गरी बाँकी रु.२,१२,८००।- बैंक दाखिला गरेको बैठकमा **जानकारी** गराइयो ।

च) अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको लागि युवा तथा खेलकुद समितिका संयोजक श्री श्यामकृष्ण खत्रीले रु. १०,००,०००।- पेश्की लिई रु. ८२८७०२।- खर्च गरी बाँकी रकम दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

छ) नपाको मिति २०७६।१२।०७ गतेको बोर्ड बैठकमा बिहानको नास्ता वापत रु.६७८०।- र मिति २०७६।१२।०७ गतेको नगरसभा समापन कार्यक्रममा सहभागी सम्पूर्ण जनप्रतिनिधिहरूलाई खानाको व्यवस्था गरेवापत रु. ४२,७७०।५० गरी कुल रु. ४९५५०।५० सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज) नपामा विभिन्न समयमा खाजा वापत रु. ३९४०।- झर्छे खाजा घरलाई भुक्तानी दिइएको **अनुमोदन** गर्ने निर्णय गरियो ।

झ) २०७७ सालको भित्तेपात्रोमा नपाको विज्ञापन र सूचना प्रवाह गरे वापत रु.१२,०००।- नेपाल नगरपालिका कर्मचारी एशोसियनलाई **भुक्तानी** दिने निर्णय गरियो ।

मिति २०७७ जेठ १ गते, विहीबार

निर्णयहरू

३ वर्ष पुगेको अवसरमा सङ्क्षिप्त समारोह

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगका सङ्क्रमितहरू काठमाण्डौ उपत्यकामा समेत देखिन थालेको अवस्थामा नेपाल सरकारले देशव्यापी लकडाउनलाई थप कडाई गरिरहेको समयमा भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाली भएको ३ वर्ष पुगेको अवसरमा कार्यपालिका सदस्यहरूबीच मिति २०७७ जेठ ७ गते, बुधबार सङ्क्षिप्त समारोह गरी टेलिभिजन तथा सामाजिक सञ्जालमार्फत नगरपालिकाको कार्य प्रगति प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरियो ।

समितिका निर्णय अनुमोदन

विभिन्न समितिका निम्न अनुसारका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति २०७७।१।३० गते

१. विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोग सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले देशव्यापी लकडाउन गरिरहेको अवस्थामा SEE परीक्षा दिने विद्यार्थीहरूलाई लक्षित गरी भक्तपुर नगरपालिकाले यही २०७७ वैशाख ३ गतेदेखि भादगाउँ टेलिभिजन मार्फत भर्चुअल कक्षा सञ्चालन गरिरहेकोमा कार्यक्रम उत्पादन तथा प्रसारणबारे ख्वप मल्टिपर्पोज प्रा.लि. ले मिति २०७७।१।३ गते यस नगरपालिकामा पेश गरेको निवेदन बमोजिम उक्त प्रा.लि. लाई भर्चुअल कक्षाको दैनिक कार्यक्रम उत्पादन (छायाँकन तथा सम्पादन) शुल्क रु.५०००।- (अक्षरूपी पाँच हजार रूपैयाँ मात्र) र भादगाउँ टेलिभिजन मार्फत नि:शुल्क प्रसारण गर्ने सम्बन्धमा प्रा.लि.सँग नगरपालिकाले सम्झौता गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाले एस.ई.ई. परीक्षा दिने विद्यार्थीहरूलाई लक्षित गरी सञ्चालन गरिरहेको भर्चुअल कक्षा हाललाई यही २०७७ जेठ ५ गतेसम्म सञ्चालन एवं छायाँकन गर्ने निर्णय गरियो ।

३. नेपाल आँखा कार्यक्रम तिलगंगा सामुदायिक आँखा अस्पताल, भक्तपुर सञ्चालनको लागि भक्तपुर नगरपालिका र नेपाल आँखा कार्यक्रम काठमाण्डौ नेपालबीच भएको सहमति पत्रमा आवश्यक संशोधनका लागि प्रस्तावसहित नेपाल आँखा कार्यक्रम काठमाण्डौ नेपालबाट यस भक्तपुर नगरपालिकामा पठाइएको पत्रबारे छलफल गरियो ।

४. भक्तपुर नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक कार्यतालिकामा एकरूपता कायम गर्ने उद्देश्यले नगरपालिका नगर शिक्षा समिति मार्फत यस वर्षका लागि तयार गरिएको शैक्षिक क्यालेन्डर २००० प्रति प्रकाशित गर्ने निर्णय गरियो ।

५. भक्तपुर नगरपालिका वडा नं. ८ स्थित समाज सेवा इन्स्टिच्यूटको भवनमा वर्षातको पानीले कक्षा कोठामा नकारात्मक प्रभाव पारिरहेको अवस्थामा तत्कालका लागि कौसीमा कोरा मसिनो राख्न, कौसी पर्खाल लगाउन तथा झ्याल ढोकामा खापाको व्यवस्था गर्न नगरपालिकाको तर्फबाट रु.४ लाख अनुदान दिने निर्णय गरियो ।

ख. निर्माण समिति

मिति २०७७।१।१७ र २०७७।१।३० गते

मिति : २०७७/०१/१७ गते निर्माण समिति बैठक)										
क्र.सं.	योजनाको विवरण	वडा नं.	ल.ई. रकम	रि.ल.ई. रकम	मूल्याङ्कन	खुद खर्च	पेश्की	भुक्तानी दिनुपर्ने	बजेट	कैफियत
ल.ई. स्वीकृत सम्बन्धमा										
१	भोलाछे पोखरी पुनःनिर्माण कार्य	६	३,१३९,२९१।४७						नपा	
उपभोक्ता समिति गठन सम्बन्धमा										
१	रानी पोखरी संरक्षण योजनाको उपभोक्ता समिति पुनःगठन	१		उ.स.अ : श्यामसुन्दर बाटी		अ.स.सं. : गंगालक्ष्मी बमनु			नपा	
२	समाज सुधार माविमा भ्यालढोका खापा जडान कार्य	९		उ.स.अ : राम प्रजापति		अ.स.सं. : लक्ष्मीनारायण दुवाल			सांसद कोष बागमति प्रदेश	
पेश्की फछ्र्यौट सम्बन्धमा										
१	चपाल भैरव द्योःछे निर्माण कार्य	४	९,१४६,७३८।६२		४,९९७,२६०।१५	४,७५९,४६२।४३	३,०००,०००।००	१,७५९,४६२।४२	नपा	१७,४०,०००० थप पेश्की माग
२	वाकुपति नारायण उत्तरपूर्व स्थित दक्षिणभिमुख पाटी पुनःनिर्माण कार्य	९	२,७२६,१०६।८०		२०१६५७०।२१	१,८२९,२८०।००	१,०००,०००।००	८२९,२८०।००	नपा	

मिति : २०७७/०१/३० गते निर्माण समिति बैठक)										
क्र.सं.	योजनाको विवरण	वडा नं.	ल.ई. रकम	रि.ल.ई. रकम	मूल्याङ्कन	खुद खर्च	पेश्की	भक्तानी दिनुपर्ने	बजेट	कैफियत
ल.ई. स्वीकृत सम्बन्धमा										
१	आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य	१	६,१७४,७२१।३९						स्वास्थ्य तथा जनसंख्या	
२	पर्यटन सूचना केन्द्र भवनको पुनः ल.ई.	९	९,०९२,७१०।१५	९,८६५,६२३।७८					नपा	
३	विश्वकर्मा आगछें पुनःनिर्माण कार्य	६	९,९६८,५२६।२४						नपा	
४	छातीपुनःस्थापना केन्द्र थप कार्य गर्नको	९	१,९६६,७७६।०९						नपा	

५	छाती पुन:स्थापना केन्द्र भवनको दोस्रो चरण कार्य गर्न	९	७,१३३,४५७।७२	९,९९२,१९७।२१					नपा	
६	जगाती चोकबाट पुरानो जगाती चोक (जगाती चेक पोष्ट) सम्म पाइप बिछ्याउने कार्य	८	७०१,१८७।६०						खानेपानी	
७	काल्हाचा कर्ल्भट निर्माण तथा बाटो ग्राभेलिङ कार्य	५	३,९९१,२०१।४१						क्रमागत नपा	
८	शहिद स्मृति खेल मैदानमा भवन निर्माण कार्य	२	२०,६९६,४२०।३६						राष्ट्रिय योजना आयोगको विशेष अनुदान	
९	सोलार सडक बत्ती र सोलार ब्याकअप सिस्टम		१३,४५१,८१४।४२						राष्ट्रिय योजना आयोगको विशेष अनुदान	
१०	नपली पुलदेखि सृजनानगर चोकसम्म बाटोको उत्तरतर्फ रिटेनिंग वाल निर्माण कार्य	१	१,०९७,८३५।१७						नपा	
११	पञ्चमुखेश्वर महादेव मन्दिर निर्माण कार्य	५	५,२५८,१९७।९५						बागमति प्रदेश शसर्त अनुदान	
उपभोक्ता समिति गठन सम्बन्धमा										
१	महाकाली पिठ संरक्षण कार्य	१०	२,६१४,४१२।५७	उ.स.अ. श्री के.वी प्रजापति		उ.अ.स : श्री गोविन्द दुवाल			सांसद कोष बागमति प्रदेश	
२	आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य	१	६,१७४,७२१।३९	उ.स.अ. श्री सम्झना प्रेमी		उ.अ.स : श्री प्रकाश श्रेष्ठ			स्वास्थ्य तथा जनसंख्या	
३	भोलाछेँ पोखरी पुन:निर्माण एवम् संरक्षण कार्य	६	३,१३९,२९१।४७	उ.स.अ. श्री कृष्णभक्त दुवाल		उ.अ.स : श्री गोविन्द दुवाल			नपा विशेष	
४	कुमारी पाटी पुन:निमाण कार्य	५	५,०१२,८०९।१३	उ.स.अ. श्री रामप्रसाद द्योला		उ.अ.स : श्री बलराम न्हिसुतु			शसर्त अनुदान	
५	पञ्चमुखेश्वर महादेव मन्दिर निर्माण कार्य	५	५,२५८,१९७।९५	उ.स.अ. श्री बाबुरत्न द्योला		उ.अ.स : श्री बलराम न्हिसुतु			शसर्त अनुदान	

पेश्की फछ्र्यौट सम्बन्धमा										
१	महालक्ष्मी पाटी पुन:निर्माण कार्य	१०	२,२१८,३१७।००	३,९१३,७१७।५१	३,४५९,५०५।२९	२,९५३,८०९।५३		३२६,९०२।९३	नपा	सम्पन्न
२	ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यमा तपमार इभस् बोर्ड, तुडाल, चक्क राख्ने कार्य	९			१५८,७३८।७३			१४४,०००।००	नपा	
३	क्वाठण्डौदेखि नवदुर्गा द्योछेंसम्म बाटो मर्मत कार्य	१०	१,०१०,६८१।८०		६५०,९८८।२९	४९१,७५४।९२	३३०,०००।००	१६१,७५४।९२	सडक बोर्ड	आंशिक सम्पन्न
भुक्तानी										
१	राममन्दिरदेखि अरनिको राजमार्गसम्म र भुलाँचासम्म बाटो मर्मत कार्य	४	४९९,७७२।३२	५७०,११०।६४	४१७,५७२।३५			४१७,५७२।३५	नपा	
२	राममन्दिर ग:हिटखि बाराही पुलसम्म, लिबाली क्षेत्रमा, जगातीदेखि वासिकचासम्म बाटो मर्मत	४, ७, ८	३६०,०८५।९५	४१३,९५६।७८	२८५,९७२।३३			२८५,९७२।३३	नपा	
अन्य										
१	भनपा १ स्थित धालाखुशी पुल निर्माणको लागि माटो परीक्षण कार्य, भनपा ४ स्थित राम मन्दिर पुल निर्माणको लागि माटो परीक्षण कार्य, भनपा १० स्थित कमलविनायक बहुउद्देश्यीय भवन निर्माणको लागि माटो परीक्षण कार्यको म्यादभित्र प्राप्त भएका सिलबन्दी कोटेशनहरूमध्ये न्यूनत्तम अङ्क कबोल गर्ने दरभाउपत्र दाता Soil Tech Consultant Pvt Ltd को भ्याटसहित रू. ४,५७७६३।०० भएकोले आशयको सूचना निकाल्ने निर्णय अनुमोदन गरियो ।									
२	ठेक्का नं. bktmun/NCB/works/ 05/076/77: (लिबाली बाल विकास क्षेत्रमा बाटो पीच र सडक पेटी निर्माण कार्य, भनपा वडा नं. ८) को लागि प्राप्त भएको बोलपत्रहरूमा कबोल गरिएका अङ्कहरू ल.ई. (रू.५९,८८,८६६।६७) भन्दा बढी देखिएको भ्याट दर्ता र कर चुक्ता प्रमाण पत्र नदेखिएकोले उक्त सबै बोलपत्रहरू अस्वीकृत/रद्द गरी पुन: १५ दिने बोलपत्र सूचना प्रकाशन गरी पुन: बोलपत्र आह्वान गर्न सिफारिस गर्ने निर्णय अनुमोदन गरियो ।									
३	ठेक्का नं. bktmun/NCB/works/ 07/076/77: (साकोठादेखि दरबार स्क्वायरसम्म ढुंगा छपाई कार्य, भनपा वडा नं. ५) का लागि प्राप्त भएको बोलपत्रहरूमा कबोल गरिएका अङ्कहरू ल.ई. (रू. ५४,९९,६३१।६५) भन्दा बढी देखिएको तथा बोलपत्रदाताहरूको भ्याट दर्ता र कर चुक्ता प्रमाण पत्र नदेखिएकोले उक्त सबै बोलपत्रहरू अस्वीकृत/रद्द गरी पुन: १५ दिने बोलपत्र सूचना प्रकाशन गरी पुन: बोलपत्र आह्वान गर्न सिफारिस गर्ने निर्णय अनुमोदन गरियो ।									
४	ठेक्का नं. bktmun/NCB/works/06/076/77: (राम मन्दिरदेखि तालाकोसम्म ढुंगा छपाई कार्य, भनपा वडा नं. ४) का लागि म्यादभित्र प्राप्त भएका बोलपत्रहरूमध्ये रू.४६,८३,९२७।३५ (अक्षरेपि छयालीस लाख त्रियासी हजार नौ सय सताइस रूपैयां पैतीस पैसा मात्र) कबोल गर्ने श्री गणेश निर्माण सेवाको प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने निर्णय अनुमोदन गरियो ।									
५	ठेक्का नं. bktmun/NCB/works/ 08/076/77: (दोका फल्चादेखि बाराही पीठसम्म ढुंगा छपाई कार्य, भनपा वडा नं. ३) का लागि म्यादभित्र प्राप्त भएका बोलपत्रहरूमध्ये रू.८६,४५,८७९।०५ (अक्षरेपि छयालीस लाख पैतालीस हजार आठ सय उनान्असी रूपैयां ५ पैसा मात्र) कबोल गर्ने श्री गणेश निर्माण सेवाको प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने निर्णय अनुमोदन गरियो ।									

६	कोभिड १९ कोरोना भाइरसको संक्रमणको उच्च जोखिम रहेको बर्तमान बिषम परिस्थितिका कारण तथा यस सम्बन्धी सतर्कताका लागि नेपाल सरकारबाट लकडाउन (बन्दाबन्दी) को अबधिलाई निरन्तरता दिइएको अवस्थालाई ध्यानमा राखी भक्तपुर नगरपालिकाको चालू आ.व. २०७६/७७ का निर्माण सम्बन्धी कार्यहरूका लागि मिति २०७६/११/१३ गते प्रकाशित बोलपत्र सूचनामा उल्लेखित ठेक्काहरू (bktmun/NCB/works/09/076/77, bktmun /NCB/works/ 10 / 076/77, bktmun /NCB/ works/11/076/77, bktmun/ NCB/ worksर12/076/77) र मिति २०७६/११/१६ गते प्रकाशित बोलपत्र सूचनामा उल्लेखित ठेक्काहरू (bktmun/NCB/works/ 13/076/77, bktmun/NCB/works/14/076/77, bktmun/NCB/works/15/ 076/77) का लागि बोलपत्र फाराम खरीद गर्ने अन्तिम मिति नेपाल सरकारले घोषणा गरेको लकडाउन अवधि समाप्त भएपछि कार्यालय खुलेको पहिलो दिन दिउंसो ५:०० बजेसम्म, दाखिला गर्ने अन्तिम मिति नेपाल सरकारले घोषणा गरेको लकडाउन अवधि समाप्त भएपछि कार्यालय खुलेको दोस्रो दिन दिउंसो १२:०० बजे र खोल्ने मिति नेपाल सरकारले घोषणा गरेको लकडाउन अवधि समाप्त भएपछि कार्यालय खुलेको दोस्रो दिन दिउंसो २:०० बजे गर्ने भनी मिति २०७६/१२/२७ मा गोरखापत्र दैनिकमा सूचना प्रकाशन भएकोमा नेपाल सरकारले लक डाउन बढाउंदै गइरहेकोले माथि उल्लेखित ठेक्काका योजनाहरू आ.व. २०७६/७७ सम्ममा सम्पन्न गर्नुपर्ने भएको र बैंकि? कारोबारहरू पनि सुचारू भएको हुंदा उक्त सूचना संशोधन गरी पुन: मिति २०७७/०२/६ गतेसम्म बोलपत्र फाराम खरिद गर्ने अवधि, बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७७/०२/०७ दिउंसो १२:०० बजेसम्म र बोलपत्र खोल्ने मिति २०७७/०२/०७ गते दिउंसो २:०० बजे हुने गरी पुन: सूचना प्रकाशन गर्ने निर्णय गरियो ।	
७	राष्ट्रिय योजना आयोगबाट आ.व. २०७६/७७ मा विशेष अनुदानमार्फत छानिएको आयोजनाहरूमध्ये सोलार सडक बत्ती तथा सोलार ब्याकअप सिस्टम कार्य गर्न सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गर्न स्वीकृति गर्ने निर्णय अनुमोदन गरियो ।	

ख्वप अस्पतालकोलागि अनुदान माग

यस नगरपालिकाबाट कुल लागत रु. ७२ करोडमा भक्तपुर न.पा. ९ च्यामासिंहमा निर्माण भइरहेको ख्वप अस्पतालको भवन हाल Block A र Block B को दोश्रो तल्लाको RMC(M25) कार्य सम्पन्न भई रु. १३,१४,०८,७१२।०० (अक्षेरूपी, तेह्र करोड चौध लाख आठ हजार सात सय बाह्र) खर्च भइसकेकोमा आ.व. ०७७।७८ मा क्रमागत रूपमा अगाडि बढाउन विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस सङ्क्रमणका कारण नगरपालिकाको मुख्य आयश्रोत पर्यटक शुल्क र अन्य आन्तरिक राजस्वमा समेत कमी आई बजेट अपर्याप्त हुने देखिएको हुँदा नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई आ.व. २०७७।७८ मा उक्त ख्वप अस्पताल भवन निर्माण तेश्रो र चौथो तल्लाको संरचना निर्माण र अन्य निर्माणका बाँकी कार्य सम्पन्न गर्नको लागि रु. ३० करोड अनुदान सहयोग माग गर्ने निर्णय गरियो ।

विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. वडा नं. ३ का वडाअध्यक्ष श्री राजकृष्ण गोराले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु. ६०,९४,४००।- लिई रु.५८,४२,४००।- वितरण गरी बाँकी रु.२,५२,०००।- बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

ख. वडा नं. ४ का वडाअध्यक्ष श्री कुमार चवालले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.९०,३१,२००।- लिई रु.८१,९२,०००।- वितरण गरी बाँकी रु.८,३९,२००।- बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

ग. वडा नं. १० का वडाअध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखाले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.४५,९८,४००।- लिई रु.४४,६८,०००।- वितरण गरी बाँकी रु.१,३०,४००।- बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

घ. नपाको बा ३ ज ५४३ नं. को शव वाहन गाडी मर्मत वापत रु.३५७६४।५० र बा ५ च २५२८ को गाडी मर्मत गर्दाको रु.३०,००१।- गरी कुल रु.६५,७६६।- अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. नपाको बा १ ग २२६२ को गाडी मर्मत गर्दाको रु.१८,७०१।५० सिद्धि गणेश मोटर अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. भनपाबाट सञ्चालित फोहोर मैला सङ्कलन गर्ने बा १ स १६७७ को ट्राइसाइकलको गाडी मर्मत गर्दाको रु.१९,२१०।- भक्तपुर अटो पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

नगर प्रमुख प्रजापति अस्पताल निरीक्षणमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वैशख १६ गते भक्तपुर अस्पतालको निरीक्षण गर्नुभयो । उहाँले विश्वभर फैलिएको कोभिड-१९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रणमा भक्तपुर अस्पतालले गरिरहेको कार्यको निम्ति स्वास्थ्यकर्मीहरूलाई धन्यवाद दिनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर अस्पतालले हाल गरिरहेको कामको जानकारी अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमबाट लिनुभयो ।

सो अवसरमा अस्पताल रेट्रोफिटिङ्ग गर्दा आवश्यक पर्ने अस्थायी संरचना निर्माण गरिरहेको कामको पनि उहाँले अवलोकन गर्नुभयो । उक्त संरचना निर्माण गर्न भक्तपुर नगरपालिकाले रेट्रोफिटिङ्गको काम नसकुन्जेल २ वर्षको लागि स्वीकृति दिएको थियो ।

भक्तपुर अस्पताल प्रदेश अन्तरगतको अस्पताल हो । अस्पतालका सुपरिटेण्डेण्ट डा. गौतमले अस्पतालको प्रगतिको निम्ति निरन्तर सेवाको भावनाले काम गरिरहेको बताउनुभयो ।

'सबै चिकित्सक र कर्मचारीहरूबीचको राम्रो समन्वयले अझ बढी काम गर्ने उत्साह छ' - उहाँले भन्नुभयो ।

भक्तपुर नपाबाट भक्तपुर अस्पताललाई सुरक्षा सामग्री प्रदान

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणको रोकथाम, नियन्त्रण र उपचारको लागि खटिरहेका भक्तपुर अस्पतालका स्वास्थ्यकर्मीहरूको लागि आवश्यक व्यक्तिगत सुरक्षा सामग्रीहरू एक कार्यक्रमबीच वैशाख २६ गते हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको पहिलो घेरामा बसी कार्य गरिरहेका स्वास्थ्यकर्मीहरूलाई सुरक्षाको प्रत्याभूती दिनुहुँदै मनोबल उच्च पार्न स्थानीय तहले यथासक्य सहयोग गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिका क्षेत्रमा कोरोना रोकथाम र नियन्त्रणको लागि विशेष सरसफाइ, चेतनामूलक माइकिङ्, जात्रा पर्व संस्कृति व्यवस्थापन, खाद्य र तरकारी बजार व्यवस्थापन लगायतका कार्यहरू स्थानीय स्वयमसेवकहरू परिचालन गरी गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर अस्पतालका मेडिकल सुपेरिटेण्डेन्ट डा. सुमित्रा गौतमले अस्पतालले सक्दो सेवा गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर अस्पताललाई पि.पि.ई. - ४० सेट, एन ९५ मास्क - ४० वटा, Face Shield - १० वटा, Eye-Goggles -१० वटा हस्तान्तरण गर्नुभयो ।

एन.पि.एल. समाज कल्याण संस्था, ललितपुरले भक्तपुर नगरपालिकालाई उक्त सामानहरू सोही दिन हस्तान्तरण गरेको थियो ।

भक्तपुर अस्पताल सुधारोन्मुख हुँदै

भक्तपुर जिल्लाकै मुटुमा रहेको र वीर अस्पतालपछि स्थापना भएको सरकारी लगानीको भक्तपुर अस्पतालको चिकित्सकीय सेवा सुधारोन्मुख भइरहेको छ । नयाँ संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकार मातहत सञ्चालन भएपछि र अस्पताल व्यवस्थापन समितिमा स्थानीय तहको प्रत्यक्ष उपस्थिति भएपछि अस्पतालले गति लिन थालेको जनताले अनुभव गर्दैछन् ।

कोरोना भाइरस (कोभिड १९) रोग सङ्क्रमणको जोखिम न्यूनीकरण गर्न नेपाल सरकारले देशभरि बन्दाबन्दी (लकडाउन) घोषणा गरेपछि अस्पतालबाट सेवा प्राप्त गर्ने बिरामीहरूमार्फत अस्पतालको सकारात्मक पक्ष जनतामा पुगेको स्थानीयहरू बताउँछन् । कोरोना सङ्क्रमणको जोखिमप्रति सचेत बन्दै सरकारले देशभरिका अस्पतालहरूमा वहिरङ्ग सेवा बन्द गरी इमर्जेन्सी सेवा मात्र सञ्चालन गर्न निर्देशन दिएको थियो । भक्तपुर अस्पताललाई जिल्लाकै हब अस्पतालको रूपमा घोषणा गरी कोरोना रोगको परीक्षण र उपचार केन्द्र बनाइएको थियो । वैशाख २४ गतेसम्म अस्पतालमा ३६० जनाको आरडिटी टेस्ट र २४० जनाको पिसिआर टेस्ट भइसकेको अस्पताल स्रोतले बताएको छ । कोरोना सङ्क्रमितको उपचारका लागि अस्पतालले अलग्ग भवनको व्यवस्थासमेत गरेको छ ।

लकडाउनको समयमा सबै अस्पतालहरूमा आकस्मिक सेवाबाहेक अन्य सेवा ठप्प छन् । भक्तपुर अस्पतालमा भने बिरामीहरूलाई नफर्काई सबै उपचार सेवा प्रदान गरिरहेको छ । इमर्जेन्सीमा टिकट काटेर बिरामीहरूलाई अस्पतालमा भएका सबै उपचार सेवा प्रदान गरिरहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुमित्रा गौतमले बताउनुभयो । सबै डाक्टर, नर्स तथा अन्य चिकित्सकीय प्राविधिक जनशक्तिलाई २४सै घण्टा तयारी अवस्थामा राखिएको उहाँको भनाइ थियो । 'सङ्कटको समयमा भक्तपुर अस्पतालमा उपचारका लागि आएका कुनै पनि बिरामीलाई त्यसै फर्काएका छैनौं', उहाँले भन्नुभयो ।

उहाँका अनुसार अहिले अस्पतालमा ११ जना विशेषज्ञसहित १८ जना डाक्टरहरूबाट विभिन्न रोगहरूको उपचार सेवा दिइरहेको छ । विशेषज्ञ डाक्टरहरूमा स्त्रीरोग विशेषज्ञ १ जना, बालरोग विशेषज्ञ २ जना, सर्जन २ जना, हाडजोर्नीसम्बन्धी विशेषज्ञ १ जना, फिजिसिएन २ जना, छालारोग विशेषज्ञ १ जना, रेडियोलोजिस्ट १ जना र एनेस्थेसिएन १ जना कार्यरत छन् । नाक, कान, घाँटी सम्बन्धी रोगका विशेषज्ञको दरबन्दी रहेर पनि पूर्ति नभएको अवस्थामा प्रदेश सरकारसँग विशेषज्ञ डाक्टर पूर्ति गर्न माग गरिरहेको मेसु डा. गौतमले जानकारी दिनुभयो । यससँगै ८ जना एमबीबीएस डाक्टरहरूले मेडिकल अफिसर भई बिरामीको उपचार गरिरहेको उहाँले बताउनुभयो ।

अस्पताल प्रशासनले अस्पतालमा १२ जना स्टाफ नर्ससहित ३९ जना नर्सिङ केयरको जनशक्ति रहेको र ल्यावमा ८ जना जनशक्ति रहेको बताएको छ ।

अस्पतालमा चालू आर्थिक वर्षमै आइसियू र एनआइसियू उपचार कक्षको स्थापना गर्ने तयारीसमेत भइरहेको छ । यसका लागि बागमती प्रदेश सरकारबाट चालू आवको लागि ९६ लाख रूपैयाँ विनियोजन भई निकासासमेत भइसकेको अस्पताल व्यवस्थापन पक्षबाट जानकारी प्राप्त भएको छ ।

यससँगै अस्पतालका पुराना भवनहरूमा २०७२ सालको भूकम्पबाट सामान्य क्षति पुगेकोमा चालू आवबाट नै भवन प्रवलीकरण (रेट्रोफिटिङ) को प्रकृया अगाडि बढाइएको छ । पहिलो चरणमा अस्पताल परिसरको खुल्ला चउरमा डिक्यान्टिङ ब्लक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको जग्गामध्ये करिब १ रोपनी जग्गामा २ करोड २१ लाख ९९ हजार १८२ रूपैयाँका लागतमा

अस्थायी संरचना तयार भइरहेको छ । यसका लागि नगरपालिकाले स्वीकृति प्रदान गरी नगरपालिकासँगको समन्वयमा संरचना निर्माण करिब सम्पन्न हुन लागेको अस्पताल प्रशासनले बताएको छ । संरचना निर्माणको क्रममा नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत जनप्रतिनिधिहरू अनुगमन गर्न आउनुका साथै आवश्यक सल्लाह सुझावहरू दिइरहनु भएको मेसु डा. गौतमले बताउनुभयो ।

अस्पतालको मुख्य भवन प्रवलीकरण गर्ने क्रममा त्यहाँबाट दिइरहेको सुविधा डिक्यान्टिङ ब्लकबाट प्रदान गरिने बताइएको छ । ब्लकमा सानो ठूलो ८ वटा कोठा र ८ वटा सौचालय रहने छन् । सोही ब्लकमा आइसियूको ५ वटा बेड र एनआइसियूको ४ वटा बेड सञ्चालनको तयारी भइरहेको डा. गौतमको भनाइ थियो । 'आइसियू लगायत सघन उपचार सुविधा नहुँदा भक्तपुर अस्पताललाई रेफर सेन्टर मात्र भएको गुनासो आएको थियो, अब यसमा सुधार हुने विश्वास छ', उहाँले भन्नुभयो ।

बेलायती सहयोग संस्था डिएफआइडीको आर्थिक सहयोगमा नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागले रु. २७ करोड ६२ लाखमा अस्पतालको मुख्य भवन प्रवलीकरण गर्ने भएको छ । त्यसबाहेक अस्पतालमा ४ तले नयाँ भवन पनि निर्माण हुनेछ । अस्पतालमा अलग्ग व्यवस्थित पार्किङ क्षेत्र, फोहरमैला व्यवस्थापन केन्द्र, क्यान्टिन पनि निर्माण गरिनेछ । अस्पताल परिसरमा हरियाली व्यवस्थापन, विद्युतीकरण र निकासको व्यवस्थापन पनि छुट्टै गरिने र यी सबै कार्यका लागि अनुमानित बजेट ३७ करोड ५४ लाख विनियोजन गरिएको भवन विभागका इन्जिनियर लक्ष्मण रायमाझीले जानकारी दिनुभयो ।

देशकै दोस्रो जेठो अस्पताल भएर पनि बिरामीले प्रभावकारी उपचार सेवा नपाउँदा विगत लामो समयदेखि अस्पतालप्रति स्थानीय जनताको विश्वास गुमिरहेको थियो । त्यसमाथि अस्पताल व्यवस्थापन समितिमा राजनैतिक नियुक्ति गरिने, नातावाद, कृपावादको आधारमा डाक्टर, नर्स तथा कर्मचारी नियुक्ति गर्ने, भ्रष्टाचार हुने आदि कारणले जिल्लावासीहरू उपचारका लागि काभ्रे, काठमाण्डौ र ललितपुर जानुपर्ने वाध्यता थियो । आफ्नै जिल्लामा अस्पताल भएर पनि अरु जिल्लामा उपचार गर्न जाँदा बेला बेलामा अप्ठेरो महसुस गर्नेहरू धेरै छन् । 'तपाइँको जिल्लामा अस्पताल छैन र भनी सोध्छन्, के भन्ने ?' स्थानीय रत्नमाया खत्रीले दुखेसो पोखिन् । 'हामी भक्तपुर अस्पताललाई **'हाम्रो अस्पताल'** भनी आत्मीयता देखाउँछौं तर हाम्रै अस्पतालमा भ्रष्टाचार भएको, बिरामीको उपचार नभएको सुन्दा साऱ्है मन रुन्छ ।'

अस्पताल व्यवस्थापन समितिमा स्थानीय प्रवुद्ध व्यक्तिहरू नबसी मन्त्रीका मान्छे भनी सरोकार नै नराख्ने व्यक्तिहरू बसेकोले अस्पताल सुधार गर्नुपर्छ भन्ने भावना नै नभएको स्थानीय व्यक्तिहरू भन्छन् । 'व्यवस्थापन समितिमा बस्ने भनेको त आफ्नो मान्छे भर्ना गर्ने र पैसा खाने मात्र भयो,' स्थानीय कृष्णाराम खर्बुजाले भने ।

पछिल्लो समयमा अस्पताल व्यवस्थापन समितिमा नगरपालिकाको उपस्थिति भएको खबरले जिल्लावासीहरू निकै खुशी छन् । 'भक्तपुर नगरपालिका देशकै नमूना भएजस्तै भक्तपुर अस्पताल पनि नमूना भएको सबैले हेर्न चाहन्छन् र यसमा भक्तपुर नगरपालिकाले नै अगुवा भूमिका खेलोस् भन्ने चाहेका छन् । अस्पताल परिसरभित्रै हाल सञ्चालित शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्र र भक्तपुर क्यान्सर अस्पतालबीच समन्वय गर्न सकेमा भक्तपुर अस्पतालले सबैखाले बिरामीहरूको स्तरीय उपचार गर्न सकिनेमा दुइमत छैन ।

भक्तपुरको खानेपानी समस्याबारे छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा काठमाडौं उपत्यका खानेपानी बोर्ड र आयोजना कार्यान्वयन निर्देशनालय (पीआइडी) का पदाधिकारीहरूबीच भक्तपुरको खानेपानी तथा ढल निकासको समस्याबारे जेठ ६ गते बैठक बस्यो ।

नगरपालिकाको सभाकक्षमा बसेको बैठकले मेलम्चीको पानी काठमाडौं उपत्यकामा उपलब्ध भएपछि पहिलो चरणमै भक्तपुर नगरपालिकामा पठाउने र खानेपानी वितरण प्रणाली नयाँ नबनुञ्जेल पुरानै वितरण प्रणालीबाट वितरण गर्ने निर्णय गऱ्यो ।

भक्तपुर नगरपालिकाले मेलम्चीको पानी पहिलो चरणमै भक्तपुरमा पठाउन माग गर्दै आएको हो ।

लकडाउनलाई थप कडाइ गरिने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा **नगरस्तरीय विपद् व्यवस्थापन समिति**को बैठक वैशाख ३१ गते सम्पन्न भयो ।

बैठकमा प्रमुख प्रजापतिले भक्तपुर जिल्लाभित्र सङ्क्रमणको जोखिम बढ्दै गएको हुँदा भक्तपुर जिल्लाको सीमा नाकाहरूमा प्रवेश निषेध गर्नुपर्ने र जिल्लामा उद्योगहरू सञ्चालन गर्दा उपत्यका बाहिरबाट भित्रिनेहरूको सङ्ख्या बढ्न सक्ने भएकोले उद्योग र कारखानाहरू बन्द गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

निर्णयहरू

विपद् व्यवस्थापन समितिको बैठक मुख्य निर्णयहरू :

१. काठमाडौं उपत्यकाका सबै सीमा क्षेत्रमा अति आवश्यक बाहेक कुनै पनि व्यक्तिलाई **प्रवेश निषेध** गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

२. हाल विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाईरस सङ्क्रमण (कोभिड-१९) रोकथाम र नियन्त्रणको लागि **भारतबाट आउने** फलफूल, माछामासु र तरकारी गाडीहरूलाई यस नगरपालिकामा प्रवेश निषेध गर्ने व्यवस्थाको लागि नेपाल सरकार समक्ष आग्रह गर्ने ।

३. भक्तपुर जिल्लामा कोभिड-१९ सङ्क्रमणको जोखिम र समुदायमा विस्तारको खतरा देखिएको हुँदा भक्तपुर जिल्लामा कोही पनि व्यक्ति घर बाहिर निस्कन नपाउने तथा अति आवश्यक बाहेक व्यापार, व्यवसाय र उद्योग **सञ्चालनमा रोक** लगाउन सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

४. भक्तपुर नगरभित्र टेलिभिजन र मोबाइल पसल जस्ता विद्युतीय सामग्री पसल, चिया-खाजा पसल, सैलुन लगायत अन्य पसलहरू खुल्न थालिएको हुँदा ती **पसलहरूलाई कडाइका साथ बन्द** गर्न प्रहरी प्रशासनसँग समन्वय गरी अघि बढ्ने ।

५. भक्तपुर जिल्ला बाहिरबाट आएका **डेरा गरी बस्ने** मानिसहरूलाई स्वास्थ्य परीक्षण नगराई आफ्नो घरमा नराख्नको लागि भक्तपुर नगरपालिकाले घरधनीहरूलाई आग्रह गर्ने ।

६. भक्तपुर नगरवासी दाजुभाइमा आ-आफ्नो घरमा कोही व्यक्ति डेरामा बसेको छ भने घर धनीले सो को **विवरण सम्बन्धित वडा कार्यालयमा बुझाउन** अनुरोध गर्ने र सबै वडा कार्यालयले आफ्नो वडा भित्रको एकीकृत विवरण तयार गर्ने ।

बैठकले कोरोना भाइरस (कोभिड-१९) रोग सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लागू गरेको देशव्यापी लकडाउन कार्यान्वयन गर्ने क्रममा भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरू, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर उद्योग वाणिज्य

सङ्घ लगायतले गरेका गतिविधिहरूको बैठकमा समीक्षा गरिएको स्रोतले बताएको छ ।

यसअघि प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको अध्यक्षता बसेको **जिल्लास्तरीय विपद् व्यवस्थापन केन्द्र**को बैठकले गरेको निर्णयहरू –

१. भक्तपुर जिल्लामा कोभिड–१९ को सङ्क्रमणको हालको अवस्थाको समीक्षा गरियो । हालसम्ममा बाहिरबाट आएका २ जना व्यक्तिहरूमा कोरोना पोजेटिभ देखिएको हुँदा ती व्यक्तिहरूका यात्रा विवरणका आधारमा अविलम्ब कन्ट्याक्ट ट्रेसिङ गर्ने । निजहरूको वासस्थान सिल गर्ने, परिवारका सदस्यहरूको समेत तुरुन्त परीक्षण गर्ने र आवश्यकता अनुसार आइसोलेसन/क्वारेन्टिनमा राख्ने व्यवस्था स्वास्थ्य कार्यालय र भक्तपुर अस्पतालले मिलाउने ।

२. गृह मन्त्रालयको च.नं. ३७८४ मिति २०७७।१।३० को सवारी पास सम्बन्धमा प्राप्त भएको निर्देशन अनुसार यस जिल्लाबाट अन्यत्र जिल्लामा जाने गरी जारी गरिएको सबै सवारी पास खारेज गरी सो को सूचना प्रकाशित गर्ने ।

३. भक्तपुर जिल्लामा कोभिड–१९ सङ्क्रमणको जोखिम र समुदायमा विस्तारको खतरा देखिएको हुँदा भक्तपुर जिल्लामा कोही पनि व्यक्ति घर बाहिर निस्कन नपाउने तथा अति आवश्यक बाहेक व्यापार, व्यवसाय र उद्योग सञ्चालनमा रोक लगाउने ।

४. भक्तपुर जिल्ला प्रवेश गर्ने र बाहिर जाने अति आवश्यक वाहेक व्यक्ति तथा सवारी साधन निषेध गर्ने ।

५. भक्तपुर जिल्लास्थित नगरपालिकाहरूले क्वारेन्टिन स्थलहरू चुस्त दुरुस्त राख्ने, वडाहरू मार्फत आफ्नो क्षेत्रमा बाहिरबाट आएका व्यक्तिहरूको लगत सङ्कलन गर्ने, निगरानी गर्ने, कोरोना परीक्षण गराउने र त्यस्ता व्यक्तिहरूलाई आवश्यकता अनुसार क्वारेन्टिनमा पठाउने काममा समन्वय गर्ने ।

६. स्थानीय र सरोकारवाला निकायबाट खाद्यान्न तथा आपूर्तिको प्रभावकारी व्यवस्थापन तथा नियमनको काम गर्ने । विपन्न खाद्यान्न अभाव भएका व्यक्तिहरूलाई राहत उपलब्ध गराउने ।



sf]/fdgf ; ^ldqmd0faf6

आफू बचौं र अरूलाई बचाऔं

कोभिड-१९ का सङ्क्रमितलाई चिन्न सकिन्न । विना चिन्ह र लक्षण पनि रोगी वा सङ्क्रमित हुन सक्छ । त्यसैले घरैमा सुरक्षित बसे कोरोना सङ्क्रमणबाट बच्न सकिन्छ, बाहिर निस्केमा भन्न सकिन्न ।

कोभिड-१९ का लक्षण

- रुघाका साथै सुख्खा खोकी लाग्ने
- टाउको दुख्ने
- ज्वरो १००.४° भन्दा बढी आउने
- घाँटी दुख्ने
- सास फेर्न अप्ठेरो वा गाह्रो हुने ।

बच्ने उपाय

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने ।
- अङ्कमाल नगर्ने ।
- साबुन–पानीले कम्तिमा २० सकेण्डसम्म (वा १ देखि ५० सम्म गनेर) पटक–पटक हात धुने ।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने ।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने ।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने ।
- शारीरिक दूरी कायम गर्ने ।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने ।
- भिडभाडमा नजाने ।
- जङ्गली जनावरलाई नछुने ।
- बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाने ।
- मासु तथा अन्डा राम्रोसँग पकाएरमात्र खाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्राएर छेक्ने ।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने ।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने ।**

नियमित रूपमा प्रक्रिया पुऱ्याएर साबुन पानीले र म्रारी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ । साबुन पानीले बर ोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ ।

त्यसैले नियमित हात धुने गरौं ।

एकद्वार प्रणालीविपरीत पक्षपाती काम गर्नेमाथि कारबाही माग

नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रतिनिधिसभाका सदस्य प्रेम सुवाल, बाग्मती प्रदेश सांसदद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजू, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे, प्रहरी उपरीक्षक सविन प्रधानबीच कोरोना भाइरस सङ्क्रमणको कारण भइरहेको लकडाउनबाट जनजीवनमा परेको प्रभावबारे वैशाख १४ गते छलफल भयो ।

भक्तपुर नगरपालिकामा भएको छलफलमा सांसद सुवालले सङ्क्रमण फैलिन नदिन काठमाडौँ उपत्यका भित्रबाहिरको आवतजावतमा प्रभावकारी निगरानी राख्नुपर्नेमा जोड दिनुहुँदै देशका विभिन्न ठाउँमा दैनिक ज्यालादारी मजदुरलाई वितरण गरिएको खाद्यान्नमा पक्षपात भएको समाचारबाट सबै सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्थानीय तहमार्फत खाद्यान्न वितरण गर्ने सङ्घीय सरकारको एकद्वार प्रणालीविपरीत सत्तापक्षकै सांसदहरू चामलको बोरा र दालको पोका बोकेर स्थानीय तहका प्रतिनिधिजस्तै चामल बाँड्ने, खाना पकाएर खुवाउने काममा लागेको तर्फ स्थानीय प्रशासन सचेत हुनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले गैरसरकारी संस्था वा व्यक्तिले खाद्यान्न वा नगद सहयोग गर्न चाहे सङ्घमा प्रम राहत कोष र स्थानीय तहमा स्थानीय राहत कोषको व्यवस्था औचित्यहीन बनाउन नहुने औँल्याउनुभयो ।

सांसद सुवालले भूकम्पको बेला सरकारलाई डोजर टिपर सहयोग गर्ने कतिपय कम्पनीहरू पछि राजस्व छलीको कालोसूचीमा परेको तर्फ सबैको ध्यान जानुपर्ने औल्याउनुहुँदै एकद्वार प्रणालीविपरीत खाद्यान्न वितरण गर्ने जुनसुकै पद वा संस्था वा कम्पनीका भए पनि उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने उल्लेख गर्नुभयो ।

दैलेखका पूर्वसांसद र वर्तमान सांसदसमेतले काठमाडौँ उपत्यकामा खाद्यान्न वितरण गरेको समाचार प्रकाशित भएको उल्लेख गनुहुँदै उहाँले मन्त्री र सांसदले आफ्नो मान्छेलाई मात्र खाद्यान्न वितरण गर्ने र यातायातको चाँजो मिलाइदिने पक्षपातपूर्ण कामको स्थानीय प्रशासन मूकदर्शक भए अराजकता उत्पन्न हुने बताउनुभयो ।

किसानहरूलाई खेतीपातीको काम गर्न–गराउन उपयुक्त वातावरण तयार गर्नुपर्ने उल्लेख गर्नुहुँदै सांसद सुवालले भारतबाट आउने खाद्यान्न र तरकारीसँगै भाइरस सङ्क्रमण पनि फैलिनेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले कोरोना भाइरस परीक्षण गर्न आरडीटी भरपर्दो नभएको समाचारतर्फ सबै सचेत हुनुपर्ने उल्लेख गर्नुभयो ।

सांसद सुवालले अमेरिका समयमै सचेत नहुँदा सङ्क्रमणको केन्द्र बनेको उल्लेख गर्नुहुँदै चीन समयमै सचेत भएर भाइरस सङ्क्रमण नियन्त्रण गर्न सफल भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् तत्कालीन प्रतिनिधिसभा सदस्य नारायणमान बिजुक्छेँ (रोहित) र समाजसेवी हरिप्रसाद पौडेल, डा. अञ्जनीकुमार शाह र डा. विवेकबहादुर प्रधानको अगुवाइमा भक्तपुर क्यान्सर अस्पताल स्थापना भएको प्रसङ्ग उल्लेख गर्नुहुँदै सांसद सुवालले यो सङ्क्रमणको बेला अस्पतालका डाक्टर र स्वास्थ्यकर्मीहरूलाई तलबसमेत नदिइएको समाचारले बिरामीहरूको मृत्युसमेत हुनेतर्फ प्रशासनको ध्यान जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले रोपाइँ सुरु हुने भएकोले इँटा उद्योगले बहालमा लिएका किसानहरूको जग्गा सम्याउने काम छिट्टै सम्पन्न गर्न लगाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले लकडाउनको समयमा बिस्केट पर्व व्यवस्थापन, बजार व्यवस्थापनलगायत भक्तपुरमा भएको कामको सबैतिरबाट प्रशंसा भएको उल्लेख गर्नुहुँदै कृषि र विकास निर्माणको काम आवश्यक सतर्कताका साथ गर्न दिने बताउनुभयो । उहाँले जिल्लामा अझै २,९४० भारतीय कामदार र बाहिर जिल्लाका १,३२३ कामदार रहेको जानकारी गराउनुभयो । उहाँले जिल्लामा आजसम्म कुनै सक्तमित फेला नपरेको र सङ्क्रमण परीक्षण जारी रहेको बताउनुभयो । उहाँले भारतबाट दैनिक ७०० ट्रक खाद्यान्न, तरकारी र अन्य सामान आयात भइरहेको र त्यसमा प्रत्येक गाडीको ३ जनाको दरले २,१०० मानिसहरू काठमाडौँ पस्ने बताउनुभयो ।

प्रहरी उपरीक्षक सविन प्रधानले सङ्क्रमण नियन्त्रण गर्न प्रहरी प्रशासनबाट भएका कामहरूको जानकारी गराउनुभयो ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

उपत्यकामा लकडाउन थप कडा पार्ने गृहमन्त्रालयको निर्णय

गृहमन्त्री रामबहादुर थापा 'बादल' को अध्यक्षतामा कोरोना भाइरस सङ्क्रमणबाट बच्न नेपाल सरकारले लगाएको लकडाउनको समयमा काठमाडौं उपत्यकाको विभिन्न नाकाबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधन र व्यक्तिहरूको नियन्त्रण र व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयमा जेठ १ गते बैठक बस्यो ।

काठमाडौं उपत्यकाका महानगरपालिका तथा नगरपालिकाका प्रमुख र सुरक्षा निकाय प्रमुखहरूको उपस्थितिमा बसेको उक्त बैठकबाट लकडाउनको अवस्था अझ कडाइ गर्न र सुरुकै अवस्था कायम गर्न सबै **उद्योग, कल–कारखाना बन्द** गर्न उच्चस्तरीय समितिमा सिफारिस गर्ने, स्थानीय सङ्घ–संस्था क्लबहरूले गरिरहेको सामूहिक राहत वितरण र खाना वितरणले भीडभाड हुन गई जोखिम बढेकोले राहत वितरण कार्य स्थानीय तहमार्फत **एकद्वार प्रणाली**बाट सामाजिक दूरी कायम हुने गरी राहत वितरण गर्ने निर्णय गऱ्यो ।

बैठकले काठमाडौं उपत्यकामा जोखिम बढेसँगै अति आवश्यक काममा बाहेक **उपत्यकामा प्रवेश निषेध गर्ने** तथा आगमनको स्रोत नै रोक्ने, उपत्यका प्रवेशका सबै नाकाहरू अतिआवश्यक प्रयोजनमा बाहेक पूर्ण रूपमा सिल गर्ने र लुकी छिपी हुने प्रवेश पूर्ण रूपमा नियन्त्रण गर्ने निर्णय गऱ्यो ।

नाका प्रवेशका स्थानीय तहलगायत अरु स्थानीय तहहरूले स्थानीय प्रशासनसँग समन्वय गरी आ–आफ्नो क्षेत्रमा रहेका होटल, पार्टी प्यालेस, सामुदायिक भवनलगायतलाई सम्बन्धित स्थलहरूलाई भविष्यमा आवश्यक भएमा प्रयोग गर्न मिल्ने गरी **क्वारेन्टाइन प्रयोजनको लागि लगत सङ्कलन गर्ने** र अति आवश्यक काममा प्रवेश गर्नुपर्ने कुनै व्यक्तिले उपत्यका प्रवेश गर्नुपूर्व नै आरडीटी परीक्षण गरी सोको रिपोर्ट साथमा उपत्यका प्रवेशको अनुमति लिनुपर्ने निर्णय बैठकले गऱ्यो ।

बैठकले काठमाडौं उपत्यका प्रवेश बिन्दुमा पुग्नुपूर्व सुरु प्रवेश बिन्दुमै रोक्न सुरक्षा निकायले विशेष सहयोग गर्ने, स्थानीय प्रशासनको समन्वयमा उपत्यका प्रवेश गरेकाहरूको खोजी, लगत सङ्कलन, क्वारेन्टाइन र परीक्षण गर्ने, उपत्यका प्रवेश गरेका व्यक्तिको पहिचान गरी समूह समूहमा पीसीआर परीक्षण अगाडि बढाउन पहल गर्ने, सबै सुरक्षा निकायसँग स्थानीय तहबाट व्यवस्थापन गरिने स्थानीय स्वयम्सेवकको संयुक्त संयन्त्र निर्माण गरी कोभिड–१९ नियन्त्रणमा परिचालन हुनेलगायतका निर्णयहरू गऱ्यो ।

बैठकमा गृहमन्त्री रामबहादुर थापाले कोरोना भाइरस सङ्क्रमणका कारण देशले आर्थिक, सामाजिक र राजनीतिक सङ्कट भोगिरहेको र सङ्कटको समयमा छिमेकी देश भारतले नेपाली भूमि लिपुलेकमा अतिक्रमण गरी नेपाली जनतालाई थप दुःख दिइरहेको बताउनुभयो ।

कोरोना सङ्क्रमणको जोखिम न्युनीकरणमा सबै एकजुट हुनुपर्ने आवश्यकता औंल्याउनुहुँदै मन्त्री थापाले यो रोगको सङ्क्रमणबाट बच्न सिङ्गो विश्वका मानव जाति सङ्घर्षरत रहेको बताउनुभयो ।

नागरिकको जीवनरक्षाको निम्ति सबैले लकडाउनलाई पालना गर्नुपर्ने आवश्यकता बोध गराउनुहुँदै उहाँले कोरोना भाइरस रोगलाई हेलचेक्रयाइँ गरेका कयौं देशहरूमा धेरै व्यक्तिहरूको ज्यान गइसकेको र सजगता अपनाएका देशहरूले यो रोगबाट विजय हासिल गरेको छ भन्नुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उपत्यकामा लकडाउन खुकुलो बनाउँदा कोरोना रोग सङ्क्रमणको जोखिम बढेको बताउनुहुँदै घना बस्ती भएको कारण काठमाडौं उपत्यकालाई सुरक्षित राख्नु आजको आवश्यकता भएको बताउनुभयो ।

काठमाडौं उपत्यकाको विकास निर्माणमा स्थानीय जनताको सहभागिता भएमा रोगको जोखिम कम हुने बताउनुहुँदै प्रमुख प्रजापतिले देशको रक्षा गर्न खटिने सुरक्षाकर्मीहरूलाई पूर्व उच्च पदस्थ पदाधिकारीहरूले आफ्नो व्यक्तिगत सुरक्षामा खटाउनु उपयुक्त नभएको हुँदा फिर्ता बोलाइ सीमा सुरक्षामा खटाउनुपर्ने बताउनुभयो ।

बैठकमा उपस्थित उपत्यकाका स्थानीय तहका प्रमुखहरूले लकडाउनको उल्लंघन उच्च पदस्थ व्यक्तिहरूबाटै भइरहेको र काठमाडौं उपत्यका सुरक्षित भएको खण्डमा ➲

भक्तपुर नगर क्षेत्रमा कोरोना सङ्क्रमित

भक्तपुर नगरपालिका वडा नं ५ योसिङ्ख्यो निवासी (काठमाडौँमा काम गर्ने) ४२ वर्षीय पुरुष कोभिड–१९ पोजेटिभ पुष्टि भएपछि सो क्षेत्रमा सुरक्षा निकायले जेठ ७ मा अनिश्चितकालीन बन्द (सिल) गरेको छ । सिल गरिएको क्षेत्रभित्र ३५ परिवार रहेको बताइएको छ ।

सङ्क्रमित व्यक्तिलाई काठमाडौँको चन्द्रागिरी नगरपालिकाको बलम्बुस्थित सशस्त्र प्रहरीको अस्पतालमा उपचार थालिएको छ । सङ्क्रमित व्यक्तिको परिवारका सदस्य र सङ्क्रमितको सम्पर्कमा आएका व्यक्तिहरूको पीसीआर परीक्षणको लागि स्वाब सङ्कलन गरिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय र भक्तपुर नगरपालिकाको जनस्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मीसहितको टोलीले स्वाब सङ्कलन गरेको थियो ।

नेपाल सेनाका कर्णेल शिवप्रसाद पौडेल र महानगरीय प्रहरी परिसरका उपरीक्षक सविन प्रधानलगायत योसिङ्ख्यो पुगेर सो क्षेत्र सिल गरिएको जानकारी दिनुभएको थियो ।

सिल गरिएको क्षेत्रबाट कसैलाई पनि भित्र पस्न वा बाहिर जान दिइएको छैन । सो क्षेत्रका सर्वसाधारणलाई घरबाहिर आउन दिइएको छैन ।

सिल गरिएको क्षेत्रमा खाद्यान्न, पानी, तरकारी, औषधि आदि अत्यावश्यक वस्तु सेना, प्रहरी र नगरपालिकाबीच समन्वय गरी व्यवस्था गरिने बताइएको छ ।

सिल गरिएको क्षेत्रमा काठमाडौँ र भक्तपुर नगरपालिकाका धेरै सङ्ख्यामा सफाइ मजदुर बस्दै आएका छन् । काठमाडौँ महानगरपालिकाले सफाइ कर्मचारीहरूबीच गरेको कोरोना परीक्षणमा सो क्षेत्रका अरु मजदुरहरूको भने निगेटिभ नतिजा आएको बताइएको छ । यसअघि महानगरपालिकामा नै कार्यरत भक्तपुरको पान्डुबजार बस्ने एक जना सफाइ मजदुरको आरडीटी पोजेटिभ आएको तर, पीसीआर परीक्षण भने निगेटिभ आएको थियो ।

भक्तपुर नगरपालिकाले जनप्रतिनिधि र कर्मचारीबीच गरेको आरडीटी परीक्षणमा पोजेटिभ नतिजा आएका दुई जना कर्मचारीको पीसीआर परीक्षणमा निगेटिभ नतिजा आएको छ । उनीहरूलाई टेकूस्थित शुक्रराज ट्रपिकल अस्पतालमा राखिएको थियो । उनीहरूलाई घर फर्काइएको छ ।

त्यस्तै भक्तपुर नगरपालिका वडा नं. ९ का ४२ वर्षीया एक महिला जेठ ९ गते कोरोना पोजेटिभ देखिएपछि तिनलाई पाटन अस्पतालमा उपचार गरिएको छ ।

सङ्क्रमितको निवास मालपोत क्षेत्रमा सिल गरी परिवार र सम्पर्कमा आएकाहरूको स्वाब सङ्कलन गरी परीक्षण गरिएको छ । संक्रमित महिलामा नेगेटिभ देखिएपछि अस्पतालबाट घर फर्काइएको छ ।

➲ देशको अरु ठाउँलाई सङ्क्रमणको जोखिमबाट बचाउन मद्दत पुग्ने बताउनुभयो । उहाँहरूले संघीय र प्रदेशस्तरीय व्यवस्थित क्वारेनटाइनको बन्दोबस्त गर्नुपर्ने, लकडाउन थप कडाइ गर्नुपर्ने, प्रस्थानबिन्दुमै कडाइका साथ यात्रु र सवारीसाधनलाई प्रवेश निषेध गर्नुपर्ने, आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने निर्माण कार्य केही समयको लागि बन्द गरी उक्त निर्माण कार्यको म्याद थप गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभयो ।

यसैक्रममा जेठ ८ गते गृह मन्त्रालयले लकडाउन अवधिभर अत्यावश्यकबाहेकका काममा उपत्यका प्रवेशमा निषेध गर्ने निर्णयलाई कार्यान्वयन गर्न उपत्यकाका सबै स्थानीय तहलाई परिपत्र गरेको छ ।

जेठ १ गतेको बैठकमा भएको छलफलको निर्णयलाई कार्यान्वय गर्न भन्दै गृहले पठाएको पत्रमा काठमाडौँ उपत्यका प्रवेशका सबै नाकाहरू अत्यावश्यक प्रयोजनबाहेक पूर्णरूपमा सिल गर्न आग्रह गर्दै लुकिछिपी हुने प्रवेशलाई समेत पूर्ण रूपमा रोक्न भनिएको छ ।

भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

पाँच युएन महिलामा एक नेपाली डाक्टर

कोभिड-१९ विरुद्ध अग्रपङ्क्तिमा रहेर उत्कृष्ट काम गर्ने विश्वका पाँच महिला (UN Women) को सूची गएको अप्रिल २८ (वैशाख १६ गते) मा मेडियम डट कममा प्रकाशित भएकोछ ।

डा. रुना

त्यस सूचीमा नेपालका एक डाक्टर पनि परेका छन् ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका निर्देशक **डा. रुना झा** कोरोना सङ्क्रमण हुन थाले यता निक्कै व्यस्त भएकी छिन् । शुरुमा कोरोना विषाणुको परीक्षण गर्ने देशको एकमात्र प्रयोगशाला त्यही थियो, अहिले १९ वटा प्रयोगशालामा परीक्षण गरिन्छ ।

डा. झाको नेतृत्वको टोलीले कोरोना विषाणुको नमुना परीक्षणमा उत्कृष्ट काम गरेकोले डा. झालाई अन्तर्राष्ट्रिय सम्मान दिइएको हो ।

अहिले संसारमा कोभिड-१९ को क्षेत्रमा लाखौंलाख महिलाहरू कार्यरत छन् । संसारमा स्वास्थ्य र सामाजिक



हडील (बायाँ) र अमाल (दायाँ)

क्षेत्रमा काम गर्ने महिलाहरूको सङ्ख्या अत्यधिक छ । हरेक तीन महिलामा एक कृषिक्षेत्रमा काम गर्छन् । पुरुषको तुलनामा महिलाहरूले विनाज्याला घरको काम तीन दोब्बर गर्छन् ।

जोर्डानका **हडील डाबैबेह** (Hadeel Dabaibeh) र **अमाल अल माहेराह** (Amal Al Mahayrah) पाँच युएन महिलामा संयुक्त रूपमा परेका छन् । तिनीहरू जोर्डानी महिला र सिरियाली शरणार्थीहरूको सूचना क्षेत्रमा संरा सङ्घमा कार्यरत छन् । तिनीहरूले कोभिड-१९ रोकथामलगायतका क्षेत्रमा काम गर्छन् ।

चीनको चिङ्हाइ प्रान्तको सियारोयाओ गाउँका **यान शेङ्लियन**

यान

(Yan Shenglian) ले कोभिड-१९ को महामारी नियन्त्रणको लागि नाकामा बसेर गाउँमा आउने र जानेहरूको ज्वरो नाप्नेदेखि लिएर एक सामुदायिक स्वयंसेविकाको रूपमा काम गरिन् । सुंगुर पालन गर्ने यानले जोखिमपूर्ण अवस्थामा सेवा गरेकोमा पाँच युएन महिलामा परेकी हुन् ।

कजाख्स्तानका **डिना स्मैलोभा** (Dina Smailova) घरेलु र यौन हिंसा पीडित महिलाहरूको निम्ति 'मौन नबसौं' अभियानकी एक अग्रणी नेतृ हुन् । कजाख्स्तानमा घरेलु हिंसालाई अपराध मानिन्दैन र कोभिड -१९ को सङ्कटको बेला क्वारेन्टाइनमा पीडक र पीडितलाई एकै ठाउँमा राखिएको,

डिना

कोरोना सङ्कटको कारण अदालत बन्द हुनु र उजुरी पनि नलिनु आदिले सिर्जीत गम्भीर स्थितिमा समस्या समाधानको लागि क्रियाशील छिन् ।

एन्टिगुआ र बर्बुडाकी **र्‍यानसिया हेनरी** (Ryancia Henry) संरा अमेरिकाको क्यलिफोर्नियाको एक होटलमा काम गर्छिन् । कोभिड-१९ को कारण होटल बन्द भयो । आफ्नो देशको मुख्य पर्यटन उद्योगमा परेको असरबाट चिन्तित हेनरीले आफ्ना सहकर्मीलगायत स्वदेशका आफन्त र मित्रजनलाई

हेनरी

कोभिड-१९ बाट बच्न र रोकथामका लागि सही सूचना र जानकारी दिएर सहयोग गरेका कारण पाँच युएन महिलामा परेकी हुन् ।

बुद्धजयन्ती र चण्डेश्वरी जात्रा औपचारिकतामै सीमित

कोरोना भाइरस सङ्क्रमणको जोखिम न्युनीकरणका लागि नेपाल सरकारले गरेको लकडाउनका कारण यस वर्षको बुद्धजयन्ती र चण्डेश्वरीको जात्रा औपचारिकतामा सीमित गर्ने निर्णय गऱ्यो ।

बुद्ध जयन्ती मनाउनेसम्बन्धी बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा वैशाख २१ गते नगरपालिकाको सभाकक्षमा जात्रासम्बन्धी सरोकारवालाहरूको बैठकले विश्वव्यापी महामारीको रूप लिइरहेको कोभिड १९ का कारण लाखौं व्यक्तिहरूको मृत्यु र सङ्क्रमित बनिरहेको वर्तमान समयमा धेरै मानिस जम्मा हुनेगरी कुनै पनि जात्रा सञ्चालन नगर्ने हुँदा वैशाख २५ गते पर्ने बुद्धजयन्ती र वैशाख २४ र २५ गते पर्ने चण्डेश्वरीको जात्रालाई सामान्य विधि प्रक्रियामै सीमित गर्ने निर्णय गरेको हो ।

कोरोना सङ्क्रमणको सम्भावित जोखिमलाई ध्यानमा राख्दै भक्तपुर नगरपालिकाले भक्तपुरका ऐतिहासिक र सांस्कृतिक

चण्डेश्वरी जात्रा मनाउनेसम्बन्धी बैठक

महत्त्व बोकेका जात्राहरू औपचारिकतामै सीमित गर्ने निर्णय गरिरहेको छ ।

बैठकमा उपस्थित जात्रासँग सम्बन्धित सरोकारवालाहरूले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै जात्रालाई सामान्य पूजा र सामान्य विधि प्रक्रियामै सीमित गर्ने र अनावश्यक भीड जम्मा हुन नदिन जात्राका नाइकेहरू मात्र बसेर जात्रा सञ्चालन गर्ने विचार व्यक्त गरे ।

तुलुहिटी निकास खोलियो

भक्तपुर नगरपालिका र वडावासीको सकृयतामा भनपा-९ स्थित तुलुहिटी निकास खोल्ने प्रयास वैशाख २३ बाट शुरु गरिएकोमा वैशाख ३० गते सफल भएको छ ।

भक्तपुर नगरपालिका वडा नं. ९ सूर्यमढीस्थित ऐतिहासिक तुलुहिटीको निकास बन्द हुँदा स्थानीय जनताबाट केही दिनदेखि निकास खोल्ने कार्य भइरहेको थियो । स्थानीय जनताको सहयोगमा भएको लगातारको प्रयासपश्चात निकास खुलेको छ ।

सहयोगी सम्पूर्णमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद !



अव्यवस्थित केबुलतार हटाइयो

भक्तपुर नगरपालिका वडा नं १० गोंगपुखुनिर विभिन्न इन्टरनेट प्रा.लि.का तारहरू अव्यवस्थित रहेको र वैशाख २५ गते बुद्ध जयन्तिका दिन बिद्युतको पोलमा आगलागीसमेत भयो । साथै सँगै रहेको पोलमा रहेको विभिन्न तारहरूले गर्दा पोलसमेत भाँचेर ढल्केको थियो । उक्त तारहरू व्यवस्थित गर्न वडा निरीक्षकले वैशाख २६ गते निजहरूलाई उक्त तार निकाल्न र व्यवस्थित गर्न पटक पटक अनुरोध गर्दा पनि व्यवस्थापन गरेको देखिएन । उक्त छरपस्ट तारले स्कुटर र गाडीसमेत दुर्घटना भइसकेकोले जेठ २ गते नगरपालिकाले हटाएको छ । उक्त तार सानो एक ट्रिपरभरि रहेको छ ।

ती इन्टरनेट प्रदायकहरूले गुणस्तरीय सुविधाहरू नदिएको गुनासो पनि धेरै आएका छन् । त्यस्ता केबल नेटवर्कहरूलाई नगरपालिकाले समय मै सचेत गर्नुपर्ने उपभोक्ताहरूको माग रहेको छ ।

सूर्यमढीको नासः द्यःको पुनः निर्माण सम्पन्न

भक्तपुर नगरपालिका वडा नं. ९ सूर्यमढीस्थित नासः द्यः को पुनः निर्माण कार्य जेठ १५ गते सम्पन्न भएको छ । उक्त मन्दिरको छाना छाउने कार्य उत्साहजनक जनश्रमदानका साथ पूरा भएको छ ।

स्थानीय कालीगढ र ज्यामीको प्रयोग भएको हुँदा नेपाल सरकारद्वारा लागू गरिएको बन्दाबन्दीको समयमा पनि उक्त मन्दिर पुनः निर्माण कार्यलाई निरन्तरता दिइएको उपभोक्ता समितिका अध्यक्ष जीतबहादुर खयरगोलीले बताउनुभयो ।

भक्तपुर नगरपालिकाको वडा बजेट अन्तर्गत कूल लागत इष्टमेट रू.४ लाख ६० हजार रहेको वडा प्राविधिक अर्हत बज्राचार्यले बताउनुभयो । २०७२ सालको विनाशकारी भूकम्पले उक्त मन्दिरमा क्षति पुगेको थियो ।

भक्तपुर नगरपालिकाद्वारा देवाली पूजास्थल सैनिक आवासीय महाविद्यालय परिसर मा क्लोरिन पानी छर्केर सफाइ गरिंदै (वैशाख १८ गते)

जनश्रमदानसँगै च्याम्हासिंह प्रवेशद्वार पुनर्निर्माण सम्पन्न

भक्तपुर नगरपालिकाको पूर्वी नाका वडा नं. ९ मा पुन: निर्माण गरिएको च्याम्हासिंह ध्वाकाको छाना छाउने कार्य सम्पन्न भएको छ ।

विसं. २०७२ को विनाशकारी भूकम्पबाट भत्केको उक्त प्रवेशद्वार पुन: निर्माण गर्न २०७३ सालमा उपभोक्ता समितिको गठन भएको तर भूकम्पबाट भत्किएका पुरानो नगरभित्रका घरहरुको पुन: निर्माण तीव्र गतिमा भइरहँदा निर्माण सामग्री लान गाऱ्हो हुन सक्ने भनी स्थानीय जनताले तत्काल उक्त ध्वाका नबनाउन आग्रह गरे अनुसार पुन: निर्माण कार्य रोकिएको थियो ।

२०७६ भदौको अन्तिम साता उक्त ध्वाका पुन: निर्माण कार्य पुन: थालनी गरिएको र नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले एक कार्यक्रमबीच शिलान्यास गर्नुभएको उपभोक्ता समितिका अध्यक्ष गंगाराम ज्याख्वले बताउनुभयो । ध्वाकाको आ.व. ०७२।०७३ मा गरिएको शुरु लागत इष्टिमेट ३० लाख ९७ हजार ७०५ रुपैया ३९ पैसा थियो भने आ.व. २०७६।०७७ मा पुन: लागत इष्टिमेट गरिएको थियो । त्यस अनुसार नगरपालिकाको बजेटबाट ३९ लाख २८ हजार ३०८ रुपैया २२ पैसाको ल.इ. मा उक्त ध्वाकाको पुन: निर्माण थालिएको वडाध्यक्ष रविन्द्र ज्याख्वले जानकारी दिनुभयो ।

उहाँले पुरानो नगर प्रवेश गर्ने ऐतिहासिक ध्वाकालाई भूकम्पअघिकै स्वरुपमा बनाइएको बताउनुभयो । भूकम्पले पूर्ण रूपमा क्षति भएको उक्त ध्वाकाको प्राविधिक अध्ययन गरी अहिले पुन: निर्माण गर्दा ध्वाकाको भित्री भागमा काठका थाम, तान र चौका तथा माथिल्लो भागमा निलहरू थप गरिएको बताइएको छ । पुरातात्त्विक महत्त्वको ध्वाका निर्माणमा आधुनिक निर्माण सामग्री प्रयोग नगरिएको र ढलान पनि नगरिएको वडा प्राविधिक अर्हत बज्राचार्यले जानकारी दिनुभयो ।

ध्वाकाको छाना छाउने कार्य दुई दिनमा सकिएको र उक्त कार्यमा स्थानीय टोलवासीहरूको उत्साहित जनश्रमदान जुटेको उपभोक्ता समितिका अध्यक्ष गंगाराम ज्याख्वले बताउनुभयो ।

देशव्यापी बन्दाबन्दी लागू गरेको समयमा स्थानीय कालीगढ र स्थानीय ज्यामीहरू मात्र प्रयोग गरिएको र प्रहरी प्रशासनसँग समन्वय गरी निर्माण कार्य सम्पन्न गरेको ध्वाका पुन: निर्माण उपभोक्ता समितिका प्रेम प्रजापतिले बताउनुभयो ।

पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।

के गर्दै छ भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६



ञातापोल निर्माण कथा (३)

- डा. जनकलाल वैद्य

अध्याय २

६) कालिगडहरूलाई कच्ची सामग्री र रासनको प्रबन्ध गर्नुपर्ने :

न्यातपोल देवल अर्थात् पाँचतले मन्दिर निर्माण गरेको समयमा त्यसका निमित्त चाहिने निर्माण सामग्री तयार गराई लिन सम्बन्धित कालिगड कर्मी र ज्यामीहरूलाई कार्यवधिभरसम्मका लागि दैनिक रासन र बासको प्रबन्ध मिलाई दिनुपर्थ्यो । ललितपुर, ठिमी, बनेपा आदि टाढा ठाउँका कर्मीहरूलाई त्यस्तो बन्दोबस्त गरिदिएको बुझिन्छ । फसगाथ अर्थात बलेसीका घण्टी र ठूलो घण्टा बनाउने कालिगडहरूलाई, इँट उत्पादन गर्ने उपाक्रमि र अवालेहरूलाई, फलामका उपकरण ज्यावल वस्तु बनाइदिने नकर्मीहरूलाई, चित्र लेख्ने चित्रकारहरूलाई, र पाँचतले मन्दिरको गजुर बनाउने कालिगडहरूलाई आवश्यक पर्ने कच्ची सामग्री उपलब्ध गराइदिएको तथ्य प्रस्तुत अभिलेख ग्रन्थमा लेखिएका देखिन्छन् (पत्राङ्क ७१-७४ १०९-११० १७२-१७३ र २५९ ख) ।

७) कार्य विभाजन र समाजमा स्थान :

त्यसबेला कुनै कुनै कालिगडका कार्य विभाजन जस्तो भएको पनि ज्ञात हुन आएको छ । माटोका भाँडा वर्तन बनाउने कुमालेहरू दुई थरीका देखिन्छन्- क) सियुज्या याक कुमाल र ख) हाकु ज्या याक कुमाल । माटोको भाँडा वस्तु एकचोटि पोलेर रातो पाको पारेर बनाउनेहरू **सियुज्या याक कुमाल** भनिन्थे । काँचो कालोमाटोको तथा दोहरो आगोमा पोली कालो भाँडो बनाउनेलाई **हाकु ज्या याक कुमाल** भनिन्थे । तिनीहरूका ज्याला दर पनि फरक हुन्थे । हाकुज्या याक कुमालेले भन्दा सियुज्या याक कुमालेले बढी ज्याला पाउँथे । त्यस्तै, समाजमा ती दुई थरीका कुमालेका स्थान उचनीच भएको औ बस्ती थलो पनि 'थावने' र 'कोवने' भनी भेदभाव जस्तो गरिएका हुन्थे । सियुज्या याक कुमालेहरूलाई **'थावने कुमाल'** र कालो माटोको भाँडो बनाउने कुमालेहरूलाई **'कोवने कुमाल'** भनिन्थे । थावनेको अर्थ उँभो र कोवनेको अर्थ उँधो हुन् । बस्ती थलो, पारिश्रमिक दर र उत्पादित वस्तुको आधारमा भएका यस्ता भेदभाव पूर्ण व्यवहार सुमति जयजितामित्र मल्लको शासन कालमा पनि भएको जानकारी धरपौ अभिलेख ग्रन्थ (राष्ट्रिय अभिलेखालय, चतुर्थ २२५५ छवि चित्र नं. वी ४०/९) बाट थाहा हुन्छ ।

त्यस बखत निम्न तहका कालिगडहरूलाई दिइने ज्याला दर पनि कम हुन्थ्यो । त्यस्ता कालिगडलाई प्रायः नगद ज्यालाको सट्टामा चामल च्यूरा जस्ता अन्न अनाज दिइन्थ्यो । अरु कालिगडहरूले भन्दा सुनको काम गर्नेहरूले, ढुंगाका काम गर्नेहरूले, र छाना छाउने अवालेहरूले बढी ज्याला पाउँथे । छाना छाउने अवालेहरूले पनि पहिलो र दोस्रो तलाका छाना छाउँदा भन्दा तेस्रो, चौथो र पाँचौ तलाको छाना छाएवापतको ज्याला क्रमशः बढी दरको लिने गर्थे । टाढा टाढा ठाउँका कालिगडहरूलाई स्थानीय कालिगडहरूलाई भन्दा बढी ज्याला दिइन्थ्यो । त्यस बखत यातायातको कठिनाइ औ संवाहनको अभावले गर्दा टाढा टाढाका कालिगड ज्यामीहरू निर्माण कार्य समयावधिभर न्यातपौ द्योगः अर्थात् पाँचतले मन्दिर निर्माण स्थल परिसरमै रहने गरेका थिए । तिनीहरूलाई बास स्थान, रासन, बत्ती बाल्न तेल, भूईमा ओछ्याउन र मास्तिर छत, जस्तै छोप्न पुलु (मान्द्रो) उपलब्ध गराइएका थिए । (पत्राङ्क ७१ ख-७२ क) । तिनीहरूको रेखदेख सुरक्षाका निम्ति राति पालो पहराहरू पनि धेरै नियुक्त गरिएका थिए । (पत्राङ्क २४३ क-२४५ ख) । त्यस निर्माण कार्यमा बाल-कालिगडहरू पनि नियुक्त भएको तथ्य

कालिगडहरूका नाम सूचीमा नामका पछाडि मोचा अर्थात् बालक भनी जनिएकोबाट थाहा हुन आएको छ । ती बाल-कालिगड ज्यामी कति कति उमेरका थिए कतै कसैले उमेर नखुलिएकोले थाहा हुन सकेको छैन । जे होस्, ती बाल कालिगडहरूले प्रौढ कालिगडको ज्यालाको आधा दरको ज्याला पाउँथे ।

ती कामदार कालिगडहरूले दिनमा कति घण्टा काम गर्नुपर्थ्यो, छुट्टी सुविधा पाएका थिए वा थिएन थाहा हुन आएको छैन ।

८) कालिगडहरू र पुरोहित्याइ गर्नेहरूका स्थानीयता :

न्यातपोलल द्योग: अर्थात पाँचतले मन्दिरको निर्माण काम गर्ने कालिगडहरू एवं सो मन्दिरको प्रतिष्ठा अनुष्ठान कृत्य सम्पादन गर्ने पुरोहित, आचार्य (कर्माचार्य) र जोशीहरू तथा अन्य कामदारहरूका नाम पछाडि र नाम सूची अगावै तिनीहरूका बास स्थान टोल र गाउँ बस्तीका नाम पनि प्रस्तुत अभिलेख ग्रन्थमा उल्लेख गरिएको पढ्न पाइन्छ । त्यसबाट ती कालिगडहरू, पुरोहित वर्ग एवं अन्य सम्बद्ध कामदारहरू कहाँकहाँका निवासी हुन् थाहा हुन आएका छन् । प्रस्तुत अभिलेख ग्रन्थ अध्ययन गर्दा सुनको काम गर्ने कालिगडहरू, फलामका उपकरण वस्तु बनाउने कलि अर्थात् नकर्मीहरू, डकर्मी, बाला, म्होय, गाथा, छाना छाउने अवाले, इँट उत्पादन गर्ने अत कर्मी/उपाक्रमि, पित्तल र तामाका काम गर्ने टमोटेहरूमा भक्तपुरकै स्थानीय कालिगडहरूकै बाहुल्य देखिन्छन् । ती काम गर्ने दक्ष कालिगडहरूका सम्बन्धमा तत्कालीन भक्तपुर आत्मनिर्भर देखिन्थ्यो । ढुंगाका काम गर्ने शिलाकार कालिगडहरू भने भक्तपुरका, ठिमीका र ललितपुरका थिए । (पत्राङ्क २१२-२१७ क) । त्यस्तै 'एकहात', 'एघात', 'एतघात' भन्ने ज्यामी कामदारहरू बनेपाका, रुख काट्ने पामिहरू ठिमी, बनेपा, खम्पु, पनौति, नाला, साङा र धुलिखेलतिरका थिए । (पत्राङ्क २३७-२३८) ।

धार्मिक र तान्त्रिक कर्मकाण्ड अनुष्ठान कृत्य सम्पन्न गराइदिने कार्यमा भक्तपुरका ब्राम्हण, ज्योतिष र कर्माचार्यहरूका अग्रणी एवं प्रमुख भूमिका देखिएकाले तिनीहरू आ-आफ्ना कार्य सम्पादनमा निपुण र दक्ष देखिन्थे । ज्योतिषीहरू र कर्माचार्यहरू भक्तपुरका बाहेक अन्यत्रका देखिदैनन् । पार्थिव पूजा गर्नेहरूमा थाकुर (ठाकुर), ओझा थरकाहरू देखिन्छन् । तिनीहरू अन्यत्रबाट बसाईसरी भक्तपुरकै स्थानीय निवासी भएका थिए । ती ब्राम्हणहरू, कर्माचार्यहरू र ज्योतिषीहरूका छुट्टाछुट्टै जस्ता टोल बस्ती थलो भएको तथ्य पनि नाम र नाम सूचीमा तिनीहरू बसोबास गरिरहेका ठाउँ विशेषका नाम पनि उल्लिखित गरेकाले ज्ञात हुन आएका छन् (पत्राङ्क २०९ ख- २१० क परिशिष्ट ५७) । निश्राव थाप्न आउने ललितपुरका टोलटोलका र त्यस राज्य इलाकाका ठाउँठाउँका उपाध्याय, पाठक, दुवे, भट्ट, लाउत र उझा थरका ब्राम्हणहरू देखिन्छन् । भक्तपुरका निश्राव पाउने स्थानीय पुरोहित ब्राम्हणहरूमा पाठक, झा, ठाकुर (थाकुर), मिश्र, रावल र पादे (पाँडे) थरका देखिन्छ् (पत्राङ्क ११ क-१२ क) ।

ग) धार्मिक-सांस्कृतिक पक्षीय महत्ता

प्रस्तुत अभिलेख ग्रन्थ सांस्कृतिक र धार्मिक दृष्टिकोणबाट पनि अध्ययनीय र महत्त्वपूर्ण हो भन्ने लाग्छ ।

१) यसो ता प्रस्तुत अभिलेख ग्रन्थमा **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** र मन्दिर गृह (देवल छँ) का प्रतिष्ठाका निम्ति सम्पन्न गराइएका सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा कृत्यलगायत विविध वैदिक एवं धार्मिक कर्मकाण्ड कृत्य अनुष्ठानमा भए गरेका खर्च विवरणकै बाहुल्य देखिन्छन् । यो अभिलेख ग्रन्थमा टङ्कारो हाम्रो ध्यान खिच्ने स्वदेश-प्रेम, राज-भक्ति, र राष्ट्रिय भाव चेतना जस्ता गुण र व्यवहार नै हुन् । उक्त पाँचतले मन्दिर निर्माण कार्यमा र त्यसका प्रतिष्ठा अनुष्ठान कृत्यहरूमा भक्तपुरका र ललितपुरका राजाहरू र प्रजाहरू, राजधानी सहरहरू र तिनका इलाका गाउँठाउँका निवासीहरू भित्रै दिलेदेखि परस्पर सहयोग गर्ने व्यवहार र भावना दर्शाउनमा सक्रिय देखिन्छन् । विभिन्न पेशाका, विभिन्न धर्म सम्प्रदायका (शाक्त, शैव, वैष्णव, र वौद्ध विभिन्न धर्म सांस्कृतिक रीतिथिति भएका कालिगडहरू र स्थानीय प्रजाजनहरू काँधमा काँध मिलाएर एक जुट भई उक्त मन्दिरको निर्माण कार्यमा र प्रतिष्ठा अनुष्ठान कृत्यहरूमा दत्तचित्त भई लागेका थिए । त्यस्तै सिद्धाग्नि कोट्याहुति यज्ञका निम्ति चाहिने सामग्री विभिन्न धर्मालम्बी र जातजातिका प्रजाजनले यथाश्रद्धा सभक्ति उपलब्ध गराई सहयोग गरेका थिए । टोलटोल, गाउँगाउँ मिलेर र विभिन्न धर्म पेशाका निवासी मिलेर श्रमदान गरी सघाउने (पत्राङ्क २५५ ख-२५६ क) र बेताली फहराई नवनिर्मित पाँचतले मन्दिरप्रति बधाई व्यक्त गरी हर्षोद्गार प्रकट गरेका थिए (पत्राङ्क २८-२९ख) । मन्दिरको निर्माण कार्य एवं सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा यज्ञ कृत्यहरू निर्विघ्न द्रुततर गतिले सफलतापूर्वक सुसम्पन्न भएका थिए । उक्त मन्दिर सदियौं वर्षसम्म आफ्नो वास्तुकलात्मक सौन्दर्य छटा तथा मजबूत वास्तुशास्त्र सम्मत निर्माण प्रविधिको नमुना प्रदर्शित गरिरहन सक्षम भइरहेको देखिन्छ । यसबाट नेपाल राष्ट्रको प्रतिष्ठा विश्वमा अटल भइरहेको प्रष्ट्याउँदो छ जस्तो लाग्छ । त्यस मन्दिरको निर्माण कार्य र त्यसैको सिद्धाग्नि कोट्याहुति यज्ञमा प्रत्यक्षत: अप्रत्यक्षत: संलग्न रहेका राजाहरू, कालिगडहरू, प्रजाहरू र सयहोगी एवं शुभचिन्तक छिमेकीहरूका मनमा व्यक्तिगत यश-मान र आर्थिक लाभ गर्ने

ध्येयले होइन कि आफ्नो देश नेपालमा आफ्नो राजाको सदिच्छा र नेतृत्व एवं निर्देशनमा बनिन पुगेको उक्त भव्य पाँचतले मन्दिरको वास्तुकलात्मक सौन्दर्य र वास्तु शास्त्रीय प्रविधि प्रयोग नै विश्वमा प्रेरक नमुना भइरहुन् भन्ने भित्री आकांक्षा, संकल्प, कामना र कर्मनाले हो भन्ने लाग्छ। पाँचतले मन्दिर अन्यत्र पनि (ललितपुरमा अवस्थित प्राचीनतम कुम्भेश्वरको पाँचतले मन्दिर) भइकन पनि भक्तपुरको टौमढी टोल अवस्थित पाँचतले मन्दिरले नै वास्तुकलात्मक स्वरूप र भव्यताले गर्दा औ सौन्दर्यले गर्दा **न्यातपोलल देवल** र **पाँचतले मन्दिर** नामले विश्वभर प्रख्यात हुन पाइरहेको छ। यही मन्दिरको निर्माण कार्यबाट यहाँका राजा प्रजाको स्वेष्ट देवी सिद्धिलक्ष्मीप्रति असीम भक्ति, नेपाल देशप्रति भक्ति, प्रजाहरूका राजभक्ति, राजाको प्रजावत्सलता कति सबल, कति स्थिर, कति दृढ र कति उच्च छ भनेर प्रत्यक्ष देखाइरहेछ जस्तो लाग्छ। यी नै तत्कालीन भक्तपुर राज्य देशको - अझ **नेपाल मण्डल**को धर्म संस्कृतिको गौरव गरिमामय विशेषता हो भन्ने लाग्छ।

२) पारम्परिक सहयोग सद्भावबाट राष्ट्र हित हुने कार्यमा सक्रियता :

राजा भूपतीन्द्र मल्लको शासन कालीन भक्तपुर राज्यका राजा - प्रजा स्वदेश नेपालीप्रति भक्ति प्रेम, स्वेष्टदेवदेवी सिद्धिलक्ष्मी र अरु देवदेवीप्रति आस्था भक्ति, गद्दी नशीन प्रजावत्सल राजा भूपतीन्द्र मल्लप्रति राजभक्ति, पाँचतले मन्दिर निर्माणकर्ता एवं आतिथेय राज्य देश भक्तपुरसित छिमेकी राज्य देश ललितपुर र इलाकाका गाउँ बस्ती, पहाड पर्वत भेगका प्रजाजनहरूमा पारस्परिक सद्भाव सहयोग तिनीहरूका काम र व्यवहारबाट प्रकट भइरहेको यस अभिलेख ग्रन्थमा देख्न पाइन्छन्। त्यस्ता गुण र व्यवहार तत्कालीन भक्तपुर राज्य र ललितपुर राज्यको - अझ नेपाल मण्डलकै साझा सांस्कृतिक विशेषता थिए, हुन्। ती भक्ति, सद्भाव, सहयोग एवं प्रजावत्सलता जस्ता सद्गुणले डोऱ्याइएका सक्रियताद्वारा नै तत्कालीन राजा - प्रजा र गुठी समूहलाई वर्ष भरिमा कुनै न कुनै निर्माणात्मक एवं सिर्जनात्मक कार्य सञ्चालन गरिरहन लगाई सार्वजनिक सुख सुविधा तथा समग्र देश नेपालकै समुन्नति, प्रतिष्ठा, शान सम्बर्द्धन गर्नमा सक्रिय पारिरहेको देखापर्छ। प्रस्तुत अभिलेख ग्रन्थमा भक्तपुर टौमढी टोलमा निर्मित पाँचतले मन्दिरको निर्माण कार्यमा र त्यस मन्दिरको प्रतिष्ठा अनुष्ठान कृत्यहरूमा तत्कालीन भक्तपुरका राजा र प्रजा, छिमेकी राज्य ललितपुरका राजा - प्रजा, ती राज्य अन्तर्गतका गाउँ इलाकाका बासिन्दाहरू, पहाड बस्तीका खस पाँचहरू दत्तचित्त भए र आ-आफू कहाँ भएका वस्तु सेवाकु रूपमा सहयोग अनुदान पठाउनुमा तथा काठ, ढुङ्गा इत्यादि निर्माण सामग्री सहयोग अनुदान पठाइदिनमा व्यस्त रहेका देखिन्छन् (परिशिष्ट-सङ्ख्या ५, ७, ११, २३, २७, ६१-६३)। त्यस्ता काममा मिलिजुली सक्रिय भई जुट्दथे, कार्यसिद्धि भएका बखतमा तिनीहरू रमाई स्वादिष्ट भोज खान्थे, ख्वाउँथे, नाच गान, भजन कीर्तन आयोजना गरेर मनोरञ्जन गर्थे गराउँथे, अतिथि सत्कार गर्थे, त्यस्ता क्रियाकलापले तत्कालीन देश र जनजीवनलाई हरिलो - भरिलो, हँसिलो रसिलो गतिलो एवं जीवन्त तुल्याइ राखेको प्रतीत हुन्छ। त्यसबाट उसबेला नेपाल राष्ट्र भावना मजबूत तुल्याइएका थिए।

३) माङ्गलिक हर्षोत्सव उपलक्ष्यमा नाच गान र भजनकीर्तन :

पाँचतले मन्दिर निर्माण गर्न सिद्धिएपछि त्यसको प्रतिष्ठाको निमित्त ४८ दिनसम्म सम्पन्न गराइएका सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा यज्ञ अनुष्ठान कृत्य कार्यक्रमको प्रारम्भमा अग्नि स्थापन, यज्ञको पूर्णाहुति, र मन्दिरमाथि टुप्पोमा गजूर चढाई मन्दिरभित्र स्वेष्ट देवी श्रीश्रीश्री सिद्धिलक्ष्मी देवीको प्रतिमा स्थापना हुने दिनमा भक्तपुर, ठिमी, ललितपुर, बनेपा, पनौति, साङा, धुलिखेल, नाला, खडपु, इत्यादि ठाउँबाट ल्याइएका दैत्य नाच (देवीले दैत्य संहार गरेकी घटना कथा विषयको नृत्य नाटक), पास्तार (पञ्चताल वाद्य वादन मण्डली) र स्थानीय भजन दाफाका कार्यक्रमहरू आयोजना भएको ज्ञात हुन्छ। ती नृत्य र वाद्यमण्डलीलाई बास प्रबन्ध र खानपानको बन्दोवस्त भएका तथ्य विवरण (पत्राङ्क ३२ ख-३६ ख, परिशिष्ट ५९ क, ख) बाट थाहा हुन्छ। त्यस्ता कार्यक्रमको व्यवस्था गर्नु पाँचतले मन्दिर निर्माण लगतैपछिको माङ्गलिक हर्षोत्सव मनाउने पनि आतिथेय राज्य देश भक्तपुरको कर्तव्य - धर्म स्वरूपको अतिथि सत्कार पनि त्यस बखतको संस्कृति - धर्मको एक प्रमुख अङ्ग सरहको कार्यक्रम थियो औ त्यही अनुसार पालना गरियो पनि। छिमेकी राज्यदेश ललितपुर र त्यसका इलाका गाउँहरूले आ-आफ्नातर्फबाट नृत्यनाटक, पास्तार पञ्चताल वाद्य मण्डली र सेवाकु एवं निर्माण सामग्री पठाई सहयोग गर्नु, सहभागी बन्नु औ माङ्गलिक उत्सव समारोहको शोभा बढाई दिनु पनि सांस्कृतिक (धर्म संस्कृति) कर्तव्य सम्झेरै पालना भएका पनि ज्ञात हुन आएको छ। दाफा भजनको उल्लेख भने प्रस्तुत अभिलेख ग्रन्थमा आएको छैन। तर भक्तपुरका स्थानीय दाफा भजनहरूमा अद्यापि गाइने *'जय भूपतीनद्र मल्ल धरम मूरती'* (पुलांगु मे, १८ १९-२०, ने.सं. १०८८) शीर्षकको भजन गीत त्यस हर्षोत्सवमा गाइएको हुनुपर्छ। उक्त भजन गीतमा पाँचतले मन्दिरको प्रतिष्ठा गर्दाको हर्षोत्सवको वातावरण संक्षिप्तमा वर्णित भएको छ।

४) अतिथि सत्कार :

'अतिथिदेवो भव' भन्ने उखान चरितार्थ हुने गरी पाँचतले मन्दिरको सिद्धाग्नि कोट्याहुति यज्ञमा, उक्त मन्दिरमा गजुर चढाई मन्दिरभित्र देवीको मूर्ति स्थापना गरिएको माङ्गलिक उत्सवमा सहभागी हुन आएका पाहुनाहरूलाई उक्त मन्दिर बनाउने काममा प्रत्यक्षतः अप्रत्यक्षतः संलग्न भएका कालिगड - ज्यामीहरू र श्रद्धालु भक्तजनहरूलाई अनुष्ठान कृत्य सम्पन्न गराउने पुरोहित वर्गलाई, स्थानीय पेशेवर जनसमुदाय एवं निवासीहरूलाई गरी करीब पन्ध्र हजार पाँचसय एक जना (१५,५०१ जना) र अन्य ठाउँका दुई हजार आठसय चवालिस (२,८४४) जनालाई भव्य भोज ख्वाएका थिए। कैय्यनलाई भोज भाग र निश्राव भाग वितरण गरिएका थिए। छिमेकी राजालाई राजकीय पाहुनाइ र भोजन, पुरोहित ब्राम्हणहरूलाई ब्रम्हभोज, प्रजाजनलाई यथोचित भोजन व्यवस्थित भएका थिए। माग्ने र सन्यासीहरूलाई पनि भोजभाग दक्षिणा सहित दिएका थिए। पुरोहित वर्ग र नृत्य पास्तार मण्डलीलाई पनि, कालिगडहरूलाई पनि त्यस्ता भोजमा यथायोग्य दक्षिणा भेटी उपहार प्रदान गरिएका थिए (पत्राङ्क ७४-७९ क, ख)। समारोह अवधिभर भक्तपुरमा रहनेहरू (ललितपुरका राजा, अन्य विशिष्ट पाहुना, नृत्य पास्तार मण्डलीहरूलाई 'कुथ थने' (रासन) र बासको प्रबन्ध मिलाइएका थिए। त्यस्ता अतिथि सत्कार कार्यलाई भड्किला भनी आलोचना गर्नभन्दा पनि तत्कालीन भक्तपुर राज्यदेशका राजा - प्रजाले आफ्ना तर्फबाट असीम उदार हृदयबाट सम्बन्धित सबैका प्रति कृतज्ञता दर्शाइएको उच्चतम दृष्टान्त मान्नु नै न्यायोचित लाग्छ।

५) अनेकतामा एकता तत्कालीन सांस्कृतिक विशेषता :

पाँच तले मन्दिर निर्माण ताका र सो समयभन्दा अगिदेखि नेपाल उपत्यकाका केन्द्र राज्यहरू र तिनीहरूका इलाका पहाडी भेगमा र गाउँहरूमा विभिन्न जातजातिका प्रजाजनहरू आ-आफ्ना कुल - धर्म रीतिस्थिति अनुसार आ-आफ्ना कुलायनी पुर्खौली पेशामा लागेर जीविका चलाइरहेका देखिन्छन्। प्रस्तुत अभिलेख ग्रन्थमा ४२ जति पेशागत जात थरका निवासीहरूका मोटामोटी सङ्ख्या सहित सूची उल्लिखित भएका छन् (परिशिष्ट-६७ क १-४ पत्राङ्क २९-३० क, ख)। ती सूची पाँचतले मन्दिरमा गजूर चढाएको औ मन्दिर भित्र देवी स्थापना भएको उपलक्ष्यमा प्रसाद भोजमा निम्त्याइएका निम्तालुहरूका सूचीमा र निर्माण कार्यमा संलगन कालिगड ज्यामीहरूलाई वितरण गरिएका ज्याला पाउनेहरूका नाम सूचीमा उल्लिखित छन्। समग्र राष्ट्रको प्रख्याति सम्बर्द्धन हुने निर्माण कार्यको बेलामा र भव्य धार्मिक सांस्कृतिक कार्यक्रममा आफ्ना आफ्ना राजीखुशीले सहभागी हुँदा ती विभिन्न पेशा र धर्म जातजातिका प्रजाजनहरू परस्पर मिलिजुलि रहेका नै देखिन्छन्। ती सबैका तनमन आ-आफ्नो कर्तव्य कर्ममा र राष्ट्रिय स्वेष्ट देवदेवीप्रतिको भक्तिमा ध्रुवीकृत भइरहेका प्रतीत हुन्छन्। तिनीहरूले एक अर्काका उचनीचको भेदभाव, धर्म सम्प्रदायको भेदभाव सहरिया-गाउँले, सहरिया-पहाडिया भन्ने भेदभाव गरिरहेका पनि देखिँदैनन्। 'अनेकतामा एकताको' व्यावहारिक आदर्श प्रदर्शित गरिरहेका तत्कालीन ती विविध धर्म र पेशामा लागेका जातजातिका प्रजाजनहरू तत्कालीन भक्तपुर राज्य देशका मूल्यवान सांस्कृतिक जनसम्पदा भनी स्वीकार्न योग्यका छन्।

घ) प्राविधिक पक्षीय महत्ता

व्यय, वही, धरोट र विवरण शीर्षकको थ्या सफू र सफू अभिलेख ग्रन्थहरूमा प्रायः धार्मिक कर्मकाण्ड, तान्त्रिक कर्मकाण्ड, सांस्कृतिक कर्मकाण्ड कृत्य सम्पन्न गर्दा गराउँदा, आवश्यक पर्ने सम्बन्धित पुरोहित वर्ग (ब्राम्हण, कर्माचार्य, गूरुभाजु, जोशी), सामग्री सूची विवरण, केही कृत्यका विवरण तथ्य संकलित र लिपिबद्ध भइराखेका अभिलेख ग्रन्थहरू अद्यापि राष्ट्रिय अभिलेखालय, आशा सफू कुथि सङ्ग्रहालय, र निजी सङ्ग्रह कर्ताहरू कहाँ सुरक्षित रहेका छन्। तर नेपाल उपत्यका भित्रका प्राचीन र मध्यकालीन मठ-मन्दिर र विहार आदि वास्तु-भवन निर्माण कार्यहरूका क्रमिक निर्माण प्रक्रिया, त्यस्ता निर्माण कार्यका लागि चाहिने व्यापारी (सिकर्मी, डकर्मी, अवाले इत्यादि कालिगड) कामदारहरूका विवरण, निर्माण सामग्रीहरूका विवरण, कालिगड कामदारहरूका ज्याला, खाना, खाजा र कार्य-समय विवरण, ज्यालादर इत्यादि एकै अभिलेख ग्रन्थमा समेटिएको अहिलेसम्मको अनुसन्धान कार्यबाट पत्ता लागेको प्रस्तुत **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** अभिलेख ग्रन्थमा अन्तर्निहित विषय वस्तु मध्ये एक मुख्य चाहिँ विषयवस्तु भक्तपुर टौमढी टोलस्थित प्रख्यात **पाँचतले मन्दिर** ने.सं. ८२२ कार्तिकतिर (वि.सं. १७५९ तिर) राजा भूपतीन्द्र मल्लले निर्माण गराउँदाका रोचक, उपयोगी, र तथ्य सूचना मूलक ऐतिहासिक, प्राविधिक र आर्थिक पक्षीय सूची विवरणहरू हुन्। जुन यस प्रकारका छन् -

१) उक्त मन्दिर निर्माण कार्यमा प्रत्यक्षतः संलग्न व्यापारी कालिगड कामदारहरू (म्होय, पामि, फाहा कर्मी, कर्मी, आवार, सिकर्मी, गाथा, बाला, सुनको काम गर्नेहरू) का परिचय (पत्राङ्क १०७-११०, १९०-१९२, १९४-२३८ इत्यादि र पृ. २९-४१ मा छन्।)

२) उपर्युक्त व्यापारी कामदारहरूका ज्यालादर, उनीहरूले गरेका कार्य समयावधि दिन सङ्ख्या, ज्याला रकम पृ.१३३-१५० मा छन्।

३) जंगलमा रुख छान्न र कटानी गर्न र काठ चिर्न पठाइएकाका तथ्य सूची (पत्राङ्क १४७-१५७) पृ. ८०-८६ मा छन् ।

४) निर्माण कार्यका निम्ति आवश्यक विविध थरीका इँट, भिँगटी इँट, गोंगः पा इँट आदि तयार गराएको खरिद गरेको, ती विविध इँटका तत्कालीन प्रचलित दर भाउ र उपलब्ध भएका इँटका सङ्ख्या, नकर्मीहरूले गरेका कामका विवरण सूची, गजुर र बलेसीका घण्टीहरू, घण्टा बनाएकाका तथ्य विवरण औ ती बनाउनका लागि चाहिने कच्ची सामग्री वस्तु, चित्रकारहरूका कामका लागि चाहिने कच्ची सामग्री, भवन निर्माण गर्दा इँट ढुंगा जोड्ने मसला, झ्याल ढोकाका नाम इत्यादि, पृ. १०७-११४ भित्र छन् ।

५) मन्दिर निर्माण कार्यका क्रमिक चरण (आंशिक मात्र) पृ.४३-५२ मा छन् ।

६) वास्तु पूजा कृत्य-भूमि शोधन, पादस्थापन, द्वार स्थापन, निनाल स्थापन, झ्याल जडान, छाना छाउँदा, गजूर चढाउँदाका शुभ साइत मुहुर्तमा गरिने कृत्यहरू इत्यादि । प्रस्तुत अभिलेखमा समेटिएको दोस्रो विषय वस्तु देवल छँ भन्ने मन्दिर गृह निर्माण सम्बन्धी भर्खर माथि गएका प्राविधिक र आर्थिक पक्षीय एवं वास्तु पूजा कृत्य सम्बन्धी केही आंशिक सूची हुन् । प्रस्तुत अभिलेख ग्रन्थमा समावेश नभएको न्यातपोलल देवल अर्थात पाँचतले मन्दिरको निर्माणको नक्सा चित्र एकप्रति प्रो.डा. वर्नहार्ड कोल्भर लिखित पुस्तक *कन्स्ट्रक्टिङ पेगोडाज आकर्डिङ्ग टु ट्रेडिसनल नेपलिज् ड्रइङस्* (सन् १९९६, पृ.५४) मा छापिई प्रकाशित भइराखेको छ ।

न्यातपोलल देवल अर्थात् पाँचतले मन्दिर र देवल छँ निर्माण कार्यका जग हाल्नेदेखि गजूर चढाउनेसम्मका यावत कार्यका पूर्ण वर्णन नभए पनि जति पनि निर्माण कार्य र प्राविधिक तथ्य तथ्याङ्क सूची प्रस्तुत अभिलेख ग्रन्थमा उल्लिखित भएका देखिन्छन् त्यति भेट्टिनु पनि हाम्रो सौभाग्य हो । ती तथ्य तथ्याङ्क सूची दुर्लभप्रायः अनुसन्धेय सामग्री हुन् ।

ङ) व्यवस्थापन र प्रशासन पक्षीय महत्ता

प्रस्तुत अभिलेख ग्रन्थले राजा भूपतीन्द्र मल्ल कालीन भक्तपुर राज्यको दैनिक प्रशासन कार्य पक्षीय र निर्माण कार्य एवं कोट्याहुति यज्ञ जस्ता ठूल-ठूला कार्यका व्यवस्थापन पक्षीय क्षमता-निपुणता बारेमा राम्रो प्रकाश पारेको देखिन्छ (पाँचतले मन्दिर निर्माण कार्य र त्यसैको सिद्धाग्नि कोट्याहुति प्रतिष्ठा अनुष्ठान कृत्यकै सीमित क्षेत्रका मात्र भए पनि) । प्रस्तुत अभिलेख ग्रन्थमा भिन्नाभिन्नै काममा जिम्मा लिएका छुट्टाछुट्टै चिताइदार अर्थात् रेखदेख गर्ने अधिकृत कामदारहरूका नाम सूची प्रत्येक शीर्षक-उपशीर्षक तथ्य सूची विवरणको समाप्ति अंश पिच्छे उल्लिखित भएका देखिन्छन् । (परिशिष्ट ५९ क, ख र ६० क -ज) । यस्तै, कतै ल्याख चोकहरूका (अर्थात् खर्च हिसाव राख्नेहरूका) नाम उल्लिखित भई राखेका देखिन्छन् । मन्दिर निर्माण स्थलमा र कोट्याहुति यज्ञमण्डप स्थलमा राति पालो पहरा बस्नेहरूका नाम र तिनीहरूलाई तोकिएका ठाउँका नाम र तिनीहरूका कामका रेखदेख गर्नेहरूका नाम सूची पनि यस अभिलेख ग्रन्थमा देखिन्छन् (पत्राङ्क १४४ क, ख-१४५ ख) । राजकीय अतिथि र नाच, पास्तार पञ्चतालका समूहहरूका लागि कुठ थने (खाद्य भण्डारण र बास स्थानका प्रबन्ध मिलाई रेखदेख गर्नेहरू, छिमेकी राज्य देश, इलाकागाउँहरू र पहाड पर्वत भेगका खस पञ्चहरूले सहयोग सेवास्वरूप पठाइएका सेवाकुका जिन्सी सामग्री बुझेर लिई जिम्मा लिने र ती वस्तु माग गरिएमा निकासा वितरण गर्ने चिताइदारहरू, निर्माण सामग्री र पूजा सामग्री जिम्मा लिई ती सामग्री माग गरिएमा निकासा वितरण गर्ने चिताइदाहरू, कोट्याहुति यज्ञमण्डप स्थल परिसरमा आउनजान र रहन पाउनेहरूका व्यवस्थापन गर्ने चिताइदाहरू, राजअतिथि, ब्राम्हण, आचात, जोशीहरूको लागि क्रमशः राजकीय पाहुनायि अर्थात् भोज, ब्रम्हभोज, प्रजाउदासहरूका लागि भोजनको व्यवस्था गर्ने चिताइदारहरू, व्यापारी कालिगड कामदारहरूलाई ज्याला वितरण गर्ने चिताइदारहरू इत्यादि छुट्टाछुट्टै नियुक्त गरिएका देखिन्छन् । ती चिताइदारहरू, हिसाब अभिलेख राख्नेहरू र लगत सूची अभिलेख राख्नेहरूले आ-आफ्ना कर्तव्य जिम्मेवारपूर्वक निर्वाह गरिरहेका देखिन्छन् । साँच्चै भनौं भने प्रस्तुत अभिलेख ग्रन्थ ती ती चिताइदारहरू, अभिलेख राख्नेहरू, लगत सूचीराख्नेहरूले तयार गरिएका अभिलेखहरूकै सँगालो-एकीकृत सँगालो हो भनेमा अत्युक्ति ठहर्दैन । यस प्रकारका व्यवस्थापन र प्रशासकीय कार्यहरू अनुशासनबद्ध भई समयमै सम्पादन गरिएकाले त्यत्राभव्य पाँचतले मदिरको निर्माण र त्यसको प्रतिष्ठाका निम्ति सिद्धाग्नि कोट्याहुति यज्ञ, ब्रम्हभोज, प्रजाजन, कालिगडजन र राजकीय लगायत उपत्यका बाहिरका खस पाँचहरूलाई भोजन तथा मनोरञ्जनका निम्ति नाच, नाटक, भजनका कार्यक्रमहरू निर्धारित तिथि दिनमा निर्विघ्न सुसम्पन्न भएका बुझिन्छ । कुनै थ्या सफू र यस्तै अन्य पुरातात्त्विक अभिलेखमा त्यस बेलाका कुनै पनि अप्रिय घटना घटेका बारेमा अथवा कसैबाट टीकाटिप्पणी र असन्तुष्टि प्रतिक्रिया लेखिराखेका तथ्य विवरण अहिलेसम्म भेट्टिएको छैन ।(क्रमशः)

बसिबियाँलोको उत्तर

जिराफको चित्रमा जेब्राको छाला मिल्दैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (७)

परिच्छेद - ३...

ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरणसहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपंक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

थ. बेरोजगारको तथ्याङ्क सङ्कलन

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य ।

द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

न. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य । **(क्रमशः)**

Henry Ambrose Oldfield's

SKETCHES FROM NIPAL 49

CHAPTER XXIII...

ILL-WILL TO THE ENGLISH

At the same time, Colonel Oglander's corps of observation having been removed, the Darbar recommenced their hostile intrigues against us; and emissaries were despatched throughout Rajputana and many parts of India, foretelling the coming downfall of the British power.* The attention of the Darbar was in particular directed towards Burmah, and the example set it by that State, whose insolent treatment of the British Resident at the Court of Ava had been perpetrated with impunity, suggested for a while a similar procedure at Kathmandu. Placards were posted outside the Palace, exaggerating our reverses in Afghanistan. The Darbar believed that the magnitude of our operations in Afghanistan had withdrawn our troops and crippled our power in Bengal and in the north-west. Acting on this belief, they used every means of affront, and even of intimidation, to get rid of the British Residency as being a constant chock on their schemes of secret encroachment on our provinces, and of hostile intrigue against us among their and our allies. At the same time the greatest activity was maintained in the public arsenals and in the manufacture of guns and ammunition; and a census of the population fit to carry arms, i.e. be- tween the ages of twelve and sixty, was made, and produced a return of four hundred thousand souls. No actual 'increase, however, to the strength of the army, which amounted to nineteen thousand men, occurred at this period.

In the midst of all these hostile preparations, while our traders were being oppressed, and justice denied to them in the Nipalese courts of law; while Dacoits and Thugs were openly harboured in the Nipalese territories, and while systematic intrigue against us with powers in the plains was being adopted by the Darbar, the King, in order to blind the British Government as to his real intentions, sent a most friendly letter to the Governor-General, tendering the services of the Gorkha army in any such way as his Lordship might approve.

This state of things could not last long without coming to a crisis. In the commencement of 1840 the Darbar took forcible possession of part of the district of Ramnagar, then belonging to the British.** Friendly remonstrances were made, but were unattended to; and at last, October 1 840, Government ordered the advance of a brigade, consisting of one squadron 6th Light Cavalry, 12th, 40th, and 56th Native Infantry, a detail of artillery, and a detachment of irregular cavalry, under Colonel Oliver, towards the frontier to enforce, if necessary, the immediate evacuation of our territories by the Gorkha troops, and to watch the movements of the Nipalese, and protect our subjects in case of any further aggressions being made. Our force at Gorakpur was at the same time strengthened.

This had the desired effect. Seeing that we were in earnest in our demands, the Darbar reluctantly, but completely, yielded. The Gorkha troops were re- called, and ninety-one villages, which they had occupied, were restored to their rightful and original owners. At the same time the Governor-General strongly advised the Rajah, as the only means of averting war, to dismiss the Pandi Ministry, and take into his counsels' men who, if not favourable, should at least not be, like the Pandis, notoriously averse to all friendly connection with the British.

Feeling how unequal the State of Nipal was to cope with the power of the British in open hostilities, the Rajah made a virtue of necessity, and, dismissing the Pandi Ministry from office, formed a kind of "coalition" cabinet, consisting of four chiefs of moderate opinions, viz. Ragunath Pandit and his brother the Raj Guru Krishna Ram, with Father Jang Chautria and his brother Guru Parsad. To these were afterwards added Dalbhanjan Pandi and Abhiman Rana. Guru Parsad received the name Guru as an infant; it did not imply that he had ever held, or could hold, office as a Guru. He was not a Brahman, but a Chautra, and therefore not eligible for the sacred office. Of this ministry Fathe Jang acted as Premier.

At the request of the King, supported by the advice of the Resident, Oliver's brigade was kept on the

* Captain Karbar Khatri was arrested in Benares, in October 1840, in the act conducting a secret mission from Nipal to Lahor, contrary to existing treaties. A quantity of jewels, intended as a present for Ranjit Sing, were found on him: they were confiscated by order of the Governor-Goneral, and the emissary himself kept in confinement. He was subsequently released, and accompanied Jang Bahadur to England in 1849. He is the man, who originated the conspiracy against Jang in 1851, haring given out that Jang had lost his caste in England.

**A party of about forty or fifty Gorkha sepoys., under the command of an officer, entered the Ramnagar territory, on the occasion of a large fair, at which most of the inhabitants were present., and issued a proclamation notifying that the tract of land in question (seven or eight miles wide, and twenty-five to twenty-six miles in length, lying to the south of the Somcshwar range, which formed the boundary between two states), which had formerly belonged to Nipal, but had been given to Ramnagar Rajah on the occasion of his marrying a Nipalese princess, had now, on the death of that princess, been resumed by Nipal, and directing all the local authorities, on pain of severe punishment, in future not only to acknowledge the authority of the Darbar, but to pay their taxes and revenue into the treasury of Nipal.

Temple of Devi Bhagwani, Bhatgaon Built A.D 1703

frontier in order to give encouragement to the party in the Darbar who were supposed to be favourable to the British alliance, until February 1842, when they were withdrawn, as their presence was no longer required.

DEATH OF THE MAHARANI

In October 1841 the Maharani, mother of the Heir-Apparent, and the lady whom Bhim Sen had so unjustly been accused of attempting to poison, died at Hitaunda, on her way to the plains. She had for several months been suffering from serious internal organic disease, but the immediate cause of her death was an attack of the severe jungle-fever, commonly called "awal." She had always been friendly to the Pandis, and opposed to the Thappas, whom she accused of having poisoned not only her own infant, but her husband's father, the late King Garwan Jodh Bikram Sah, as well as some other members of the royal family. It is now known that these charges were utterly unfounded; but it is a striking proof of the unsettled state of society at that time, of the low tone of morality and want of protection to life which existed even in the highest circles, that such accusations should have been bandied about between the rival parties, and that they should apparently have been believed as readily as they were circulated.

No sooner was. it known that the Maharani was dead than rumours were, as a matter of course, spread about, attributing her death to poison. The junior Rani (who was an adherent of the Thappas) was suspected by some; the King himself was believed by others to have been instrumental in bringing about her death. It is now known that she died naturally; but if anyone had anything to do with accelerating her death, it was most probably the Rajah himself. "Qui s' excuse, s'accuse"; and the extreme violence which he exhibited in defending himself from the charge raises some suspicion as to his innocence.

Some months afterwards, it came to his knowledge that he had been spoken of in one of the newspapers in the plains as having poisoned his wife. Immediately coming to the Residency with the Heir-Apparent, he demanded, in the most violent manner, that our Government should find out the writer of the libel, and insisted on his receiving the most barbarous punishments, adding that, if the British Government failed to do so, "he would go to war with them." (He subsequently apologised to the Resident for his intemperate conduct and language.) Then, turning on the Heir- Apparent, the two princes began to quarrel in the most outrageous way; and not content with using offensive epithets, actually came to blows. The King then sent a letter to the Governor-General, protesting his innocence of the murder of his Queen, but adding, "I took all the care I could of her; but if some villain, unknown to me, mixed poison with her food, I know nothing about it." Then follows, "Should the man be discovered, I will have him skinned alive, and rubbed over with salt and limes until he dies.'

After the appointment of Fathe Jang Chautria as Premier in 1841, affairs continued in a very unsettled state, and were greatly complicated by the imbecility of the King, who, nevertheless, insisted upon meddling with, if not controlling, every department of the State, the ambitious intrigues of the Maharani, and the violent and extravagant conduct of the Heir- Apparent, then a lad of twelve or thirteen years of age. This young prince, who appeared to have a most un- governable temper, as well as a most inhuman dis- position, amused his leisure hours by acts of the grossest cruelty performed not only upon animals, but upon men, who were tortured and mutilated in his presence upon the slightest and often most un- just grounds, for no other object than to gratify his brutal passions. The Rajah, instead of exercising any restraint upon these excesses of his son, constantly tried to evade all responsibility for his own acts under cover of pretended coercion on the part of the Prince, of whose violence he professed to be afraid.

Although out of office, the private and confidential intercourse of the leaders of the Pandi party continued with the King, and many of them reappeared at the Darbar in open attendance upon the Heir- Apparent, who, as he advanced in age, appeared to gain more and more influence over his father, whom he was, at the same time, most anxious to induce to abdicate in his favour.

(To be continued)

सम्पादकको पृष्ठ

नेपालको वास्तविक नक्सा

हरेक राष्ट्रको सीमा, क्षेत्रफल, जनसङ्ख्या, सरकार हुन्छ । जनसङ्ख्या थपघट र सरकार हेरफेर भए पनि सीमा र क्षेत्रफल सामान्यतया निश्चित हुन्छ । तर नेपालको सीमा र क्षेत्रफल सन् १८१६ को सुगौली सन्धिले खुम्च्याए पनि निश्चित हुन सकेको थिएन । गएको जेठ ७ गते सरकारले नेपालको वास्तविक नक्सा सार्वजनिक गरेको छ । यस नक्सामा भारतले अतिक्रमण गरेको कालापानीदेखि लिम्पियाधुरासम्मको क्षेत्र समावेश गरिएको छ । यसअघिका नक्साहरूमा त्यो क्षेत्र कहिल्यै देखाइएको थिएन । यसरी करिब ३९५ वर्ग किमी नेपालको भूमि २०४ वर्षदेखि 'हराइराखेको' थियो ।

सुगौली सन्धि यता नेपालमा थुप्रै शासकहरू आए, सरकारहरु बने, व्यवस्था परिवर्तन भए तर अहिले सार्वजनिक भएको जस्तो नक्सा केही इतिहासकार, बुद्धिजीवी र अध्येताले बाहेक सर्वसाधारणले देखेकै थिएन । असङ्ख्य विद्यार्थीहरूले गलत नक्सा अध्ययन गरेर प्रमाणपत्र प्राप्त गरे । यो घोर विडम्वनाको यथार्थ हो ।

यसको अर्थ नेपालको वास्तविक नक्सा र क्षेत्रफलबारे चर्चा र बहस भएकै थिएन भन्ने होइन । सुगौली सन्धिको लगत्तै सन् १८१७ देखि नै उक्त भूभाग नेपालको भएको दाबी र मानिएको प्रमाण भेटिएको छ । चीनमाथि हमला गर्न गएका भारतीय सेना हारेर फर्की नेपालको कालापानीमा आएर बस्नु केही अघि भएको विसं २०१८ सालको जनगणनासम्म पनि त्यो क्षेत्र नेपालकै प्रमाणित हुन्छ । तर २०३२ सालदेखि नापी विभागले नक्सा सार्वजनिक गरे पनि त्यो क्षेत्र नेपालको आधिकारिक नक्सामा देखाइएको थिएन । केही समय अघि तीन वर्ष अघि नै त्यो क्षेत्र समेटिएको नक्सा तयार भएको जानकारीसम्म प्रकाशमा आएको थियो ।

विस्तारवादी भारतले शुरुमा कालापानीमा आफ्ना हरुवा सेनाको क्याम्प खडा गऱ्यो, समयान्तरमा उसले लिम्पियाधुरासम्म नै हडपेर पुरानो नक्सा 'परिमार्जन' गऱ्यो र बाटो बनायो । भारतका पुराना नक्सामा त्यो क्षेत्र नेपालको देखाइएको छ, कार्तिकमा उसले गरेको नक्सा परिमार्जनमा 'काली' अक्षर मेटेर 'ढाँटेको कुरा काटे पनि मिल्दैन' भन्ने आहान चरितार्थ गरेको थियो ।

दुई शताब्दीभन्दा बढी समयपछि नेपालको वास्तविक नक्सा सार्वजनिक गर्ने सरकार र यसको लागि सडकदेखि सदनसम्म आवाज उठाउने, सङ्घर्ष र बहस गर्ने सम्पूर्णलाई धन्यवाद !

(कालापानीदेखि लिम्पियाधुरासम्मको भूभाग नेपालको भएको केही प्रमाणहरूसहितका जानकारीको लागि "भक्तपुर" सङ्ख्या २७६ (२०७६ मंसिर) पढ्नुहोस् ।)

भक्तपुर नपाबाट निर्माण भइरहेको ख्वप अस्पताल भवनको दोश्रो तलाको ढलान सम्पन्न । (वैशाख १४ गते)

भक्तपुर नपाबाट निर्माण भइरहेको तुमचो–दुगुरे खानेपानी ट्याङ्की ढलान कार्य गरिंदै । (वैशाख १५ गते)

कोरोना सङ्क्रमणबाट बच्न साबुन पानीले हात धुने गरौं !



कम्तिमा २० सेकेण्ड पटक-पटक साबुन पानीले हात धोऔं,
अति आवश्यक नपरी घरबाट ननिस्कौं, तीन फीट शारीरिक दूरी कायम गरौं ॥